# शिक्षक

www.teacher.org.np

पाठशाला, परिवार र शिक्षा

पानैपिच्छे हेलचक्र्याइं !

वर्तमान नै ठूलो 'शिक्षक' !

मूल्य रु.५०/-

फागुन २०६८




# बालशिक्षा र प्रविधि


Dabur
Chyawanprash
"घरमै दुई चम्चाको तयारी
राख्छ टाढा बिमारी"
Proven to give 3 TIMES more immunity!
अब Mango र
Orange flavour मा पनि
New
Dabur
Chyawanprash
Mango
New
Dabur
Chyawanprash
Orange
जाडो महिनाको आगमनसँगै आएको छ - रुघा खोकीको समस्या पनि । जति-जति चिसो बढ्दै जान्छ, त्यती नै हाम्रो रोग प्रतिरोधात्मक शक्ति पनि घट्दै जान्छ र प्रदुषण अनि किटाणुले हामीलाई बिरामी बनाउने पूरा तयारी गर्छ । त्यसकारण ४७ आयुर्वेदिक तत्व युक्त डाबर च्यवनप्राश दैनिक २ चम्चा सेवन गरी ३ गुणा रोग प्रतिरोधात्मक शक्ति बृद्धि गर्नुहोस् र यी सबै समस्याहरुबाट सजिलै बच्नुहोस् ।
डाबर च्यवनप्राश - घरमै दुई चम्चाको तयारी, राख्छ टाढा बिमारी ।

# शिक्षक
मासिक

वर्ष ४ पूर्णाङ्क ४७

फागुन २०६८
Feb–Mar 2012



**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**का लागि अध्यक्ष **दीपक थापा** द्वारा प्रकाशित

**सम्पादक**
राजेन्द्र दाहाल

**सल्लाहकार सम्पादक**
केदार शर्मा

**सहायक सम्पादक**
सुदर्शन घिमिरे

**वरिष्ठ संवाददाता**
बाबुराम विश्वकर्मा

**संवाददाता**
प्रमोद आयाम

**ले-आउट**
विपेन्द्र घिमिरे
खड्गबहादुर मगर

**प्रमुख कार्यकारी अधिकृत**
पीताम्बर कट्टेल

**विज्ञापन**
रामचन्द्र घिमिरे

**लेखा**
बन्दना श्रेष्ठ

**बिक्री वितरण/ग्राहक सेवा**
हरि ढकाल, तारानिधि रेग्मी

**कार्यालय**
**ज्ञान-विज्ञान शैक्षिक सहकारी संस्था लिमिटेड**
**(*शिक्षक* मासिक)**
मचागाः (मच्छिन्द्रमार्ग), जावलाखेल, ललितपुर,
**पो.ब.नं. ३९१, ललितपुर**
फोनः सम्पादकीय- ५५४३२५२
व्यापार/विज्ञापन- ५५४८१४२
ग्राहक गुनासो (उपत्यका मात्र)- ४२६५६८६,
फ्याक्सः ५५४११९६
इमेलः mail@teacher.org.np,
वेबः www.teacher.org.np,
मुद्रणः जगदम्बा प्रेस, हात्तीवन, ललितपुर

जिप्रका लपु द.नं ५३/०६५/०६६


# सिक्न सिकाउन धेरै प्रभावकारी




- **रिपोर्टः टाढा छैनन् गाउँ पनि**
- **विश्लेषणः शैक्षणिक सफ्टवेयर** – *गुरु मैनाली*
- **संस्मरणः नेपाली शिक्षकको कोरिया अनुभव** – *लक्ष्मण शर्मा*
- **विचारः पढाइमा प्रविधिः जहाँ पनि सकिन्छ** – *डा. विद्यानाथ कोइराला*

पृष्ठ **३४-५१**


## बाल व्यवहार


पृष्ठ **५८-५९**





## समाचार १६-१७

- आलु-प्याजबाट अक्षय कोष !
- विद्यालयको सक्षमता मापन हुँदै
- बुनिया विवादले विद्यालय बन्द !
- वाणिज्य ब्याङ्कको शिक्षक केन्द्रित योजना

## अन्य सामग्री

पाठ्यपुस्तकः पानैपिच्छे हेलचेक्र्याईं ! ८

शिक्षक आन्दोलनका पाँच आधार
*पदमप्रसाद पाण्डेय, १८*

अबको प्राथमिकता पूर्वप्राथमिक/बालविकास केन्द्र २०

ध्येय गुणात्मक विकास माध्यम सही वातावरण
*भोलाहरि धिताल, २६*

बालशिक्षाका चार आयाम
*गुरु मैनाली, २८*

बालविकास केन्द्र गुण र विशेषता
*हस्त गुरूङ, ३१*

पाठशाला, परिवार र शिक्षा
*जोन टेलर गाट्टो, ५२*

Teaching Reading Using Authentic Materials
*Ram Hari Rijal, 62*

## स्तम्भ

विषय-सन्दर्भ २, हेराइ र बुझाइ ३, प्रतिक्रिया र सुझाव ४, हामी विद्यार्थी १२, मनका कुरा १४, तेस्रो पक्ष ५८, जिज्ञासा र जवाफ ६४, फुर्सद ६७, आलोपालो ७२


**ग्राहक तथा बिक्रेताहरूले समयमै पत्रिका प्राप्त नभएमा फोन नं. ९७२१५८००४८ मा तत्काल जानकारी गराउनुहोला । यो नम्बरमा जानकारी गराउँदा पनि पत्रिका प्राप्त नभएमा फोन नं. ९८५११३६३४५ मा प्रमुख कार्यकारी अधिकृतलाई खबर गरिदिनुहोला ।**

■ केदार शर्मा

# साधन र साधना

*शिक्षक* मासिकको यस अङ्कले विद्यालयहरूमा कम्प्युटर शिक्षा, सूचनाप्रविधिका सैद्धान्तिक पक्षहरू, देश-विदेशका अनुभव, काम लाग्ने सफ्टवेयर र साइटहरूका बारेमा केही सामग्री पस्केको छ। यी लेखहरू पढिसक्दा हाम्रा विद्यालयमा पनि कम्प्युटर र अन्य उपकरणहरू पुगेपछि हाम्रो शिक्षाजगतले अपूर्व फड्को मार्ने अपेक्षा जाग्छ।

तर यस्तो अपेक्षामा यथार्थको अंश कति होला?

पर्याप्त स्रोतसाधन र उपकरणहरू निश्चय नै राम्रा कुरा हुन्। आवश्यक स्रोत परिचालन गर्नु र आफ्नो जीवनलाई उपकरणहरूका माध्यमबाट सहज तुल्याउनु नै मानव सभ्यताको मूल विशेषता हो।

आफ्ना छोराछोरीका लागि साधन सम्पन्न विद्यालय र साधनहीन विद्यालयमा एउटा छान्नु पर्‍यो भने तपाईं हामी कुन रोजौँला? प्रश्न यति मात्र हो भने, जसले पनि साधनसम्पन्न विद्यालय नै छान्छ। तर शैक्षिक समस्याको जड साधन मात्र होइन भन्ने कुरा बुझेको व्यक्ति भने साधनको उपलब्धताबाट मात्र सन्तुष्ट हुँदैन। उसले स्रोतसाधन होइन, यहाँका शिक्षकहरू हेरेर विद्यालयको छनोट गर्ने कोशिश गर्छ।

**नेपालमा कम्प्युटर जस्ता साधनको विवेकपूर्ण प्रयोग गर्न सीप र ज्ञान मात्र भएर पुग्दैन, उदात्तता पनि चाहिन्छ। मानसिक उदात्तताको स्रोत विद्यार्थीहरूको अधिकतम हितप्रतिको प्रतिबद्धता र त्यसका लागि आफ्नो अहङ्कारलाई समन गर्ने साधना हो, जसको अभावमा जतिसुकै साधनहरू भए पनि तिनको कुनै अर्थ रहँदैन।**

विचार गरौँ त, इतिहास र पुराण कथाका प्रशिद्ध गुरुहरूसित के-कस्ता साधन थिए? त्यसबेला त छापिएका किताब पनि थिएनन्। तर पनि उनीहरूका चेलाहरू महान् भए। कसरी? सहज उत्तर छ, ती गुरुहरू महान् चेला जन्माउन कृतसङ्कल्प थिए र त्यसका लागि कठोर साधना गरेका थिए। त्यसैले ती गुरुहरूको नाम उनीहरूका प्रशिद्ध र शक्तिशाली चेलाहरूकै बराबर सम्मानका साथ लिइन्छ। रामका गुरु वशिष्ठ, पाण्डवका गुरु द्रोण, पृथ्वीनारायणका गुरु गोरखनाथ यस्ता केही नामका उदाहरण हुन्।

वास्तवमा शिक्षाको स्तर स्रोतसाधनको उपलब्धतामा होइन, गुरुको साधनामा निर्भर गर्छ। साधनाहीन शिक्षकका हातमा ठूलो स्रोत, अत्याधुनिक साधन र उपकरणहरू परे पनि ती सबै प्रयोजनहीन भएका उदाहरण धेरै छन्। पुस्तकालय नै नभएका (पुस्तकालय स्थापना गर्न नसक्ने) विद्यालय दोषी कि भएको पुस्तकालयमा विद्यार्थीलाई प्रवेश निषेध गरेर माउ कीरालाई किताब खुवाउने दोषी? खेल मैदान नै बनाउन नसक्नु र भएको खेल मैदानमा विद्यार्थीलाई मन फुकाएर खेल्न नदिनु कुन ठूलो कमजोरी? हाम्रो देशमा विद्यालयमा डेस्क बेन्च बनाउन नै नसकेकाले विद्यार्थीलाई भुइँमा राखेर पढाउने विद्यालय पनि छन् र भएका डेस्क बेन्चमा बस्ने विद्यार्थीको सङ्ख्या बर्सेनि घटेका विद्यालय पनि छन्, कुन विद्यालय राम्रो? कुन नराम्रो?

नहुनुभन्दा सदुपयोग गर्न नसक्नु ठूलो कमजोरी हो र विद्यालयका हकमा राम्रो कामको जस पाउने र नराम्रो कामको अपजस पाउने मूल पात्र शिक्षक नै हो।

अब कम्प्युटरको कुरा। कम्प्युटर चलाउने र नचलाउने व्यक्तिहरूको बीचको अन्तरलाई 'डिजिटल डिभाइड' भनिन्छ। यसका कारण विविध छन्। कम्प्युटर किन्न नसक्नु, कम्प्युटर चलाउन बिजुली नहुनु, कम्प्युटरको भाषा नबुझ्नु (सबै कुरा अङ्ग्रेजीमा हुनु) र कम्प्युटरलाई ठूला, जान्ने बुझ्ने र शक्तिशाली व्यक्तिहरूले मात्र चलाउने कुरा हो भन्ने धारणा हुनु यसका मुख्य कारण हुन्।

विद्यालयहरूमा कम्प्युटर पढाउनुको मूल प्रयोजन शैक्षिक नै हो, तर यो समाजबाट 'डिजिटल डिभाइड' हटाउने एउटा परोक्ष तरिका पनि हो। हामीले बालबालिकालाई कम्प्युटर जस्ता उपकरणको प्रयोगमा सहज बनाउन सक्यौँ भने त्यो सहजता समाजमा पनि सर्छ। विस्तारै सिङ्गै समाज सूचनाप्रविधिको प्रयोगमा सहज हुँदै जान्छ। अहिलेको अवस्थामा आम नेपाली बालबालिकाले कम्प्युटर र सूचनाप्रविधिका अनन्त सम्भावनाहरूका बारेमा थाहा पाउने सही ठाउँ विद्यालय नै हुन्। उनीहरूको त्यो आवश्यकताका बारेमा हामी सचेत रहनु आवश्यक छ।

अहिले धेरै स्कूलहरूमा कम्प्युटर छैनन् तर दिनहुँ कैयन् स्कूलहरूमा कम्प्युटर थपिइरहेका छन्। औपचारिक रूपमा नै कम्प्युटर विज्ञान पढाइन पनि थालेको छ। यस्तो परिवर्तनको सँघारमा कतिपय विद्यालयमा कम्प्युटरमा विद्यार्थीलाई नयाँ प्रविधिप्रति सहज बनाउनुपर्नेमा ठीक विपरित, अत्यन्त असहज र अपर्याप्त मात्र पहुँच दिइएको पनि देखिने गरेको छ। नयाँ साधनमा सबैको मोह हुनु स्वाभाविक हो र त्यस्तो अवस्थामा कम्प्युटर जस्ता उपकरणको सदुयोग सुनिश्चित गर्नु पनि शिक्षकहरूकै दायित्व हो। तर यो यस्तो प्रविधि हो जहाँ शिक्षक र विद्यार्थीका लागि अलग अलग शौचालय बनाए जस्तो विभाजनको रेखा कोरिरहन आवश्यक छैन।

कुरा मानसिकताको हो। नेपालमा कम्प्युटर जस्ता साधनको विवेकपूर्ण प्रयोग गर्न सीप र ज्ञान मात्र भएर पुग्दैन, उदात्तता पनि चाहिन्छ। मानसिक उदात्तताको स्रोत विद्यार्थीहरूको अधिकतम हितप्रतिको प्रतिबद्धता र त्यसका लागि आफ्नो अहङ्कारलाई समन गर्ने साधना हो, जसको अभावमा जतिसुकै साधनहरू भए पनि तिनको कुनै अर्थ रहँदैन।

# किन्न नपाइने कुराहरू

**पैसा भए**

राम्रा राम्रा बिछ्यौना पाइन्छन्, तर मीठो निँद किन्न पाइँदैन
किताबहरू पाइन्छन्, तर ज्ञान किन्न पाइँदैन
खानेकुरा जति पनि पाइन्छन्, तर भोक किन्न पाइँदैन
सौन्दर्य प्रसाधन पाइन्छन्, सुन्दरता किन्न पाइँदैन
महल किन्न पाइन्छ, घरजम किन्न पाइँदैन
औषधि पाइन्छन्, स्वास्थ्य किन्न पाइँदैन
विलासका साधन पाइन्छन्, आनन्द किन्न पाइँदैन
खर्च गरे मोजमस्ती पाइन्छ, खुशी किन्न पाइँदैन
महँगा घडी किन्न पाइन्छन्, समय किन्न पाइँदैन
खर्च गरे ठूलो पद पाइन्छ, तर खर्चका भरमा
आदर किन्न पाइँदैन

*स्रोत: अज्ञात*

यो प्रचलित सूक्तिले मन त छुन्छ तर यसमा प्रश्नै उठाउन नसकिने भने होइन। संसारमा सम्पत्ति/पैसाको महत्त्व ठूलो छ। कुनै पनि मानिसले टाउको ओताउने छाना किन्नै पर्छ; भोक किन्नुपर्दैन, तर पेट भर्ने मानो कि त उब्जाउनुपर्छ, कि त किन्नुपर्छ। निँद लागेर मात्र के गर्नु, ज्यान ढल्काउन एउटा ओछ्यान कि बनाउनुपर्छ कि किन्नै पर्छ। ज्ञान हावाबाट आउँदैन किताबकापी किन्नै पर्छ। यस्ता नकिनी नपाइने कुरा धेरै हुन्छन्।

त्यसरी सोच्दा यो कसरी सूक्ति भयो त?

प्राय: सूक्तिहरू एकदम खँदिला हुन्छन् र तिनलाई सही किसिमले अर्थ्याउन पनि प्रयत्न गर्नुपर्छ। यस सूक्तिको आशय पैसा नै चाहिँदैन भन्ने होइन, तर पैसा भएर मात्र पुग्दैन, मानिसको जीवनमा पैसालाई सार्थकता दिन अरू कुराको महत्त्व अझ ठूलो छ भन्ने बुझाउनु हो।



# प्रतिक्रिया र सुझाव




आजका शिक्षकले विद्यार्थीलाई विवेक प्रयोग गर्न दिनुपर्छ। उनीहरूमा विचार पैदा हुन दिनुपर्छ । उनीहरू विद्रोह गर्छन् भने विद्रोह गर्न दिनुपर्छ । हो, विद्रोह ऊर्जाशील छ कि छैन ? त्यो चाहिँ हेर्नुपर्छ। विद्रोहका कारक तत्त्व पत्ता लगाउनुपर्छ। त्यस्तै श्रद्धा/सम्मान सिकाउने हैन विद्यार्थीमै ती गुण जगाउने रणनीति अपनाउनुपर्छ । आजका विद्यार्थीलाई प्रेम दिनुपर्छ, चैतन्य औँल्याउनुपर्छ, बाटो देखाउनुपर्छ। तर, जबरजस्ती हिँडाउनुहुन्न। आफ्नै भाका र सुरमा हिँड्न दिनुपर्छ। अघि पुग्न दौडाउनु छैन। पछि पर्छन् कि भनेर ठेल्नु पनि परेको छैन। उनीहरूको लयबद्धतालाई स्खलन गर्नुहुन्न। यिनै र यस्तै भाव सँगालिएका नन्दलाल आचार्य र हेमलता उप्रेतीका लेखहरू

## सङ्गीत अनिवार्य हुनुपर्छ

क्रमशः पुस र माघ महिना २०६८ को *शिक्षक* मासिकमा पढ्न पाउँदा खुशी लाग्यो । साँच्चै हामीले नयाँ कोणबाट नियाल्न ढिलो भइसकेछ ।

अर्कोतिर हरेक शिक्षालयमा सङ्गीत विषय अनिवार्य बनाइनुपर्छ । किनभने मानवले आफ्नो जीवनको प्रादुर्भावको स्वर्णिम बिहानीदेखि अस्तको कालो सन्ध्यासम्म सङ्गीतलाई छोड्न सकेको हुँदैन। मानव जीवनमा सङ्गीतले नछोएको अध्याय नै छैन । मानव सङ्गीतमय वातावरणमै जन्मन्छ र सङ्गीतमय वातावरण हुँदै मसानघाटसम्म पुग्छ । मृत मानिसलाई 'राम नाम सत्य' जप्दै मसानघाट लग्ने प्रथा यसकै ज्वलन्त उदाहरण हो । प्रकृतिको कणकणमा सङ्गीत लुकेको हुन्छ । सङ्गीतको मुटु स्वर हो। स्वर आत्माको नाद हो भने आत्मा परमात्माको स्वरूप हो। आत्माको सम्बन्ध परमात्मा भएझैँ स्वरको सम्बन्ध आत्मासँग भएको मानिन्छ । यसलाई नादब्रह्म भनिन्छ । सामान्यतः गाउन, रुन त सबैलाई आउँछ तर जसले विवेक, अभ्यास र तपस्याको बलले स्वर र तालमाथि विजय प्राप्त गर्दछ, त्यसले समाजमा अलग्गै किसिमको आदर-सत्कार पाउँछ। लुगा धुँदा होस् या घाँस काट्दा या गोठालो गर्दा नै किन नहोस्, हामी गीत गुन्गुनाउँछौँ । त्यसबेला शारीरिक थकानलाई भुसुक्कै भुलेर अपार आनन्दको अनुभूति गरिरहेका हुन्छौँ। यसबाट गीत-

**हरेक शिक्षालयमा सङ्गीत विषय अनिवार्य बनाइनुपर्छ। किनभने मानवले आफ्नो जीवनको प्रादुर्भावको स्वर्णिम बिहानीदेखि अस्तको कालो सन्ध्यासम्म सङ्गीतलाई छोड्न सकेको हुँदैन।**

सङ्गीतको शक्ति र सामर्थ्यलाई पर्गेल्न सकिन्छ। सङ्गीत भन्नासाथ वाद्यवादन, गायन र नृत्य आउँछ। सङ्गीत क्षेत्रको विकासमा राज्य वा स्थानीय क्षेत्रबाट खासै रुचि नदेखाइए पनि जनस्तरबाट बडो उत्साह र उमङ्गका साथ लिएको पाइन्छ। सङ्गीत क्षेत्रमा लागेर पेट त भरिँदैन तर जीवनको अपार आनन्द र सुख प्राप्त हुन्छ । यस क्षेत्रलाई आदर र सम्मानका रूपमा लिनु जरूरी छ। आर्थिक समुन्नतिको एउटा पाटो सङ्गीत क्षेत्र समेत बन्न सक्छ। यसले मौलिक सांस्कृतिक पक्षको जगेर्ना गर्ने काम समेत गर्दछ। समाजमा देखिएको अराजकता र अस्तव्यस्ततालाई निर्मूल पारी समुन्नत समाजको सिर्जनामा सङ्गीत क्षेत्रले एक शक्तिशाली अस्त्रको काम गर्छ भन्दा अतिशयोक्ति गरेको नठहर्ला।

कुमार बब्लु र प्रेम निर्वाण
दुर्गा मा.वि., राजविराज-८, सप्तरी

## युद्धकालीन झल्को

शिक्षामन्त्री दीनानाथ शर्माले 'अहिलेको लागि निजी तथा सरकारी स्कूल नै जनवादी स्कूल हुन्' (*शिक्षक*, पुस २०६८) भनेको पाइयो । यदि त्यसो हो भने जनयुद्धकालमा विद्यार्थीको परीक्षा हलभित्र पसी संस्कृत तथा नैतिक शिक्षा जस्ता विषयका प्रश्नपत्र र उत्तरपुस्तिका किन च्यातियो ? के ती चाहिँ जनवादी विषय थिएनन् ?

सोही अन्तर्वार्तामा पीसीएफ शिक्षकलाई 'फोहोरको डङ्गुर भएकोले बुल्डोजर लगाएर पन्छाउने तथा त्यति गर्दा पनि नभए पेट्रोल छर्केर आगो लगाउने' भन्ने मन्त्रीज्यूको कथन पढ्दा युद्धकालीन धङधङीको सम्झना आयो । यसप्रकारका शब्द/वाक्यांशले पीसीएफ शिक्षकलाई कति मर्माहत बनाएको होला ? आखिर पीसीएफ शिक्षकको अपमान किन ?

कल्पना भट्टराई, प्रकाश भट्टराई
हप्पते, सिन्धुली

## पीसीएफलाई किन हेला ?

*शिक्षक* (मङ्सिर २०६८ अङ्क) को प्रतिक्रिया र सुझाव स्तम्भअन्तर्गत कल्पना खरेलले लेख्नुभएको 'पीसीएफ शिक्षकको चरम श्रम शोषण' वास्तवमै शिक्षा क्षेत्रमा एक ठूलो विकृतिको रूपमा देखिएको छ । सम्पूर्ण प्रक्रिया पुऱ्याएर नियुक्त भएका पीसीएफ शिक्षकले अन्य शिक्षकहरू झैँ सेवा-सुविधा किन नपाउने ? यदि थप शिक्षकको भार सहन शिक्षा मन्त्रालय सक्षम छैन भने किन नियुक्ति दिनुपऱ्यो ?

जीवेन्द्रकुमार कर्ण
शुकदेव उमावि, सुगा-७, महोत्तरी

## उस्तै पोशाक सबैलाई !

पोशाक भत्ता बापतको पैसा स्थायी शिक्षकहरूले अन्य शीर्षकमा खर्च गरेका छन् । हुन पनि सामुदायिक विद्यालयमा स्थायी/अस्थायी करार, राहत अनुदान,

पीसीएफ तथा निजी स्रोतगरी ६-७ प्रकारका शिक्षक हुने गरेका छन् । सङ्ख्यात्मक रूपमा स्थायीको भन्दा अन्य प्रकृतिका शिक्षकहरूको सङ्ख्या बढी हुन्छ ।

त्यसमाथि; सरकारले दिएको पोशाक भत्ताले स्थायी शिक्षकहरूले पनि कस्तो प्रकारको कुन रङको कपडा सिलाएर लगाउने ? यसबारेमा भत्ता पाउने शिक्षकहरू पनि अन्योलमा परेका छन् । त्यसमाथि १/२ जना स्थायी शिक्षकले मात्र पोशाक लगाएर आउँदा 'हाँसका बथानमा बकुल्लो' झैं देखिन्छ । अन्य प्रकृतिका शिक्षकलाई पोशाकको बारेमा कुरा गर्‍यो भने "तपाईंहरूलाई पो सरकारले पोशाकको लागि पैसा दिएको छ, हामीलाई त सौताको छोराछोरी जस्तो गरेको छ के लगाउने ?" भनेर भन्छन् । यसर्थ जुनसुकै प्रकृतिको भए पनि सबै शिक्षकलाई पोशाक भत्ता उपलब्ध गराएर पोशाकको रङ रुप पनि किटान गरिदिनु जरुरी छ ।

**शिवबहादुर रायमाझी**
**श्री गणेश मावि, भीमखोरी-८, काभ्रे**



## सबैले लायौं पोशाक !

हाम्रो विद्यालयमा चार जना स्थायी शिक्षकलाई पोशाक भत्ता आयो । तर अस्थायी, राहत र निजीस्रोत गरी अरू १३ जना शिक्षक/कर्मचारी विद्यालयमा कार्यरत हुनुहुन्छ । चारजना मात्रै 'ड्रेस'मा ठाँटिएर आउँदा अरू १३ जना साथीहरूको मन खिन्न होला भन्ने ठानियो । उहाँहरूको मनोबल गिर्न नदिन विद्यालयको आन्तरिक स्रोतबाट प्रतिव्यक्ति रु.१,५०० व्यवस्था गरेर सबैले पोशाक लगाउने निर्णय गरियो । शिक्षा मन्त्रालयले पोशाकको रङ नतोकेको हुँदा हामीले निजामती कर्मचारीको पोशाकको रङ नै चयन गर्‍यौं ।

**वासु पौडेल**
**प्राचार्य, सुनकोशी उमावि, कर्थली-३, सिन्धुपाल्चोक**

## निःशुल्क पाठ्यपुस्तकको औचित्य !

पाठ्यपुस्तक शिक्षा आर्जन गर्ने एउटा महत्त्वपूर्ण स्रोत हो । नेपाल सरकारले पनि यो तथ्यलाई आत्मसात् गर्दै विद्यालय तहमा नि:शुल्क पाठ्यपुस्तक वितरण गर्दै आइरहेको छ ।

तर म एउटा शिक्षकको अनुभव र भोगाइ भने यसमा अलि फरक छ। आज नि:शुल्क पाएको पुस्तक विद्यार्थीका निम्ति चिट चोर्दा च्यात्न, शौचालयमा बेवारिसे तरिकाले राख्न, भोलि विद्यालय आउँदा किताब बोक्नु नपरोस् भनेर कक्षाकोठामै छाडेर जान, बाटामा वा कुनै घारीमा लुकाउन, अरु चटपटेसँग साटेर खान सजिलो सामग्री भएको छ ।

नेपाल गरिब छ तर सबै नेपाली गरिब छैनन् जस्तो मलाई महसुस हुन्छ । गरिबीको चपेटाले शिक्षा आर्जन गर्नबाट वञ्चितहरूलाई अवश्य राहत र प्रेरणा मिलेको छ नत्र हिजो म पनि एउटा गरिब विद्यार्थी नै थिएँ र म जस्तै अरू पनि । आफ्नो किताबलाई शिक्षाको स्रोतको रूपमा उपयोग गर्ने अनि जतनसाथ राखेर अर्को वर्ष आधा मूल्यमा बेच्ने हाम्रो ध्येय हुन्थ्यो । त्यसैले वास्तविक गरिब विद्यार्थीको पहिचान गरी उनीहरूलाई मात्र यो सुविधा प्रदान गर्दा राम्रो होला कि ?

**विष्णु खतिवडा**
**जनता मावि, रौता-५, रानीबास, उदयपुर**

## पास हुनेलाई मात्र कक्षा चढाउनुपर्छ

हाल नेपाल सरकारले अपनाएको उदार कक्षोन्नति अनुसार विद्यार्थीको उपस्थितिको आधारमा कक्षा चढाउँदै लैजानुपर्ने भएपछि कक्षा १ देखि ५ सम्म विद्यार्थी फेल गर्न छोडिएको छ । तर जसरी एउटा घर मजबुत हुनको लागि जग बलियो हुनुपर्दछ त्यसरी नै विद्यार्थीको निम्ति प्राथमिक शिक्षा मजबुत हुनु आवश्यक हुन्छ । त्यसनिम्ति तल्लो कक्षामा योग्य शिक्षकहरूको नियुक्ति पनि गरिनुपर्छ र साथै निजी विद्यालयमा पढेका आफ्ना बालबालिकाको पढाइका बारेमा अभिभावकहरूले जसरी चासो राखेका छन् त्यसरी नै सकारी विद्यालयमा पढ्ने बालबालिकाको पढाइका बारेमा पनि उनीहरूका अभिभावकले चासो राख्नुपर्छ । अनि सरकारले चाहिँ फेल हुने विद्यार्थीलाई फेल र पास हुनेलाई मात्र पास गराउने नीति लिनुपर्दछ ।

**वासुदेव चौहान**
**सिद्धेश्वर प्रावि, आँपबोट, रामेछाप**

## अस्थायी शिक्षकको व्यवस्थापन हुनुपर्छ

शिक्षकहरूको पेशागत हकहितका सम्बन्धमा विगतका सरकारहरूसँग धेरै सम्झौता भएका छन् । प्रतिबद्धता र सहमति जनाइएका छन्; शिक्षा मन्त्रीहरूले थुप्रै कुरा बोलेका छन्; अदालतले पनि शिक्षकहरूकै पक्षमा फैसला गरेको छ; कार्यदलका प्रतिवदेनहरू पनि छन् । तर कार्यान्वयनको चरणमा भने कुनै पनि पुग्न सकेका छैनन् । पछिल्लो समयमा शिक्षा मन्त्री दिनानाथ शर्माले फेरि 'क्रान्तिकारी योजना' ल्याएका छन् ।

यो सरकारका पालामा सडक फराकिलो पार्ने जस्ता ठूल्ठूला कामहरू भइरहेका छन् । यही मेसोमा अस्थायी शिक्षकहरूको पनि व्यवस्थापन गर्न सकिए,

# प्रतिक्रिया र सुझाव

अर्को ठूलो काम हुनेथियो। अनि यो काम क्रान्तिकारी पार्टीबाट मात्रै हुन सम्भव छ। स्मरणीय छ, अस्थायी शिक्षकहरू अझै पनि आफ्नो ठाउँ ओगटी राखेर नयाँलाई प्रवेश निषेध गर्ने पक्षमा होइन, वर्षौंदेखि आजित भएर जतिसक्यो छिटो पदमुक्त हुन चाहिरहेका छन्। यस सन्दर्भमा पुराना सहमति प्रतिबद्धता, सम्झौता, कार्यदलको प्रतिवेदन इत्यादिको कुनै खाँचो पर्ने छैन। किनभने कुरो नयाँको छ। नयाँ नेपाल बनाउनका लागि गरिने नयाँ शैक्षिक योजना अन्तर्गत अस्थायी, लियन, पीसीएफ सबै प्रकारका शिक्षकहरूलाई सहजै स्थायी गरेर क्रान्तिकारी कार्य सम्पन्न गर्ने अवसर खेर जान दिनुहुँदैन।

**मुरारीकुमार खतिवडा**
**श्री सरस्वती उमावि, खानीभञ्ज्याङ, ओखलढुङ्गा**

## के हामी शिक्षक होइनौं ?

राज्यले सबैलाई समान व्यवहार गर्नुपर्छ भन्ने मान्यता छ तर एउटै संस्थामा काम गर्ने शिक्षकहरूमाथि राज्यले विभेद गरेको छ। शिक्षक संघ-सङ्गठनहरू हामी जस्ता निजी स्रोतका शिक्षकहरूलाई सदस्य बनाएर पछाडि लगाएका मात्र छन्, हाम्रो पीरमर्का तिनले उठाउँदैनन्। वर्षौंदेखि न्यून तलबमा सामुदायिक विद्यालयमा काम गर्दै आएका निजी स्रोत शिक्षकहरूको पीरमर्का कसैले सुनेको छैन। सामुदायिक विद्यालयमा काम गर्ने कर्मचारीहरूलाई सरकारले रकम निकासा गरेको छ। सुनिदैंछ; उनीहरूलाई क्रमशः दरबन्दीमा पनि लैजाने रे ! तर वर्षौंदेखि शिक्षण गरेका निजी स्रोतका शिक्षकलाई न त राज्यले हेरेको छ न त कुनै सरकारी रकम दिएको छ। बरू उल्टो विस्थापित गरी रोगजार पाउने अधिकारबाट वञ्चित गर्न खोजिँदैछ।

शिक्षा मन्त्रालयले करोडौं बजेट राहत, पीसीएफ कोटाको नाममा निकासा गर्दैछ। त्यसमा राजनीतिक हानथाप गरी विद्यालय व्यवस्थापन समितिले आफ्नो मान्छे बाहिरबाट राख्ने गरेका छन्। तर, निजीलाई त्यो कोटामा राख्नको लागि न शिक्षक संघ-सङ्गठनहरूले बोल्दछन् न त सरकारले नीति नै बनाएको छ। के हामी शिक्षक होइनौं? हामी बकाइदा विद्यालयले मागेको सूचनाको आधारमा लिखित, मौखिक, प्रयोगात्मक परीक्षा दिएर खुल्ला प्रतियोगिताबाट छानिएर आएका हुन्छौं। हामी पीसीएफ, राहतभन्दा कुन मानेमा अयोग्य भयौं ? हामीलाई राज्यले कहिले हेर्ने? हामीलाई पनि दरबन्दीमा लैजानुपर्छ। आएको कोटाहरूमा पहिलो प्राथमिकता हामीलाई दिनुपर्छ। निकट भविष्यमा खुल्ने शिक्षक सेवा आयोगमा हामीलाई पनि अस्थायी सरह उमेरको दरबन्दी लगाउन पाइँदैन। किनकि विद्यालयमा प्रवेश गरेर आज ४० वर्ष उमेर कटेका हामीजस्ता कयौं निजी स्रोतका शिक्षकहरू छन्। उहाँहरूले विद्यालयमा जुन सेवा गर्नुभयो त्यसको कदर गर्नुपर्छ। साथै अस्थायीको आन्तरिक आयोगमा हामीले पनि लड्न पाउनुपर्छ किनकि शिक्षा ऐनअनुसार हामी पनि शिक्षक हौं। सरकारी तलब खाने मात्र शिक्षक मान्ने हो भने हामीलाई किन शिक्षक भनिन्छ ? के हामी यो देशको नागरिक होइन? के हाम्रो नेपालको शिक्षा क्षेत्रको विकास निर्माण कुनै योगदान छैन त ? हामी पनि नेपाली नै हौं। हाम्रो पनि मुटु छ, मन छ। हाम्रा पनि जहान, परिवार छन्। उनीहरूलाई पाल्नुछ, विद्यालयको अध्यक्षलाई रिझाएसम्म जागिर खान पाइन्छ नत्र भने खुस्किन्छ। हामी बिचल्लीमा छौं। त्यसैले यो कुरा सरकारले विचार गरोस्। हाम्रो हक सुनिश्चित गरोस्।

देशका नेताहरूले करोडौंको भ्रष्टाचार गर्दछन्। उनीहरूलाई कोही केही गर्न सक्दैन। हामीले दिनरात न्यून तलबमानमा पेशामा आबद्ध भएर स्थायी र अस्थायीभन्दा राम्रो, इमानदार र कर्तव्यनिष्ठ भई पढाउँदा पनि जस पाईंदैन। स्वयम् राज्यले नै उपेक्षा गरेको छ। त्यसैले *शिक्षक* मासिकले यो मेरो भावना छापिदेओस् र म जस्ता कैयौं निजी स्रोत शिक्षकहरूको आवाज उठाइदेओस्।

**सूर्यप्रसाद घिमिरे**
**दशरथ चन्द्र उमावि, राजापुर, बर्दिया**

## स्थान दिइयोस्

*गोरखापत्र* दैनिकमा हरेक महिनाको १ र १६ गते प्रकाशित हुने 'शिक्षा विशेषाङ्क' यस *शिक्षक* मासिकमा प्रकाशित गरिदिए *गोरखापत्र* को पहुँच हुन नसकेका ठाउँहरूमा पनि उक्त विशेषाङ्क पढ्नबाट वञ्चित हुनुपर्ने थिएन। सम्बन्धित अधिकारीहरूको ध्यान जाओस्।

**भुवन अधिकारी**
**श्री सरस्वती रा.प्रावि, खैरहनी-२, चितवन**

## SMS प्रतिक्रिया



### विज्ञापन नराखे के हुन्छ ?

*शिक्षक* जस्तो प्रतिष्ठित पत्रिकाले विज्ञापनलाई बढी प्राथमिकतामा राखेको जस्तो लाग्यो। बोरोप्लस, यामाहा (वाईबीआर), रियल जुस जस्ता विज्ञापन राखेको ठाउँमा शैक्षिक लेखलाई स्थान दिए बेस होला कि ! विज्ञापन भएन भने पत्रिका पढ्न पाईंदैन र?

**राज कुँवर**
**जनप्रभात प्रावि, श्यामपाटी, काभ्रे**

**(टिप्पणीः *शिक्षक* को मुख्य प्राथमिकता शैक्षिक एवं शैक्षणिक सामग्री नै हुन्। व्यावसायिक विज्ञापनले त्यस्ता सामग्रीहरू सापेक्षतः कम मूल्यमा धेरै भन्दा धेरै पाठकसम्म पुऱ्याउन सघाउँछन्। त्यसैले एउटा पत्रिकामा विज्ञापनको पनि उत्तिकै महत्त्व रहेको हुन्छ। *शिक्षक* मा हाल पाठ्यसामग्री र विज्ञापनको अनुपात वाञ्छित मात्राभन्दा न्यून छ। एउटा पत्रिका स्वस्थ ढङ्गबाट सञ्चालन हुन २५ देखि ३५ प्रतिशत विज्ञापन जरुरी हुन्छ। विज्ञापनको अंश थोरै (करिब १०%) भएकै कारण *शिक्षक* को बिक्री मूल्य केही उच्च हुन पुगेको हो। अरु विज्ञापन पूरै हटाउने हो भने त *शिक्षक* को ग्राहक मूल्य अहिल्यै एक प्रतिको रु.१०० को हाराहारीमा पुग्नेछ। -सं.)**

### आयोगका सबै सूचना आऊन्

शिक्षक सेवा आयोगले निकालेका सबै परीक्षाका सूचना र बढुवाको परिणाम पनि *शिक्षक* मासिकमा छापिए अरु राम्रो हुन्थ्यो। यस्तो सामग्री छापेको बेलामा मूल्य बढी लिए पनि हुन्छ।

**कुलबहादुर बस्नेत,**
**उमावि भोजपुर, दाङ**

### कृतज्ञता

*मनका कुरा* स्तम्भमा लेखिएका कुरा निकै सान्दर्भिक छन्। यसमा म जस्ता निजीस्रोतका शिक्षकको मर्म पोखिएकोमा कृतज्ञता व्यक्त गर्दछु।

**जीवन लामा, बकैया ठाकुर निमावि निजगढ-७, बारा**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

## *दिवास्वप्न* का कुरा

म एक उमावि व्यवस्थापन समितिको दोस्रो कार्यकालको अध्यक्ष हुँ। विद्यालयको शैक्षणिक सुधारमा *शिक्षक* ले मलाई मार्गनिर्देश गरिरहेको मेरो विश्वास छ। सदाझैँ माघ अङ्क २ गते बजारबाट किनें, बाटोमा नै पाना पल्टाउँदै बासस्थान आएँ। सरसर्ती सबै शीर्षक पढेँ। पूरै लेख पढ्ने मौका मिलेन। लोडसेडिङले घरै अँध्यारो बनायो।

कामको सिलसिलामा बिहानै बाहिर निस्कनु परेकोले *शिक्षक* पत्रिका झोलामा हालेँ। काम सकेर फर्कंदा बस पूरै खाली थियो। *शिक्षक* झिकेर पढ्न थालेँ। मेरो नजर अन्तिम पेजमा परेछ– जहाँ *दिवास्वप्न* किताबको फोटोसहित केशवप्रसाद भट्टराईको 'शिक्षक-गीता' लेख रहेछ। त्यही पढ्ने इच्छा भयो। पढ्दै जाँदा आफूले चाहेको/खोजेको कुरा पाए जस्तो लाग्यो। लेख पढी सक्दा *दिवास्वप्न* किताब तत्काल किन्ने र पढ्ने प्रबल इच्छा भयो।

बसबाट उत्रेर रत्न बुक डिष्ट्रीब्युटर्स कहाँ गएँ र दुई प्रति किताब किनेँ। घरमा गएर किताब झिकेर हेरेँ। अन्तिम पानामा गिजुभाईको फोटो हेरेँ। उनी त म जन्मनुभन्दा तीन वर्ष पहिले स्वर्गे भइसकेका रहेछन्। ७३ वर्ष पहिले स्वर्ग भइसकेका शिक्षकले त्यति जीवन्त, प्रेरणादायक, बलवान किताब कसरी लेखे होलान् भनी सम्झेँ। अन्तिम पृष्ठमा प्रकाशित बाल प्रश्नले मन छोयो। हो त नि; आफ्नै बाल्यकाल सम्झेँ, सडक बालबालिका, सम्भ्रान्तका बालबच्चाको जीवनचर्या सम्झेँ र शुरुदेखि किताब पढ्दै जान थालेँ। पहिले दुई शब्द पढेपछि केहीबेर आँखा चिम्लेर प्राणवान, क्रियावान, निष्ठावान शिक्षकहरूले आफ्ना निम्ति पनि यसलाई वास्तविक स्वरुप प्रदान गर्न सक्नेछन् भनी अन्तिम वाक्य दोहोऱ्याएँ, तेहऱ्याएँ। मेरो विद्यालय सम्झेँ, देशको अवस्था सम्झँदै अगाडि पाना पल्टाएर पढ्न शुरु गरेँ; भूमिका– *यो पुस्तक र यसका लेखक;* राजेन्द्र दाहालद्वारा लिखित। दाहालको सशक्त कलमबाट लेखिएको भूमिकाबाट किताबको गरिमा बढेको, *शिक्षक* ले पुऱ्याएको योगदानमा अर्को ईंटा थपेको महसुस गरेँ। एकै बसाइमा पुस्तक पढिसकेँ। एउटा शिक्षक ऊर्जावान, निष्ठावान, ज्ञानवान भएर काम गरिदिए शिक्षा क्षेत्रमा सुधार




हुन समय लाग्ने रहेनछ जस्तो लाग्यो। अनि यो पुस्तक कति शिक्षकले पढ्लान्, कतिले यसलाई आत्मसात् गर्लान् भनी मनमनले अङ्कल काट्न शुरु गरेँ। म त्यति उत्साहित हुन भने सकिनँ। तर मैले के सङ्कल्प गरेँ भने यो किताब म संलग्न कार्यक्रम अन्तर्गत स्थापना भएका १५५ वटै विद्यालय पुस्तकालयमा पुऱ्याउने प्रयत्न गर्छु। अब खोलिने नयाँ पुस्तकालयमा अवश्य यो किताब दुई प्रति राख्दछु र सबै शिक्षकलाई पढ्न प्रेरित गर्छु। अब लाइब्रेरियन तालिम हुँदा यो किताब पढ्न र आफूलाई ऊर्जावान, प्राणवान, निष्ठावान र कर्तव्यवान बन्न सबै शिक्षकलाई उत्प्रेरित गराउने प्रयास गर्छु।

शिक्षामा सुधार गर्न अरु बढी विद्यालयमा पुस्तकालय बनाउनुपर्ने र पढ्ने संस्कृति विकास गरी ज्ञानवान, गुणवान, सीपवान, राष्ट्रवान बनाउँदै धनवान नागरिक बनाई देशमा सुख, शान्ति, सद्भाव र प्रेमको अभिवृद्धि भएको हेर्ने इच्छा जागेको छ।

**भोलानाथ शर्मा, फलेवास, पर्वत**

❖ ❖

गिजुभाईको *दिवास्वप्न* पढ्ने सल्लाह आफ्नै मान्छेबाट प्राप्त भयो। पढिसकेपछि लाग्यो शिक्षण पेशासँग सम्बद्ध शिक्षकले मात्र नभएर यो पुस्तक शिक्षासँग सम्बन्धित सबै सरोकारवालाहरूले निम्ति पढ्नैपर्ने र उपयोगी रहेछ। जीवन्त बालसेवी गिजुभाईलाई चिन्ने र उहाँको योगदान, भूमिकालाई सबैसामु परिचित गराउने र यस्तो अमूल्य कृति आफ्नै नेपाली भाषामा सरल रूपमा पढ्नका लागि उपलब्ध गराउने *शिक्षक* मासिकलाई धन्यवाद।

**तारा राई, हलेसी, खोटाङ**

❖ ❖

एउटा कल्पनाशील, लगनशील मान्छे शिक्षक भइदिए उसले कतिसम्म गर्न सक्छ भन्ने उदाहरण दिने सानो आकारको महान् पुस्तक हो–*दिवास्वप्न*। यस्तो पुस्तक हामीमाझ ल्याइदिएकोमा *शिक्षक* मासिकलाई धन्यवाद। साँच्चै प्रा. डा. नोवल किशोर राईले भन्नुभए जस्तै शैक्षिक योजनाकारले त यो पुस्तक पढ्नुपर्छ नै; साथै एउटा शिक्षकले, शैक्षिक संस्थाको व्यवस्थापनमा बस्ने मान्छेले पनि अनिवार्य रूपले पढ्नै पर्छ। यस्तो पुस्तक प्रकाशन गरिदिएकोमा राजेन्द्र दाहाल र अनुवादक शरच्चन्द्र वस्तीप्रति आभार प्रकट गर्दछु।

**टीकाराम रेग्मी**
**श्री बालकुमारी कन्या उमावि, नारायणगढ**

विश्वविद्यालयका प्राध्यापकहरूबाट अध्यापन गराइने यस काठमाडौं शिक्षा क्याम्पसमा
एम.एड. (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, शैक्षिक योजना तथा व्यवस्थापन र पाठ्यक्रम)
बी.एड. एकवर्षे र तीनवर्षे (अङ्ग्रेजी, नेपाली, स्वास्थ्य, गणित, जनसंख्या, सामाजिक, शैक्षिक प्रशासन र सुपरिवेक्षण)
+२ (शिक्षा, मानविकी, व्यवस्थापन र कम्प्युटर विज्ञानका कक्षा सञ्चालन भइरहेको छ। तीनथाना, काठमाडौं, फोन: ४३११८४३)
नेपालको पहिलो सामुदायिक शिक्षा क्याम्पस
काठमाडौं शिक्षा क्याम्पस
पद्मोदय उमाविको भवन, रामशाहपथ, काठमाडौं,
फोन: ०१-४२३०२४०, ९८४१२२५०००, ९८४१२६५५४४,
नोटिस बोर्ड नं.: क्याम्पस सूचना-१६१८०१४२२०२४०, विद्यार्थी सूचना-१६१८०३००३०२४१
उक्त नं. हरुमा नेपालभरिका लोकल फोनबाट सम्पर्क गर्न सकिनेछ।
E-mail: kscram@ksc.edu.np, URL: www.ksc.edu.np
KSC Notice
✓ विभिन्न विषयका विशेषज्ञहरूद्वारा छुट्टै स्रोत कक्षाको व्यवस्था गरिएको।
✓ वेबसाइट नोटिस बोर्ड तथा फेसबुकमार्फत सूचना प्रदान र आधुनिक प्रविधिबाट अध्यापन।
✓ बि.एड. दोस्रो र तेस्रो वर्षको प्रयोगात्मक परीक्षा फागुन दोस्रो हप्तामा भित्र।
✓ बि.एड. प्रथम वर्षको वार्षिक परीक्षा २६ चैत्रदेखि, परीक्षार्थीहरूलाई सफलताको शुभकामना।
एक वर्षे तथा तीन वर्षे बि.एड. प्रथम वर्षमा छात्रवृत्ति सहित भर्ना खुल्यो।

## पाठ्यपुस्तकमा त्रुटि

# पानैपिच्छे हेलचेक्र्याइँ !

**देशमै सबैभन्दा बढी वार्षिक बजेट (रु.६५ अर्ब+) खर्च गर्ने शिक्षा मन्त्रालय सार्वजनिक विद्यालयका विद्यार्थीलाई शब्द र वाक्य शुद्धसँग छापिएका पाठ्यपुस्तक उपलब्ध गराउन पनि असक्षम हो ? मन्त्रालय र त्यस मातहतका निकायको तारतम्यमा पूर्वाञ्चलमा बिक्री-वितरण गरिएका पाठ्यपुस्तकको कागज र छपाइको स्तर त पत्रु छँदै थियो, यता आएर प्रुफ नै नसच्याइएका अशुद्धि र त्रुटि नै त्रुटिले भरिभराउ पुस्तक भेटिन थालेका छन्। पाठ्यपुस्तकका त्रुटि हेर्दा, यी किताबका पाठहरू टाइप गर्न पनि सिकारु व्यक्तिलाई मात्र लगाइएको र प्रुफ रिडिङका निम्ति छुट्याइएको बजेट अरू नै कसैले खाएको अनुमान गर्नुपर्ने हुन्छ।**

**लाखौँ बालबालिकाको भविष्य निर्माणसँग जोडिएका आधारभूत पाठ्यपुस्तकको तयारी र छपाइमा भएको यो स्तरको नाङ्गो भ्रष्टाचार एवं हेलचेक्र्याइँप्रति शिक्षाका तहगत निकाय र तिनका पदाधिकारीहरूको बेवास्ता आफैँमा बुझिनसक्नु छ। यहाँ विभिन्न तीन जिल्लाका शिक्षकहरूले पठाउनुभएका पाठ्यपुस्तकका त्रुटि सम्बन्धी विवरण जस्ताको तस्तै छापिएको छ।**

**(क)**

पूर्वाञ्चल विकास क्षेत्रमा २०६८ सालमा वितरित कक्षा ८ को अङ्ग्रेजी पुस्तकमा भेटिएका छपाइसम्बन्धी त्रुटि दर्साउँदै **श्री राष्ट्रिय उमावि, हासपोसा-१, सुनसरीका शिक्षक ऋषिराम खनाल** लेख्नुहुन्छ–

"सामुदायिक विद्यालयका बालबालिकाका लागि वितरण गरिएका पाठ्यपुस्तकमा पेपर, कभर, वाइन्डिङ र छपाइ आदि कमजोर गुणस्तरका छन्। प्रथम त्रैमासिक परीक्षा आउने बेलासम्ममा प्राथमिक तहका बालबालिकाले पढ्ने पुस्तक च्यातिएर आधा भइसकेका हुन्छन्। अन्य कक्षाका पाठ्यपुस्तकमा पनि छपाइ अत्यन्त मधुरो र अस्पष्ट छ।

यहाँ नेपाल सरकार, शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्द्रद्वारा पूर्वाञ्चल क्षेत्रमा शैक्षिक सत्र २०६८ मा वितरण गरिएको कक्षा ८ को अङ्ग्रेजी किताबमा रहेका गल्ती र कमजोरीलाई देखाउने प्रयास गरेको छु:

| युनिट | पेज नं. | लाइन नं. | त्रुटिपूर्ण छपाइ | हुनुपर्ने |
|---|---|---|---|---|
| 3 | 14 | 3 | These us killed the Minotaur | Theseus killed the Minotaur |
| 3 | 14 | 15 | Daedalous took some was and a needle | Daedalous took some wax and a needle |
| 4 | 22 | 25 | severty or eighty years | seventy or eighty years |
| 4 | 22 | 12 | baby one-horned rhinoceros | baby one-horned rhinocers |
| 4 | 25 | 18 | Poem मा Clap on the underlined syllables भनिएको छ, तर Poem मा underline छैन | Poem मा underline हुनुपर्ने |
| 5 | 30 | 4 | about Macro polo | about Marco Polo |
| 5 | 32 | 6-7 | He said...are reporting clauses He told them... | He said...and He told them are reporting clauses |
| 5 | 30 | 6 | Marco Polo was bor in Venice. | Marco Polo was born in Venice. |
| 6 | 38 | 7 | At anakpur. | At Janakpur. |
| 6 | 38 | 25 | RHURSDAY MARCH 17 | THURSDAY MARCH 17 |
| 7 | 46 | 2 | This si a story | This is a story |
| 7 | 46 | 12 | she could't go too, | she couldn't go too, |
| 7 | 48 | 3 | Ellen was in teh front | Ellen was in the front |
| 7 | 48 | 25 | god guided by feet. | god guided my feet. |
| 7 | 51 | 8 | name the boject | name the object. |

| | | | | |
|---|---|---|---|---|
| 8 | 54 | 31 | the childrr climbed | the children climbed |
| 9 | 62 | 3 | Together you win know quite a lot | Together you will know quite a lot |
| 9 | 65 | 4 | They didn't grow cropsor build houses. | They didn't grow crops or build houses. |
| 9 | 63 | Map मा | Australia को map मा विभिन्न ठाउँको नाम छुटेको छ । | GREAT BARRIAR REEF, BRISBANE, PASIFIC OCEAN, Sydney, Canberra, (Australian Capital Territory) map मा उल्लेख हुनुपर्ने |
| 10 | 70 | 2 | Nepali crew flew from Gokyo | Yesterday a balloon carrying Nepali crew flew from Gokyo |
| 10 | 70 | 16 | ,athree years old monkey, | ,a three years old monkey, |
| 10 | 71 | 9 | RICE | PRICE |
| 11 | 78 | 10 | ..,there were aborgine people living... | ..,there were aborigine people living... |
| 12 | 86 | Unit title | THAK KHOLAAND CHILDHOOD... | THAK KHOLA AND CHILDHOOD... |
| 12 | 86 | Last | 3. How did Shambhu Complete the last sentence do you think? | 3. How do you think Shambhu completed the last sentence? |
| 12 | 87 | 6 | ...my mother kept a tea sop... | ...my mother kept a tea shop... |
| 13 | 94 | 7 | ...,three men arived, | .., three men arrived,... |
| 13 | 94 | 22 | the next day they explored Muktinath. | The next day they explored Muktinath. |
| 14 | 102 | Unit title | ANAPURNA | ANNAPURNA |
| 14 | 106 | 16 | They wer frozen,... | They were frozen,... |
| | 159 | 1 | beat eat beaten | beat beat beaten |
| | 159 | 20 | hide hid hit | hide hid hidden |
| | 160 | 4 | spent spent ........ | spend spent spent |
| | 160 | 5 | spent ........ .......... | spend spent spent |

"

(ख)

कक्षा ८ को अङ्ग्रेजी पुस्तककै त्रुटि औँल्याउँदै **श्री माम्खा उमावि, माम्खा–४, ओखलढुङ्गाका शिक्षक एकराज कटवाल** लेख्नुहुन्छ:

"सरकारले नि:शुल्क पाठ्यपुस्तक वितरण गर्ने नीति लिएपश्चात् छापिएका पाठ्यपुस्तकहरूको कागज न्यून गुणस्तरको हुनुका साथै छपाइमा समेत कैयौँ गल्ती भेटिन थालेका छन् । पहिले पहिले त्यस्तो हुँदैनथ्यो । यस्ता गल्ती भएका पुस्तक उपलब्ध गराउँदा बालबालिकामा पुस्तकप्रति नै नकारात्मक धारणाको विकास हुने गरेको पाइन्छ । उदाहरणका लागि यहाँ कक्षा ८ को अङ्ग्रेजी किताबमा भेटिएका त्रुटिहरू प्रस्तुत गरिएको छ:

| छापिएको | हुनुपर्ने | त्रुटिको प्रकृति | पेज नं. |
|---|---|---|---|
| nit | Unit | Word Selection | 9 |
| Wlcome | Welcome | Spelling | 9 |
| Was | Wax | Spelling/word | 14 |
| they | They | Capitalization | 22 |
| Cary | Carry | Spelling | 29 |
| tohelp | to help | Spacing | 38 |
| anakpur | Janakpur | Spelling | 38 |
| RHURSDAY | THURSDAY | Spelling | 38 |
| rockbeat | Rockbeat | Capitalization | 44 |
| si | is | Spelling | 46 |
| by feet | my feet | Spelling/word | 48 |
| eelctric | electric | Spelling | 62 |
| athree | a three | Spelling | 70 |
| RICE | PRICE | Spelling/Word | 71 |
| teh | the | Spelling order | 48 |

आगामी वर्ष यस्ता गल्ती नभएका पाठ्यपुस्तक उपलब्ध गराउन सम्बन्धित निकायको ध्यान जाओस् भन्ने आग्रह गर्छु । साथै; के कक्षा ८ को वर्तमान अङ्ग्रेजी किताब बालबालिकाका निम्ति रूचिकर र प्रभावकारी छ ? एक्काइसौं शताब्दीका विद्यार्थीलाई कहिलेसम्म Chankhay (Monkey) का illusion मात्रै सिकाइ रहने ? तसर्थ यो पुस्तक बढी रोचक र उपयोगी बनाउनेतिर पनि विषय विशेषज्ञको ध्यान जाओस् ।"

# पाठ्यपुस्तकमा त्रुटि

(ग)

यसैगरी 'अशुद्ध पाठ्यपुस्तक कति पढाइरहनुपर्ने ?' शीर्षक अन्तर्गत **श्री दुर्गा मावि, इटहरा, मोरङका नेपाली विषयका शिक्षक जीतबहादुर कटुवाल**ले कक्षा ८ कै नेपाली पुस्तकमा रहेका त्रुटि औँल्याउँदै लेख्नुभएको छ:

"भाषा पाठ्यपुस्तक आफैँमा आदर्श शिक्षण सामग्रीसमेत भएकोले यो शुद्ध हुन नितान्त आवश्यक छ। तर अहिले विद्यालय तहमा पढाइ हुने सरकारी पाठ्यपुस्तक शुद्धताका दृष्टिले निकै कमजोर देखिन्छन्। त्यसमा पनि सरकारले सरकारी पाठ्यपुस्तकलाई निजी क्षेत्रका प्रकाशन संस्थालाई प्रकाशन गर्न अनुमति दिन थालेपछि यस प्रकारका त्रुटि ज्यादै बढी देखिन थालेको पाइन्छ। एक वर्ष देखिएका त्रुटि र अशुद्धता घट्नुका साटो हरेक वर्ष बढ्दै जानु विडम्बना नै मान्नुपर्दछ। वर्णविन्यासका दृष्टिले यति धेरै त्रुटि पाइन्छन् कि भाषाका पाठ्यपुस्तकलाई आधार मानेर सिक्ने र सिकाउने गरेमा सिकाइ गलत हुने निश्चित छ। विद्यार्थीहरूलाई पाठ्यपुस्तकको प्रभाव कत्तिको पर्दछ भन्ने कुराका लागि एउटा तथ्यले पुष्टि गर्दछ– कक्षा ८ को नेपाली पुस्तकको पाठ ९ मा रहेको किसान कविताका कविको नाम दैवज्ञराज **न्यापाने** लेखिएको छ। विद्यार्थीहरूलाई सच्याएर न्यौपाने बनाउन लगाउँदा र पटक पटक शिक्षणका क्रममा शुद्ध बताइदिँदा पनि सप्रसङ्ग व्याख्या गर्ने क्रममा ५१ जना विद्यार्थीहरूमध्ये २८ जनाले पुन: **न्यापाने** नै लेखेको पाइयो। यसले पाठ्यपुस्तकको प्रभाव विद्यार्थीलाई ज्यादा पर्ने कुरा स्पष्ट हुन जान्छ। त्यसमा पनि अहिले शिक्षकले पाठ्यक्रम र अरू सन्दर्भ सामग्रीको प्रयोग गर्ने रुल्छट नगरी केवल पाठ्यपुस्तकलाई मात्र आधार मानेर शिक्षण गर्ने परम्परा रहेको पाइन्छ। त्यसैले भाषा पाठ्यपुस्तक मानक र गल्तीरहित बनाउने दिशामा सम्बन्धित सबैको ध्यान जानुपर्दछ।

यहाँ पूर्वाञ्चलका लागि युनिक स्टेसनरी सप्लायर्स प्रमुख वितरक रहेको र पञ्चकन्या प्रिन्टर्स, विराटनगरबाट मुद्रण गरिएको कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा दिएका भाषिक गल्तीलाई प्रतिनिधिमूलक ढङ्गले प्रस्तुत गरिएको छ:

## १. वाक्य गठन ढाँचामा गल्ती

कक्षा ८ को नेपाली पाठ्यपुस्तकका केही वाक्य अस्पष्ट तथा अर्थ नलाग्ने खालका छन्। केही उदाहरण यसप्रकार छन्:

क) मुखियाले अर्कै गाउँबाट बसाइँ सरेर आएका एक **छोरीले** सिकाएअनुसार गरेको स्वीकार गऱ्यो। (पाठ-४, खसीको तौल, पाना नं १७, अन्तिम अनुच्छेद– 'बूढाकी छोरीले सिकाएअनुसार' हुनुपर्ने)।

ख) यसरी **युवक** आफ्ना ससुरा र जहानसँग फेरि भेट भयो। (पाठ-४, खसीको तौल, पाना नं १७, अन्तिम अनुच्छेद– 'युवकको' हुनुपर्ने)।

ग) अरू माकुराको जालो त कति नियमित आकार अति सूक्ष्म प्रकारको हुन्छ। (पाठ ५, दरबार, पाना नं.२० पहिलो अनुच्छेद– (यस वाक्यको अर्थ सुहाउँदो छैन)।

समाचार र विचारको
स्वतन्त्र सम्वाहक

कान्तिपुर
राष्ट्रिय दैनिक

घ) अन्तरिक्षसम्बन्धी यी अनेक खोज र **अनुसन्धान** हाम्रा ज्योतिषीय मान्यतामा समेत परिवर्तन आउने सम्भावना छ। पाठ १०, अन्तरिक्षयान, पाना नं. ४६, दोस्रो अनुच्छेद– 'अनुसन्धानले' हुनुपर्ने)।

ङ) चालीसजना महिलाहरूको **प्रतिनिधित्व** गरेर क्रिमियाको स्कुटारी अस्पतालमा रोगीको सेवा गर्न उनी खटिएकी थिइन्। (पाठ-१३, फ्लोरेन्स नाइटिङ्गेल, पाना नं. ६३, तेस्रो अनुच्छेद– 'प्रतिनिधित्वको सट्टा 'नेतृत्व' हुनुपर्ने)।

च) गाउँलेले भुमियाको घरमा नै त्यो रात बिताउन गुरु नानक र भुमियाको भेट भएको हो। (पाठ-२२, नुनको सोझो कथा, पाना नं. ११०– यस वाक्यको अर्थ लाग्दैन)।

छ) इमानदारीपूर्वक बाँच्न श्रमको आवश्यकता पर्छ तर कानुनी सजाय र सामाजिक अपवाद वा बद्नामबाट सधैँ बचिरहन्छ। (पाठ-२२, नुनको सोझो कथा, पाना नं. ११०– यस वाक्यको अर्थ पनि सुहाउँदो छैन)।

यी केवल नमुना मात्र हुन्। सूक्ष्म ढङ्गले केलाउने हो भने कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा यस किसिमका गल्ती अरू थुप्रै पाइन्छन्।

## २) वर्णविन्यास सम्बन्धी गल्ती

पाना नं. ५ र ६ मा 'आवश्यकता' शब्द तीन ठाउँमा प्रयोग गरिएको छ। तीनै ठाउँमा अलग-अलग किसिमका वर्णविन्यासको प्रयोग गरिएको छ– आवश्यक्ता, आवश्यता र आवश्यकता।

'सबैको रक्षक कानुन' भन्ने पाठमा कानुनीराज शब्दावलीको प्रयोग ५ ठाउँमा गरिएको छ। तीमध्ये एक ठाउँमा कानु नीराज, २ ठाउँमा कानुनीराज र २ ठाउँमा कानुनी राज।

पाना नं. २० मा 'जुनकिरी' लेखिएको छ भने सोही पाठको पाना नं. २३ मा 'जुन्किरी' लेखिएको छ। यसैगरी पाना नं. १० मा सङ्क्षिप्त रूपको प्रयोगमा पनि एकरूपता छैन। पाना नं. १० मा 'एसएलसी' लेखिएको छ भने 'आई.ए.' यसरी लेखिएको छ।

## ३) व्याकरणसम्बन्धी गल्ती

पाना नं. ७० मा वाच्य परिवर्तनको उदाहरण यस्तो दिइएको छ।
हामी वन्यजन्तुको संरक्षणमा लागेकै छौँ। (कर्तृवाच्य)
वन्यजन्तुको संरक्षणमा लागिएको छ। (कर्मवाच्य)
वन्यजन्तुको संरक्षणमा लागिएकै छ। (हुनुपर्ने)

## ४) पदयोगसम्बन्धी गल्ती

कक्षा ८ को नेपालीमा सबैभन्दा ज्यादा गल्ती पदवियोगका कारण देखिन्छ। यस किसिमका गल्ती पुस्तकभरि लगभग १०० वटा जति छन्। केही उदाहरण यसप्रकार छन्:

अनु च्छेद, मुक्त तकण्ठ, अनु सार, माधु र्य, अलङ् कार, बाहु को, सु लभ, दु र्लभ, वस्तु तामा, तै नाथ, सहानु भूति, कु रौटे, सदु पयोग, अनु पम, कर्तु त, सु दृढ, पु वा

## ५) निर्देश चिन्हको पालना नगरिएको

एउटा हरफमा **अन्तरि** अर्को हरफमा **क्षयान** (पाना नं. ४४), एउटा हरफमा **पार** अर्को हरफमा **खी** (पाना १०३) जस्ता शब्द टुक्र्याएर निर्देश चिन्ह प्रयोगको सामान्य नियम पनि पालना गरिएको छैन।

### ६. अन्य गल्ती

विवेच्य पाठ्यपुस्तकमा भएका केही अन्य गल्ती यसप्रकार रहेका छन्:

| भएको | हुनुपर्ने | पाना नं. |
|---|---|---|
| कानु | कानुन | ६ |
| तुर्जमा | तर्जुमा | ८ |
| मुखिय | मुखिया | १६ |
| पुगको | पुगेको | १६ |
| पाँत | पाँच | २६ |
| एको | भएको | ३५ |
| न्यापाने | न्यौपाने | ४१ |
| तुल्कउँछ | तुल्याउँछ | ४१ |
| नाखानू | नखानू | ५० |
| छ | छु | ५० |
| आखाँ | आँखा | ५१ |
| त्यो | यो | ५२ |
| आश्विनीकुमार | अश्विनीकुमार | ५३ |
| विजय | विजया | ५६ |
| कि | किन | ६१ |
| क्रियाकप | क्रियापद | ६१ |
| सहरमको | सहरको | ६४ |
| जनावहरू | जनावरहरू | ६७ |
| यतिखेत | यतिखेर | ६७ |
| कर्तवाच्य | कर्तृवाच्य | ७३ |
| या | यो | ७८ |
| द्धितीय | द्वितीय | ८० |
| छारी | छोरी | ८० |
| रानितिक | राजनीतिक | ८१ |
| निवासित | निर्वासित | ८५ |
| काइराला | कोइराला | ८५ |
| अजा | आज | ९० |
| बयान | बथान | ९५ |
| साजय | सजाय | ११२ |
| चेरेन | चोरेन | ११२ |
| फेरी | फेरि | ११२ |
| अतिति | अतिथि | ११३ |
| वाक्या | वाक्य | ११४ |
| विस्मायादिबोधक | विस्मयादिबोधक | ११४ |
| दाजुभाईलाई | दाजु भाइलाई | १२१ |

पाठ्यपुस्तक शुद्ध हुनुपर्नेमा यस किसिमका अति नै धेरै गल्ती यसमा पनि भाषा पाठ्यपुस्तकमा हुनु अवश्य राम्रो होइन। के यस किसिमका गल्ती रोक्ने निकाय छैन?"

**sms प्रतिक्रियाका लागि ltr<space>5006**


**हामी नेपालीहरूमा जुनसुकै क्षेत्रमा पनि काम गरेर देखाउन सक्ने अवस्था छ र सफल पनि हुन सकिन्छ। नयाँ प्रविधि र नयाँ क्षेत्रहरूमा हामी जानैपर्छ। मुख्यतः हामीमा प्रतिबद्धता, लगनशीलता, आँट र साहस चाहिन्छ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

विहान ५ -देखि राति ११ बजेसम्म

• प्रत्येक दिन विहान ६, मध्यान्ह १२, दिउँसो २ र साँझ ६ बजे स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खबरको प्रस्तुतिः विजयपुर समाचार
• प्रत्येक दिन दिउँसो १ बजे देखि २ बजेसम्म गीत-सङ्गीतका साथ श्रोताको रोजाईमा रहने कार्यक्रमः म्यूजिकल वाइट्स
• प्रत्येक बिहीबार बिहान ७ बजेदेखि ७:३० बजेसम्म कार्यक्रमः खबरेखबर
• प्रत्येक बिहीबार साँझ ७ बजेदेखि ८ बजेसम्म कार्यक्रमः अनप्लग्ड
• प्रत्येक शनिबार साँझ ५ बजेदेखि ६ बजेसम्म कार्यक्रमः फेमिली डक्टर

98.8

पूर्वाञ्चलको धरानबाट...

विजयपुर
एफ एम 98.8

छत्रबहादुर जोगी



# वर्तमान नै सबैभन्दा ठूलो 'शिक्षक' !

**भविष्यको निर्धारण वर्तमानले गर्ने हुनाले वर्तमान नै सबैभन्दा ठूलो 'शिक्षक' रहेछ। परिवेशले नै सबभन्दा धेरै कुरा सिकाउँदो रहेछ।**

इलाम भन्ने बित्तिकै सबैले "आहा ! चियाबगानले भरिएको कति राम्रो ठाउँ !" भन्छन्। तर मेरो जन्म चाहिँ 'इलामको कर्णाली' भनेर चिनिने धुसेनी गाउँमा २०४६ सालको पुसमा भएको रहेछ। बाल्यावस्थालाई फर्केर हेर्दा आज एक सपना जस्तो लाग्छ। पाँच वर्षको उमेरदेखि नै मलाई विद्यालय भर्ना गरिए पनि म विद्यालयमा नियमित जान पाइनँ। घरको आर्थिक अवस्था अत्यन्त कमजोर थियो। जातीय परम्पराअनुसार बुबा गाउँघरमा घुमफिर गरी जीविकोपार्जन गर्नुहुन्थ्यो। बुबाले मलाई जहाँ गए पनि आफूसितै लैजानुहुन्थ्यो।

मैले पूर्व प्राथमिक शिक्षा प्रत्यक्ष अवलोकनबाट हासिल गर्ने मौका पाएँ। मैले देखेका हरेक चिज वा वस्तुको नाम, काम, असर, फाइदा आदिबारे म बुबालाई सोध्थेँ। बुबा सकेसम्म मेरो जिज्ञासा मेटाउने कोशिश गर्नुहुन्थ्यो। मानिसहरूको घरमा चित्रसहित झुण्ड्याइएका गुणनतालिका म कक्षा १ मा भर्ना हुनुभन्दा अघि नै कण्ठस्थ भन्न सक्ने भएको थिएँ।

ठीक ८ वर्षको भएपछि मलाई पुन: विद्यालय भर्ना गरियो। विद्यालय (श्री सावित्रा देवी प्रा.वि.)का प्रधानाध्यापक भानुभक्त बस्नेतले कक्षा १ को नेपाली र गणित पुस्तक दिनुभयो। नयाँ र राम्रा किताब प्राप्त भएको त्यो क्षण म कहिल्यै पनि भुल्न सक्दिनँ। ती किताबले मलाई स्कूलप्रति यति धेरै सम्मोहित गरे कि त्यस दिनदेखि मैले कहिल्यै विद्यालय छोडिनँ।

अहिले आएर बल्ल थाहा पाएँ, मैले विद्यालय र समाजबाट समानान्तर रूपमा शिक्षा आर्जन गरेछु। घुम्दा डुल्दा गाउँका घरहरूमा विभिन्न पुस्तक र पत्रपत्रिका पढ्न पाउँथेँ। साँचो अर्थमा मैले विद्यालयमा सिकेका कुराहरू भन्दा आफ्नै परिवेशमा या भनौँ प्रत्यक्ष अवलोकनको माध्यमबाट सिकेका ज्ञान, सीप, अवधारणा तथा अभिवृत्ति आज पनि उत्तिकै जीवन्त लाग्छन्। आज कलेज तहमा शिक्षाशास्त्रको विद्यार्थी हुनुको नाताले लाग्छ, मैले परिस्थितिवश सिक्ने, हुर्कने वा आफूलाई विकसित तुल्याउने सन्दर्भमा राम्रो अवसर पाएछु। यसको अर्थ विद्यालय केही पनि होइन भन्ने होइन, तर बच्चालाई विद्यालयको चौघेरामा सीमित नगरी उसको गाउँ र समुदाय, परिवेश, प्रकृति, जीवजन्तु, खोलानाला, खेतीपाती, चाडवाड, संस्कृति, रहनसहन लगायत जीवनका समग्र पक्षहरू देख्ने, भोग्ने र खुला अन्तरक्रिया गर्ने मौका दिइनु पनि विद्यालय तहको शिक्षाको एक अभिन्न अङ्ग रहेछ। साथसाथै हरेक विद्यार्थीमा अन्तरनिहित प्रतिभाको प्रस्फुटन गराउनका लागि र उनीहरूको चौतर्फी विकासका लागि सकेसम्म धेरै अतिरिक्त क्रियाकलाप र सृजनशील हुन सिकाउने विभिन्न क्रियाकलापहरूको आयोजना सिलसिलेवार तरिकाले गरिरहनु पर्दोरहेछ। शिक्षाशास्त्रको कखरा पढ्न थालेपछि मैले यो कुरा अनुभव गरेको हुँ।

घरको आर्थिक समस्याले गाँज्न थालेपछि मेरो अध्ययनमा बारम्बार अवरोध भइरह्यो। मैले ६ महिना अर्केको घरमा बसी ट्युसन पढाउँदै अध्ययनलाई अघि बढाएँ। र, २०६४ सालमा भगवती मा.वि. धुसेनीबाट प्रथम श्रेणीमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेँ। विज्ञान अध्ययन गर्ने अठोटका साथ म इलामबजारको आदर्श उमाविमा भर्ना भएँ। तर आर्थिक समस्याले गर्दा विज्ञान पढ्ने चाहनालाई त्याग्नुपर्‍यो र भानुभक्त उमावि मङ्गलबारेमा अङ्ग्रेजी मुख्य विषय लिएर शिक्षाशास्त्र अध्ययन गर्न थालेँ। सो विद्यालयले छात्रवृत्ति दिएकाले मैले उच्च मावि तहको पढाइ पूरा गर्न पाएको थिएँ। परिश्रमको फल मीठै हुँदोरहेछ, कक्षा ११ र १२ मा क्रमश: ६७.८ र ७१.२ प्रतिशत अङ्क प्राप्त गरी इलाम जिल्लामा उच्च मावि तहमै प्रथम हुन सफल भएछु। हाल म सोही क्षेत्रमा अवस्थित श्री मङ्गलबारे बहुमुखी क्याम्पसमा शिक्षाशास्त्र संकाय स्नातक तह प्रथम वर्षमा अध्ययनरत छु।

अहिले स्वावलम्बी भएको छु। क्याम्पसको नजिकैको श्री सूर्योदय शिक्षा सदन उमाविमा शिक्षकको रूपमा कार्यरत छु। बिहान क्याम्पस जानु, दिउँसो शिक्षण गर्नु, बेलुका अध्ययन गर्नु मेरो दिनचर्या बनेको छ। म पेशाले एक शिक्षक भए पनि आफूलाई विद्यार्थी भन्न बढी रुचाउँछु। हरेक दिन कुनै न कुनै विद्यार्थीबाट केही न केही नयाँ कुरा सिकिरहेको हुन्छु। मलाई

विद्यार्थी आफैँ एक पुस्तक झैँ लाग्छन्। पुस्तक पढ्नु जति सजिलो छ, विद्यार्थी पढ्नु त्यति सजिलो नहुँदो रहेछ। हरेक विद्यार्थी फरक र अद्वितीय हुँदारहेछन् जो शिक्षाशास्त्रीहरूले भने झैँ मेरा लागि खुला पुस्तक बनेका छन्। जसलाई म आफ्नो ज्ञान र क्षमताले भ्याएसम्म अध्ययन गरिरहेछु। मेरा आजका विद्यार्थीले भविष्यमा मलाई कस्तो शिक्षक ठान्छन्, त्यो त मलाई थाहा छैन तर एउटा असल र सफल विद्यार्थी हुने कोशिश चाहिँ म इमानदारपूर्वक गरी नै रहनेछु। शिक्षाशास्त्रले पनि असल विद्यार्थी नै सफल शिक्षक हुनसक्छ भन्ने कुरा भन्दोरहेछ।

**मेरा बाआमा निरक्षर भए पनि शिक्षित हुनुहुन्छ भन्ने मेरो निष्कर्ष छ। किनकि उहाँहरूले मलाई सधैं हौसला दिइरहनुभयो। अतः हाम्रा बाबुआमा अशिक्षित छन् भनेर हामीले हीनभावना पाल्नुपर्ने कारण छैन। शिक्षा त्यही रहेछ जसले प्रत्येक व्यक्तिको दिमागमा चेतना, हातमा सीप र श्रमप्रति सम्मान गर्न सिकाउँछ।**

आजसम्मको मेरो सफलतामा अवश्य पनि शिक्षक वर्गको योगदानको महत्त्वपूर्ण हिस्सा छ। तथापि मेरो प्रगतिको पछाडिको मुख्य हात चाहिँ त्यो समाज नै हो जसले वर्गीय तथा जातीय आधारमा भेदभावपूर्ण व्यवहार गर्दथ्यो। तर मैले ती अवरोधहरूलाई क्षणिक आवेशमा नआई, बदलाको भावना नलिइकन धैर्यपूर्वक विवेकशील तरिकाले हल गरेँ। अहिले पनि गरिरहेछु। भनिहालूँ, मैले केही गर्नुपर्छ भन्ने दृढ अठोट, त्यसनिम्ति निरन्तर लागिपर्ने प्रेरणा र विवेकशील तरिकाले अघि बढ्नुपर्छ भन्ने सद्‌बुद्धि यही भेदभावबाट पाएको हुँ। त्यसैले जातीय तथा सामाजिक भेदभावले उत्पन्न गरेका विभेदको सिकार भइरहन बाध्य मजस्तै नयाँ पुस्ताका साथीहरू र स्कूलमा पढिरहेका भाइबहिनीहरूलाई मेरो आग्रह छ, यही विभेद, अन्याय र गरिबी नै हाम्रो अजस्र प्रेरणा र शक्तिका स्रोत हुन्। हामीले समाजमा व्याप्त विभेद र गरिबीलाई हटाउनु नै छ। त्यसनिम्ति सबभन्दा पहिले हामीले स्कूल र कलेजको शिक्षा अब्बल तरिकाले हासिल गर्नुपर्छ। राम्रोसित अध्ययन गर्दै गयौं भने मात्र हामीले समाज, देश र दुनियाँ बुझ्दै जानेछौँ, आर्थिक र सामाजिक असमानताका जरा खोतल्न र न्यायपूर्ण एवं समृद्ध समाज स्थापना गर्न समर्थ हुनेछौँ।

जस्तोसुकै परिस्थितिलाई पनि सहज ढङ्गले स्वीकार गरी समस्याको सही समाधान खोज्ने क्षमताको विकास हुनु सफल विद्यार्थीका प्राथमिक कुरा हुन्। हामीमध्ये धेरै स-साना समस्या आउने वित्तिकै हतोत्साही हुन्छौँ, जुन हाम्रो सबैभन्दा ठूलो कमजोरी हो। परीक्षामा कम अङ्क आएमा वा असफल भएमा हामी शिक्षक, अभिभावक, विद्यालय प्रशासन तथा अन्य पक्षलाई बढी दोष दिन्छौँ, जुन एकदम गलत हो। मेरो विचारमा कुनै पनि विद्यार्थी कति सफल हुने भन्ने कुरा उसको सहनशीलता, लगनशीलता, गाम्भीर्य जस्ता कुरामा निर्भर गर्दछ। कक्षामा रहँदा ध्यान केन्द्रित गर्नु, सम्बन्धित विषयवस्तुको गम्भीर अध्ययन गर्नु, आफूलाई अस्पष्ट लागेका कुराहरू शिक्षकहरूसँग छलफल गर्नु, बुझेर अध्ययन गर्नु (घोकेर होइन), सकेसम्म बढी पुस्तक तथा पत्रपत्रिका पढ्नु, आफूलाई आइपरेका समस्याहरूको सकारात्मक समाधान खोज्नु तथा अग्रजहरूको जीवनबाट सिक्ने र साथीसँगीका सकारात्मक कुराहरू आत्मसात् गर्नु नै मेरो आजसम्मको सफलताको आधार हो।

आफूलाई स्कूल, कलेज वा कक्षाकोठामा सीमित गर्नु हुँदोरहेनछ, ज्ञानको दायरा फराकिलो पार्ने, सृजनशीलता बढाउने र केही न केही नयाँ अनुभव सँगाल्ने गरी कुनै न कुनै नयाँ काममा सरिक हुनु पर्दोरहेछ भन्ने अनुभूति भएपछि हामी केही साथी मिलेर 'नवयुवा विचार मञ्च' नामक एक सामाजिक संस्था स्थापना गरेका छौँ। यो संस्थामार्फत हामी यतिखेर एउटा सामुदायिक पुस्तकालय स्थापनार्थ अघि बढिरहेका छौँ। हामीले हरेक महिना कुनै न कुनै सामाजिक विषयमा अन्तरक्रिया कार्यक्रम गर्न थालेका छौँ। राष्ट्रियस्तरका पत्रिकाहरूको नियमित अध्ययन र विश्लेषण समेत गर्दै आइरहेका छौँ। जति ठूलो हुँदै आएँ, ममाथि किताबको प्रभाव पनि उति नै बढिरहेको महसुस गरेको छु। नेल्सन मण्डेलाको 'A Long Walk to Freedom', शिव खेराको 'You can win' तथा डा. डेभिड जे. स्वार्ट्जको 'The Magic of Thinking Big' जस्ता पुस्तकले मलाई मान्छे हुन सिकाएको छ भने जगदीश घिमिरेको 'अन्तर्मनको यात्रा', नारायण वाग्लेको 'पल्पसा क्याफे' तथा रुमक घिमिरेको 'जीवन काँडा कि फूल'ले मलाई नेपाली परिवेश र सन्दर्भबारे थप किताबहरू अध्ययन गर्ने ऊर्जा दिएका छन्। मैले धेरै किताब त पढ्न पाएको छैन, तर आजसम्म जति पढियो, त्यसका आधारमा यति त ढुक्कले भन्न सक्छु, जति बढी किताब पढ्न सक्यो उति बेस! रोचक कुरा–जति बढी पढ्यो, उति नै नयाँ किताब पढ्न मन लाग्दो रहेछ!

मेरा बाआमा निरक्षर भए पनि 'शिक्षित' हुनुहुन्छ भन्ने मेरो निष्कर्ष हो। किनकि उहाँहरूले मलाई सधैँ हौसला दिइरहनुभयो। अतः हाम्रा बाबुआमा अशिक्षित छन् भनेर हामीले हीनभावना पाल्नुपर्ने कारण छैन। शिक्षा त्यही रहेछ जसले प्रत्येक व्यक्तिको दिमागमा चेतना, हातमा सीप र श्रमप्रति सम्मान गर्न सिकाउँछ। निरक्षर भएर पनि मेरा बाआमाले ती सब दिनुभएको रहेछ। त्यसैले मेरा बाआमाप्रति म गर्व गर्दछु। उहाँहरूप्रति हृदयदेखि नै सम्मान गर्दछु।

भविष्यको निर्धारण वर्तमानले गर्ने हुनाले वर्तमान नै सबैभन्दा ठूलो 'शिक्षक' रहेछ। परिवेशले नै सबभन्दा धेरै कुरा सिकाउँदो रहेछ। भविष्यमा के बन्छु त्यो त मलाई अझै पनि थाहा छैन तर वर्तमानमा शिक्षण पेशामा भएको र शिक्षाकै माध्यमबाट यस स्थानसम्म आउन सफल भएकोले म आफू जस्ता लाखौँ गरिब विद्यार्थीहरूको भविष्य निर्माणमा एक असल, कुशल र दक्ष प्रशासक भएर सहयोग गर्न चाहन्छु। अन्त्यमा, आदरणीय शिक्षक तथा अभिभावकहरूमा मेरो एउटै मात्र आग्रह छ, तपाईंका विद्यार्थी वा बालबालिकालाई आफैँ केही गर्न/खोज्न दिनुहोस्। त्यसनिम्ति आवश्यक सहजीकरण मात्र गरिदिनुहोस्। तपाईंले त्यति गरिदिनुभयो भने, हरेक बालबालिकाले आफूलाई सृजनशील र पृथक् मानिसका रूपमा प्रतिष्ठापित गर्न सक्नेछन्, जसले तिनको जीवनलाई सार्थक र आनन्दित तुल्याउने छ।

*मङ्गलबारे बहुमुखी क्याम्पस, मङ्गलबारे, इलाम*

मनका कुरा

# शिक्षक भर्नामा मेरो अनुभव

■ भास्करराज गौतम

श्री शान्ति प्रावि, रिगाउँ, धादिङमा शिक्षक पद रिक्त भयो। नियमानुसार जिशिकाबाट १५ दिने विज्ञापन गरी पदपूर्ति गर्न अनुमति दिइयो। अनि शुरु भयो 'हाम्रो' शिक्षक राख्ने अभियान।

'आफ्नो' मान्छे राख्ने निहुँमा विस्तारै विवाद बढ्दै गएपछि सदरमुकाममै परीक्षा लिई शिक्षक नियुक्त गर्ने सहमति भयो। मिति तोकियो २०६८/८/१४ गते।

शिक्षक छनोट समितिको सदस्य भएका नाताले 'आफ्नो' मान्छे भर्ती गरिदिनुपर्‍यो भनी आग्रह गर्नेहरूका कारण फोनको घण्टी रोकि नै छाड्यो। परिस्थिति जटिल बन्दै गएपछि एकहप्ता (८–१५ गतेसम्म) फोन नउठाउने निर्णय गरी स्वीचअफ गरिदिएँ।

प्रश्नपत्र कसले निर्माण गर्ने भन्ने बारेमा खुबै चर्चा चल्यो। 'आफ्नो' मान्छे उत्तीर्ण गराउन प्रश्न निर्माणकर्ताले परीक्षापूर्व प्रश्न बताइदिने र उत्तर घोकाउने चलन देशैभरि छ। त्यसकारण पनि आफ्नो मान्छेलाई कसरी प्रश्नपत्र निर्माता बनाउन सकिन्छ भनेर दाउपेच शुरु भयो। सदस्यहरू बीच नै एकले अर्कोलाई विश्वास गर्ने वातावरण नबनेपछि प्रश्न निर्माण गर्ने जिम्मा विनिलाई दिने सहमति बन्यो।

१४ गते दश बजे छनोट समितिका अध्यक्ष, विशेषज्ञ र सदस्यहरू सदरमुकामको स्रोतकेन्द्रमा जम्मा भयौँ। १० जना मध्ये नौ जना परीक्षार्थी आइपुगेका थिए। उनीहरूले एकैसाथ प्रश्न गरे– 'विनि को हो? कसरी परीक्षा सञ्चालन गर्ने योजना छ?' मैले शिक्षा नियमावलीको बेलिबिस्तार लगाएँ।

परीक्षामा धाँधली गरी आफ्नो व्यक्ति नियुक्त गरिने परिपाटीका विरुद्ध परीक्षार्थीहरू एकढिक्का भए। 'जे गर्दा परीक्षामा निष्पक्षता आउँछ त्यही गर्न समिति तयार छ' भनेपछि वार्ता शुरु भयो। विषयगत प्रश्नका उत्तरपुस्तिका परीक्षण गर्दा पक्षपात हुने भएकोले वस्तुगत मात्र (५० वटा) प्रश्न सोध्ने र उत्तरपुस्तिका सम्बन्धित उम्मेद्वारले समेत हेर्न पाउने सहमतिमा वार्ता टुङ्गियो। जबकि नियमानुसार विषयगत र वस्तुगत दुवैथरी प्रश्न सोध्नुपर्ने थियो।

परीक्षा अघि नै स्थानीय व्यक्ति बाहेक अन्य उत्तीर्ण भएमा नतिजा स्विकार्य नहुने र त्यसको परिणाम पनि नराम्रो हुने चेतावनी सुनाउन पनि उनीहरू चुकेनन्। जबकि स्थानीयलाई प्राथमिकता दिने भनी सूचनामै स्पस्ट रूपमा उल्लेख गरिएको थियो। शिक्षक छनोटका बखत स्थानीय, जनजाति, दलित, महिला आदिलाई प्राथमिकता दिने कुरा सूचनामा उल्लेख गर्ने परम्परा जहींतहीं छ। तर स्थानीय व्यक्ति भनेको वडावासी, गाउँवासी, गाविसवासी, जिल्लावासी अथवा नेपालवासी कसलाई भन्न खोजिएको हो? यस बारेमा मौनधारण गरेको सूचनाको त्यो अमूर्त वाक्यांशले दुई घन्टाको निरर्थक बहस निम्त्यायो।

मौखिक परीक्षामा धाँधली हुनसक्ने भन्दै त्यो व्यवस्था खारेज गर्न पनि परीक्षार्थीले आवाज उठाए। हुन पनि पास गराउनुपर्ने भए सजिला प्रश्न सोध्ने र फेल गराउनुपर्नेलाई ठूलै तयारी गरी गाह्रा प्रश्न सोध्ने चलन अस्थायी वा करार शिक्षक छनोटका अन्तर्वार्ताहरूमा हुने आम प्रवृत्ति नै हो।

अन्तर्वार्तामा अनुभव र शैक्षिक योग्यताको नम्बर छुट्याई

# चिची कि पापा रोज्ने ?

■ नरेन्द्रबहादुर बोहरा

शैक्षिक गुणस्तर उकास्ने लक्ष्यले नेपाल सरकारले एउटा नितान्त नयाँ कदमका रूपमा विद्यार्थी मूल्याङ्कन क्षेत्रमा उदार कक्षोन्नति नीति (Liberal promotion policy) कार्यान्वयनमा ल्याएको छ। कक्षामा निरन्तर ७० प्रतिशत हाजिर पुगेका र माथिल्लो कक्षामा उकास्न उमेरले नछेक्ने बालबालिकालाई कक्षा ७ सम्म अर्थात् आधारभूत तहसम्म स्वत: कक्षोन्नति गर्ने सरकारको नीति छ।

पाठ्यक्रमका अपेक्षित उद्देश्यहरू परिपूर्ति गर्नका लागि अथवा निश्चित तहका विद्यार्थीलाई उनीहरूको क्षमता अनुसार ज्ञान र सीप प्रदान गर्ने उद्देश्यले कक्षामा शिक्षण कार्य गरिन्छ। शिक्षण सिकाइको क्रममा एउटै कक्षामा धेरै जान्ने, कम जान्ने, छिट्टै बुझ्ने, ढिलो बुझ्ने, तीव्र बुद्धिका, मन्द बुद्धिका, चाँडै सिक्ने र लामो समयपश्चात् सिक्ने क्षमताका विद्यार्थीहरू भेटिन्छन्। निश्चित अवधिको शिक्षण सिकाइपश्चात् विद्यार्थीले के-कति ज्ञान र सीप आर्जन गरे भनेर मूल्याङ्कन गरिन्छ। तर उदार कक्षोन्नति व्यवस्थाले सबै क्षमता र दक्षता भएका विद्यार्थीलाई एउटै लहरमा मूल्याङ्कन गर्ने गरेको पाइन्छ। विविध क्षमता भएका विद्यार्थी र उपस्थित नै नहुने विद्यार्थीलाई समेत काग, बकुल्ला मिसाए जैँ शैक्षिक सत्रको अन्त्यमा एउटै पङ्क्तिमा उत्तीर्ण गरिन्छ। यस्तो नीतिले एकातर्फ विद्यालयमा पढे पनि, नपढे पनि, उपस्थिति भए पनि, अनुपस्थित भए पनि, काम गरे पनि, नगरे पनि उत्तीर्ण भइन्छ; किन बेकारमा दु:ख गर्ने भन्ने जस्तो गलत मानसिकता विद्यार्थीमा पैदा भएको छ भने वर्षभरी नपढाए पनि आफू अब्बल कार्यक्षमता श्रेणीमा

बाँकीमा न्यूनतम ४० प्रतिशत र अधिकतम ६० प्रतिशतसम्म नम्बर दिने सहमति भयो। तर स्थानीय जनजातिको हकमा भने पूर्णाङ्क दिएर भए पनि उत्तीर्ण गराउनैपर्ने अडानका अगाडि चाहिँ छनोट समितिको केही दम चलेन।

बहस चलिरहेको थियो। जिशिअको फोन आयो। मैले घटनाको विवरण सुनाएँ। उताबाट निष्पक्ष रूपमा छनोट कार्य सम्पन्न गर्न भनेपछि मेरो मनोबल केही बढ्यो। कथं मौखिक परीक्षामा धाँधली गर्नुपर्ने अवस्था आएमा छनोट समितिबाटै बाहिरिने अठोट गरी परीक्षाको कार्यक्रमलाई अगाडि बढाएँ।

संयोग नै मान्नुपर्छ, लिखित परीक्षामा स्थानीय परीक्षार्थीले नै सबैभन्दा बढी अङ्क (सामूहिक कपी परीक्षण गर्दा) प्राप्त गरेकाले त्यस दिनको समस्याबाट छुटकारा मिल्यो। अरु खुशीको कुरा, छनोट हुने व्यक्ति न कुनै दलका उम्मेदवार थिए, न त कुनै ठूला ठालूका।

शिक्षक छनोटको सन्दर्भमा यो वा यस्ता घटना कुनै नौला र अनौठा होइनन्। यसको स्थायी समाधान नखोजेसम्म योग्य शिक्षक छनोट कार्य निष्पक्ष र निर्भयपूर्वक सम्पन्न गर्न जिल्लाहरूमा असम्भवप्राय: नै भइसकेको छ।

स्थानीय विव्यसहरूले प्राथमिकतामा राखेका उम्मेदवारलाई छनोट (धाँधली?) गर्ने आधार विद्यमान नियमावलीमा खुलाइएका छैनन्। तर व्यवहारमा भने स्थानीय दबाबका अगाडि छनोट समितिहरू नतमस्तक हुने गरेका छन्। यस्तै व्यवहारले धाँधलीको मार्ग खोल्ने हो र, अयोग्य शिक्षकले नियुक्त हुने अवसर पाएका हुन्।

यो छनोट कार्य सम्पन्न गरेपछि मलाई तीनवटा कुराले लामो समयसम्म पिरोलिरह्यो:

पहिलो कुरा, के हाम्रो छनोट समितिले प्रतियोगीहरूको अभिवृत्ति (Aptitude) मापन गर्न सक्यो त? बीएड उत्तीर्णका आधारमा निर्माण भएको समितिसँग वैधता, विश्वसनीयता र विशेषज्ञताको कसीमा दाँजिने हैसियत रहन सक्छ त? आफ्नो इमानका आधारमा नियमसङ्गत ढङ्गले निष्पक्ष रूपमा शिक्षक छान्ने कार्य गर्नु मात्र उपलब्धि होइन, अपितु उम्मेदवारहरूको शिक्षक पेशाप्रतिको पूर्व झुकावको मनोवैज्ञानिक लेखाजोखा गर्न सक्नु नै यसको निष्पक्षता हो, परीक्षाको वैधता हो र कुशल कार्य सम्पादन हो। यसका लागि उपयुक्त वातावरण र छनोट समितिसँग निहित विशेषज्ञता पूर्वशर्त हुन्।

दोस्रो कुरा, शिक्षण अनुमतिपत्र दिनु भनेको कक्षाकोठामा प्रवेश योग्य भएको प्रमाणीकरण गर्नु पनि हो। 'लिवरल प्रमोशन' नीति लिएको कुनै शिक्षण संस्थाले बाँडेको वा विगतमा अनौपचारिक शिक्षा केन्द्रले वितरण गर्ने गरेको साक्षरता प्रमाणपत्र जस्तो समयावधि समेत नतोकी दिइएको यो पत्र विशेषज्ञको कठघरामा त उभिएकै छ, साथै यसबाट शिक्षक आपूर्तिमा गुणस्तरीयता कायम गर्न सजिलो हुन्छ भन्ने नीतिनिर्माताहरूको ठोकुवा पनि अपवाद बाहेक आम रूपमा काम लागेन। शिक्षक लाइसेन्स आफैँमा अयोग्य भने होइन, यो त लिने र दिने बीचको प्रक्रिया हो, जुन प्रक्रियाले लाइसेन्सको कद होच्याएको छ।

तेस्रो कुरा, मलाई उम्मेदवारको आइटीको स्तर मापन गर्ने इच्छा थियो। तर, वर्तमान नियमहरू यस अनुकूल छैनन्। शायद नेपाल विश्वमै एउटा अपवाद हो, जहाँ यो विषय शिक्षकका लागि अनिवार्य छैन।

शिक्षक नियुक्त गर्दा घट्ने धेरै अप्रिय घटनाहरू छापामा निरन्तर आइरहन्छन्। तर पनि केशरमहल यसलाई त्यति महत्त्व दिँदैन। गुणस्तरीय शिक्षा सम्बन्धी ठूलाठूला योजना, आयोजना बनाउने केशरमहल योग्य शिक्षक नियुक्त गर्ने, खुला प्रतिस्पर्धा गराई स्थायी गर्ने मामिलामा सदैव दर्शकदीर्घामा रहन रुचाउँछ।

योग्य शिक्षक र गुणस्तरीय शिक्षा बीच कुनै प्रकारको साइनो नदेख्ने, स्वच्छ प्रतिस्पर्धाको वातावरण बनाई ताजा शिक्षक आपूर्ति गर्न अगाडि नसर्ने, तर अमिलोको बोट रोपी सुन्तला फल्ने कामना गरिरहने केशरमहलको चिन्तनमा परिवर्तन आउने साइत कहिल्यै नजुर्ने भयो त?

विद्यालय निरीक्षक, धादिङ

गनिने आलस्यवादी प्रवृत्ति शिक्षकमा देखा परेको छ। अर्कोतर्फ विद्यालयमा निरन्तर उपस्थित नभए पनि अन्तिम परीक्षामा आफ्ना छोराछोरी पास भइहाल्ने, घरायसी काममा सहयोग मिल्ने जस्ता रूढीग्रस्त चिन्तन धेरैजसो अभिभावकहरूमा देखिएको छ। यसरी अध्यापन कार्यलाई सहायक दायित्वका रूपमा लिने शिक्षकले विद्यार्थीले वर्षभरी आर्जन गरेको वास्तविक मूल्याङ्कन कसरी थाहा पाउन सक्छन्? यो समस्या विकराल रूपमा नेपालको शिक्षाजगतमा देखा परेको छ।

नेपाल सरकारको यो नीति र शैक्षिक सरोकारका प्रमुख हस्तीहरूको यो मानसिकतालाई केलाएर हेर्दा हाम्रो गाउँघरमा चलेको 'गहुँ र भटमासको एउटै दाम' भन्ने उखान सम्झना हुन्छ। यसरी एकातर्फ आफू माथिल्लो कक्षा चढेकोमा विद्यार्थीको आडम्बर, अर्कोतर्फ जिम्मेवारी वहन गरे/नगरे पनि कक्षाका सबै विद्यार्थी उत्तीर्ण भइहाल्ने शिक्षकको यथास्थितिवादी चिन्तन र अभिभावकको घरायसी कामको प्रलोभन जस्ता समस्या विद्यमान रहेको अवस्थामा विद्यार्थीको ज्ञान र सीपको सही मापन र शिक्षकको कार्यक्षमताको शुद्ध नापतौल कसरी सम्भव होला?

एकातर्फ 'गुणस्तरीय शिक्षामा हाम्रो जोड' भन्ने सरकारको नारा र अर्कोतर्फ कक्षा ७ सम्म सम्पूर्ण विद्यार्थी उत्तीर्ण गर्नुपर्ने उदार कक्षोन्नति नीति एकआपसमा परस्पर बाझिएको पाइन्छ। सबै विद्यार्थीलाई स्वत: उत्तीर्ण गरेर गुणस्तरीय शिक्षाको कुरा गर्ने चाला आफैँमा हास्यास्पद पनि लाग्छ। मेरो विचारमा सबै उत्तीर्ण र गुणस्तरीय हुने कुरा सम्भव नै हुँदैन। गुणस्तरीय जनशक्ति उत्पादन गर्न त जगदेखि नै छान्ने, केलाउने, थिग्राउने, फिल्टर गर्ने, छनोट गर्ने गर्नुपर्छ तब मात्र गुणस्तर कायम गर्न सकिन्छ। देशमा शिक्षामा परिमाणात्मक विकास चाहिएको हो भने गुणात्मक विकास सम्भव छैन। यदि शिक्षामा गुणात्मक विकास गर्नुछ भने परिमाणात्मक विकास कम मात्रामा सम्भव हुन्छ। 'चिची पनि पापा पनि' त कहाँ पाइन्छ र?

श्री केदार मावि, स्याँडी-६, बित्थड, बझाङ

# आलु–प्याजबाट अक्षय कोष !



अक्षय कोषका निम्ति आलु-प्याज र पैसा संकलन गर्दै शिक्षक-विद्यार्थी।

२ पुस २०६५ मा एक अपरिचित वृद्धले ज्ञानदा मावि, हेटौँडाको कार्यकक्षमा एकत्रित शिक्षकहरूसँग एउटा प्रस्ताव गरे, "मसँग रु.२,१०० छ। यो पैसा म विद्यालयलाई दिन चाहन्छु। यसबाट अक्षय कोष खडा गरौँ।" शिक्षकहरूको प्रारम्भिक प्रतिक्रिया स्वाभाविक थियो, "यति पैसाले के अक्षय कोष खोल्ने?"

तर तत्कालै अर्को प्रस्ताव अघि सारे, "हो यो पैसा थोरै नै हो। तर विद्यार्थीलाई हरेक शुक्रबार आफ्नो भान्छाबाट एउटा आलु वा प्याज ल्याउन लगाऊँ। त्यो नभए एक रुपैयाँ राख्न लगाऊँ। त्यही आम्दानीलाई अक्षय कोषमा थप्दै जाऊँ!" वृद्धको यो प्रस्तावमा सबैको मन मिल्यो। विद्यालयको स्रोतबाट त्यति नै रकम थपेर रु.४,२०० को अक्षय कोष स्थापना गरियो।

त्यसपछि; हरेक शुक्रबार विद्यार्थीहरू घरबाट आलु-प्याज ल्याउन थाले। यो कार्य स्वेच्छिक थियो। नजिकका पसलेले बजार मूल्यभन्दा एक रुपैयाँ कम दिएर स्कूलमा जम्मा भएको आलु-प्याज किनिदिन थाले। अक्षय कोष कार्यक्रम आलु-प्याजमा मात्रै सीमित रहेन। शिक्षक-विद्यार्थीबाट पुराना कीला/काँटी, फलामका टुक्रा र हेटौँडाका ६ वटा होटलमा विद्यालयको नाममा ठूला बाल्टिनहरू राखेर 'कोल्ड ड्रिङ्स'का बोतलका बिर्को पनि सङ्कलन गर्न थालियो। यस्ता सबै चिजको बिक्रीबाट उठेको रकमबाट अक्षय कोष ठूलो हुँदै गयो।

हाल विद्यालय व्यवस्थापन समितिका सदस्य रामकुमार विष्टको संयोजकत्वमा ८ सदस्यीय 'ज्ञानदा बृहत् शैक्षिक कोष समिति' जिल्ला प्रशासन कार्यालयमा दर्ता गराइएको छ। विभिन्न व्यक्तिको सहयोगमा रु.५०-५० हजारका तीन वटा उप-कोष पनि बनाइएका छन्- पूर्णभद्र ढुङ्गाना स्मृति कोष, सुशीला पाण्डे शैक्षिक पुरस्कार कोष र योगबहादुर एण्ड कुन्ती स्मृति कोष।

# विद्यालयको सक्षमता मापन हुँदै

आधारभूत तहमा प्रभावकारी शिक्षण सिकाइका निम्ति हाम्रा सामुदायिक विद्यालयहरू कत्तिको सक्षम छन्? विद्यालयमा न्यूनतम भौतिक तथा शैक्षिक पूर्वाधार पुगेको छ कि छैन? सरकारले पहिलोपटक यसको खोजी गर्ने तत्परता देखाएको छ।

शिक्षा विभागले विद्यालयको न्यूनतम सक्षमताको अवस्थाबारे पाँचवटा सूचक तयार गरेर जिल्ला शिक्षा कार्यालयमार्फत सबै विद्यालयमा यसको सर्वेक्षण फाराम पठाएको छ। त्यसमा कक्षाकोठा, शिक्षक, पाठ्यपुस्तक, शौचालय र शिक्षण सिकाइ सामग्री/बुक कर्नरलाई सक्षमताको न्यूनतम सूचक मानिएको छ। खासगरी दातृ संस्थाले यसमा चासो देखाएपछि यस्तो विवरण सङ्कलन थालिएको जानकारी विभागका अधिकारीहरूले दिएका छन्।

कक्षाकोठाको भौतिक अवस्था (घामपानी छेक्ने/नछेक्ने), शिक्षक सङ्ख्या पुगे/नपुगेको, विद्यार्थीले निःशुल्क पाठ्यपुस्तक पाए/नपाएको, शौचालयको सङ्ख्या(छात्राका निम्ति छुट्टै भए/नभएको) विवरण सर्वेक्षण फाराममा समेटिने छन्। साथै, विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका, बालसन्दर्भ सामग्री र बुक कर्नर भए/नभएको अवस्थालाई पनि यो सर्वेक्षणले देखाउने छ। विभागका उपनिर्देशक गणेश पौडेलले भने, "स्तरीय शिक्षाका निम्ति हाम्रा विद्यालयहरू सक्षम छन् वा छैनन् भन्ने परिणाम यो सर्वेक्षणले देखाउने छ। त्यसैका आधारमा भावी बजेट र कार्यक्रमहरू केन्द्रित हुनेछन्।" यस्तो विवरण फागुनको दोस्रो साताभित्र विभागमा आइपुग्ने बताइएको छ।

विद्यालयले अक्षय कोषका निम्ति रु.५,००१ को आजीवन सदस्यताको व्यवस्था गरेको छ। शिक्षक एवं अक्षय कोष समितिका सदस्य-सचिव हयग्रीव आचार्यका अनुसार, शिक्षक, अभिभावक, राजनीतिकर्मी, उद्योगी/व्यवसायी लगायत ४० जनाले आजीवन सदस्यता लिएका छन्। रु.२,१०० बाट बीजारोपण भएको अक्षय कोषमा अहिले रु.७ लाख नाघेको छ।

अक्षय कोषका प्रस्तावक वृद्ध थिए- चितवन, बछ्यौलीका ७१ वर्षीय समाजसेवी हिमकान्त शर्मा न्यौपाने। ज्ञानदा माविका प्रअ रामसागर गुरागाइँले भने, "वृद्ध मानिसको प्रस्तावमा भद्रता देखेर हामीले स्वीकारेका थियौं। अहिले त नसोचेको सफलता पाइएको छ।" ज्ञानदाको 'आलु-प्याज सङ्कलन कार्यक्रम'ले हालसम्म निरन्तरता पाउँदै आएको छ।

अक्षय कोषको रकम रु.१० लाख पुगेपछि त्यसबाट प्राप्त हुने व्याजबाट विपन्न परिवारका विद्यार्थीलाई छात्रवृत्ति, पोशाक, कापी, कलम उपलब्ध गराउने र परीक्षामा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कृत गर्ने लक्ष्य लिइएको जानकारी शिक्षक हयग्रीव आचार्यले दिए।

**प्रमोद आयाम**, हेटौंडा

# बुनिया विवादले विद्यालय बन्द !



**लक्ष्मीबल्लभ नरसिंह उमावि, बभनगामाकट्टी, सप्तरी।**

**शिक्षक** नियुक्ति र व्यवस्थापन समितिका पदाधिकारीको चयनमा विवाद हुँदा विद्यालय बन्द भएका घटना त कैयन् पटक देखे, सुनिएकै हो। तर, सप्तरीको एउटा विद्यालयमा ल्याइएको बुनिया पत्तै नदिई विद्यार्थीले खाएको निहुँमा शिक्षकले ८ दिन विद्यालय बन्द गरेका छन्।

सुन्दा उदेक लाग्ने यो घटना सप्तरीको बभनगामाकट्टीस्थित लक्ष्मीबल्लभ नरसिंह उमाविको हो। १६ माघको सरस्वती पूजाको प्रसादको निम्ति तयार गरेर एउटा कोठामा राखिएको बुनिया विद्यार्थीले पहिल्यै ढोका खोलेर खाइदिएको झोंकमा शिक्षकले विद्यालय बन्द गरिदिए। विद्यालयका सहयोगी शिवशङ्कर मण्डलले भने, "बुनियाकै विषयलाई लिएर शिक्षक र विद्यार्थीबीच भनाभन भयो र शिक्षकले ताला लगाइदिए।"

२४ माघमा शिक्षक, विद्यार्थी र अभिभावकबीचको संयुक्त बैठकले आउँदा दिनमा समझदारी गरेर अघि बढ्ने सहमति गरेपछि ताला खोलिएको छ। प्रअ मेदनारायण देव भने विद्यार्थीले उद्दण्डता देखाएका कारण पठनपाठनको वातावरण नभएकाले ताला लगाइएको बताउँछन्। उनले भने, "विद्यार्थीले ढोकै फोडेर बुनिया झिकेपछि विवाद भयो। उनीहरूले शिक्षकमाथि दुर्व्यवहार गरे। त्यो अवस्थामा पठनपाठन गर्ने अवस्था नभएर बन्द गरेका हौं।"

सदरमुकाम राजविराजबाट १२ किलोमिटर दक्षिण-पूर्वमा पर्ने लक्ष्मीबल्लभ उमावि जिल्लाकै पुरानो विद्यालयको सूचीमा पर्छ। यहाँ करिब तीन हजार विद्यार्थी अध्ययनरत छन्। जिशिकाका अधिकृतहरूले भने विद्यालय बन्द भएको घटनाप्रति अनभिज्ञता जनाएका छन्।

**श्रवण देव**, राजविराज

# वाणिज्य ब्याङ्कको शिक्षक केन्द्रित योजना

**राष्ट्रिय** वाणिज्य ब्याङ्कले विद्यालय तथा विश्वविद्यालयमा कार्यरत शिक्षक-प्राध्यापकहरूलाई लक्षित गर्दै विशेष बचत तथा कर्जा सेवा योजना ल्याएको छ। स्थायी शिक्षक तथा प्राध्यापकहरूले यो सुविधा पाउनेछन्।

ब्याङ्कद्वारा २६ माघमा जारी प्रेस विज्ञप्ति अनुसार, शिक्षक-प्राध्यापकले शून्य मौज्दातमा 'शिक्षक बचत खाता' खोल्न सक्नेछन्। यस खाताअन्तर्गत दैनिक मौज्दातमा ५ प्रतिशत ब्याज, नि:शुल्क डेबिट(एटिएम) कार्ड, ई-ब्याङ्किङ, एसएमएस ब्याङ्किङसँगै अन्तरशाखा कारोबारमा शुल्क नलाग्ने (एबीबीएस सेवा) लगायतका सुविधा दिइने ब्याङ्कले बताएको छ।

उक्त निक्षेप योजनामा सहभागी हुने शिक्षक-प्राध्यापकले लकर सेवामा २५ प्रतिशत र रु.५० हजारसम्मको सुनचाँदी कर्जामा ०.५ प्रतिशत र छोराछोरीको शैक्षिक कर्जा सेवामा ४० प्रतिशत छुट प्राप्त गर्नेछन्। ट्राभलर्स चेकमा लाग्ने सम्पूर्ण शुल्कमा छुट दिइनेछ।

साथै, शिक्षक-प्राध्यापकलाई सहुलियत ब्याजदरमा रु.५ लाखसम्म कर्जा सुविधा उपलब्ध गराइने वाणिज्य ब्याङ्कले जनाएको छ। राष्ट्रिय वाणिज्य ब्याङ्कका देशभरका सबै शाखाबाट यो सुविधा उपलब्ध हुनेछ। ब्याङ्कका ६३ जिल्लामा १३८ शाखाहरू छन्।



## टिप्पणी

पदमप्रसाद पाण्डेय

# शिक्षक आन्दोलनका पाँच आधार

**राहत, पी.सी.एफ., परियोजना, सट्टा, लियन, निजीस्रोत र संस्थागत विद्यालयमा कार्यरतहरू उमेर छँदै सेवा प्रवेश गरे। सरकारी अकर्मण्यताले १६ वर्ष आयोग खुलेन। तिनीहरूलाई अब हुने शिक्षा आयोगको खुल्ला विज्ञापनमा उमेरको हद नलाग्ने र थोरै भए पनि अनुभवको मूल्याङ्कन हुने व्यवस्था गरिनुपर्छ।**

नेपाल शिक्षक युनियन र नेपाल शैक्षिक गणतान्त्रिक मञ्च आफ्ना ४७ सूत्रीय माग पूरा गराउन हाल आन्दोलनमा छन्। यो आन्दोलन विद्यार्थीको पढाइलाई बाधा नपार्ने शर्तमा शुरु भएको छ।

यो आन्दोलनको लक्ष्य अयोग्य अस्थायी शिक्षकलाई स्थायी गराउन अथवा हामी शिक्षकहरूको तलब तथा सुविधा वृद्धि गर्ने कदापि होइन। मूल रूपमा शिक्षकका पेशागत संघसंस्थाहरूसँग नेपाल सरकारले विगतमा सम्झौता गर्ने तर कार्यान्वयन नगर्ने प्रवृत्तिले शिक्षकहरूलाई आन्दोलन गर्न बाध्य पारेको हो। यो आन्दोलनको पृष्ठभूमिमा पाँचवटा प्रमुख कारण छन्।

**आन्दोलनको पहिलो कारण वा आधार** 'सबैका लागि अनिवार्य तथा निशुल्क शिक्षा'को सुनिश्चितता हो। राज्यले अनिवार्य तथा निशुल्क शिक्षाको प्रतिबद्धता व्यक्त गरेको छ, तर त्यसका लागि आवश्यक पर्ने शिक्षक/कर्मचारीको न्यूनतम दरबन्दी, बजेट र अन्य पूर्वाधारतिर ध्यान दिएको छैन। विद्यालय जाने उमेर समूहका पाँच प्रतिशत जति बालबालिकाहरू अझै विद्यालय शिक्षाबाट वञ्चित छन्। राज्यले कामदारका लागि तोकेको न्यूनतम ज्यालाभन्दा धेरै कम (मासिक रु.१८००) तलबमा बाल विकास केन्द्रका शिक्षकलाई कज्याउनु बिडम्बना नै मान्नुपर्छ। कक्षा ११ र १२ लाई माध्यमिक मान्ने, माध्यमिक शिक्षा निशुल्क भन्ने तर कक्षा ११ र १२ का लागि हालसम्म एउटा पनि दरबन्दी नछुट्याएको स्थिति छ। यो सन्दर्भमा शिक्षालाई राज्यको पहिलो प्राथमिकतामा राखी कम्तीमा पनि राज्यको कुल बजेटको २५ प्रतिशत वा कुल गार्हस्थ उत्पादनको ६ प्रतिशत लगानी गर्नुपर्ने भन्ने आन्दोलनको माग छ।

२०२८ सालको राष्ट्रिय शिक्षा पद्धतिको योजनामै स्वीकार गरिएको विद्यालय कर्मचारीको अवधारणालाई मेटाउँदै लैजाने प्रयत्न भयो। अन्य सरकारी कार्यालयमा हाकिमको टेबुल पुछ्न

मुरारी दुलाल




संयुक्त आन्दोलनका क्रममा दोलखामा आयोजित विरोध र्‍यालीमा सहभागी शिक्षक।

वा सलामी ठोक्न मात्र पनि पियन चाहिने तर सयौं जना स-साना बाबुनानीहरू पढ्ने स्कूलमा सिँगान पुछिदिने, आची धोइदिने, बढार्ने, टाढाको खोलाबाट पानी बोकेर खानेपानी ल्याउने, माटोको भुईं लिप्ने, घण्टी बजाउने जस्ता सबै काम शिक्षक स्वयंले नै गर्नुपर्छ भन्नु पनि युक्तिसङ्गत छैन।

**दोस्रो आधार** गुणस्तरीय शिक्षासँग सम्बन्धित छ। हाम्रो शिक्षाले उत्पादन गरेको जनशक्ति आफैं रोजगारी सिर्जना गर्न असफल भई जीविकाको खोजीमा खाडीको मरुभूमिमा श्रम बेच्न विवश भएको छ। गुणस्तर निर्धारण गर्ने हाम्रो राष्ट्रिय मानक नै छैन। निजी विद्यालयले प्रवेशिका परीक्षामा ल्याएको अङ्कलाई गुणस्तरको मानक मान्न पनि सकिँदैन।

शैक्षिक आन्दोलनले गुणस्तरीय शिक्षाको पहिलो शर्त गुणस्तरीय शिक्षकलाई मानेको छ। योग्य शिक्षक विद्यालयमा भित्र्याउन संवैधानिक आयोगद्वारा नै सबै प्रकृतिका शिक्षाकर्मीहरूको नियुक्ति, वृत्ति विकास, दण्ड एवं पुरस्कारका स्पष्ट र पारदर्शी मापदण्डहरू कार्यान्वयन हुने सुनिश्चितता हुनुपर्दछ। प्र.अ. नियुक्तिमा पारदर्शी प्राज्ञिक मापदण्ड निर्धारण गरिनुपर्दछ। शिक्षक लाइसेन्सका लागि शिक्षक काउन्सिलको गठन गरी क्रियाशील बनाउनुपर्दछ। पुराना शिक्षकलाई आकर्षक सुविधासहित स्वेच्छिक अवकाशको अवसर दिएर बढी योग्य युवाहरूलाई सेवा प्रवेशको अवसर सिर्जना गरिनुपर्दछ भन्ने माग नै आन्दोलनको मूल मर्म हो।

**शिक्षक आन्दोलनको तेस्रो आधार** राज्य नीतिका कारण उत्पन्न असमानता र उत्पीडनसँग सम्बन्धित छ। २०२८ मा शिक्षकसरह नियुक्ति पाएका कर्मचारीहरूप्रति राज्यपक्षबाट समान व्यवहार भएको छैन। कति कर्मचारीहरू अकारण निष्कासित भएर रित्तोहात बाहिरिएका छन्। कसैका परिवारले सुविधा पाए, कसैकाले केही पाएनन्। कोही नगण्य तलबमा हालसम्म पनि कजिएकै छन् भने कोही भाग्यमानीहरू अन्य राष्ट्रसेवक सरह तलब, उपदान वा पेन्सन पनि पाइरहेका छन्। यो बेथितिको अन्त्य गराई विद्यार्थी र कक्षाको अनुपातमा दरबन्दी निर्धारण हुनुपर्छ, अन्यायपूर्ण तरिकाले निष्कासितहरूलाई क्षतिपूर्तिसहित पुनर्वहाली गरिनुपर्छ र कार्यरतहरूले कानुनले तोके अनुसारको पारिश्रमिक पाउनुपर्छ भन्ने आन्दोलनका मागलाई नाजायज मान्ने कुनै आधार छैन।

बढीमा ६ महिनाका लागि भनेर २०४८ अघि नियुक्ति पाएका केही शिक्षकहरू २०६८ सम्म पनि अस्थायीमै कार्यरत छन्। २०५२ सालको परीक्षाको नतिजा आउन ८ वर्ष लाग्यो। १६ वर्ष भइसक्यो आयोग खुलेकै छैन। उमेर गुज्रेर पेन्सन नपाउने वा उपदान कम पाउने भएमा सो अस्थायी अवधि गणना गराएर पेन्सन पाउनुपर्छ भन्ने माग पनि नाजायज होइन।

अस्थायी जति सबैलाई स्वत: स्थायी गरिनुपर्छ भन्ने आन्दोलनको माग होइन। तर योग्य छन् भने तिनले ग्रेड, उपदान, पेन्सन पाउनु पऱ्यो, अयोग्य छन् भने त्यस्ता अयोग्यहरूबाट पढाउन लगाएर सिङ्गो भावी पुस्तालाई नै निकम्मा बनाउनुहुँदैन; बरु राज्यको अकर्मण्यताका कारणले यति लामो समय अस्थायी रहन बाध्य पारिएकालाई क्षतिपूर्तिस्वरुप सुविधा दिएर बिदा गर्नुपर्छ भन्ने हाम्रो आग्रह हो। २०४७ साल पूर्व र त्यसपछि पनि राजनीतिक पूर्वाग्रहले निष्काशित र विस्थापित भएका शिक्षक/कर्मचारीहरूको क्षतिपूर्तिसहित पुनर्बहाली, घाइतेहरूको उचित उपचार, अपाङ्गहरूको संरक्षण र मारिएकाहरूलाई उचित सम्मानसहित मृतकका परिवारलाई अन्य राष्ट्रसेवक सरह क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ। एउटै तहमा कार्यरतमध्ये बढुवा नभएकाको भन्दा भएकाको तलब कम हुने अवस्था छ। राहत, पी.सी.एफ., परियोजना, सट्टा, लियन, निजीस्रोत र संस्थागत विद्यालयमा कार्यरतहरू उमेर छँदै सेवा प्रवेश गरे। सरकारी अकर्मण्यताले १६ वर्ष आयोग खुलेन। तिनीहरूलाई अब हुने शिक्षा आयोगको खुल्ला विज्ञापनमा उमेरको हद नलाग्ने र थोरै भए पनि अनुभवको मूल्याङ्कन हुने व्यवस्था गरिनुपर्छ।

**चौथो आधार** पेशागत वृत्ति विकाससँग सम्बन्धित छ। २०५७ पछि हालसम्म एउटा पनि शिक्षक दरबन्दी थपिएको छैन। ४० हजार जति शिक्षकहरू राहत कोटामा कार्यरत छन्। दशौं हजार शिक्षक पी.सी.एफ. अनुदानमा नियुक्त भएका छन्। यिनले राहत र पी.सी.एफ. सहयोगको दानापानी कहिलेसम्म खान पाउने हुन्, निधो छैन। आगलागी, बाढी, भूकम्प पीडितहरूलाई शुरुमा राहत दिइन्छ तर निश्चित समयपछि पुनर्स्थापना वा पुनर्वासको व्यवस्था गरिन्छ। यो शिक्षामा दिइएको राहतको पुनर्स्थापना वा पुनर्वास कस्तो हुने हो र कहिले आउने हो अज्ञात छ।

प्राथमिक द्वितीय र निम्नमाध्यमिक द्वितीयमा शुरु नियुक्ति पाएकाहरूलाई निम्नमाध्यमिक तृतीय र माध्यमिक तृतीयमा पदस्थापन गरिनुपर्दछ। २०५१ सम्म कक्षा १-३ प्राथमिक, ४-७ निम्नमाध्यमिक र ८,९,१० माध्यमिक थियो। त्यतिबेला आई.एड. पास गरेका ४ र ५ मा पढाउने शिक्षकलाई निम्नमाध्यमिक तहमा नियुक्ति दिइन्थ्यो र बी.एड. पास गरेका ८ मा पढाउने शिक्षकलाई माध्यमिक तहमा नियुक्ति दिइन्थ्यो। २०५१ पछि सरकारले तहगत नीति परिवर्तन गर्दा १-५ प्राथमिक, ६-८ निम्नमाध्यमिक र ९, १० माध्यमिक बनायो। त्यसपछि तिनै निम्नमाध्यमिक र माध्यमिकमा नियुक्ति पाएकामध्ये तल्लो कक्षामा पढाउने जुनियरलाई प्राथमिक द्वितीय र निम्नमाध्यमिक द्वितीय नामकरण गरियो। माध्यमिक तृतीयको द्वितीय र प्रथम गरी दुई तहमा प्रमोशन हुन सक्छ भने निम्नमाध्यमिक द्वितीयको एक तह मात्र प्रमोशन हुनसक्ने व्यवस्था छ। त्यसैले यो न्यायोचित भएन।

**पाँचौं आधार** शैक्षिक सुशासनसँग सम्बन्धित छ। विद्यालय व्यवस्थापन समुदायमा हस्तान्तरण प्रक्रिया तुरुन्त बन्द गरिनुपर्छ र शिक्षा नियमावलीको दफा २२ ङ र छ; दफा १४३ को १ (१ क) खारेज हुनुपर्छ। सामाजिक सम्वाद समितिले निरन्तरता पाउनुपर्छ। गुरुकुल, मदरसा, गुम्बा, जनशिक्षालयहरूको समकक्षता र नियमन गरिनुपर्छ भन्ने आन्दोलनको माग हो।

नयाँ नेपालको वैज्ञानिक एवं व्यावहारिक शिक्षा नीति एवं राष्ट्रिय उद्देश्य निर्माण गर्न, गुणस्तरको न्यूनतम मापदण्ड निर्धारण गर्न, पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षक प्रशिक्षण, शिक्षण प्रक्रिया, परीक्षाको स्तरीयता, सबै शिक्षा सरोकारवालाहरूको साझा आचारसंहिताको कार्यान्वयन, साधारण एवं विकास प्रयोजनमा शिक्षा बजेटको उचित विनियोजनमा समन्वय निर्माण गर्न एक उच्चस्तरीय शिक्षा आयोगको निरन्तरताले मात्र सबैका लागि अनिवार्य गुणस्तरीय शिक्षाको हाम्रा लक्ष्यले व्यावहारिक खुट्किलो पहिल्याउन सक्छ भन्ने आन्दोलनकारीको ठम्याइ हो। यी सबै विगतमा सरकारले शिक्षकहरूसँग सम्झौता गरिसकेका विषय हुन्। ती सम्झौताहरू सरकारले इमानदारीपूर्वक कार्यान्वयन गर्नुपर्छ।

*(लेखक संयुक्त शैक्षिक आन्दोलन कमिटिका सदस्य हुन्।)*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

बाबुराम विश्वकर्मा

# अबको प्राथमिकता पूर्वप्राथमिक/बालविकास केन्द्र

**यतिबेला निजी तथा सरकारी बालविकास केन्द्र/पूर्वप्राविमा ६ वर्षमुनिका करिब १० लाख बालबालिका भर्ना गरिएका छन्। यीमध्ये निजी पूर्वप्राविमा एक लाख बालबालिका छन् भने ९ लाख बालबालिका अझै सरकारी बालविकास केन्द्रमै छन्। तर हाम्रा बालविकास केन्द्र/पूर्वप्राविको कमसल भौतिक/शैक्षिक पूर्वाधार र निम्न योग्यताका बालशिक्षकका कारण अधिकांश बालबालिकाको जीवनको जग बलियो हुन पाएको छैन। त्यसैले बालविकास केन्द्र/पूर्व प्राथमिक विद्यालयको स्तरोन्नति अबको प्राथमिकता बन्न जरुरी छ।**



मीनरत्न वज्राचार्य

कोटेश्वरको ग्रामर मन्टेसरीको उज्यालो तथा फराकिलो कोठामा २० माघ २०६८ मा ७ जना बालबालिका स्वतन्त्र रूपले आ-आफ्नो धुनमा मग्नमस्त थिए। कोही सेतो पाटीमा अङ्क/अक्षर लेख्दै थिए त केही शैक्षिक सामग्रीसँग खेल्दै थिए। कसैलाई कुनै सहयोग जरुरी पर्दा शिक्षक रिकम राई नानीहरू नजिक पुगिहाल्थिन्।

साढे दुई वर्षदेखि ६ वर्ष उमेर समूहका बालबालिकाका निम्ति त्यहाँ दैनिक जीवनमा उपयोग हुने गतिविधि (प्राक्टिकल लाइफ एक्टिभिटी) सिकाउन आवश्यक थुप्रै सामग्री राखिएका छन्। नानीहरू ती सामग्रीको सहयोगमा स्वअभ्यास गर्छन्। उनीहरूलाई गणित र भाषाको अवधारणा बसाउन सहयोग पुऱ्याउने सामग्रीको व्यवस्था छ। करिब रु.७ लाखमा किनिएका यस्ता तीन सय सामग्रीले मन्टेसरी कक्ष चिटिक्क छ। शिक्षक रिकम राई भन्छिन्, "साना नानीहरूलाई स्वतन्त्र रूपमा शैक्षिक सामग्री प्रयोग गर्न दिइन्छ। तिनै सामग्रीको प्रयोगबाट नानीहरूमा भाषा, गणित, दैनिक जीवनमा आइपर्ने काम र पाँच ज्ञानेन्द्रियले थाहा पाउने कुराहरूको अवधारणा विकास हुन्छ।"

त्यहाँ बालबालिकाका निम्ति डेस्क-बेन्चको हैन कपडाका चकटी



मीनरत्न वज्राचार्य

**मन्टेसरीको मज्जाः** कोटेश्वरको ग्रामर मन्टेसरीमा खेल्दै सिक्दै नानीहरू ।

राखिएको छ। बालबालिका स्वयंले झिकेर प्रयोग गर्न सक्ने गरी शैक्षिक सामग्री होचा ऱ्याकमा राखिएका छन्। नानीहरूले यताउता सार्न सक्ने आकारका साना टेबुलको व्यवस्था छ। यहाँ घोकाउने, दबाब दिएर सिकाउने, नानीहरूलाई तँ भन्ने, चर्को स्वरमा बोल्ने, फकाउने, कुनै कुरा दिएर वा भनेर लोभ्याउने काम हुँदैन, नानीहरूलाई तपाईं भनिन्छ। "तैपनि अभिभावकहरू अझै पनि छोराछोरी मन्टेसरीमा राख्न तयार देखिँदैनन्, किनभने उनीहरू नानीहरूलाई घोकाउने, श्रेणी र तहगत रूपमा विभाजन गर्ने, गृहकार्य तथा कक्षा कार्यमा लगाउने, सामूहिक रूपमा यो लेख, यो पढ, भनेको मन पराउने चरणबाट मुक्त हुनसकेका छैनन्", ग्रामर मन्टेसरीका संयोजक जयकुमार राइले *शिक्षक*सँग भने।

मन्टेसरी कक्षा शुरु गर्नुअघि ग्रामरले अभिभावकलाई मन्टेसरी सिकाइ पद्धतिबारे अन्तरक्रियात्मक प्रशिक्षण चलाएको थियो। त्यसैगरी शिक्षकहरूलाई ८ महिना लामो तालिम दिइएको थियो। सबै पूर्वाधार तयार भएपछि गएको वर्षदेखि शुरु गरिएको उक्त मन्टेसरीलाई जिशिका काठमाडौंले 'क' श्रेणीमा सूचीकृत गरेको छ। संयोजक राई भन्छन्, "बालबालिकाको सबैभन्दा महत्त्वपूर्ण उमेर ६ वर्षसम्म हो, यो उमेरका नानीहरूमा विकास भएको धारणा आजीवन कायम रहन्छ, त्यसकारण ६ वर्षसम्मका नानीहरूलाई अरूलाईभन्दा बढी ध्यान दिनुपर्छ।"

मन्टेसरी सिकाइपद्धति खर्चिलो, नयाँ, सबैको जानकारीमा नभएकाले धेरैजसो शहरिया अभिभावक किन्डरगार्टेन पद्धति रुचाउँछन्। स्कूल जाने वित्तिकै क ख र ए बी सी डी सिक्नुपर्छ भन्ने अभिभावकको धारणा रहेका कारण कोटेश्वरको ग्रामर कलेजले मन्टेसरी शुरु गरे पनि किन्डरगार्टेन पनि हटाएको छैन।

## किन्डरगार्टेनको कथा

२० माघ २०६८ मा साढे २ वर्षदेखि ६ वर्षसम्मका नानीहरू ग्रामर मन्टेसरीमा आफैँ सिकिरहेको बेला नजिकैको ग्रामर एल केजी मा चाहिँ पाँच जना नानीलाई एउटै टेबुलमा राखेर शिक्षक प्रतिमा राई अङ्ग्रेजी शब्द लेख्न सिकाउँदै थिइन्। शिक्षक राई कापी जाँचेर कसैलाई ए प्लस कसैलाई बी कसैलाई सी दिएर नानीहरूको मूल्याङ्कन गर्दै थिइन्। "मन्टेसरी र किन्डरगार्टेनको सिकाइ पद्धतिमा ठूलो अन्तर छ, किन्डरगार्टेनमा हामी निर्धारित पाठ्यक्रम पढाउँछौँ, मन्टेसरीमा नानीहरूले स्वतन्त्र र व्यक्तिगत तवरमा सिकिरहेका हुन्छन्", उनी भन्छिन्। एउटै उमेर समूहका नानीहरूलाई दुईथरी पद्धतिमा सिकाउँदा तिनको सिकाइ स्तर फरक हुन्छ। किन्डरगार्टेनमा नानीहरूको लेख्ने/पढ्ने स्तर जाँचेर प्ले ग्रुप, नर्सरी, एलकेजी, युकेजी हुँदै कक्षा एकमा पुऱ्याइन्छ। मन्टेसरीमा भने भिन्नभिन्न उमेर समूहका नानीहरूलाई ६ वर्षको उमेरसम्म एउटै चिल्ड्रेन हाउसमा राखेर कक्षा १ मा भर्ना गरिन्छ।

कतिपय निजी स्कूलमा शैक्षिक/भौतिक पूर्वाधार नभए पनि मन्टेसरी बोर्ड चाहिँ झुण्ड्याएको भेटिन्छ। तर, त्यस्ता नाम मात्रका मन्टेसरीमा प्रायः किन्डरगार्टेन पद्धतिमै पठनपाठन हुन्छ। नामधारी मन्टेसरीको फन्दामा शहरका शिक्षित अभिभावकहरू पनि परेका छन्। केही निजी स्कूलले भने युरोकिड्स नामको अर्को बालविकास कार्यक्रम चलाएका छन्।

## टुहुराको ग्रीनतारा

काठमाडौंको आरुबारीस्थित चाइल्ड हेभन इन्टरनेशनल स्कूलले निमुखा अभिभावकका सन्तान र टुहुरा नानीहरूका निम्ति ग्रीनतारा मन्टेसरी चलाएको छ। दुई वटा सेक्सनमा ३०/३० जना नानीहरूलाई दुई/दुई जना शिक्षकले सिकाउने/सघाउने गरेका छन् त्यहाँ। यहाँ पनि नानीहरूले पढेर होइन, आफैँले अभ्यास गरेर सिक्छन्। टुहुरा नानीहरूलाई निःशुल्क र अरूलाई मासिक रु.५०० मा मन्टेसरीमा राख्ने गरिएको छ।



भीमरत्न वज्राचार्य

**किन्डरगार्टेनको कथा:** ग्रामर किन्डरगार्टेनको एलकेजीमा नानीहरूलाई सिकाउँदै शिक्षक प्रतिमा राई।

ग्रीनतारा मन्टेसरीले शोभा राईलाई मारिया मन्टेसरीले भारतको चेन्नईमा खोलेको मन्टेसरी तालिम केन्द्रमा प्रशिक्षण लिन पठाएको छ। उनी आउँदो वैशाखमा फर्किएपछि ग्रीनतारा अरू ग्रीन हुने त्यहाँका शिक्षकहरूको अपेक्षा छ। बालविकासको लागि मन्टेसरी पद्धति प्रभावकारी सावित भए पनि यसबारे अभिभावकलाई बुझाउन कठिन भएको अनुभव त्यहाँका शिक्षकहरूको पनि छ। ग्रीनताराका प्रअ अर्जुनमणि गुरागाईंको बुझाइ छ, "बालविकासको लागि घरमा पनि मन्टेसरीकै वातावरण चाहिन्छ। हाम्रो चुनौती अभिभावकलाई मन्टेसरी सिकाइ पद्धति र बालविकासको कुरा बुझाउनु हो।" तीन वर्षअघि शुरु गरिएको उक्त मन्टेसरीमा त्यसअघि किन्डरगार्टेन थियो।

शिक्षा विभागको स्कूल लेभल एजुकेशन स्टाटिस्टिक अफ नेपाल २०१० का अनुसार देशभरिमा मन्टेसरी, किन्डरगार्टेन, युरोकिड्ससहित ४ हजार ३१६ निजी बालविकास केन्द्र छन् भने सरकारी स्कूल र समुदायमा आधारित सामुदायिक बालविकास केन्द्रको सङ्ख्या २६ हजार ७७३ गनिएको छ। यसरी देशभरका जम्मा ३१ हजार ८९ निजी र सामुदायिक बालविकास केन्द्रमा अहिले ४ लाख ८८ हजार ९१६ बालिका र ५ लाख २९ हजार ६२७ बालक गरी जम्मा १० लाख १८ हजार ५४३ नानीहरू रहेको सरकारी आकलन छ। शिक्षा विभागको तथ्याङ्कले ६ वर्षमुनिका ७३ प्रतिशत बालबालिका बालविकासमा भर्ना भएका र बाँकी २७ प्रतिशत अझै बालविकास केन्द्रको पहुँच बाहिर रहेको देखाउँछ।

## सकारात्मक सुरुआत

निजी स्कूलका मन्टेसरी र किन्डरगार्टेन जस्ता बालविकास केन्द्रमा सिक्ने/पढ्ने अवसर पाउने 'भाग्यमानी' बालबालिका १ लाखभन्दा बढी छैनन्। पाँच वर्षमुनिका ९ लाखभन्दा बढी बालबालिका अहिले समुदाय र सरकारी विद्यालयमा खोलिएका बालविकास केन्द्रमा छन्। बालविकासको अवधारणा नयाँ भए पनि नेपालमा बालविकास केन्द्रको स्थापना र विस्तार द्रूतगतिमा भइरहेको छ। 'सबैका लागि शिक्षा' कार्यक्रम अन्तर्गत नेपालले सन् २०१५ सम्ममा ७४ हजार बालविकास केन्द्र खोल्ने लक्ष्यका साथ २०५९ सालदेखि समुदायमा आधारित बालविकास केन्द्र स्थापना गर्न थालेको हो। तर, पछि आएर यो लक्ष्य ५६ हजार बालविकास केन्द्रमा झारिएको छ। यो सङ्ख्या पनि कुल स्कूल सङ्ख्याको करिब दोब्बर हो।

त्यसो त बालविकास केन्द्रमा नपुगेका नानीहरूलाई सोझै कक्षा १ मा भर्ना गर्ने गरिएको छ। शान्ति विद्याश्रम प्रावि पाटनढोका, ललितपुरको कक्षा १ मा भर्ना गरिएकी पाँच वर्षीय करिना तामाङ यसकै दृष्टान्त हुन्। बाबुआमा दुवैले अन्यत्र विवाह गरेर करिनालाई बिचल्ली पारेपछि ठूलीआमाले उनलाई शान्ति विद्याश्रममा कक्षा १ मा भर्ना गरेकी हुन्। करिना भन्छिन्, "ममी नयाँ बुबासँग विवाह गरेर जानुभयो, बुबाले पनि नयाँ ममी ल्याउनुभयो, म ठूलो ममीसँग बस्छु।"

बिहान १० बजे घरमा खाना खाएर आउने करिनाले फेरि खान पाउन अपरान्ह तीन बज्नुपर्छ। स्कूलपछि



**"बालबालिकाको सबैभन्दा महत्त्वपूर्ण उमेर ६ वर्षसम्म हो, यो उमेरका नानीहरूमा विकास भएको धारणा आजीवन कायम रहन्छ, त्यसकारण ६ वर्षसम्मका नानीहरूलाई बढी ध्यान दिनुपर्छ।"**

**जयकुमार राई,** संयोजक, ग्रामर मन्टेसरी

उनी ठूलीआमाको डेरामा पुगेर खाजा खान्छिन्। "यस्ता नानी देख्दा बालविकास शब्दकै उपहास भए जस्तो लाग्छ", शान्ति विद्याश्रमकी शिक्षक प्रभा पोखरेल भन्छिन्। बालविकास केन्द्रका लागि नानीहरूलाई खाजाको व्यवस्था छैन।

करिनाको जस्तै कथा छ उक्त स्कूलका कक्षा १ का पाँच वर्षका विशाल सुवालको पनि। बालविकास केन्द्र कहिल्यै नदेखेका उनलाई सोझै कक्षा १ मा राखिएको छ। बाबुले छोडेर हिँडेपछि आमाले अर्काको घरमा काम गरेर पालनपोषण गरेकी छन् विशाललाई।

ग्रामीण तथा शहरी भेगका आर्थिक अवस्था कमजोर भएका अधिकांश अभिभावकले बालबालिकालाई सामुदायिक बालविकास केन्द्र र कक्षा १ मा भर्ना गर्ने गरेको पाइन्छ। तर, बालविकास केन्द्रमा राखिएका नानीहरूको सिकाइ उपलब्धि दर कक्षा १ मा सोझै भर्ना गरिएका नानीहरू भन्दा राम्रो रहने गरेको शिक्षा विभागको प्रारम्भिक बालविकास शाखाकी अधिकृत सविता दङ्गाल बताउँछिन्। उनले भनिन्, "बालविकास भनेको स्कूलका लागि तयार गर्ने हो। बालविकासमा राखिएका नानीहरूको स्कूल छाड्ने दर कम तथा सिकाइ उपलब्धि पनि राम्रो देखिएको छ।"

विकसित देशहरूमा कलिला बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र सरसफाइलाई अत्यधिक जोड दिने गरिएकाले नेपालमा पनि बालविकासलाई महत्त्व दिन थालिएको छ। शिक्षा मन्त्रालयले २०६१ मा बनाएको नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी रणनीति अनुसार शिक्षा विभागले प्रारम्भिक बालविकास सम्बन्धी निर्देशिका, प्रारम्भिक बालविकास केन्द्रको न्यूनतम राष्ट्रिय मापदण्ड, मार्गदर्शक पुस्तिका, बालविकास केन्द्रका पदाधिकारीका लागि हाते पुस्तिका, बालविकास केन्द्र खोलिएका स्कूलका प्रअ तथा शिक्षक सम्बन्धी अभिमुखीकरण पुस्तिका, बालविकासको पेडागोजी प्याकेज, सहयोगी कार्यकर्ताका लागि पुनर्ताजगी तालिम आदि जस्ता बालविकास सम्बन्धी सामग्री तयार गरेर स्कूल-स्कूलमा पठाउने गरेको छ। विभागले प्रअ, शिक्षक, बालविकास केन्द्र व्यवस्थापन समितिका पदाधिकारी र केन्द्रका सहयोगी कार्यकर्तालाई बालविकासका विभिन्न पक्षमा नियमित रूपमा प्रशिक्षण पनि दिने गरेको छ।


बाबुराम

**सरकारीका सारथिः ललितपुरको पाटनढोकास्थित शान्ति विद्याश्रम प्राविका ६ वर्षमुनिका नानीहरू।**

विभागले यो वर्ष बालविकास केन्द्र व्यवस्थापनका लागि वर्षको एक हजार, बालविकास कार्यक्रम खर्च ११ करोड र हिमाली भेगका सहयोगी कार्यकर्ताका लागि मासिक २ हजार ६००, तराई, पहाड र उपत्यकाका लागि २ हजार ४०० का दरले पारिश्रमिक उपलब्ध गराउँदै आएको छ। अब पीसीएफ मोडालिटीमा वार्षिक प्रति बच्चा १०० उपलब्ध गराउने तयारी गरिएको विभागकी अधिकृत दङ्गाल बताउँछिन्। "बालविकास कार्यक्रम शुरु भएको छ, तैपनि लगानी न्यून छ, गुणस्तर बढाउन लागत नबढाइ सुख छैन", उनले भनिन्। शिक्षा नियमावलीको नियम ६८ अनुसार बालविकास केन्द्र खोल्ने अनुमति स्थानीय निकायले दिने व्यवस्था छ भने अनुगमन चाहिँ जिल्लास्थित प्रारम्भिक बालविकास परिषद्ले गर्छ।

## अबका चुनौती

केही निजीस्तरमा खुलेका पूर्व प्राथमिक स्कूलको भौतिक शैक्षिक पूर्वाधार सन्तोषजनक भए पनि न्यून लगानीका कारण धेरैजसो सामुदायिक बालविकास केन्द्रमा साना नानीहरू रमाउने खालको पूर्वाधार र शैक्षिक सामग्रीको अभाव छ।

विकसित राष्ट्रमा सबैभन्दा बढी लगानी बालविकासमा हुन्छ। तर, नेपालमा भने पूर्व प्राथमिक तहमा भन्दा बढी लगानी प्राथमिक तहमा छ। बालविकासमा बजेट नपुगेका कारण शिक्षा विभागले निर्धारण गरेका बालविकास रणनीति, लक्ष्य र मापदण्ड समेत पूरा हुन नसकेको देखिन्छ। त्यसैले बालविकासमा लगानी बढाउने कुरामा सरकारको ध्यान जानु जरुरी देखिन्छ।

बालविकासको अवधारणा अनुसार तिनलाई हुर्काउने/सिकाउने सहजकर्ता/शिक्षकहरूको पनि ठूलो अभाव छ। निम्न शैक्षिक योग्यताका सहजकर्ताको भरमा अधिकांश बालविकास केन्द्र चलेका छन्। स्नातक गरेर बालविकास सम्बन्धी तालिम लिएका व्यक्तिलाई पूर्व प्राथमिक तहको शिक्षक हुन योग्य मानिने सर्वस्वीकृत मापदण्ड भए पनि नेपालमा १० कक्षा उत्तीर्ण गरी ८० दिने तालिम लिएका व्यक्तिलाई बालविकास केन्द्रको सहयोगी कार्यकर्ता बनाउने प्रचलन छ। त्यस्ता कार्यकर्ता पनि अन्यत्र राम्रा अवसर पाए त्यतै लाग्ने गरेका छन्, जसलाई शिक्षा विभागले चुनौतीको रूपमा लिएको छ। "न्यून पारिश्रमिकका कारण सहयोगी

# रिपोर्ट बालशिक्षा



बाबुराम



**उस्तै स्कूल फरक सिकाइ: कीर्तिपुरको मङ्गल उमावि र सिन्धुपाल्चोकको जयवागेश्वरी निमाविका बालिका (दायाँ)।**

कार्यकर्ताको ड्रपआउट हुन्छ, त्यसलाई रोक्न सकिएको छैन", विभागकी शाखा अधिकृत सविता दङ्गाल थप्छिन्।

सरकारी बालविकास केन्द्रको मात्र होइन मन्टेसरी र किन्डरगार्टेनका शिक्षकले पनि काम अनुसारको दाम नपाएको गुनासो गरेका छन्। "ठूलो काम थोरै दाम जस्तो स्थिति छ", ग्रीनतारा मन्टेसरीकी शिक्षक मीना बस्यालको कथन छ।

शिक्षा विभाग र केही निजी संस्थाले बालविकासका बारेमा शिक्षक तालिम दिने गरे पनि बालविकासको बारेमा स्तरीय तालिम दिने संस्थाको खाँचो छ। स्वदेशमै लामा-छोटा अवधिका बालविकास सम्बन्धी तालिम लिएका शिक्षकहरू पनि आफूले पाएको बाल शिक्षण सीपसँग सन्तुष्ट हुनसकेको देखिँदैन। मन्टेसरी पद्धतिको तालिम दिने आधिकारिक संस्था भारतको चेन्नईमा मात्र छ। उक्त तालिम लिन १० लाखभन्दा बढी लाग्छ। तर, नेपालमा थोरै रकममा उक्त तालिम दिने संस्थाहरू भए पनि ती तालिमको विश्वसनीयता सन्देहरहित छैन।

तथापि बालविकास कार्यक्रमलाई प्रभावकारी ढङ्गले अघि बढाउनुको विकल्प छैन किनभने एउटा बालक केही समयका लागि, त्यो पनि एकपटक मात्र बालक रहन्छ। बालविकासबाट बञ्चित बालकले जीवनको जग बलियो पार्ने अवसर गुमाउँछ। अहिले फरक फरक बालविकास केन्द्रमा भिन्न पद्धतिको सिकाइमा सिकिरहेका/हुर्किरहेका बालबालिकाको भविष्य र जीवनस्तर उस्तै हुन नसक्ने लगभग पक्का छ। राम्रो वातावरण र सिकाइ पाएका बालबालिकाको भविष्य उज्ज्वल हुन्छ भने कमजोर र दयनीय वातावरणमा हुर्केका नानीहरूको भविष्य कमजोर हुन्छ। त्यसकारण अहिले बालविकास केन्द्रमा आएका १० लाख र बालविकासको पहुँच बाहिर रहेका ५ वर्षमुनिका बालबालिकाको स्वास्थ्य, पोषण र शिक्षालाई कुनै पनि बहानामा उपेक्षा र बेवास्ता गरिनुहुँदैन, किनभने भोलिको देश र समाज कस्तो हुन्छ भन्ने कुरा आजका बालबालिकाको हुर्काइ/सिकाइमा निर्भर छ।

**sms प्रतिक्रियाका लागि ltr<space>5006**


## मकालु यातायात बस सेवा

हेड अफिस कलंकी काठमाडौं, फोन: ४२७७५५२/४२८१९७२

**काठमाडौंबाट**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ५:१५ बजे |
| मधुमल्ल | विहान ५:१५ बजे |
| धरान | विहान ५:५० बजे |
| विराटनगर | विहान ५:२०, ६:४५ |
| राजविराज | विहान ६ बजे |
| सिरहा/माडर | विहान ६:४५ बजे |
| मलंगवा | विहान १०:४५ बजे |
| जनकपुर | विहान ७:१५ बजे |
| कलैया | विहान १०:१५ बजे |
| वीरगञ्ज | विहान ८, १०:१५ ११, ११:४५ बजे बेलुकी ८:१५ बजे |
| भरतपुर | विहान ८:४५ बजे दिउँसो १२:१५ बजे |
| शिवनगर | दिउँसो १२:१५ बजे |
| टाँडी-पर्सा | दिउँसो १:४५ बजे |
| टाँडी-खोलासिमल | दिउँसो १:४५ बजे |
| पर्सा-कपिया | दिउँसो २:१० बजे |
| पर्साधाप-मेघौली | दिउँसो २:३० बजे |
| गीतानगर-जगतपुर | दिउँसो ३ बजे |

**काठमाडौंतर्फ**

| | |
|---|---|
| काकडभिट्टा | विहान ५ बजे |
| भद्रपुर | विहान ४:५० बजे |
| मधुमल्ल | विहान ४:५० बजे |
| धरान | विहान ४:२० बजे |
| विराटनगर | विहान ४:३० बजे |
| इटहरी | विहान ५, ५:२० ६:३०, ७ बजे |
| राजविराज | विहान ५:३० बजे |
| सिरहा/माडर | विहान ५:१५ बजे |
| लहान | ६:१५, ७ ७:१५, ९ बजे |
| मलंगवा | विहान ५:१५ बजे |
| कलैया | विहान ८ बजे |
| हेटौंडा | विहान ११ बजे |
| वीरगञ्ज | विहान ८, ९, ११:३० बेलुकी ८:३० बजे |
| शिवनगर | विहान ५:३० बजे |
| भरतपुर | विहान ५:३० बजे |
| पर्सा | विहान ५:४५ बजे |
| मेघौली | विहान ६:३० बजे |
| टाँडी-खोलासिमल | विहान ६:३० बजे |
| पर्सा-कपिया | विहान ६:३० बजे |
| जगतपुर | विहान ७:१५ बजे |
| नारायणघाट | विहान ६:१५, ६:४५ ७, ७:४०, ८, ८:१५ ८:४५, दिउँसो ३ बजे |

टिकट पाइने स्थान: कलंकी: ४२७७५५२/४२८१९७२ सुन्धारा: ४२५३१४२ गौशाला: ४४८०७९३ लगनखेल: ५५३४३५९ धरान: ०२५-२०३७२ विराटनगर ०२१-३०७२७ राजविराज: ०३१-२००९१ लहान: ०३३-६०३६६ सिरहा: ०३३-२०१३१, मलंगवा: ०४६-२००४२ वीरगञ्ज: ०५१-२१५२६, हेटौंडा: ०४७-२०५३५।

यात्रुहरुको सुविधाका लागि गौशाला र सुन्धाराबाट निशुल्क मीनीबस सेवा उपलब्ध

# See the world differently this morning.

## The best global and local news, in one simple package.

**Subscribers will get free access to NYTimes.com**

Call : 4268656 subs@myrepublica.com



**अवधारणा** मन्टेसरी शिक्षा

भोलाहरि धिताल

# ध्येय गुणात्मक विकास माध्यम सही वातावरण

**बालबालिका कस्तो बन्ने भन्ने कुरा हाम्रो इच्छा वा चाहनामा भर पर्दैन। बरु हामीले उपलब्ध गराएको वातावरणलाई उपयोग गर्ने बालबालिकाको अभ्यासमा भरपर्दछ। त्यसैले मन्टेसरी शिक्षामा स्कूलको वातावरणलाई सर्वाधिक महत्त्व दिइन्छ।**

शिक्षा दिनु भनेको बालबालिकामा निहित सम्भाव्यता उजागर गर्न मद्दत गर्नु हो। बच्चा जन्मिँदा असीमित क्षमता लिएर आउँछ। हरेक बालबालिकासँग हुने एक खर्ब भन्दा बढी स्नायुकोशिका र शरीरको क्षमता असामान्य हुन्छ। ऊभित्र जे पनि बन्न सक्ने सम्भावना हुन्छ। प्रकृतिप्रदत्त अनन्त शक्तिलाई हामीले दिएको शिक्षाले उजागर गर्न सहयोग गरे मात्र एउटा बालक यो शिक्षाप्रति आभारी हुनेछ। हामीले दिएको शिक्षाले आफ्नो समाजसँग मिलेर सहज, सरल, सुखमय जीवन बिताउन सक्ने बनाउनुपर्छ नानीहरूलाई। यस्तो शिक्षा नेपालमा सम्भव छ त? अवश्य सम्भव छ।

मन्टेसरी शिक्षा प्राकृतिक शिक्षा हो। यो मानव विकाससँग सम्बन्धित छ। यसले मानव विकासको आधार उद्विकास (Evolution) लाई मानेको छ। बालविकासका लागि सिक्न/हुर्किन वातावरण प्रदान गर्नु नै शिक्षाको कार्य हो भन्ने विश्वास गरिन्छ यो शिक्षा पद्धतिमा। वातावरण प्रतिकूल भएमा कुनै पनि बालबालिकाले सिक्ने र हुर्किने आदर्श अवसर पाउँदैनन्। मन्टेसरी सिकाइ पद्धतिमा सबै बालबालिका उत्तिकै सक्षम हुन्छन् भन्ने ठानिएको हुन्छ।

यस पद्धतिमा सिकाइको मात्रामा भन्दा गुणस्तरमा जोड दिइन्छ। बालबालिकाले स्व-अभ्यास, खोज र एकाग्रताको अभ्यासबाट सिक्न सक्ने वातावरण सृजना गर्नु शिक्षकको कर्तव्य हुन्छ। बालबालिकाको मूल्याङ्कनको आधार मुख्यत: उनीहरूले हासिल गरेको सीप, व्यवहारगत परिवर्तन, परिपक्वता, आत्मविश्वास र आत्मानुशासनलाई मानिएको हुन्छ। बालविकासको सर्वाधिक महत्त्वपूर्ण चरण शुरुको ६ वर्षसम्म हो। यही उमेर समूहका लागि मन्टेसरी शिक्षा दिइन्छ। बच्चा जन्मँदा शारीरिक रूपमा मात्र आकार लिएको हुन्छ, आत्मिक रूपमा उसले आकार लिन बाँकी हुन्छ। त्यसैले बालबालिकाको हिँडाइ (गति), बोलाइ (भाषा), चालचलन (संस्कृति), ज्ञान र सीपको विकास गर्नु जरुरी हुन्छ बालविकास केन्द्रले।

बालबालिका कस्तो बन्ने भन्ने कुरा हाम्रो इच्छा वा चाहनामा भर पर्दैन। बरु हामीले उपलब्ध गराएको वातावरणलाई उपयोग गर्ने बालबालिकाको अभ्यासमा भरपर्दछ। त्यसैले मन्टेसरी शिक्षामा स्कूलको वातावरणलाई सर्वाधिक महत्त्व दिइन्छ।

मन्टेसरीमा विभिन्न पारिवारिक वातावरणबाट आएका ३०/३५ जना बालबालिकाको मिश्रित समूह हुन्छ। ६ वर्षमुनिका बालबालिकाको पारिवारिक विविधता, फरक भाषा, संस्कृति, चालचलन, फरक आर्थिक तथा शैक्षिक पृष्ठभूमिले मन्टेसरी कक्षा मिनी सोसाइटी नै बनेको हुन्छ। यहाँ नानीहरूले आपसी सुझाव, स्नेह, आदर, सहयोग, धैर्य, शिष्टाचार जस्ता सामाजिकीकरणका गुणहरू प्रयोगात्मक रूपमा सिक्छन्।

मन्टेसरीमा बालबालिकाले चलाउने वास्तविक सामग्रीहरू प्रयोग गरिन्छन्। नानीहरूले त्यहाँ काम गर्छन् र कामबाट भाषा, चाल, सीप तथा प्रवृत्ति निर्माण गर्छन्। उनीहरूलाई झुक्याउनुपर्ने वा कर गर्नुपर्ने प्राणीको रूपमा नभई एउटा योग्य व्यक्तिको रूपमा व्यवहार गरिन्छ। बालबालिकाले गल्ती गर्ने स्वतन्त्रता पाउँछन् मन्टेसरीमा। आफ्नो गल्ती पत्ता लगाई आफैँले सच्याउनुलाई वास्तविक सिकाइ मानिएको हुन्छ। बालबालिकाले आत्मविश्वास, आत्मनिर्भरता र जिम्मेवारीको विकास शैक्षिक तथा खेल सामग्रीको प्रयोगबाट गरिरहेका हुन्छन्।

मन्टेसरी वातावरणमा भाषा, गणित, विज्ञान, कला संस्कृति, भूगोल, इतिहास सम्बन्धी ज्ञान, सीप र प्रवृत्ति विकास गर्ने सामग्रीहरू राखिएको हुन्छ। शिक्षकले ती सामग्री प्रयोग गर्ने तरिका व्यक्तिगत रूपमा नानीहरूलाई देखाउँछन्। तीन सय भन्दा धेरै सामग्री हुनुपर्छ मन्टेसरीमा। नानीहरू आधारभूत नियम पालना गर्दै ती सामग्रीमा खेलिरहेका हुन्छन्।

## मन्टेसरी शिक्षा किन ?

यसले बालविकासमा सहयोग पुऱ्याउँछ। एकाग्रता र दोहोऱ्याउने क्रममा अवरोध नहुने भएकाले बालबालिकामा कुनै किसिमको विचलन र नकारात्मक संवेगहरू पैदा हुन पाउँदैनन्। विचलनका कुनै लक्षण देखिए पनि ती आफैँ हट्छन्। नानीहरूमा आत्मनिर्भरता, जिम्मेवारीबोध, सहयोगी भावना, आत्मविश्वास, धैर्य, इमानदारी जस्ता सकारात्मक प्रवृत्तिको विकास गराउँछ मन्टेसरी शिक्षाले।

मन्टेसरी सिकाइका क्षेत्रहरू चाहिँ दैनिक जीवनमा प्रयोग हुने क्रियाकलाप, ज्ञानेन्द्रियलाई सशक्त बनाउने क्रियाकलाप, गणित, भाषा, विज्ञान, भूगोल र कला संस्कृति सम्बन्धी खोजमूलक क्रियाकलापमा विस्तारित भएका हुन्छन्। नानीहरूले त्यहाँ असीमित अवसर पाउँछन् आफैं सिक्नका लागि।

# डा. मारिया मन्टेसरी



मन्टेसरी शिक्षा पद्धतिकी जन्मदाता डा. मारिया मन्टेसरीको जन्म सन् १८७० मा इटलीको एन्कोबा शहरमा भएको थियो। उनी १८९६ मा एमडी गरेर पहिलो इटालियन महिला डाक्टर बनिन्। उनले सन् १९०१ मा ६ वर्षसम्मका ५०/६० जना समस्यायुक्त केटाकेटीको हेरचाह/उपचारको जिम्मा पाइन्। कुपोषणको सिकार भएका, लजालु, दुःखी र पढ्न असमर्थ ती गरिब केटाकेटीलाई स्नेह र मातृत्वसहित सिकाइमा लगाइन् मन्टेसरीले। त्यसबाट ती केटाकेटी राज्यस्तरको परीक्षामा साधारण केटाकेटी भन्दा धेरै गतिला ठहरिए। सही शिक्षाले शारीरिक तथा मानसिक रूपमा असक्त नानीहरूलाई पनि सक्षम बनाउँछ भन्ने प्रमाणित भयो मन्टेसरीको प्रयोगबाट। १९०६ देखि डाक्टरी पेशा छाडेर मन्टेसरी पूरा समय बाल शिक्षामा समर्पित भइन्। उनले १९०७ को जनवरीमा रोमको सनलोरेन्जमा ६ वर्षसम्मका सामान्य बालबालिकाको लागि पहिलो मन्टेसरी स्कूल स्थापना गरिन्।

युरोप, अमेरिका, अफ्रिका तथा एसियाली देशका बालबालिकाको वैज्ञानिक अध्ययनबाट मन्टेसरीले डिस्कभरी अफ चाइल्ड, दि अब्सरवेन्ट माइन्ट, सेक्रेट अफ चाइल्डहुड लगायत दुई दर्जन भन्दा बढी चर्चित पुस्तक लेखिन्। अभिभावक, शिक्षक, शिक्षाशास्त्री, सरकारी निकाय लगायत शिक्षाका सरोकारवालासँग 'बाल शिक्षा', 'बालविकास', 'शिक्षक तथा अभिभावकहरूको दायित्व', 'कसरी बालकलाई साँच्चै मद्दत गर्न सकिन्छ' जस्ता विषयमा अनगिन्ती शिक्षक तालिम चलाइन् उनले। मन्टेसरीले बालबालिकाको विस्तृत अध्ययन गरेर मन्टेसरी शिक्षाको सूत्रपात गरिन्, जुन आज विश्वभर चर्चित छ।

## मन्टेसरी शिक्षक

मन्टेसरी शिक्षामा शिक्षकको भूमिका महत्त्वपूर्ण हुन्छ। शिक्षकले वातावरण निर्माण गर्ने, नानीहरूको अध्ययन गर्ने, विकासको अवस्था हेरी सहयोग पुग्ने क्रियाकलाप प्रस्तुत गर्ने, सामाजिक गुणहरूको विकासमा मद्दत पुग्ने तथा सामाजिक शिष्टता निर्माण गर्ने क्रियाकलाप प्रस्तुत गर्नुपर्छ। बालविकासको अद्यावधिक अभिलेख राख्ने, अभिभावकसँग तिनका बालबालिकाका बारे छलफल गर्ने र उनीहरूलाई परामर्श दिने लगायतका महत्त्वपूर्ण जिम्मेवारी वहन गर्नुपर्ने हुन्छ। नानीहरूलाई सधैं स्नेहमय वातावरण प्रदान गर्नु र उनीहरूमा हुने असीमित योग्यताको आदर गर्नु शिक्षकको पेशागत धर्म हुन्छ। बाल क्रियाकलापको क्रममा हुने गल्ती उनीहरूलाई नै सच्याउने अवसर दिनुपर्छ। यी कार्य सुन्दा सजिलो देखिए पनि ३०/३५ जना नानीहरूलाई स्वतन्त्रताको माध्यमबाट यस्ता अभ्यास गराउन शिक्षकहरूमा विशेष क्षमता चाहिन्छ। यिनै कारणले नेपालमा मन्टेसरी शिक्षकको ठूलो खडेरी छ। मन्टेसरी शिक्षक बन्न विशेष तालिमको जरुरी हुन्छ।

मन्टेसरी शिक्षक हुन एशोसिएसन मन्टेसरी इन्टरनेशनल (एएमआई) द्वारा सञ्चालन गरिने तालिम सबैभन्दा उन्नत तालिम हो। हल्यान्डमा मुख्य कार्यालय रहेको यस संस्थाको उद्देश्य संसारको मन्टेसरी शिक्षालाई स्तरयुक्त र प्रभावकारी बनाउनु हो। यसले विभिन्न तहका मन्टेसरी शिक्षक उत्पादन गर्न विश्वस्तरीय तालिम सञ्चालन गर्छ। कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्तिले प्रति दिन ७ घण्टाको दरले ९ महिना सैद्धान्तिक र प्रयोगात्मक तालिम लिनुपर्छ। त्यसपछि एएमआईबाट सञ्चालित लिखित परीक्षा उत्तीर्ण गरेपछि विशेषज्ञद्वारा प्रयोगात्मक परीक्षा लिइन्छ। यसमा सफल भएमा मात्र मन्टेसरी शिक्षक हुने प्रमाण-पत्र दिइन्छ। मन्टेसरीको यस्तो तालिम निकै दुर्लभ मानिन्छ। दक्षिण एसियामा भारतको चेन्नईमा मात्र यस्तो तालिम केन्द्र रहेको छ।

यस बाहेक मन्टेसरी शिक्षक तथा प्रशिक्षकले बनाएका मन्टेसरी संस्थाले पनि विभिन्न देशका मन्टेसरी स्कूलहरूमा 'इनहाउस' तालिम दिने चलन छ। कुनै मन्टेसरी शिक्षक वा प्रशिक्षकद्वारा व्यक्तिगत वा संस्थागत रूपमा चलाएका तालिमले पनि मन्टेसरी शिक्षक तालिम उत्पादनमा थोरबहुत सहयोग गरेको पाइन्छ। तथापि, नेपालमा मन्टेसरी तालिम दिने आधिकारिक व्यक्ति तथा संस्था छैनन्।

## कसरी चिन्ने मन्टेसरी ?

मन्टेसरी भनिएका ठाउँमा बालबालिकालाई 'भुल्याउने' खेलौना छन् कि बालबालिकाको उमेर सुहाउँदा 'शैक्षिक सामग्री' छन् भन्ने हेर्नु आवश्यक हुन्छ। नानीहरू भुल्याउने सामग्री छन् भने ती मन्टेसरी होइनन्। मन्टेसरीमा साढे दुईदेखि ६ वर्ष उमेर समूहका नानीहरूलाई मिसाएर राखिएको हुनुपर्छ। एउटै कोठामा नानीहरूका लागि दैनिक जीवनमा प्रयोग हुने, ज्ञानेन्द्रियको प्रयोगबाट सिक्ने, गणित तथा भाषाको अवधारणा बसाउने अलग अलग सामग्री र क्षेत्र छैनन् भने त्यो मन्टेसरी होइन। नानीहरूको व्यक्तिगत प्रस्तुति र क्रियाकलाप नभएको स्कूल पनि मन्टेसरी होइन। मन्टेसरीमा नानीहरू कुनै क्रियाकलाप गर्न स्वतन्त्र हुन्छन्। तिनको मूल्याङ्कनको आधार बालबालिकाको व्यवहार, परिपक्वता, उत्प्रेरणा, आत्मविश्वासलाई लिइँदैन र लिखित परीक्षालाई उपलब्धि मापनको मानक मानिन्छ भने त्यो पनि मन्टेसरी होइन।

*(एएमआई शिक्षक धितालले ८ मङ्सिर २०६८ मा राजधानीमा आयोजित नेपालमा मन्टेसरी शिक्षा सान्दर्भिकता तथा चुनौती विषयक अन्तरक्रियामा पेश गरेको कार्यपत्रमा आधारित।)*



मीनरत्न बज्राचार्य

# बालशिक्षाका चार आयाम

पूर्वप्राथमिक विद्यालयको सुरुआत युरोपमा औद्योगिक क्रान्तिको समयमा भयो। औद्योगिक क्रान्तिले गर्दा कामदारहरूको माग अत्यधिक बढ्यो। पुरुष कामदारले मात्र नपुगेपछि महिलाहरूले पनि कारखानामा काम पाए। पुरानो सामाजिक संरचनामा परिवर्तन भयो। संयुक्त परिवार प्रथा विस्तारै विलीन भयो। संयुक्त परिवारमा बालबालिकाको हेरचाह परिवारका अन्य सदस्यहरूले गर्ने गरेकोमा त्यसको अभाव खट्कियो औद्योगिक क्रान्तिपछि।

रवर्ट ओवेनले सन् १८१६ मा स्कटल्याण्डको न्यू ल्यानमार्कमा कारखानामा काम गर्ने महिलाका बालबालिकाहरूका लागि शिशु स्कूलको सुरुआत गरे। १८१८ मा स्यामुयल वाइल्डस्पीनले लन्डनमा र १८२८ मा थेरेसा बुन्सजिकले हङ्गेरीको बुडामा यस्तै शिशु कक्ष 'एन्जेल गार्डेन' खोले।

सन् १८३७ मा फ्रोवेलले 'प्ले एण्ड एक्टिभिटी इन्स्टिच्युट' को स्थापना गरे। सन् १८४० मा त्यही संस्थाको नाम परिवर्तन गरी किण्डरगार्टेन राखे। फ्रोवेलद्वारा प्रशिक्षित महिलाहरूले युरोपका विभिन्न शहर तथा विश्वका अन्य मुलुकहरूमा 'किण्डर कार्टेन'को विस्तार र विकासमा योगदान गरे।

हाल नेपालमा यस्ता संस्थाहरू शिशु स्याहार, पूर्वप्रावि, शिशुकक्षा, बालविकास, प्रारम्भिक बालविकास आदि विभिन्न नामले चिनिन्छन्। यिनमा मन्टेसरी, किण्डरगार्टेन लगायत अन्य प्रचलित शिक्षण विधिहरूको पनि प्रयोग हुने गरेको पाइन्छ।

मनोवैज्ञानिकहरूले मानिसको २ देखि ६ वर्षको उमेर अवधिलाई पूर्व बाल्यावस्था भनेका छन्। शिक्षाविद्हरू यसलाई विद्यालय प्रवेश पूर्वको अवस्थाको रूपमा लिन्छन्। पूर्व प्राथमिक विद्यालय वा बालविकास केन्द्रमा बालबालिकाहरूलाई विद्यालय प्रवेशका लागि तयार पारिन्छ।

शिक्षा बालबालिकाको सर्वाङ्गीण विकासका लागि हुनुपर्ने मान्यता कायम भएपछि बालबालिकाका सबै पक्षहरूको खोजबिन गर्न थालियो। बालबालिकाको विकासलाई व्यवस्थित ढङ्गले अध्ययन गर्न र सिकाइ प्रक्रियालाई व्यवस्थित गर्नका लागि बालविकासलाई चार पक्षमा विभाजन गरिएको छ:

## शारीरिक विकास

यस अन्तर्गत बालबालिकाको शारीरिक अङ्गहरूको विकास र शारीरिक चालहरूबीचको समन्वय पर्दछ। शारीरिक चालहरूको विकासले अप्रत्यक्ष रूपमा सामाजिक तथा संवेगात्मक विकासमा असर पार्दछ। खेल तथा अन्य क्रियाकलापहरूमा सहभागी हुँदा नानीहरूको सामाजिक तथा संवेगात्मक विकास सन्तुलनमा रहन्छ। शारीरिक चालहरूको विकास भएपछि नै बालबालिकाहरू स्वतन्त्र रूपमा हिँडडुल गर्न सक्ने र सुरक्षित महसुस गर्ने हुन्छन्। यसले उनीहरूमा आत्मविश्वास पैदा गर्छ। व्यावहारिक ज्ञान तथा सीप सिक्नका लागि आत्मविश्वास ज्यादै आवश्यक तत्व मानिन्छ।

शारीरिक विकासमा तौल र उचाइलाई मुख्य सूचक मानिएको छ। यो उमेरमा बच्चाको तौल र उचाइ शिशु अवस्थाको भन्दा कम गतिमा हुन्छ। त्यसैले बच्चाको उचाइ र तौल तीन-तीन महिनामा लिनु उपयुक्त हुन्छ। हर्लकको भनाइमा दुई वर्षदेखि ७ वर्षबीचका बच्चाको तौल हरेक वर्ष २ देखि २.५ किलोका दरले र उचाइ प्रति वर्ष ३ इन्चको दरले वृद्धि हुन्छ। तौल वृद्धिको लागि उपयुक्त समय असारदेखि मङ्सिर महिनासम्म मानिन्छ भने उचाइ वृद्धिको समय चैतदेखि साउन महिनासम्मलाई मानिन्छ। बालबालिकाको तौल वा उचाइमा रोकावट आएमा उनीहरूमा पौष्टिक आहारको कमी भएको; वा जुका, चुर्ना जस्ता परजीवीहरूको सङ्क्रमण भएको अनुमान गर्न सकिन्छ।

शारीरिक चालहरूको प्रयोगका सीपहरूमा मुख्य गरी स्थूल मांसपेशीय प्रयोगका सीपहरू तथा सूक्ष्म मांसपेशीय प्रयोगका सीपहरू पर्दछन्। यसमा स्थूल मांसपेशीहरूको प्रयोगमा दक्षता, नियन्त्रण र समन्वय जस्ता कुरा पर्दछन्। हिँड्नु, कुद्नु, उफ्रनु, चढ्नु, ओर्लनु, घस्रनु तथा झुण्डिनु जस्ता कार्यहरू शारीरिक विकासका कार्य हुन्। कुनै पनि वस्तु फ्याक्नु, समाउनु, बललाई खुट्टाले हान्नु, हिर्काउनु, सन्तुलन पाटीमा हिँड्नु, दौड्दा दौड्दै एक्कासी रोकिनु जस्ता कार्यहरूमा विभिन्न स्थूल मांसपेशीय चालहरूबीच समन्वयको आवश्यकता पर्छ।

सूक्ष्म मांसपेशीय चालहरूमा आँखा, हात तथा औंलाहरूबीच समन्वयको जरुरत पर्दछ। लेख्न थाल्नुभन्दा पहिले उसले पेन्सिललाई राम्ररी समाउने र आफूले चाहेको दिशामा घुमाउने दक्षता हासिल गर्नुपर्छ। पूर्व बाल्यावस्थामा नै उनीहरू यी सीपहरूमा दक्ष बन्नुपर्छ। चित्र कोर्ने, रङ भर्ने, कागज पट्याउने, टाँस्ने, च्यात्ने, कैंचीले काट्ने, माटोका विभिन्न आकृतिहरू बनाउने जस्ता क्रियाकलाप यस समूहमा पर्दछन्। कतिपय बालबालिकाले घरमा यस्ता क्रियाकलाप गर्ने वा सिक्ने अवसर पाएका हुँदैनन्। आफैं खाना खाने, लुगा लगाउने, कपाल कोर्ने, दाँत माझ्ने, नुहाउने, नङ काट्ने जस्ता जीवनोपयोगी सीपहरू पनि सिक्नु र अभ्यास गर्नु आवश्यक हुन्छ। पूर्व प्राथमिक कक्षाका बालबालिकालाई यस्ता अवसर प्रदान गर्नुपर्छ। उनीहरूलाई स्कूलमा रङ भर्ने, चित्र कोर्ने, कागज पट्याउने, च्यात्ने, कैंचीले काट्ने, माटाका विभिन्न मूर्तिहरू बनाउने आदि जस्ता क्रियाकलापहरूको अभ्यास गर्ने मौका दिनुपर्छ ताकि उनीहरूको सूक्ष्म मांसपेशीय चालहरूका सीपहरूको विकास हुनसकोस्। स्थूल मांसपेशीय चालहरूको विकासका लागि बालबालिकालाई विद्यालय वा बालविकास केन्द्रहरूमा कुद्न, उफ्रनका लागि पर्याप्त ठाउँको आवश्यकता पर्छ। उनीहरूलाई घस्रन र छिर्नका लागि पाइपहरू, सन्तुलन मिलाइ हिँड्नका लागि सन्तुलन पाटी, पीङ, चढ्न र ओर्लनका लागि सिँढी तथा चिप्लेटीहरू, मङ्की बार जस्ता सामग्रीहरू राखिएका हुन्छन् जहाँ उनीहरूलाई यस्ता क्रियाकलापहरू प्रशस्त मात्रामा गराउनुपर्छ; यसले उनीहरूको शारीरिक विकासमा मद्दत पुऱ्याउँछ।

## सामाजिक विकास

व्यक्तिले अरूप्रति गर्ने व्यवहार र समाजप्रतिको उसको धारणाको विकासलाई नै सामाजिक विकास भनिन्छ। यस्ता व्यवहारहरू साथीभाइ, घरपरिवार, छरछिमेकीहरूसँग हुने गर्छन्। साथीभाइ, छरछिमेक तथा घरपरिवारसँग घुलमिल हुने प्रक्रियालाई नै सामाजिकीकरण भन्ने गरिएको छ। बालकले समाजबाटै देखेर सुनेर र भोगेर सामाजिक व्यवहारहरू सिक्दछ। सबै समाज आदर्श हुँदैन। उसले समाजबाट सामाजिक तथा असामाजिक व्यवहार दुवै सिक्ने गर्दछ। बालकले अरूबाट माया, आत्मीयता, सम्मान पाउँछ। अन्य व्यक्तिहरूसँग राम्रो सम्बन्ध कायम राख्न सक्छ भने त्यसलाई व्यक्तिमा सकारात्मक सामाजिक विकास भएको मान्नुपर्ने हुन्छ। यो सामाजिक विकासको सकारात्मक पाटो हो। तर बालकले आवेग, रिस, घमण्ड, डाह, इर्ष्या र पूर्वाग्रहहरू मात्र सिकेको छ भने यो सामाजिक व्यवहारको नकारात्मक पाटो हो।

बालकले सिकेका असल बानीव्यवहारलाई सबलीकरण गर्ने र खराब बानीव्यहोरा हटाउने पूर्व प्राथमिक शिक्षाको उद्देश्य हुनुपर्छ। बालबालिकालाई माया, प्रशंसा र पुरस्कृत गरेमा घुलमिल तथा सुरक्षित ठान्छन्। समूह क्रियाकलापमा वा खेलहरूमा एकअर्कालाई मद्दत गरेर, आफ्ना खेलौनाहरू अरूलाई पनि प्रयोग गर्न दिएर, खेल खेल्दा, हातमुख धुँदा, पानी पिउँदा पालो पर्खने, अरूका कुराहरू पनि सुन्ने र आफ्ना कुराहरूलाई पनि निर्धक्कसँग राख्ने अवसर दिएर, सामाजिक मूल्य र मान्यता, आचरण सिकाएर बाञ्छित सामाजिक व्यवहारहरू हासिल गर्न सकिन्छ।

**पूर्व प्राथमिक कक्षाका बालबालिकालाई स्कूलमा रङ भर्ने, चित्र कोर्ने, कागज पट्याउने, च्यात्ने, कैंचीले काट्ने, माटाका विभिन्न मूर्तिहरू बनाउने आदि जस्ता क्रियाकलापहरूको अभ्यास गर्ने मौका दिनुपर्छ ताकि उनीहरूको सूक्ष्म मांसपेशीय चालहरूका सीपहरूको विकास हुनसकोस्।**

त्यस्तै बालबालिकालाई आवश्यकता अनुसारका क्रियाकलाप गर्न दिएर (जन्म दिन मनाएर, प्रशंसा गरेर, ताली बजाएर, पुरस्कृत गरेर) तथा उसले गरेका कामहरूलाई सबैले देख्ने गरी टाँसी दिएर उसमा सकारात्मक सोचको विकास गर्न सकिन्छ।

शैक्षिक भ्रमण, शब्द खेल, अभिनय तथा मेला र चाडपर्वहरू मनाएर बाह्य वातावरणसँग परिचित गराउन सकिन्छ। बालबालिकालाई उनीहरूले गर्न सक्ने जिम्मेदारी दिएर तथा उनीहरूलाई कपाल कोर्ने, लुगा लगाउने, हातमुख धुने जुत्ता लाउने फुकाल्ने जस्ता जीवनोपयोगी सीपहरू सिकाएर स्वतन्त्र र आत्मनिर्भर बनाउन सकिन्छ।

## बौद्धिक विकास

प्रारम्भिक कालको बौद्धिक विकासका लागि बालकलाई आफ्ना ज्ञानेन्द्रियहरूको अत्यधिक प्रयोग गर्ने अवसर दिनुपर्छ। बालकले हेरेर, छोएर, सुँघेर, चाखेर, सुनेर ज्ञान हासिल गर्दछ। मारिया मन्टेसरीका अनुसार ज्ञानेन्द्रिय वातावरणीय ज्ञान प्राप्त गर्ने मूल माध्यम हो। यो उमेरका बालबालिका जिज्ञासु हुन्छन्। उनीहरू

# विश्लेषण

आफ्ना जिज्ञासा शान्त नहुञ्जेलसम्म सोधखोज गरिरहन्छन् । यसले उनीहरूलाई सिर्जनशील बनाउँछ ।

यो उमेरका बालबालिकामा बौद्धिक विकास त्यति ज्यादा भएको हुँदैन। शब्दभण्डार सानो कम हुन्छ। तैपनि यो उमेरका बालबालिकाहरू बोल्नमा अभिरुचि राख्ने हुन्छन् । त्यसैले यसबेला बोलीको छिटो विकास हुन्छ। प्रारम्भिक बाल्यावस्थामा बालकले १५०० देखि २००० शब्दसम्म बोल्न र २००० देखि २४०० सम्म शब्दहरू बुझ्न सक्छ। यस्ता शब्दहरूमा आफ्ना वरिपरिका जीवजन्तुका नाम, तिनले गर्ने कार्यसँग सम्बन्धित शब्द अनि विशेषण, सर्वनाम र क्रियाविशेषण इत्यादि शब्दावलीको विकास गर्दछ ।

बालक दुई वर्षको भएपछि स-साना वाक्यहरू बोल्न थाल्छन् । उनीहरू बोल्दा व्याकरणीय त्रुटिहरू गर्ने हुन्छन् । ६ वर्षको उमेरपछि मात्र उनीहरू पूर्ण र शुद्ध वाक्य बोल्न सक्ने हुन्छन्। त्यस्तै; वस्तुलाई गुण वा विशेषताको आधारमा भिन्दाभिन्दै समूहमा वर्गीकरण गर्न सक्छन् । उनीहरू ठूलो-सानो, लामो-छोटो, रातो-सेतो इत्यादिका आधारमा वस्तुहरूलाई वर्गीकरण गर्छन् ।

**प्रेम, जिज्ञासा आदि सकारात्मक संवेग हुन् । अत्यधिक रिस, डाहा, क्रोध, घृणा, दु:ख, नैराश्य आदि नकारात्मक संवेग हुन् जसले व्यक्तिलाई समाजमा समायोजित हुन कठिन पर्छ । यी सबै संवेगहरू सधैँभरि हानिकारक वा फाइदाजनक हुँदैनन् ।**

प्रारम्भिक बाल्यावस्थाको अन्त्यसम्ममा बालबालिकाहरू विभिन्न वस्तुहरूलाई क्रमबद्ध गरेर राख्न सक्ने हुन्छन्। उनीहरू छोटोदेखि लामो तथा सानोदेखि ठूलाको क्रममा वस्तुहरूलाई मिलाएर राख्छन् । यसो गर्दा उनीहरूले थुप्रै गल्ती पनि गर्छन्। बालबालिका लामो समयसम्म एउटै विषयवस्तुमा ध्यान लगाइरहन सक्दैनन् । यसको मुख्य कारण उनीहरूको रुचिमा स्थिरता नहुनु पनि एक हो। त्यस्तै उनीहरूमा स्मरणशक्तिको पनि उति साह्रो विकास भएको हुँदैन। स्मरणशक्तिको सहयोगमा वस्तुका नाम, तथ्य वा अन्य सूचनाहरू सम्झिइन्छ । यसका लागि पहिला पहिचान र त्यसपछि पुनस्मरण गर्नुपर्छ। स्मरण गर्न अभ्यास र तालिमको जरुरत पर्दछ। सिकाइका लागि सबै ज्ञानेन्द्रियहरूलाई सक्रिय गराउन सकेमा सिकाइ पुनस्मरणमा सुधार हुन्छ । सिकाइका लागि बालकमा रुचि पैदा गर्नुपर्छ । बालकलाई सक्रिय रूपमा सिकाइमा सामेल गराएमा रुचि तथा ध्यान कायम राख्न सकिन्छ ।

पूर्व प्राथमिक विद्यालयमा बालबालिकाका ज्ञानेन्द्रियहरूको अधिकतम अभ्यास गराउने क्रियाकलापहरू गराउनुपर्छ । हेरेर विभिन्न रङ्गहरू चिन्ने, छोएर तातो-चिसोको अनुभव गराउने, छामेर खस्रो-मसिनो थाहा पाउने, चित्रहरू हेरेर आफ्ना घर तथा विद्यालय वरिपरि पाइने चिज तथा वस्तुहरूको नाम भन्ने आदि क्रियाकलापहरू पर्दछन्। यस्ता बौद्धिक विकास सम्बन्धी क्रियाकलाप गराउँदा अनुभूति, भाषिक सीपको विकास, तर्कपूर्ण सोचाइ तथा तार्किक गणितका क्रियाकलापहरू गराउनुपर्छ ।

## संवेगात्मक विकास

हामीले गर्ने विभिन्न अनुभूतिहरू संवेग हुन् । अनुभूतिहरू जन्मजात आउँदैनन्, वातावरणजन्य कारणबाट पैदा हुन्छन् । विभिन्न व्यक्तिहरूसँगको सम्पर्कबाट यस्ता कुराहरू सिकिन्छन् । संवेगहरूमा हर्ष, विस्मात, घृणा, प्रेम, क्रोध, भय, इर्ष्या तथा जिज्ञासा मुख्य रूपमा आउँछन् । आफूले चाहेको कुरा नपाउँदा रिस उठ्छ । आफूबाहेक अन्यलाई प्रेम गरेको देखेपछि डाह उत्पन्न हुन्छ। दु:खदायी अनुभवहरूबाट डर पैदा हुन्छ। कतिपय अवस्थामा अरूले डर देखाएर पनि डर पैदा हुन्छ । सुखद् स्थितिको संझनाले हर्ष जगाउँछ। कुनै नयाँ चिज वस्तु आदि फेला परेमा वा नयाँ वातावरणले जिज्ञासा उत्पन्न गराउँछ। बुद्धिमान बालकहरूमा कौतुहल बढी हुन्छ। सकारात्मक संवेगले व्यक्तित्व विकासमा सहयोग पुऱ्याउँछ। सकारात्मक संवेगहरूमा हर्ष, प्रेम, जिज्ञासा आदि सकारात्मक संवेग हुन् । अत्यधिक रिस, डाहा, क्रोध, घृणा, दु:ख, नैराश्य आदि नकारात्मक संवेग हुन् जसले व्यक्तिलाई समाजमा समायोजित हुन कठिन पर्छ। यद्यपि हर्ष, विस्मात, दु:ख, सुख, प्रेम, घृणा, भय निडर समयअनुसार अभिव्यक्त गरिन्छन्। मानिस अरूको दु:ख देखेर दु:खी हुन र अरूको खुशी देखेर आफू खुशी हुन सिक्छ। तर यी सबै संवेगहरू सधैँभरि हानिकारक वा फाइदाजनक हुँदैनन् । अत्यधिक प्रेम, चाहना कतिपय अवस्थामा घातक पनि सावित हुन्छन्।

पूर्वप्राथमिक विद्यालयले बालबालिकाहरूमा संवेगलाई सन्तुलन राख्ने तरिका सिकाउनुपर्छ । उनीहरूमा सन्तुलित संवेगात्मक विकास गराउन स्नेहपूर्ण व्यवहार गर्नुपर्छ। बालकका कुराहरू ध्यानपूर्वक सुन्ने, सहानुभुति व्यक्त गर्ने, रुचि तथा चाहना बुझ्ने, नम्र व्यवहार गर्ने, नहोच्याउने, नरिसाउने, नकुट्ने आदि व्यवहारहरू शिक्षकले देखाएर र उनीहरूमा यी बानीहरूको विकास गराएर, उनीहरूको जिज्ञासालाई उचित सम्मानका साथै समाधान गरिदिएर उचित संवेगात्मक विकास गराउन सकिन्छ । उचित संवेगात्मक विकासका लागि समूह कार्य, विभिन्न किसिमका भावहरूलाई अभिनयमार्फत व्यक्त गर्न लगाउन सकिन्छ। चित्र पनि अभिव्यक्तिको सशक्त माध्यम हो। बालबालिकालाई चित्र कोर्न लगाएर उनीहरूका संवेगहरूलाई अभिव्यक्त गराउन सकिन्छ। जसले संवेग नियन्त्रणमा मद्दत गर्छ।

कतिपय हाम्रा पूर्व प्राथमिक विद्यालयमा आवश्यक भौतिक सामग्रीहरू छन् तर तिनीहरूको प्रयोग त्यति भएको पाइँदैन। पीड, चाकाचुली, सन्तुलन पाटी, मंकी बार, खेल मैदान तथा करेसाबारी जस्ता स्थूल मांसपेशीय गतिका सीप विकासका लागि निरन्तर प्रयोगमा ल्याउनुपर्ने चिजहरू विद्यार्थी भर्नाका समयमा अभिभावकलाई देखाउने र फकाउने साधन मात्र भएका छन्। सूक्ष्म मांसपेशीय गतिका सीप सिकाउन प्रयोग हुने ब्लकहरू, पहेलीहरू (Puzzle) अक्षर पत्तीहरू, अङ्क पत्तीहरू, चित्र पत्तीहरू, विभिन्न आकारका गोटीहरू, घरायसी सामानका मोडेलहरू, विङ्गो, लुँडो, चित्र कथा आदिको उद्देश्यमूलक प्रयोग गर्न सक्नुपर्छ।

बालकको वृद्धि र विकासको तथा सिकाइ सिद्धान्तहरूको अध्ययन गर्दै बालकेन्द्रित सिकाइ गरेमा मात्र बालकको सर्वाङ्गीण विकास सम्भव हुन्छ ।

प्रस्तुतिः **गुरू मैनाली**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

# बालविकास केन्द्र गुण र विशेषता

**अमेरिकाको नेसनल इन्स्टिच्युट फर अर्ली चाल्इड एजुकेशन रिसर्च (निर) ले अमेरिकाका बालविकास केन्द्र अर्थात् पूर्व प्राथमिक विद्यालयको निम्ति निर्धारण गरेका विशेषता, गुणस्तर र नीतिगत व्यवस्थाहरू नेपालका लागि पनि सान्दर्भिक हुने ठानेर यहाँ प्रस्तुत गरिएको छः**

**राम्रा बालविकास केन्द्र अर्थात् पूर्व प्राथमिक विद्यालयका शिक्षकले नानीहरूलाई आदर गर्छन्; उच्च संस्कार दिएर हुर्काउँछन् । बालबालिकालाई चुनौती सामना गर्ने सीप सिकाउँछन् ।**

बालबालिकालाई आदर गर्नु सर्वाधिक महत्त्वको कुरा हो । बालबालिकाहरू स्वभावैले वयस्क मानिससँग हेलमेल गर्न रुचाउँछन्। ठूला मानिसका नजिक बस्न पाउँदा ती खुसी हुन्छन्। बालबालिकाहरू आफ्ना दौंतरी हुन् वा ठूला मानिसहरू, जोसँग पनि अन्तरक्रिया गर्न र विभिन्न तरिकाले संवाद गर्न मन पराउँछन्। उनीहरू लामो समयसम्म मौन रहन र एक्लै बस्न सक्दैनन्। आफूलाई उपेक्षा वा बेवास्ता गरेको पटक्कै मन पराउँदैनन्। अर्थात् बालबालिका स्कूल जान पाउँदा खुशी हुन्छन्; किनभने उनीहरूले स्कूलमा नयाँ साथी र नयाँ-नयाँ कुरा सिक्न पाउँछन्। यी कुराहरू गतिला बालविकास केन्द्रमा सहजै पाइन्छन्।

**राम्रा पूर्व प्राथमिक स्कूलमा बालबालिकाका लागि हमेसा नयाँ सीप, ज्ञान र प्रयोग गर्ने अवसर उपलब्ध हुन्छन् । उनीहरूलाई स्कूलमा संवाद गर्ने, काम सिक्ने र अनुभव गर्ने अवसर प्राप्त हुन्छ ।**

कक्षाकोठाहरू पढ्ने र गृहकार्य बुझाउने स्थान मात्र होइनन्। त्यहाँ बालबालिकाको रुचि अनुसारका खेलौना र शैक्षिक सामग्री पनि हुनुपर्छ। त्यस्ता सामग्रीको अभ्यास तथा प्रयोगले बालबालिकाको बौद्धिक अनुभव बढाउन सहयोग पुग्छ। स्तरीय पूर्वप्राथमिक विद्यालयमा बालबालिकाले खेलेर सिक्ने अवसर पाउँछन्। त्यहाँ घोकाइँदैन, दबाब दिइँदैन, बरु खेल्ने अवसर दिइन्छ। खेलबाट उनीहरूले चुनौती सामना गर्न सिक्छन्।

बालबालिका कक्षाकोठामा पनि यताउता गरिरहन मनपराउँछन् । कक्षामा हिँड्नु, डुल्नु वा कुनै वस्तु छुनु र चलाउनुले सिकाइको स्तर बढाइरहेको हुन्छ । कुनै उद्देश्य लिएर नै उनीहरूले यस्ता क्रियाकलाप गरिरहेका हुन्छन्। राम्रा बालविकास केन्द्रमा बालबालिकाका यस्ता क्रियाकलापहरूलाई महत्त्वका साथ सम्मान गरिन्छ।

**राम्रा पूर्व प्राविमा बालबालिकाले अर्थपूर्ण निर्णय लिन सक्छन्। किनभने उनीहरू त्यहाँ केही न केही काम गरिरहेका हुन्छन्। राम्रा पूर्व प्राथमिक शिक्षालयमा बालबालिकाका यस्ता क्रियाकलापको राम्रोसँग समीक्षा गरिन्छ।**

बालबालिका स्वभावैले विभिन्न क्रियाकलाप र गतिविधि चयन गरिरहेका हुन्छन्। उनीहरू आफूलाई कुन बेला कस्ता सामग्री चाहिन्छन् र ती सामग्रीबाट के गर्न सकिन्छ भन्ने कुरा सोचिरहेका हुन्छन्। त्यसको प्राप्तिका लागि आफैं निर्णय लिन्छन्। त्यसैगरी उनीहरू साथीसँग कुराकानी गर्न र खेल्न मन पराइरहेका हुन्छन्। त्यसबारे स्वनिर्णय लिन्छन्। गतिला शिक्षालयमा बालबालिकाका यस्ता प्रवृत्ति र अभ्यासलाई प्रोत्साहन गरिन्छ।

**राम्रा पूर्व प्राथमिक शिक्षालयमा बालबालिकाको घरेलु बोली र संस्कारलाई पनि सम्मान गरिन्छ।**

राम्रा शिक्षालयमा बालबालिकाका निजी व्यवहारलाई पनि स्वीकार गरिन्छ र सक्दो प्रशंसा गरिन्छ। कक्षाकोठा र पाठ्यक्रममा पनि यस्ता तत्त्वहरू समावेश गरिएको हुन्छ।

**बालबालिकाले एक्लै, सानो समूह वा ठूलो समूहमा पनि विभिन्न क्रियाकलाप गर्न सक्छन्। अर्थात् उनीहरू विभिन्न वातावरणमा सिक्न सक्षम हुन्छन्।**

सहज वातावरणमा स्वतन्त्र भएर होस् वा निश्चित अनुशासनमा रहेर पनि, बालबालिका जतिखेर पनि सिक्न सक्षम हुन्छन्। आफूभन्दा ठूलो उमेर समूहका साथी र शिक्षकबाट तिनले सामाजिकता र निजी अनुशासनका विधिहरू पनि सिक्न सक्छन्। ख्याल राख्नुपर्ने कुरा के हो भने सबै बालबालिकामा बौद्धिक तथा शारीरिक विकास एकै खालको हुँदैन। राम्रा शिक्षालयहरूले यही कुरालाई ध्यान दिएर बालबालिकाको निजी आवश्यकता र स्तरलाई विशेष महत्त्व दिएका हुन्छन्। र, सिकाइ क्रियाकलाप गराउँदा उनीहरूको क्षमता अनुसारको विधि अपनाउँछन्।

**बालबालिका आफूलाई भोलि आवश्यक पर्न सक्ने सीप पनि आवश्यकता अनुसार सिकिरहेका हुन्छन्।**

नानीहरूको बोलिरहने बानीले भाषा सम्बन्धी अभ्यास बढाइरहेको हुन्छ। बोलचाल गरिरहने बच्चाले किताब पढ्दा



पनि अन्तरक्रिया गर्न रुचाउँछन् । अर्थात् बोल्ने बानीले बुझेर पढ्ने अभ्यासको विकास गरिदिन्छ । ठूला मानिसहरूसँग विस्तारमा कुराकानी गर्न सहयोग पुऱ्याउँछ । यसबाट लामो समयसम्म लेख्ने र पढ्ने बानीको विकास गराउँछ। यस्तो बानी परेका बालबालिका सिक्न पाउँदा आनन्द लिन्छन्। उनीहरूमा सकारात्मक सोचको विकास हुन जान्छ । राम्रा शिक्षालयमा बालबालिकालाई स्कूलमा भाषाको अवधारणा सिक्ने अवसर उपलब्ध हुन्छ। स्कूलमा कसरी कुरा सुन्नुपर्दछ, शिक्षकले दिएका निर्देशनहरू कसरी पछ्याउन सकिन्छ अनि शिक्षकले सोधेमा कसरी जवाफ दिनुपर्दछ भन्ने कुरा पनि सिकिरहेका हुन्छन् । उनीहरूले स्कूलमा नै समस्याहरू समाधान गर्ने तरिका पनि सिकेका हुन्छन् । राम्रा शिक्षालयका विद्यार्थीहरू सधैं समस्या समाधान गर्ने तत्परता देखाउँछन् ।

**राम्रा पूर्व प्राविका नानीहरूले 'स्कूलका कामको तयारी' गर्ने सीप सिक्ने अवसर पाएका हुन्छन् ।**

बालबालिकाले त्यहाँ शब्दभण्डार बढाउने सीप सिक्न पाउँछन्। सावाँ अक्षर मात्र होइन त्यो के सिद्धान्तमा आधारित छ भन्ने पनि बुझ्न पाउँछन् । शब्द र आवाजको तालमेल मिलाउने तरिका जान्न पाएका हुन्छन्। गणितमा अङ्क, आकार र नापको ज्ञान, वस्तुको आकार, क्षेत्रफल र स्थानको सम्बन्ध आदि बुझ्न पाउँछन् । अनि त्यही अनुसार काम गर्ने बानी बसाउँछन् । पढ्दापढ्दै बालसुलभ सोच अनुसारको वैज्ञानिक परिकल्पना विकास गर्ने अवसर पाउँछन् । राम्रा शिक्षालयमा नानीहरूले वर्तमान विश्व र यसले कसरी काम गर्छ भन्ने तरिका थाहा पाउँछन् ।

**राम्रा शिक्षालयमा बालबालिकाका जिज्ञासालाई नै तिनको प्रेरणाको प्रमुख स्रोत मानिएको हुन्छ ।**

बालबालिकाले उपलब्ध वातावरणमा अनेक रुचि तथा जिज्ञासा प्रदर्शन गरिरहेका हुन्छन्। त्यसका आधारमा उनीहरूले विभिन्न किसिमका सोच र अवधारणा पनि विकसित गरिरहेका हुन्छन् । बालबालिकाका यस्ता प्रवृत्तिको अध्ययनले पाठ्यक्रम र सिकाइ क्रियाकलापहरूको निर्माण वा रचना गर्न सहयोग पुऱ्याउँछन् ।

**राम्रा बालविकास केन्द्रले बालबालिकाको दैनिक क्रियाकलापका आधारमा विविध शैक्षिक गतिविधिहरू निर्माण गरेका हुन्छन् ।**

बालबालिका शान्त वातावरण चाहन्छन् । तर, उनीहरू गतिशील हुन्छन्। राम्रा शिक्षालयमा विद्यार्थीलाई यस्तै शैक्षिक वातावरण उपलब्ध हुन्छ । बालबालिकालाई कक्षाभित्रका क्रियाकलाप गरिसकेपछि कक्षा बाहिर निस्केर सिक्ने वा खेल्ने अवसर उपलब्ध हुन्छ। उनीहरूलाई छोटा-छोटा क्रियाकलाप गर्न दिइन्छ । त्यस्तै उनीहरूमा लामो समयसम्म ध्यान दिएर सुन्न सक्ने बानी विकसित गर्ने अवसर हुन्छ राम्रा शिक्षालयमा ।

## परिवार र बाल-शिक्षालय

**राम्रा बाल शिक्षालयहरूले बालशिक्षाका सबैजसो कार्यक्रम तिनका परिवारका सदस्यहरूको साझेदारीयुक्त सहभागितामा सम्पन्न गरेका हुन्छन् ।**

बालबालिकाका रुचि, क्षमता र लगावका बारेमा तिनका अभिभावकहरूलाई नै बढी जानकारी हुन्छ, त्यसकारण राम्रा शिक्षालयहरूले अभिभावकसँग लगातार परामर्श आदान-प्रदान गरिरहन्छन् । बालशिक्षाका कार्यक्रमहरूमा अभिभावकहरूलाई पनि भाग लिने अवसर हुन्छ ।

**राम्रा साना शिक्षालयहरूले अभिभावकहरूलाई पनि बालशिक्षाका विविध कार्यक्रम र अभिभावकत्व गर्ने सीपमा सुधार ल्याउन विशेष अवसर उपलब्ध गराउँछन् ।**

बालबालिकाका निजी प्रगति र सीप विकासका बारेमा अभिभावकहरूलाई नियमित सूचना दिइन्छ राम्रा बालविकास केन्द्रमा । बालशिक्षाका नीति र कार्यक्रम सुधार गर्ने काममा अभिभावकहरूले पनि योगदान गर्न सक्छन् भन्ने मान्यता राखेर उनीहरूलाई पनि विशेष अवसर उपलब्ध गराइन्छ ।

**बालबालिकाका पारिवारिक भाषा र संस्कृतिलाई राम्रा शिक्षालयले उचित सम्मान दिन्छन् र लवज र संस्कृतिको प्रशंसा गर्छन् ।**

पूर्व प्राथमिक शिक्षालयले बालबालिकासँग सूचना आदानप्रदान गर्दा तिनले प्रयोग गर्ने पारिवारिक भाषा प्रयोग गरिदिनुपर्दछ । यसो गर्दा बालबालिकाका परिवारका मान्यता, विश्वास र संस्कारको सम्मान हुन जान्छ । यी महत्त्वपूर्ण कुराहरूलाई राम्रोसँग बुझेर शैक्षिक कार्यक्रम बनाउनुपर्दछ ।

**राम्रा शिक्षालयले प्रत्येक परिवारलाई 'क्षमतावान परिवार' मान्ने दृष्टिकोण विकसित गरेका हुन्छन् ।**

यसरी प्रत्येक परिवारलाई क्षमतावान मानेर चल्ने हो भने बालबालिकाको हेरचाह र विकासमा परिवार स्वत: संलग्न हुन्छ । राम्रा बालविकास केन्द्रले यस्तो पद्धतिलाई टेवा पुग्ने गरी मजबुत समर्थन र सहयोग दिनुपर्छ ।

## बाल विकास केन्द्र र शिक्षक

**शिक्षकहरू योग्य हुन्छन्:**

राम्रा बालविकास केन्द्रमा कम्तीमा चारवर्षे स्नातक गरेका शिक्षक हुन्छन् । तिनले बालविकास विषयमा विशेष तालिम पाएका हुन्छन् । ती शिक्षकहरूमा बालविकासका अवधारणा र पद्धति, शिक्षण विधि तथा पाठ्यक्रमका बारेमा गहिरो जानकारी हुन्छ । उनीहरू बालबालिकाहरूमा सामाजिकता र बौद्धिक विकासलाई टेवा दिनका लागि विविध अवसर उपलब्ध गराउन पनि सक्षम हुन्छन् ।

**शिक्षकहरू बालबालिकासँग छोटो समयमै नियमित अन्तरक्रिया गर्न सक्षम हुन्छन्:**

असल र योग्य शिक्षकले विद्यार्थीहरूलाई नियमित रूपमा जानकारीमूलक वार्ता गर्न प्रेरित गर्छ । शिक्षकले नानीहरूलाई बालबालिकाको ज्ञान तथा शब्दभण्डार बढाउन तथा किन र कसरी होला भनेर लामो उत्तर दिनुपर्ने खालका खुला प्रश्न सोधेर बोल्ने बानी बसाइदिन्छन् । बोल्न सिकाइसकेपछि समस्या समाधान गर्नका लागि उत्प्रेरित गर्छन् ।

**शिक्षकले गणित र प्रारम्भिक भाषा शिक्षाका अवधारणा बुझाउन परियोजना कार्यको विधि अपाउँछन्:**

यी विषयहरू पढाउनका लागि शिक्षकले आफ्ना पूर्व अनुभवका आधारमा उचित क्रियाकलापहरू सञ्चालन गर्दछन् र क्रियात्मक पाठ्यक्रम बनाएर आवश्यक शैक्षिक गतिविधिहरू चलाउँछन् ।

**योग्य शिक्षकले प्रत्येक विद्यार्थीका प्रगतिका बारेमा दैनिक तथ्याङ्क राखेका हुन्छन्:**

यिनै तथ्याङ्कहरूलाई नै विद्यार्थीसँग सम्बन्ध बनाउने आधार बनाएका हुन्छन् । त्यतिमात्र होइन बालबालिकाहरूमा दैनिक जसो देखा पर्ने क्षमता वृद्धिको दैनिक लगत पनि राख्छन् । यसलाई आधार बनाएर विद्यार्थीका उपलब्धि बढाउने खालका क्रियाकलाप र योजना तयार गर्छन् ।

**योग्य शिक्षकले विशेष खालको सिकाइ विधि आवश्यक पर्ने बच्चाहरूका लागि विशेष सीप सिकाइका लागि सिफारिस गर्दछन्:**

तालिम प्राप्त शिक्षकहरूले बालबालिकाका समस्याका विस्तृत मूल्याङ्कन गरिरहेका हुन्छन् र समस्याको ठीक पहिचान गरेर तिनका अभिभावकलाई उचित सल्लाह दिने काम गरिरहेका हुन्छन् ।

**राम्रा शिक्षालयमा शिक्षकहरूले सम्मान र मर्यादासहित राम्रो तलब तथा अन्य सुविधा पाएका हुन्छन्:**

त्यहाँ शिक्षकहरूको मिहिनेतको कदर भएको हुन्छ। नियमित पारिश्रमिक पाइरहेका हुन्छन्। अनुभवी र विशेष दक्षता भएका शिक्षकले विशेष सुविधा पनि पाइरहेका हुन्छन् । विद्यालयले शिक्षकका व्यावसायिक वृत्ति विकासका लागि आवश्यक पर्ने अवसरहरू पनि जुटाइदिएको हुन्छ ।

**स्तरीय बालविकास केन्द्रका अरू कर्मचारीहरूले पनि व्यावसायिक क्षमता विकास गर्ने अवसर पाएका हुन्छन्:**

उनीहरूको कामको पनि नियमित मूल्याङ्कन भइरहेको हुन्छ। त्यति मात्र होइन, स्कूलका कर्मचारीहरूलाई नियमति रूपमा व्यावहारिक ज्ञान र आवश्यक सुझाव दिइरहेको हुन्छ ।

**शिक्षक अभिभावकप्रति आदर सम्मान देखाउँछन् र बालबालिकालाई न्यानो माया दिन्छन्:**



बाबुराम

गतिलो शिक्षालयका शिक्षकहरू बालबालिकाका निजी व्यक्तित्व र तिनका परिवारका भाषा र संस्कृतिबारे जानकार हुन्छन् । अनि उनीहरू अभिभावक वर्गको क्षमता आदिलाई प्रशंसा गर्दछन् ।

**शिक्षकहरूले सहकर्मी, अभिभावक तथा विषयगत मित्रहरूसँग सम्मानजनक सहकार्य गरेका हुन्छन्:**

यस्ता शिक्षालयका प्रत्येक कक्षामा अनिवार्यत: एक शिक्षक हुन्छन् भने उनलाई दिनभर सहयोग गर्न र समूहमा मिलेर काम गर्न एकजना वयस्क सहयोगी पनि उपलब्ध गराइएको हुन्छ । अमेरिकाको नेशनल एसोसिएसन अफ एजुकेशन फर योङ्ग चिल्ड्रेनले ३-५ वर्ष समूहका बालबालिकाका लागि १० बच्चा बराबर एक शिक्षक र एक सहयोगी स्टाफ तोकिदिएको छ । बालबालिकाको समूह २० जनाभन्दा बढीको हुनुहुँदैन भनेको छ ।

**शिक्षकले शिक्षणको विशेष उद्देश्य भएको पाठ्यक्रम उपयोग गरेका हुन्छन् । त्यस्ता पाठ्यक्रममा बालशिक्षा सिकाउने तरिका, लक्षित प्रतिफल र मूल्याङ्कन पद्धति समेत समावेश भएको हुन्छ:**

प्रत्येक शिक्षकले पाठ्यक्रमका उद्देश्य र लक्ष्य आदि बारे राम्रो जानकारी राखेका हुन्छन् र आवश्यकता परेका बेला राम्रोसँग व्याख्या गर्न पनि सक्छन्। उनीहरूलाई त्यस्तो पाठ्यक्रम किन बनाइयो वा अपनाइयो अनि त्यसबाट के उपलब्धि हुन सक्छ भन्ने कुराको राम्रो जानकारी हुन्छ ।

**स्तरीय शिक्षालयमा विद्यार्थीले फराकिलो कक्षाकोठा र शिक्षण सामग्रीले भरिएको आकर्षक कक्षामा बसेर पढ्ने/सिक्ने अवसर पाएका हुन्छन्:**

त्यस्ता शिक्षालयहरूमा शिक्षण सामग्रीहरू पनि उमेर अनुसार मिल्ने गरी राखिएका हुन्छन्- चित्र, सङ्गीत, विज्ञान, भाषा, गणित, दिमागी खेल (Puzzles) तथा नाटक गर्न मिल्ने खेल तथा नयाँ रचना गर्न मिल्ने सामग्री पनि बच्चाका उमेर अनुसार मिल्ने गरी राखिएका हुन्छन् ।

प्रस्तुतिः **हस्त गुरूङ**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**

सुदर्शन घिमिरे

# सिक्न/सिकाउन धेरै सहयोगी



**सूचना र सञ्चार प्रविधिलाई शिक्षण-सिकाइ क्रियाकलापसित एकीकृत गरेर प्रयोग गर्ने हो भने त्यसले बालबालिकाको शिक्षा र सोच्ने तरिकामै अर्थपूर्ण प्रभाव पार्दो रहेछ।**

यही माघ १८ गते ललितपुरको गोदावरी छेऊ, रुरुवारासीको नवज्योति निम्नमाध्यमिक विद्यालय पुग्दा विद्यार्थी 'टिफिन ब्रेक'मा थिए। कक्षा शुरु भएपछि उनीहरूलाई पछ्याउँदै एउटा कक्षामा पसियो। त्यो परेछ ३ कक्षा। अङ्ग्रेजी शिक्षक शान्ता दाहाल विद्यार्थीलाई 'क्यान' (can), 'कान्ट' (can't) को अवधारणा दिने पाठ शुरु गर्दै रहिछन्। ब्ल्याकबोर्डमा आज पढ्ने पाठ लेखिसकेपछि उनले केही समय 'क्यान' र 'कान्ट' भनेको के हो भन्ने कुरा बताइन्।

त्यसपछि उनले विद्यार्थीलाई छेवैमा चार्जमा राखिएको हरियो रङका स-साना ल्यापटप (इपाटी) चलाउन सङ्केत गरिन्। कतिबेला ल्यापटप चलाउन पाइएला भनेर कुरेर बसेका उनीहरूलाई मिसको इशारा नै काफी भयो, फटाफट गएर ल्यापटप निकालेर ल्याए र अन गरेर चलाउन थालिहाले। "नानीबाबुहरू ! आज हामीले पढ्न लागेको कुरा अङ्ग्रेजीको पाठ ११ मा छ, ल्यापटपमा त्यही पाठमा जाऊ त।" शिक्षकको मुखबाट निर्देशन आउनासाथ केटाकेटीहरूले सफ्टवेयरमा तयार पारिएको उक्त पाठ खोलिहाले। एकैछिनमा स्क्रिनमा एनिमेशन गरी बनाइएको भिडियोमा एउटा टाटेपाङ्ग्रे कुकुर यता र उता गर्दै दौडिन थाल्यो। आकाशमा दुई वटा साना चरा पनि उड्न थाले। कम्प्युटरमा एउटा महिलाको आवाज आयो, वर्डस् क्यान फ्लाई। तर कुकुरको कुरा किन आएन भन्ने जिज्ञासा पनि धेरै बेर रहन पाएन। एउटा एरोमा क्लिक गर्ने बित्तिकै फेरि कम्प्युटरबाट आवाज आयो "डग कान्ट फ्लाई"।

पछि अरू तीन चार वटा यस्तै अभ्यास भए। हिप्पोपोटामस पौडिन सक्छ तर मुसा पौडिन सक्दैन, घोडा दौडिन सक्छ तर चिप्लेकिरो दौडिन सक्दैन। भ्यागुतो पानी बाहिर बाँच्न सक्छ तर माछा पानी विना बाँच्न सक्दैन। अन्त्यमा कम्प्युटरले विद्यार्थीलाई तिमी के के गर्न सक्छौ, के के गर्न सक्दैनौ, सक्नेमा क्लिक गरेर ठीक चिन्ह लगाऊ भन्यो। उनीहरूलाई १० वटा विकल्पहरू दिइएको थियो। उनीहरूले आफूले गर्न सक्नेमा क्लिक गरे, नसक्नेमा गरेनन्। अन्त्यमा कम्प्युटरले हरेक विद्यार्थीको नामसहित लेखेर भन्यो, तिमीले यो गर्न सक्छौ, यो गर्न सक्दैनौ। विद्यार्थीलाई एक एक गरेर सोधियो, उनीहरूले 'क्यान' र 'कान्ट'को अवधारणा बुझेछन्। यति हुँदा यो घण्टी पनि सकिइसकेको थियो।

नवीनतम् प्रविधिको उपयोग गरेर शिक्षा दिएको स्कूल खोज्दै जाँदा अर्को दिन काठमाडौँको बबरमहलमा धोबीखोलाको किनारैमा रहेको ओलम्पिया नामक निजी स्कूलमा पुगियो। प्रविधिको माध्यमले पढाइ भइरहेको कक्षा हेर्ने क्रममा ३ कक्षामा पसियो। त्यहाँ शिक्षक प्रीति ढुङ्गाना अन्तरिक्ष र चन्द्रमाबारे अवधारणा दिन व्यस्त थिइन्। अन्तरिक्षमा चन्द्रमा कसरी बसेको हुन्छ, यो कसरी घुम्छ भन्ने कुरा एनिमेटेड भिडियोबाट देखाइएको थियो। शिक्षकले मार्करले बोर्डमा मेनुमा यसो के छोएकी थिइन्, त्यहाँ त कम्प्युटरको झैं मेनु पो देखियो। जहाँ पाठयोजना, रिसेन्ट अपडेट, क्लासरुम भिउ लगायतका कक्षाकोठासित सम्बन्धित सामग्रीहरू थिए। परम्परागत ह्वाइटबोर्डलाई प्रविधिको सहायताले नै टचस्क्रिन पो बनाइएको रहेछ ! पूरै मोबाइल जस्तै टचस्क्रिन ! एलसीडी मल्टिमेडिया प्रोजेक्टरमा कम्प्युटर जोडेर अर्को उपकरणको सहायताले इन्टरएक्टिभ ह्वाइटबोर्ड बनाइएको रहेछ।

यसै शैक्षिक सत्रको शुरुबाट जडान गरिएको नवीनतम् प्रविधियुक्त कक्षाकोठामा



**नवज्योति निमावि ऋरुवारासी, ललितपुरकी शिक्षक शान्ता दाहाल कक्षा ३ का विद्यार्थीहरूलाई ल्यापटप कम्प्युटरमार्फत् सिकाउँदै ।**

पढ्दै आएका बालबालिकाहरूले एकै स्वरमा भने, यो ह्वाइटबोर्ड त हाम्रो लागि चमत्कार नै बनेर आएको छ। यसबाट पढाउँदा सबै कुरा राम्ररी बुझ्दिँदोरहेछ। शिक्षक प्रीति ढुङ्गाना भन्दै थिइन्, “तस्बिर, अडियो, भिडियो, एनिमेटेड सफ्टवेयर सबै कुरा हेर्न, सुन्न र चलाउन मिल्ने भएकाले साना नानीहरूलाई अवधारणा दिने सबै सामग्रीहरू संयोजन गरेर सिकाउन यो धेरै नै सजिलो प्रविधि रहेछ।” ढुङ्गानाका अनुसार, इन्ट्याक्टिभ ह्वाइटबोर्डलाई चाहिने डिजिटल सामग्री बनाइरहेको भारतको एडुकम्प (educomp) नामक निजी कम्पनीको सफ्टवेयर खरीद गरी प्रयोग गरिएको छ। स्कूलमा सर्भर कम्प्युटरमा उक्त सफ्टवेयर, स्थानीय र इन्टरनेटबाट प्राप्त गरी करिब २५ जीवीको स्रोत सामग्री राखिएको र त्यसलाई नेटवर्कको माध्यमबाट जतिबेला पनि प्रयोग गर्न सकिने बनाएको स्कूलका निर्देशक शिरिष खड्काले जानकारी दिए।

## सिकाइमा आईसीटीः धेरै प्रभावकारी !

सूचना तथा सञ्चारका पछिल्ला प्रविधिको प्रयोग गरेर नेपाली बालबालिकाले शिक्षा पाउन थालेका दुई भिन्न दृष्टान्त हुन् यी। कम्प्युटर, इन्टरनेट, मल्टिमिडिया प्रोजेक्टर हुँदै इन्टरएक्टिभ ह्वाइटबोर्ड (डिजिटल ह्वाइटबोर्ड) सम्मका आईसीटीका पछिल्ला प्रविधिहरूले बालबालिकाको सिकाइ प्रक्रियालाई सहजीकृत मात्र गरेका छैनन्, झन्झन् प्रभावकारी बनाउँदै लगेका छन्।

ओएलपीसी कार्यक्रम लागू भएको नवज्योति निमाविका शिक्षक र विद्यार्थी दुवैको तीन वर्षको अनुभवले भन्छ, सिक्ने र सिकाउने सन्दर्भमा आईसीटीको अत्यन्तै उपयोगी माध्यम रहेछ। *(हे. बक्स)* अवलोकनपछि गरिएको अन्तरक्रियामा विद्यार्थीले एकस्वरमा भने, “कम्प्युटर र इन्टरनेट त हामीलाई नभई नहुने कुरा पो रहेछ। यसबाट सिकेका कुरा नबिर्सने र कहिल्यै पनि नभुलिने खालको हुँदोरहेछ। पाठ बुझ्न र नयाँ कुरा सिक्नका लागि ज्यादै उपयोगी !”

स-साना बालबालिकामा अनन्त जिज्ञासा हुन्छन् र उनीहरूलाई आफैँ खोज्न र सिक्न दिने हो भने आफैँ पनि थुप्रै कुरा खोज्न र एक्सप्लोर गर्न सक्दार हेछन् भन्ने कुरा यस स्कूलको अनुभवले पनि सिद्ध गरिदिएको छ। “मैले मुखले सम्झाउन नसकेका कति कुराहरू एनिमेटेड भिडियोले विद्यार्थीलाई बुझाइदिएका छन्।” शिक्षक शान्ता दाहाल भन्छिन्, “मैले सिकाउँदा पनि उच्चारण राम्ररी गर्न नजानेका विद्यार्थीहरू ल्यापटपमा त्यसको उच्चारण पटक पटक सुन्छन्। त्यसैले उनीहरूको अङ्ग्रेजी भाषा सिकाइमा समेत इपाटीले धेरै महत्त्वपूर्ण सहयोग गरेको छ।” प्रअ कल्पना भुषालका अनुसार, गणितीय अवधारणा दिन मात्र होइन, विज्ञानका कुरा बुझाउन त एनिमेटेड भिडियो र इपाटी सफ्टवेयर ज्यादै नै प्रभावकारी हुँदारहेछन्।

ओलम्पिया स्कूलकी शिक्षक प्रीति ढुङ्गानाको अनुभवमा, भनेर वा चित्रमा देखाएर पनि बुझ्न नसक्ने बच्चाहरूलाई भिडियो र सफ्टवेयरको माध्यमले सिकाउँदा राम्रोसित बुझ्दारहेछन्। “बच्चाहरूको ध्यान बाँडिएको हुन्छ। उनीहरू एकै ठाउँमा रहिरहन सक्दैनन्। तर प्रविधिले उनीहरूको ध्यान मज्जाले तान्दोरहेछ”, उनी भन्छिन्, “परम्परागत तरिकाले सिकाउँदा एउटा कक्षामा भएका २० मध्ये १० विद्यार्थीले राम्रोसित बुझ्लान्, ४ ले आधाजति बुझ्लान् र बाँकीले केही पनि नबुझ्न सक्छन् भने इन्टरएक्टिभ ह्वाइटबोर्डको माध्यमले पढाउँदा चाहिँ २० मा १८ जनाले राम्रोसित बुझ्दार हेछन्।” केही वर्षअघिदेखि एक्टिभ बोर्ड (एक किसिमको डिजिटल ह्वाइटबोर्ड) लाई शिक्षण प्रक्रियामा एकीकृत गरी पढाउन थालेको ललितपुरको युलेन्स स्कूलका शिक्षक महेश त्रिपाठीको अनुभवले भन्छ, कक्षालाई जीवन्त र अन्तरक्रियामुखी बनाउन तथा अर्थपूर्ण सिकाइका लागि यस प्रकारका डिजिटल ह्वाइटबोर्ड अत्यन्त सहयोगी हुँदारहेछन्। “प्रविधिलाई कक्षामा जोडेपछि हामी शिक्षक त पहिलेभन्दा धेरै नै सक्रिय हुनुपर्ने रहेछ। म राति १२ बजेसम्म पनि इन्टरनेट र अरू तरिकाबाट सामग्री जुटाउन व्यस्त रहन्छु।” यसमा उनी झन् खुशी छन्। भन्छन्, “बच्चा रमाएका छन्, झन् राम्रोसित सिकिरहेका छन् र सृजनशील हुँदै गइरहेका छन् भन्ने अनुभूति गर्न पाएपछि झन् बढी मिहिनेत र तयारी गर्ने ऊर्जा आउँदोरहेछ।”

# आवरण कक्षामा सूचना र सञ्चार प्रविधि



रवि मानन्धर

**नेपाली कक्षामा डिजिटल ह्वाइटबोर्ड !**
**बबरमहल, काठमाडौँको ओलम्पिया स्कूलका तीन कक्षाका विद्यार्थीलाई चन्द्रमाबारे इन्टरएक्टिभ ह्वाइटबोर्डको माध्यमद्वारा जानकारी दिँदै शिक्षक प्रीति ढुङ्गाना । यो प्रविधि नेपाली बजारमा पनि उपलब्ध हुन थालेको छ ।**

सरकारी पाठ्यक्रममा आधारित भएर करिब एक दशकदेखि सफ्टवेयर बनाइरहेको निजी कम्पनी मिडास एजुकेशनले हालसम्म नर्सरीदेखि कक्षा १० सम्मका विभिन्न विषयका सफ्टवेयर बनाइसकेको छ । त्यसको एक जना प्रयोगकर्ता हुन् तनहुँको खैरेनी उच्च माविका शिक्षक केशवराज घिमिरे, जसले मिडास लगायतका विभिन्न सफ्टवेयरहरू लगेर स्कूलको कम्प्युटर ल्यावमा हालेर विद्यार्थीलाई सिकाउने काममा उपयोग गरे। "विद्यार्थीले अङ्ग्रेजी भाषा सिक्नेदेखि भूगोल, सामाजिक शिक्षा, विज्ञान धेरै विषय सिक्न पाए । त्यति मात्र होइन, कम्प्युटरबाट विद्यार्थीले ग्राफिक डिजाइनिङ, वेब डिजाइनिङलगायत थुप्रै एप्लिकेशनहरू सिक्न पाए र त्यस विषयमा केही नयाँ सृजना गर्न पाए ।" घिमिरे भन्छन्, "त्यसैले अब आईसीटीलाई उपयोग जति बढी गर्न सकियो, उति नै बढी उपलब्धि हुन्छ ।"

### धेरै स्कूललाई थाहै छैन !

कम्प्युटरको घट्दो मोलसँगै नेपाली स्कूलहरूमा यसको पहुँच बढ्दै गइरहेको छ। एक दशकअघिसम्म शहरका मुट्ठीभर स्कूलहरूमा मात्र प्रवेश पाएको कम्प्युटरले आज दुर्गम गाउँघरका सामुदायिक हाईस्कूलहरूसम्म विस्तार पाएको छ। अझ जागरुक शिक्षक र केही गरौँ भन्ने भावना बोकेका व्यवस्थापन समितिका पदाधिकारी भएका सार्वजनिक प्राविले आफ्नो स्कूलमा आर्थिक अभावका बाबजुद दुःख गरेरै भए पनि कम्प्युटरको व्यवस्था गर्न थालेका छन् । काठमाडौँबाट ठूला शहर र जिल्ला सदरमुकामहुँदै मोबाइलबाट गाउँ गाउँसम्म इन्टरनेट पुग्न थाल्यो, त्यसपछि कम्प्युटरको फैलावट दूरदराजका केही स्कूलसम्म विस्तार हुन पुगेको छ। एक प्रकारले कम्प्युटर हाम्रा स्कूलहरूको निम्ति फेसन जस्तै बनिसकेको छ। अझ, निजी विद्यालयको लागि त कम्प्युटर विद्यार्थी आकर्षित गर्ने औजार नै बन्न पुगेको छ।

तथापि कम्प्युटर र इन्टरनेट सिक्ने सिकाउने काममा कसरी उपयोग गर्न सकिन्छ भन्ने बारेमा राम्रो जानकारी स्कूलहरूसम्म पुगेको छैन। त्यसको एउटा

## बालबालिकाको हातमा कम्प्युटर र इन्टरनेट पुग्दाको फाइदा

- विद्यार्थीले उच्चारण गर्न नजानेका अङ्ग्रेजी शब्दहरू ल्यापटप (इपाटी) को माध्यमबाट स्पष्टसित उच्चारण गर्न जानेका छन् । उनीहरूकै उमेर समूहको बच्चाको आवाजको उच्चारण सुन्न पाउने हुनाले उनीहरू छिटो र रुचिपूर्वक सिक्दारहेछन् ।
- विद्यार्थीले पाठसित सम्बन्धित भिडियो चाहेको बखत हेर्न पाउँछन्। भिडियोले अवधारणागत कुरादेखि मसिना कुराहरू पनि राम्रोसित बुझाइदिन्छ। भिडियोबाट सिकाइएका कुरा बच्चाहरूको दिमागमा गहिरोसित बस्छ ।
- विद्यार्थीहरूले कक्षा २ देखि नै आफूलाई चाहिएका सामग्री इन्टरनेटमा खोज्न र प्रयोग गर्न सक्छन्। सिकाइ सम्बन्धी भिडियो गेम, रोचक कथाहरू र मन लागेका तस्बिर, भिडियो खोज्न र हेर्न पाउँछन्, जसले उनीहरूको सिकाइ स्तरलाई माथि लैजान महत्त्वपूर्ण टेवा पुऱ्याउँछ ।
- गणित, अङ्ग्रेजी र नेपाली विषयका पाठ्यक्रमहरूमा आधारित भएर बनाइएका अन्तरक्रियामुखी भिडियो गेमहरू उपलब्ध भएकोले शिक्षकले बुझाउन नसकेका अवधारणागत वा व्यावहारिक कुराहरू गेमहरूबाट सजिलै बुझाइदिन्छन्।
- खाली पिरियड हुँदा विद्यार्थीहरू कम्प्युटरमै झुम्मिरहन्छन्। गेम खेल्ने वा इन्टरनेटमा अरू कुनै भिडियो वा तस्बिर खोज्ने चित्र बनाउने, गीत सुन्ने, सङ्गीत सृजना गर्ने लगायतका आफ्ना रुचिका कार्यमा लाग्दारहेछन्, जसले उनीहरूलाई सृजनशील हुन र आत्मविश्वास बढाउँदै लैजान सघाउँदोरहेछ भन्ने पनि देखिएको छ ।
- कम्प्युटरको प्रयोग गर्न बालबालिकाले इ-पुस्तकालयमा भएका पुस्तक, पत्रपत्रिका लगायतका सामग्रीहरू सजिलोसित पाउने भएकाले उनीहरूको पढ्ने बानीको विकास गर्न समेत मद्दत पुग्छ ।
- बच्चाहरूले कम्प्युटरमा धेरै कुरा खोज्ने भएकाले शिक्षकहरूलाई जाँगरिला, निरन्तर सक्रिय र अद्यावधिक भइरहन कर लाग्छ ।
- कम्प्युटरको आकर्षणले नियमित रूपमा स्कूल आउन प्रेरित गर्छ ।

*(कक्षा अवलोकनपछि ललितपुरको रुवारासीस्थित नवज्योति निमाविका शिक्षकसित गरिएको अन्तरक्रियामा आधारित)*



# सरकारले चाहे पाँच वर्षमै कायापलट

**महावीर पुन**

**म्याग्दीसहित नेपालका दूरदराजका गाउँका स्कूलमा इन्टरनेट पुऱ्याउँदाको एक दशकको अनुभव के रह्यो ?**

तीतामीठा दुवै अनुभवहरू रहे। दूरदराजका पहाडी गाउँहरूमा वायरलेस र इन्टरनेट प्रविधि पुऱ्याउन सकिने रहेछ र त्यसले मानिसहरूको शिक्षा, चेतना र जीवनमा अर्थपूर्ण परिवर्तन ल्याउन सकिने रहेछ। शिक्षाको स्तर उकास्न, जीवनस्तरमा सुधार ल्याएर पिछडिएका गाउँघरहरू र सिङ्गो देशलाई नै समृद्ध बनाउन सूचना तथा सञ्चारका अत्याधुनिक प्रविधिहरू प्रभावकारी माध्यम हुन् भन्ने अमेरिकामा पढाइ सकेर नेपाल फर्कंदा पलाएको विश्वास र यसप्रतिको लगाव अरू गहिरो भएको छ। सूचना तथा सञ्चारप्रविधिको बारेमा पर्याप्त ज्ञान तथा जानकारी नभए पनि गाउँघरका मानिसहरू यो प्रविधि गाउँमा लैजानका लागि आफ्नो तर्फबाट गर्न सक्ने जति दुःख र योगदान गर्न तम्तयार रहेछन्। काम गर्दा जुन परिवर्तन देख्न, अनुभूत गर्न पाइयो, त्यसको आनन्द त बेग्लै।

नमीठो अनुभव चाहिँ के रह्यो भने, शिक्षा मन्त्रालयको उच्च तहको कर्मचारीतन्त्र आईसीटीलाई स्कूल स्कूलसम्म विस्तार गर्ने मामिलामा त्यति सकारात्मक सोच भएको पाइनँ। उनीहरू अहिले पनि पुरानै सोचबाट ग्रस्त छन्। पाठ्यपुस्तक छापेर स्कूलमा पुऱ्याएपछि पुग्छ, प्रविधि नभए पनि फरक पर्दैन भन्ने रुढ मान्यता बोकेर बसेका छन्। यी वर्षहरूमा जति पनि शिक्षामन्त्री बने, तिनीहरू पनि उस्तै उदासीन रहेको देखें।

**कर्मचारी र मन्त्रीहरूले त्यस्तो के बिगारे र ?**

म तपाईंलाई एउटा घटना सुनाउँछु। पोहोर साल मैले अर्थ मन्त्रालयका उच्चपदस्थ कर्मचारीहरूलाई शिक्षामा सूचना तथा सञ्चारप्रविधिको विकास र विस्तारमा पैसा हालिदिनुपऱ्यो, अब देशलाई उँभो लगाउने यही प्रविधि हो भनें। उनीहरू मेरो कुरामा सहमत भए र बजेटमा यसनिम्ति भनेर रु.५ करोड छुट्याइदिए। यो पैसाले २/३ वटा जिल्लालाई शिक्षा, स्वास्थ्य लगायत आईसीटीको एकीकृत प्रयोगको जिल्ला बनाउन सकिन्छ भन्ने मेरो राय थियो।

बजेट अर्थले छुट्याए पनि यसबारे विस्तृत कार्यक्रम बनाउने जिम्मा शिक्षा मन्त्रालयकै हो। त्यसैले यसबारे कुरा गर्न म शिक्षा मन्त्रालय गएँ। त्यहाँका उच्चपदस्थ कर्मचारीहरूसित अर्थका अधिकारीलाई भन्दा झन् विस्तृत रूपमा बताएँ। उनीहरूले मेरो सोच र कार्यक्रमसित विमति जनाएनन्। केही समयपछि थाहा पाएँ, स्कूलले केही पैसा हाल्ने गरी स्कूलमा पाँच पाँच वटा कम्प्युटर किन्ने निर्णय गरेछन्। यो त एकदमै कनिका छराई भयो। यसपालि पनि ६ करोड रकम आईसीटीका लागि छुट्याइएको छ रे! यसपालि पनि त्यस्तै दुर्दशा होला भन्ने डर छ।

स्कुलमा इन्टरनेट र डिजिटल कन्टेन्ट नभई कम्प्युटर मात्रको काम छैन भन्ने कुरा शिक्षा मन्त्रालयका कर्मचारीतन्त्रले आत्मसात् नै गर्न सकेन। तर हाम्रा हरेक विद्यालयले अब एउटा कक्षाकोठामा बसेर आईसीटीको माध्यमले क्षणभरमै चाहिएका ताजा र नवीनतम् जानकारी र ज्ञान विश्वभण्डारबाट लिन र हामीले उत्पादन गरेका नयाँ ज्ञान र सूचना बाँड्न सक्ने हुनुपर्दछ। भर्चुअल क्लासरुम भनेको त्यही हो। समयको माग यही हो।

**त्यसो भए नेपालका दुर्गम गाउँका सामुदायिक स्कूलहरूमा आईसीटी कहिले पुग्ला त ?**

एक दशकअघि मैले वायरलेसबाट म्याग्दीका हाम्रा गाउँहरूलाई विश्वसित जोड्ने काम शुरु गर्दै थिएँ, त्यतिबेला काठमाडौंमै पनि इन्टरनेटको राम्रो पहुँच थिएन। सीमित संस्था र व्यक्तिहरूको मात्र पहुँच थियो। धेरै नै महँगो थियो। तर आज देशका शहरी क्षेत्रमा जताततै यसको विस्तार भइसकेको छ। ऊबेलाको तुलनामा निकै सस्तो भइसकेको छ। पहिले भन्दा यसको ब्याण्डविथ पनि बढेको छ। जीपीआरएस र सीडीएमए प्रविधिबाट गाउँघरसम्म पुग्न थालेको छ। यसले गर्दा मानिसहरूमा यो किन आवश्यक छ भन्ने चेतनाको स्तर ह्वात्तै बढेको छ। गाउँघरका मानिसहरूलाई यसले कसरी फाइदा दिनसक्छ भनेर हामीले पनि केही उदाहरण पेश गर्न सफल भयौं। केही न केही प्रगति त अहिले पनि भइरहेको छ। तर हामीलाई यो गति र स्तरको प्रगतिले पुग्दैन। यसलाई जति सक्दो छिटो रफ्तारमा बढाउनुपरेको छ।

यहाँ एउटा कुरा भनिहालुँ, देशका हरेक स्कूलमा वायरलेस प्रविधि र इन्टरनेट पुग्नु भनेको हरेक स्वास्थ्य चौकी, गाविस, कृषि सेवा केन्द्र, सामुदायिक संस्थाहरूमा पनि यो प्रविधि पुग्नु हो।

**धेरै पैसा खर्च हुन्छ होला, त्यो पैसाको जोहो गर्न सक्छ त सरकारले ?**

मज्जाले सक्छ। आर्थिक स्रोतको समस्या छैन। सरकारले शिक्षा क्षेत्रमा वार्षिक रु.६५ अर्ब खर्च गर्न सक्छ भने थप रु.१ अर्ब यसका लागि छुट्याउन नसक्ने होइन। वर्षमा रु.१ अर्ब खर्च गर्ने हो भने त देशभरका स्कूल पाँच वर्षमै कालापलट हुन्छन्। शिक्षा भनेको भविष्यका निम्ति वर्तमानको लगानी पनि हो नि! अर्थपूर्ण कामको सुरुआत त रु.५/१० करोडबाट पनि गर्न सकिन्छ। मेरो विचारमा सरकारले न्यूनतम लगानी गर्ने हो भने जनस्तरबाट पनि केही लगानी थपिन्छ। हामीले राम्रोसित काम गर्न सक्यौं र हामीसित राम्रो योजना छ भने दाताहरू पनि पाउन गाह्रो छैन।

तर मूल समस्या साधन स्रोतको होइन। मूल समस्या हो, देशका हरेक स्कूलमा आईसीटीमार्फत शिक्षा दिन्छु भन्ने सरकारको भिजनको खडेरी। इच्छाशक्ति र प्रतिबद्धताको अभाव। मन्त्री र कर्मचारीतन्त्रसित 'भिजन' र दृढ इच्छाशक्ति भए पुग्छ, साधनस्रोतको जोहो र कार्यक्रम त्यसैले बनाउँछ।



# अब 'ग्लोबल क्लासरुम'मा जाऔँ

डा. सौरभदेव भट्ट, शिक्षाविद्

हामी अहिलेसम्म स्कूलमा हार्डवेयर (कम्प्युटर र कम्प्युटरसित सम्बन्धित उपकरण) पुऱ्याएपछि, पुग्यो भन्ने नै ठानिरहेका छौँ। तर अब भने हामी सूचना तथा सञ्चारप्रविधिको प्रयोग गरेर विद्यार्थीलाई शिक्षा दिने कुरामा लाग्नुपर्छ। अब हामीले देशका सबै विद्यालयलाई 'ग्लोबल क्लासरुम'मा रूपान्तरण गर्नुपर्छ। दार्चुलाको दुर्गम गाउँको विद्यालयका केटाकेटीहरूलाई आफ्नै कक्षाकोठामा बसेर इन्टरनेटको माध्यमले चाहेका ज्ञान, सूचना तथा मनोरञ्जन लिन र आफ्ना ज्ञान तथा सिर्जनालाई अभिव्यक्त गर्ने अवसर दिइनुपर्छ। ग्लोबल क्लासरुम भनेको त्यही हो।

'ग्लोबल क्लासरुम'लाई नभई नहुने कुरा हो, इन्टरनेट र डिजिटल विषयवस्तुमा शिक्षक र विद्यार्थी दुवैको पहुँच। नेपालमा डिजिटल विषयवस्तुको विकासमा धेरै काम हुन बाँकी छ। त्यसका लागि लाग्ने धेरै पैसा निजी क्षेत्रबाट लगानी हुन सम्भव छैन। त्यसैले यसमा पनि सरकारले नै लगानी गर्नुपर्छ।

डिजिटल विषयवस्तु मुख्यतया दुई प्रकारका हुन्छन्। एउटा पाठ्यक्रममा आधारित र अर्को खुल्ला। खुल्ला *कन्टेन्टमा* आफ्नो रुचि अनुसारका पुस्तक, पत्रपत्रिका, भिडियो, एनिमेटेड भिडियो जे पनि हुनसक्छन्। त्यो कुरा विद्यार्थीको रुचिमा भरपर्ने कुरा हो। तर बच्चादेखि बूढासम्मका लागि उमेर र रुचि अनुसारका पुस्तक, अडियो, भिडियो लगायतका सामग्रीहरू राख्दै र विस्तार गर्दै लैजानुपर्छ। जसको सुरुआत ओएलईले इ-पुस्तकालयमार्फत गरिसकेको छ।

सरकारले यथोचित लगानी गर्ने हो भने हामी स्कूल तहलाई चाहिने आधारभूत डिजिटल सामग्री आगामी पाँच वर्षभित्र तयार गरिसक्छौँ। त्यसपछि हामी सामग्री विकासको माथिल्लो चरणमा प्रवेश गर्छौं। शिक्षकहरूलाई यस बारेमा राम्रो तालिमको आवश्यकता त परिहाल्छ नै, विस्तारै उनीहरूलाई पनि सामग्री निर्माणमा सक्रिय सहभागी गराउनुपर्छ। किनभने शिक्षक सामग्रीको उपभोक्ता मात्र होइन, निर्माता पनि हुन्। 📖

*(कुराकानीमा आधारित)*

उदाहरण हो ललितपुरको गोदावरीस्थित किटनी उमावि। त्यहाँको ल्यावमा २० वटाभन्दा बढी कम्प्युटर रहेछ। तर कम्प्युटरको अभ्यास गर्ने र स्कूलको प्रशासनिक काममा बाहेक यसको उपयोग नगरिएको विज्ञान शिक्षक सुरेश घिमिरे बताउँछन्। उनलाई सोधियो, "शरीर विज्ञान (Anatomy) को अवधारणा बुझाउन तपाईं के शैक्षिक सामग्री प्रयोग गर्नुहुन्छ?" जवाफ आयो, "ब्ल्याकबोर्डमा चित्र बनाउँछु।" उनलाई थप जिज्ञासा राखियो, "शरीर विज्ञानबारे राम्रोसित बुझाउने गरी बजारमा एनिमेटेड भिडियो सीडी/डीभीडी पाइन्छ र त्यसलाई कम्प्युटरमा राखेर विद्यार्थीलाई यसबारे राम्रोसित ज्ञान दिन सकिन्छ कि !" जवाफमा उनले भने, यसबारेमा मलाई थाहा छैन। जबकि नजिकैको काठमाडौँको न्यूरोड बजारमा नेपाली, भारतीय र अरू विदेशी सफ्टवेयर र श्रव्यदृश्य लगायत स्कूललाई उपयोगी हुने दर्जनौं प्रकारका सीडी र डीभीडीहरू पाइन्छन्। *(हे. शैक्षिक सफ्टवेयर सम्बन्धी आलेख)* मै ओएलइको सफ्टवेयर र सबै डिजिटल शैक्षिक सामग्रीहरू त निःशुल्क नै पाइन्छ।

कक्षा ११ का विद्यार्थीहरूलाई मल्टिमिडिया प्रोजेक्टरको माध्यमले एउटा नेपाली टेलिफिल्म देखाउँदै गर्दा कक्षामै भेटिएका काठमाडौँ त्रिपुरेश्वरस्थित विश्व निकेतन माविका कम्प्युटर विज्ञानका शिक्षक मुरलीप्रसाद शर्मा भिडियोको महत्त्व दर्साउँदै भन्छन्, "साना र ठूला सबै विद्यार्थीहरूलाई राम्रोसित कुरा बुझाउन मात्र होइन, व्यवहारमा परिवर्तन आउने गरी गहिरो छाप दिने माध्यम त भिडियो नै रहेछ।" सो स्कूलमा एउटा कोठा त मल्टिमिडियाबाट भिडियो देखाउनका लागि नै छुट्याइएको छ।

शिक्षाविद् एवं कम्प्युटरविज्ञ डा. सौरभदेव भट्टको कथन छ, "कम्प्युटरलाई धेरैजसो स्कूलमा चिठीपत्र लेख्ने र प्रश्नपत्र छाप्ने मेसिन वा बढी भन्दा बढी स्कूलका तथ्याङ्क, अभिलेखहरूलाई व्यवस्थित गरेर राख्ने मेसिनका रूपमा मात्र बुझिएको छ। तर यथार्थमा कम्प्युटर त्योभन्दा कैयन् गुणा बढी चाहिँ बच्चाहरूलाई गणित, विज्ञान, सामाजिक शिक्षा, अङ्ग्रेजी लगायत सबै विषय प्रभावकारी रूपमा सिकाउने माध्यम हो।" एउटा स्कूलमा एउटै मात्र कम्प्युटर भएमा पनि त्यसलाई सबै कक्षाका विद्यार्थीलाई समूहगत रूपमा पालैपालो सिकाउन उपयोग गर्न उनी सुझाव दिन्छन्। अर्थात्, दुर्गम गाउँमा रहेको एउटा प्राथमिक स्कूलले पनि सीडीएमएबाट इन्टरनेट जोड्न सक्छ, जहाँबाट शिक्षकले कुन विषयलाई कसरी सिकाउने भन्नेदेखि विश्वमा सिकाउने सन्दर्भमा नयाँ नयाँ के के सफ्टवेयर, पुस्तक, भिडियो आए भन्ने जानकारी सहजै लिन सक्छ। त्यति मात्र होइन, सरकारी पाठ्यपुस्तकमा अझै रङ्गीन चित्र नभएकाले आवश्यक तस्विरहरू इन्टनेटबाट डाउनलोड गरेर विद्यार्थीसामु प्रदर्शन गर्न सकिन्छ।

अङ्ग्रेजी भाषा सिकाउन खासगरी अङ्ग्रेजी शब्दलाई सही तरिकाले उच्चारण गर्न इन्टरनेटमा नै शब्दकोश पाइन्छन्। बजारमा पाइने विभिन्न डिक्सनरी सफ्टवेयरमा हरेक शब्दलाई उच्चारण गरेको सुन्न सकिन्छ। त्यसबाहेक सम्बन्धित विषयमा पछिल्लो ज्ञान तथा सूचना खोज्ने काममा इन्टरनेटले धेरै नै सहयोग गर्छ। त्यसको लागि इन्टरनेट चलाउन र सामग्री खोज्ने तरीका जाने पुग्छ। नवज्योतिकी शिक्षक शान्ता दाहालको अनुभवमा, एक हप्ता जतिको अभ्यास गर्दा कम्प्युटर खोल्न, वर्डमा लेख्न, सीडी प्ले गर्न इन्टरनेटमा ब्राउज गर्न र प्रिन्ट गर्न सकिन्छ। "चलाउन नजान्दा कम्प्युटर के के न हो जस्तो लाग्थ्यो। तर चलाउँदै गए पछि त मोबाइल जस्तै सजिलो लाग्यो।" दाहाल भन्छिन्, "सिक्नका लागि अलिकति रुचि भए पुग्नेरहेछ।" 📖

## रिपोर्ट स्कूलमा कम्प्युटर शिक्षा

**प्रमोद आयाम**, हेटौंडाबाट फर्केर

# टाढा छैनन् गाउँ पनि

**सूचना प्रविधिको बढ्दो आकर्षण, कम्प्युटर सीपको माग, विभिन्न संस्थाको प्रोत्साहन र छिमेकी विद्यालयको दखासिकीसँगै कम्प्युटर शिक्षाको लहर क्रमिक रुपमा ग्रामीण क्षेत्रका विद्यालयमा पनि पुग्ने क्रममा छ।**

मकवानपुर, पदमपोखरीस्थित महेन्द्र उमाविका शिक्षक महेश पोद्दारले २०५४ सालमा एसएलसी पास गर्दासम्म पनि कम्प्युटर सिक्नु भनेको 'ठूलै कुरा' जस्तो ठानिन्थ्यो। २०५७ सालमा *ब्याचलर्स इन कम्प्युटर एप्लिकेसन (बीसीए)* मा भर्ना हुने बेलामा मात्रै उनले कम्प्युटरसँग परिचित हुने मौका पाए।

तर, अहिले परिस्थिति उल्टिएको छ। विद्यालयको आधारभूत तहमै कम्प्युटरको पठनपाठन हुन थालिसकेको छ। महेन्द्र उमावि नै यसको एउटा उदाहरण हो, जहाँ कम्प्युटरको पठनपाठन चल्दै आएको छ। यहाँको ल्याबमा २७ वटा कम्प्युटर छन्। शिक्षक पोद्दार हिजो आफूले इन्स्टिच्युटमा सिकेका कम्प्युटरका आधारभूत ज्ञान/सीप आज कक्षा ६ का छात्रछात्रालाई सिकाउँदै छन्। यो विद्यालयको कक्षा ६-८ मा 'कम्प्युटर विज्ञान'(पूर्णाङ्क-५०) अनिवार्य गराइएको छ भने ९-१२ मा चाहिँ १०० पूर्णाङ्कको ऐच्छिक।

महेन्द्र उमाविभन्दा केहीपर पर्ने सिग्रेनीस्थित प्रतिभा निमाविमा पनि २०६४ सालदेखि कम्प्युटर विज्ञानको पढाइ हुँदै आएको छ। यहाँ पनि कक्षा ६-८ मा कम्प्युटर अनिवार्य गरिएको छ। पदमपोखरीकै पानतलेस्थित बुद्ध माविमा २०६७ देखि कक्षा ६ र ७ मा कम्प्युटर शिक्षा शुरु गरिएको छ।

कम्प्युटर शिक्षाको आकर्षण हेटौंडा नगरक्षेत्रमा अरू बढी देखिएको छ। स्रोतव्यक्ति ध्रुवप्रसाद भट्टराईका अनुसार, नगरक्षेत्रका १३ माविमध्ये १२ र पाँच निमाविमध्ये एउटामा कम्प्युटरको पठनपठन सञ्चालित छ।

### स्कूलमै आधारभूत सीप

हेटौंडा, गौरीटारस्थित बालजागृति माविको कक्षा ७ का छात्र दिनेश बस्नेत विद्यालयमै सिकेको भरमा कम्प्युटरमा अङ्ग्रेजी अक्षरमा टाइप गर्न, त्यसलाई 'सेभ' गर्न र फाइल बनाउन तथा पुराना फाइल/फोल्डरको नाम परिवर्तन गर्न सक्छन्। अनेक किसिमका चित्रहरू बनाउन त उनलाई झन् सजिलो लाग्छ। 'डेस्कटप'का तस्बिर फेर्न, नयाँ 'युजर अकाउन्ट' बनाउन र 'पासवर्ड' परिवर्तन गर्न पनि उनी सिपालु भइसके। दिनेश भन्छन्, "घरमा पनि ल्यापटप छ। त्यसबाट



तस्बिरहरू: प्रमोद आयाम



**कम्प्युटरको रहर: विद्यालयको ल्याबमा प्रयोगात्मक अभ्यास गर्दै नवज्योति मावि, हेटौंडा (बायाँ) र प्रतिभा निमावि, पदमपोखरीका छात्रछात्रा।**

## रिपोर्ट स्कूलमा कम्प्युटर शिक्षा

### विद्यालय अघिअघि, पाठ्यक्रम पछिपछि !

**शुरुशुरुमा** निजी विद्यालयमा रहेको कम्प्युटर शिक्षाको प्रभाव विस्तारै सामुदायिक विद्यालयमा पनि पर्दै गयो। पाठ्यक्रम विकास केन्द्रका उपसचिव टार्जन राईका अनुसार, एसएलसीमा पहिलो पटक कम्प्युटर शिक्षाको परीक्षा २०४५ सालमै भएको थियो। त्यसताका बनेको कक्षा ९-१० को पाठ्यक्रम २०६५ मा आएर मात्रै परिमार्जन गरियो।

प्रारम्भमा ९-१० को ऐच्छिक विषयबाट थालिएको यसको पठनपाठन अहिले कक्षा ६ देखि नै शुरु भइसक्यो, अझ कतिपयले त कक्षा दुईदेखि नै राखेका छन्। ग्रामीण क्षेत्रका विद्यालयमा ६-७ वर्षदेखि आधारभूत तहमै कम्प्युटरको पठनपाठन शुरु भइसके तापनि यसका पाठ्यसामग्री बनाउने जिम्मा पाएको पाठ्यक्रम विकास केन्द्र चाहिँ पछाडि परेको देखिन्छ। केन्द्रले गत वर्ष मात्रै कक्षा ६-८ का निम्ति कम्प्युटर शिक्षाको पाठ्यक्रमको नमुना तयार गरेको छ। जुन अहिले परीक्षणकै चरणमा छ। त्यो पाठ्यक्रम परिमार्जन भएर विद्यालयमा पुग्न अझै एक वर्ष लाग्नेछ। केन्द्रका उपसचिव टार्जन राई भन्छन्, "हामीले पहिल्यै पाठ्यक्रम तयार गर्नुपर्थ्यो। यो सवालमा विद्यालयभन्दा हामी पछि परेकै हो।"

केन्द्रले बनाएको ६-८ को नमूना पाठ्यक्रममा कम्प्युटरका आधारभूत ज्ञान, सूचना, सञ्चार तथा प्रविधि, सूचनासम्बन्धी कानुन, कम्प्युटर ग्राफिक्स, प्रोग्रामिङ जस्ता विषयवस्तुहरू समेटिएका छन्। कक्षा ९-१० को पाठ्यक्रममै १०० पूर्णाङ्कमध्ये सैद्धान्तिक र प्रयोगात्मकलाई क्रमश: ५०-५० अङ्कभार राखिएको हुँदा सोही अनुरुप विद्यार्थीको मूल्याङ्कन हुने गरेको छ। तर, तल्ला कक्षाका पाठ्यक्रम नभएकै कारण विद्यालयले १० देखि २० प्रतिशत मात्रै प्रयोगात्मक मूल्याङ्कन गरेको पाइन्छ, जुन अपर्याप्त हो। उपसचिव राई भन्छन्, "कम्प्युटर सीपमूलक विषय भएकाले अरूभन्दा फरक छ। प्रयोगात्मक परीक्षामा ५० प्रतिशत अङ्कभार नराख्ने हो भने विद्यार्थीको सिकाइको मूल्याङ्कन गर्न सकिँदैन।"

कक्षा ६ र ४ मा पढ्ने बहिनीहरूलाई पनि सिकाउने गरेको छु।"

कम्प्युटर पढाउने शिक्षकहरूका अनुसार, कक्षा ८ सम्म पुगिसक्दा सबैजसो विद्यार्थीले कम्प्युटरको विकास क्रमदेखि अङ्ग्रेजी अक्षरमा टाइप गर्ने, 'एक्सल' आँकडा राखेर योगफल निकाल्ने, 'मार्क-लेजर' तयार गर्ने, चित्र बनाउने, 'वर्ड-आर्ट' बनाउने, क्याल्कुलेटर चलाउने जस्ता क्रियाकलापको सामान्य सीप जानिसक्छन्। कतिपय विद्यार्थी त एक्सलबाट विभिन्न चार्ट र 'पावर-प्वाइन्ट स्लाइड' बनाउन पनि सक्षम भइसकेका हुन्छन् *(हे. बक्स अनुभव)*।

पाठ्यक्रम विकास केन्द्रले हालसम्म कक्षा ९-१० को मात्रै कम्प्युटर विज्ञानको पाठ्यक्रम तयार गरेको छ। तल्ला तहमा निजी पब्लिकेशन्सका पाठ्यपुस्तक अनुसार कम्प्युटर विज्ञान पढाइन्छ। कक्षा ६-८ का पाठ्यपुस्तकमा कम्प्युटरको परिचय, इतिहास, कम्प्युटर प्रणाली र पाटपुर्जा, 'अफिस प्याकेज'(वर्ड, एक्सल, पावर-प्वाइन्ट), इमेल/इन्टरनेटको अवधारणा जस्ता आधारभूत विषयवस्तुहरू समेटिएका छन्।

कक्षा ९-१० को पाठ्यक्रम/पाठ्यपुस्तकमा कम्प्युटरको आधारभूत पक्ष, अपरेटिङ सिस्टम, क्युबेसिक ल्याङ्ग्वेज प्रोग्रामिङ, एचटीएमएल, डाटाबेस म्यानेजमेन्ट सिस्टम, स्ट्रक्चर्ड प्रोग्रामिङ जस्ता विषयवस्तु छन्। जनप्रिय उमावि, हटियाका शिक्षक समाधान सापकोटा भन्छन्, "कक्षा ६-१० का पाठ्यपुस्तकमा रहेका विषयवस्तुलाई सैद्धान्तिक र प्रयोगात्मक दुवै हिसाबले राम्रोसँग पढाउन सकियो भने 'बेसिक कोर्स'कै लागि विद्यार्थीले फेरि इन्स्टिच्युट धाइराख्नुपर्दैन।"

### इन्टरनेटको अभाव

'वायरलेस इन्टरनेट'का अभियन्ता महावीर पुनको परियोजना अन्तर्गत जनप्रिय उमाविमा पनि इन्टर नेट जोडिएको छ। तर, केही महिनायता 'रिसिभिङ एन्टेना'ले काम नगरेर इन्टरनेट चल्न नसकेको शिक्षक सापकोटाको भनाइ छ। महेन्द्र उमाविमा नेपाल टेलिकमको *सीडीएमए* टेलिफोनबाट इन्टरनेट जोडिए पनि त्यसको न्यून गतिका कारण कम्प्युटर ल्याबसम्म पुऱ्याउन सकिएको छैन। यता, बालजागृतिमा *एडीएसएल* प्रविधिको इन्टरनेट जोडिए पनि त्यो शिक्षक कोठामै सीमित छ। नवज्योति मावि, हेटौंडा र प्रतिभा निमावि, पदमपोखरीमा पनि इन्टरनेट छैनन्।

कम्प्युटर शिक्षाको एउटा अभिन्न पाटो भए तापनि त्यसमा विद्यार्थीको पहुँच नहुँदा



बालजागृति युवा वर्ष मावि, हेटौंडाका छात्रछात्रा।



## चिताएकै थिइनँ

**मिलन गोले**
कक्षा-८, प्रतिभा निमावि, पदमपोखरी

**पहिले-पहिले** अरूले कम्प्युटर चलाएको देख्दा आफूले पनि सिक्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो। नभन्दै कक्षा ६ देखि नै कम्प्युटर पढ्न पाएँ। शुरुमा त अलि अप्ठेरो जस्तो लागेको थियो। चलाउँदै जाँदा सजिलो हुँदो रहेछ। अहिले म अङ्ग्रेजी टाइप राम्रैसँग गर्छु। एक्सल पनि जानिसकेँ। एक्सलबाटै मार्कशिट बनाउन, अरू डाटा राखेर योगफल निकाल्न, बार तथा पाइ चार्ट बनाउन सक्ने भएको छु।

पेन्टिङ गर्न त झन् सजिलो लाग्छ। पावर-प्वाइन्ट चलाउन मलाई बढी आनन्द लाग्छ। चित्र बनाएर त्यसमा टेक्स्ट भर्न र पावर-प्वाइन्ट स्लाइड बनाउन जानिसकेको छु। स्कूलमै यसरी कम्प्युटर पढ्न पाइएला भनेर मैले चिताएकै थिइनँ। यो अवसर पाएर म एकदमै खुशी छु। अरु बढी सिकौं-सिकौं जस्तो लागेको छ। इमेल र इन्टरनेट सिक्ने मौका पाएको छैन। अब यसैमा रहर छ।



## धेरै कुरा सिकियो

**सविना दोङ**
कक्षा-१०, महेन्द्र उमावि, पदमपोखरी

**स्कूलमा** कम्प्युटर पढ्नुअघि एक दुई पटक 'गेम' खेलेकी थिएँ। तर, कम्प्युटरमा गेम खेल्न मात्रै नभएर अरू धेरै कुरा गर्न सकिने रहेछ। टाइप राम्रैसँग गर्न सिकेकी छु। एक्सलबाट मार्कशिट तयार गर्न, 'स्यालरीशिट' बनाएर कर कट्टी गर्न पनि सिकेँ। पावर-प्वाइन्ट चलाउन पनि सक्ने भएँ। इन्टरनेटको बारेमा सैद्धान्तिक ज्ञान त पाइयो। तर, चलाउने मौका चाहिँ पाएकी छैन। अब फोटोशप सिक्ने रहर छ।

हाम्रो स्कूलको कम्प्युटरमा 'इन्कार्टा' पनि राखिएको छ। त्यसमा त धेरै जानकारीमूलक कुराहरू हुने रहेछन्। 'डिक्सनरी' पनि त्यसैमा हुने रहेछ। त्यसमा संसारका प्रसिद्ध मानिसको जीवनी पनि पढियो। मैले इन्कार्टाबाट विभिन्न देशका नक्सा र परिचयहरू हेर्न पाएँ। अब कक्षा ११ मा पनि यो विषयलाई निरन्तरता दिने सोचाइमा छु।

इन्टरनेटको पढाइ सिद्धान्तमा मात्रै सीमित भएको देखिन्छ। त्यसो त; इन्टरनेटप्रति विद्यार्थीको चासो निकै छ। बालजागृतिका छात्र सुभाष खतिवडा भन्छन्, "इन्टरनेट चलाउन त साह्रै रहर छ। तर चलाउन चाहिँ पाएको छैन।" शिक्षक दीपक ढकाल चाहिँ ल्याबका सबै कम्प्युटरलाई इन्टरनेटसँग जोड्ने योजना विद्यालयले बनाएको बताउँछन्।

### समस्या अरू पनि

सामुदायिक विद्यालयमा आधारभूत तहदेखि नै कम्प्युटर शिक्षाको थालनी हुनु आफैँमा एउटा महत्त्वपूर्ण उपलब्धि हुँदाहुँदै पनि यसका चुनौती पनि उत्तिकै देखिन्छन्। पहिलो कुरा त कम्प्युटरको अपर्याप्तता नै हो। महेन्द्र उमाविमा कक्षा ६, ७ र ८ मा क्रमश: १२५, ११७ र १७० विद्यार्थी छन्। कक्षा ६ र ७ मा दुई र ८ मा तीन वटा सेक्सनका निम्ति जम्मा २७ वटा कम्प्युटर पर्याप्त हुने कुरै भएन। यो समस्या अरू विद्यालयमा पनि छ। जनप्रिय स्कूलमा विद्यार्थी सङ्ख्या बढी भएकै कारण कक्षा ८ मा कम्प्युटर विज्ञानलाई अनिवार्य नगरी ऐच्छिक विषयको रूपमा राखिएको छ। कक्षा ९-१० मा चाहिँ ऐच्छिक विषय भएकाले यो समस्या अलि कम देखिन्छ।

मुलुकमा व्याप्त लोडसेडिङका कारण तिनै सीमित कम्प्युटरहरू पनि नियमित चल्न पाउँदैनन्। जसले गर्दा विद्यार्थीलाई नियमित अभ्यास गराउन नसकिएको शिक्षकहरूको भनाइ छ।

कम्प्युटर विज्ञान पढाउने शिक्षकको योग्यताको सवाल पनि अहिलेको पेचिलो विषय बन्न पुगेको छ। कक्षा ९-१० मा पढाउनका निम्ति सम्बन्धित विषयमा स्नातक गरेको हुनुपर्ने सरकारी मापदण्ड छ। तथापि, सबै विद्यालयमा कम्प्युटर विषयमै स्नातक गरेका शिक्षकहरू भेटिँदैनन्। *शिक्षक* प्रतिनिधि पुगेका चार माध्यमिक स्कूलमध्ये महेन्द्र उमाविका महेश पोद्दार र जनप्रियका समाधान सापकोटाले क्रमश: बीसीए र बीआईटी गरेका छन्। बालजागृतिका दीपक ढकाल तथा नवज्योति मावि, हेटौंडाका कृष्ण थापा र विश्व राई *डिप्लोमा इन कम्प्युटर* हुन्, जुन इन्स्टिच्युटहरूमा पढाइने १-२ वर्षे कोर्स हो। यस्तो योग्यताले आधारभूत तहमा पठनपाठनका निम्ति धान्न सके तापनि माध्यमिक तहलाई भने पर्याप्त नहुने पाठ्यक्रम विकास केन्द्रका अधिकारीहरू बताउँछन्। केन्द्रका उपसचिव टार्जन राई भन्छन्, "माध्यमिक तहमा कक्षा ६-८ को तुलनामा गहन विषयवस्तु छन्। यसका लागि कम्प्युटर विषयमा स्नातक गरेकै शिक्षक आवश्यक पर्छ।"

हाल नेपालमा विभिन्न विश्वविद्यालयबाट बीएस्सी, बीसीए, बीआईटी जस्ता स्नातक तह उत्तीर्ण गरेका जनशक्तिहरू उत्पादन भइरहे तापनि तिनको पहिलो रोजाइमा शिक्षणभन्दा अरू नै क्षेत्र पर्ने गरेका छन्। त्यसमाथि विद्यालयमा कम्प्युटर शिक्षकको दरबन्दी पनि नभएको कारणले तिनको आकर्षण देखिँदैन। यता त्रिवि, शिक्षाशास्त्र सङ्कायले कम्प्युटर शिक्षक उत्पादनकै निम्ति दुई वर्षअघि आफ्ना पाँच वटा आङ्गिक क्याम्पसमा कम्प्युटर शिक्षाको बी.एड. कार्यक्रम शुरु गरेको छ। यो तीनवर्षे कोर्स पूरा गरेर जनशक्ति उत्पादन हुन अरू एक वर्ष पर्खिनुपर्नेछ।



विश्लेषण

गुरू मैनाली

# शैक्षणिक सफ्टवेयर

**शिक्षकको काम विद्यार्थीलाई ज्ञानको निर्माण गर्न सहयोग पुऱ्याउनु मात्र हो। ड्रिल र अभ्यास तथा ट्युटोरियल, सिमुलेसन, खेल तथा समस्या समाधान सफ्टवेयरहरू अडियो, भिडियो, एनिमेशन, ग्राफिकको प्रयोग गरी बनाइने हुँदा तिनीहरू विद्यार्थीलाई आकर्षित गर्न सफल हुन्छन्।**

कम्प्युटर आफैं सञ्चालन हुँदैनन्। यिनीहरूलाई सञ्चालन गर्न सफ्टवेयरको आवश्यकता पर्छ। कम्प्युटर प्रणाली सञ्चालन गर्न लेखिएका सफ्टवेयरहरूलाई सिस्टम सफ्टवेयर भनिन्छ। यसले कम्प्युटरलाई काम गर्न योग्य बनाउँछ। त्यस्तै कम्प्युटर प्रयोगकर्ताका आवश्यकता अनुसारका निर्माण गरिएका सफ्टवेयरहरूलाई 'एप्लिकेसन सफ्टवेयर' भनिन्छ। शिक्षण सिकाइ क्रियाकलापका लागि उपयोगी सफ्टवेयरहरूलाई शैक्षणिक सफ्टवेयर भनिन्छ। यी शैक्षणिक सफ्टवेयरहरू पनि एप्लिकेसन सफ्टवेयरहरू नै हुन्। शैक्षणिक सफ्टवेयरलाई कोर्सवेयर पनि भनिन्छ। यस्ता सफ्टवेयरहरू कुनै पनि पाठ सिकाउनका लागि वा पाठ बुझाउने सन्दर्भमा विद्यार्थीलाई सहयोग गर्नका लागि तयार गरिएका हुन्छन्।

१९८० र १९९० को दशक निर्माणवादी सिकाइ सिद्धान्तको दबदबा रह्यो। सिकाइ स्थानान्तरण होइन निर्माण हुन्छ। आवश्यक वातावरण प्रदान गरेमा विद्यार्थी स्वयम्ले ज्ञानको निर्माण गर्छन्। शिक्षकको काम विद्यार्थीलाई ज्ञानको निर्माण गर्न सहयोग पुऱ्याउनु मात्र हो भन्ने निर्माणवादीको मुख्य आशय थियो। फलस्वरुप विद्यार्थीलाई पाठ सिक्न सहयोग पुऱ्याउने र आफैं ज्ञान निर्माण गर्न सहयोग पुऱ्याउने सफ्टवेयरहरू निर्माण गरिए। ड्रिल र अभ्यास तथा ट्युटोरियल सफ्टवेयरहरू मूलतः निर्देशित सिकाइ रणनीतिमा आधारित थिए। पछिल्लो कालमा सिमुलेसन, खेल तथा समस्या समाधान सफ्टवेयरहरू निर्माण गरिए जुन निर्माणवादी सिद्धान्तमा आधारित थिए। यस्ता सफ्टवेयरहरूमा अडियो, भिडियो, एनिमेशन, ग्राफिकको प्रयोग गरी बनाइने हुँदा तिनीहरू विद्यार्थीलाई आकर्षित गर्न सफल हुन्छन्।

अनुसन्धाताहरू ग्याग्ने, वेगर र रोजाले कस्ता शैक्षणिक सफ्टवेयरहरूले शैक्षणिक कार्यलाई सहयोग गर्छन्, शैक्षणिक कार्यका लागि कस्ता सफ्टवेयरहरू छनोट तथा प्रयोग गर्नुपर्छ भन्ने बारेमा केही सुझाव दिएका छन्। शैक्षणिक सफ्टवेयरले निम्न लिखित कार्य गर्न सक्ने हुनुपर्छ भनी उल्लेख गरेका छन्। १) विद्यार्थीको ध्यानाकर्षण गर्न सक्ने, २) विद्यार्थीलाई उक्त पाठको उद्देश्यक के हो भनी बताउने, ३) पूर्व सिकाइलाई पुनःस्मरण गराउने, ४) नयाँ पाठको प्रस्तुतीकरण, ५) सिक्नका लागि पथप्रदर्शन गर्ने, ६) विद्यार्थीको उपलब्धि पत्ता लगाउने, ७) पृष्ठपोषण प्रदान गर्ने, ८) उपलब्धिको मूल्याङ्कन गर्ने र ९) पुनः स्मरण गराउने कार्य गर्न सक्ने हुनुपर्छ।

यस्ता सफ्टवेयरहरू विभिन्न किसिमका हुन्छन्। खासगरी यी सफ्टवेयरका कार्यका आधारमा पाँच भागमा विभाजन गरिएको छः

## १. तरिका र अभ्यास

यस सफ्टवेयरले विद्यार्थीलाई प्रशस्त अभ्यास गर्ने अवसर प्रदान गर्छ। प्रश्नहरूमा विकल्पहरू दिइएको हुन्छ वा छोटो उत्तर लेख्नुपर्ने हुन सक्छ। उत्तर छनोट गरिसकेपछि बटन थिच्दा छनोट सही वा गलत के भयो तुरुन्तै जानकारी दिन्छ। अर्कोथरी 'ड्रिल'हरू हुन्छन् विद्यार्थीले सही जवाफ दिँदै गए प्रश्नहरूको कठिनाइस्तर पनि बढ्दै जान्छ र गलत जवाफ दिए कम कठिनाइ स्तरका प्रश्नहरू स्वतः देखा पर्छन्। अर्कोथरि ड्रिलमा प्रश्नहरूको जवाफ दिँदा सामान्य रूपमा गलत वा सही भन्ने मात्र पृष्ठपोषण प्राप्त हुँदैन। त्यो दिएको उत्तर किन सही हो वा दिएको उत्तर किन गलत हो भन्ने व्याख्यासहितको पृष्ठपोषण समेत प्राप्त हुन्छ।

एउटा भनाइ नै छ, अभ्यासले सिकाइलाई निपूर्ण बनाउने होइन, सिकेको कुरालाई स्थायी बनाउँछ। शिक्षणमा यस्ता ड्रिलहरूबाट तुरुन्त पृष्ठपोषण प्राप्त हुन्छ। जसले गर्दा गलत सिकाइलाई स्थायी बनाउन दिँदैन। विद्यार्थीलाई सिक्न प्रेरित गर्छ। शिक्षक नभएको बेला पनि विद्यार्थीले सिकाइलाई अघि बढाउन सक्छन्। गणितीय तथ्यहरू, टाइपिङ सीप, अङ्ग्रेजी तथा अन्य विदेशी भाषा तथा शब्दभण्डार, देश र राजधानीका नाम तथा अन्य संज्ञानात्मक कुराहरू सिक्न यसले मद्दत गर्छ। परीक्षाको तयारीका लागि पनि ड्रिल तथा अभ्यासहरू गर्न सकिन्छ।

गृहकार्य तथा अभ्यासका साथमा यस्ता ड्रिल सफ्टवेयरहरूको प्रयोग गराउन सकिन्छ। उच्च सोचाइ सीपहरू सिक्न आवश्यक पूर्वज्ञानहरूको अभाव पाइएमा त्यस्ता विद्यार्थीलाई आवश्यक पूर्वज्ञान दिन यस्ता सफ्टवेयरको प्रयोग गर्न सकिन्छ। विद्यार्थीलाई उत्प्रेरित गर्ने, तत्काल पृष्ठपोषण प्रदान गर्ने तथा आफ्नै गतिमा सिक्न सकिने हुँदा कलम कापीमा गरिने अभ्यास भन्दा फाइदाजनक पाइएको छ।

तर यस्ता अभ्यासहरू गराउँदा निश्चित समय मात्र गराउनुपर्छ। हरेक दिन १० वा १५ मिनेट अथवा बढीमा आधा घण्टा भन्दा बढी अभ्यास गराउनुहुँदैन। हरेक विद्यार्थीको सिक्ने क्षमता वा गति फरक फरक हुने हुँदा यस्ता अभ्यासहरू व्यक्तिगत रूपमा गराउँदा राम्रो मानिन्छ।

## २. ट्यूटोरियल सफ्टवेयर

यस्ता सफ्टवेयरहरूले कक्षाकोठामा शिक्षण गरे जस्तै गरी सम्पूर्ण पाठ शिक्षण गर्दछ। कक्षाकोठा भन्दा पृथक् यस्ता सफ्टवेयरहरूले आवाज, चित्र, भिडिओ तथा एनिमेशनको मद्दतले अरू राम्ररी प्रस्ट्याउने गर्दछन् । अरु सामग्री तथा सहयोग बिनै यस्ता ट्यूटोरियल (Tutorial)को मद्दतले विद्यार्थी सिक्न सक्छन्। ट्यूटोरियल अरु शैक्षणिक सफ्टवेयर भन्दा पृथक् हुन्छ। यो साँच्चैको शिक्षण सफ्टवेयर हो। एउटा राम्रो ट्यूटोरियलले माथि उल्लेख गरिएका ग्याग्नेका ८ वटै शिक्षण क्रम पूरा गरेको हुनुपर्छ।

> **शिक्षकले गरेको शिक्षण कुनै विद्यार्थीलाई पर्याप्त नभएमा उनीहरूले ट्यूटोरियलको सहयोग लिन सक्छन् । त्यस्तै ढिलो सिक्ने र विषयवस्तुको अवधारणा बुझ्न समय लाग्नेहरूका लागि पनि ट्यूटोरियल उपयोगी हुन्छ । कतिपय विद्यार्थी आफ्नै गतिमा सिक्ने हुन्छन्**

ट्यूटोरियलमा पनि ड्रिलमा जस्तै मूल्याङ्कनका लागि अभ्यासहरू राखिएका हुन्छन् भने केही ड्रिलहरूमा विस्तृत रूपमा पृष्ठपोषण प्रदान गरिएको हुन्छ । तर ड्रिलको मूल प्रयोजन बढीभन्दा बढी अभ्यास गराउनु हो भने ट्यूटोरियलको मूल प्रयोजन पाठलाई विस्तृत रूपमा बुझाउनु र सो पाठ बुझे बुझेनन् भनी थाहा पाउनका लागि अभ्यासहरू राखिएका हुन्छन्। यस्ता ट्यूटोरियलहरूमा पनि सबै स्तरका विद्यार्थीहरूका लागि एकै प्रकारको व्याख्या, अभ्यास र पृष्ठपोषण प्रदान गर्ने सामान्य खालका ट्यूटोरियलदेखि विद्यार्थीहरूले दिएको जवाफका आधारमा सफ्टवेयर आफैँले स्तर निर्धारण गरी कठिनाई तहमा कमी वा वृद्धि गर्दै लैजान्छ।

राम्रोसँग पढ्न/लेख्न जान्ने वयस्कहरूका लागि यो सफ्टवेयर उपयोगी हुन्छ। तर पढ्न नजान्नेहरूका लागि यो सफ्टवेयरले मद्दत पुऱ्याउँदैन। राम्रा ट्यूटोरियलमा माथि उल्लिखित कुराका अलावा बढी मात्रामा अन्तरक्रियात्मक हुनुपर्छ। उपयुक्त शिक्षण क्रम तथा सम्पूर्ण पाठलाई समेटेको हुनुपर्छ। पर्याप्त मात्रामा व्याख्या र उदाहरणहरू प्रस्तुत गरेको हुनुपर्छ। उपयुक्त मात्रामा चित्रहरू हुनुपर्छ। विद्यार्थीले बटन थिचेपछि मात्र अर्को पानामा जाने हुनुपर्छ। पाना पल्टाउने कुरामा विद्यार्थी स्वयंले निर्णय गर्न वा सार्न पाउने हुनुपर्छ। आफ्नो आवश्यकता अनुसार पाठ तथा उदाहरणलाई दोहोऱ्याउन मिल्ने हुनुपर्छ। चाहेको बेला ट्यूटोरियल बन्द गर्ने वा चाहेको पाठमा खोल्न मिल्ने हुनुपर्छ। अन्त्यमा कुन विद्यार्थीले कहिले प्रयोग गऱ्यो, त्यसमा दिएका अभ्यासहरू कति मिलायो, कति मिलाउन सकेन, के के मिलायो, के के मिलाएन जस्ता रेकर्डहरू रहने व्यवस्था सफ्टवेयरमा हुनुपर्छ जसले गर्दा शिक्षकले विद्यार्थीको प्रगति विवरण सजिलै र तुरुन्तै प्राप्त गर्न सक्छन्।

ट्यूटोरियल स्वयं सिकाइका लागि हुन्छ। शिक्षकले गरेको शिक्षण कुनै विद्यार्थीलाई पर्याप्त नभएमा उनीहरूले ट्यूटोरियलको सहयोग लिन सक्छन्। त्यस्तै ढिलो सिक्ने र विषयवस्तुको अवधारणा बुझ्न समय लाग्नेहरूका लागि पनि ट्यूटोरियल उपयोगी हुन्छ। कतिपय विद्यार्थी आफ्नै गतिमा सिक्ने हुन्छन् कतिपयलाई परीक्षा अघि पाठको पुनरावलोकन गर्न जरुरी हुन्छ त्यस्ता सबै विद्यार्थीमा लागि ट्यूटोरियल उपयोगी हुन्छ।

## ३. सिमुलेशन (Simulation) सफ्टवेयर

यस्ता सफ्टवेयरहरूले खास गरी निर्देशित सिकाइ तथा खोजमूलक सिकाइ अर्थात् निर्माणवादी (Constructivist) दुवै प्रयोजनलाई पूरा गर्न सक्छन्। सीप सिकाउँदा निर्देशित सिकाइ हुन्छ भने अन्वेषण वा खोजी कार्य गराउँदा निर्माणवादी सिकाइ प्रयोजन पूरा हुन्छ। खासगरी यस्ता सफ्टवेयरहरूले वास्तविक वा काल्पनिक प्रणालीमा उक्त प्रणालीले कसरी काम गर्दछन् भन्ने कुरा सिकाइन्छ। उदाहरणका लागि जनसाङ्ख्यिक चरहरूमा परिवर्तन भयो भने जनसङ्ख्या वृद्धिमा कसरी परिवर्तन आउँछ। वातावरणीय तत्वहरूको असर इकोसिस्टममा कसरी पर्छ। विभिन्न चरहरूको परिमाणमा थपघट गर्दा कस्तो परिणाम आउँछ भनी देखाउँछ। विद्युत् प्रवाहमा विद्युतीय पथ (Electrical circuit) ले कसरी काम गर्छ। विभिन्न रसायनहरूको छनोट कसरी गर्ने र तिनीहरूको सम्मिश्रणबाट कस्तो परिणाम आउँछ भन्ने कुरा थाहा पाउन सकिन्छ। खास गरी विज्ञानमा सिमुलेसनको प्रयोग अत्यधिक मात्रामा भएको पाइन्छ। आणविक भट्टीबाट विकिरण फैलियो भने यस्तो आपत अवस्थामा के गर्ने जस्ता समस्या समाधानका उपायहरू सुझाउन सहयोगी हुन्छ।

कतिपय घटनाहरू लामो समयपछि मात्र घट्ने हुन्छन्। त्यस्ता घटनाहरूलाई सिमुलेसनको मद्दतले तत्काल देखाउन सकिन्छ। उदाहरणका लागि हिमनदी कसरी बन्छ र हिमपहिरो कसरी जान्छ भन्ने कुरा वास्तविक रूपमा अनुभव गर्न वर्षौं कुर्नुपर्ने हुन्छ। दुई जातिका जनावरहरू बीचबाट जन्मेको वर्णशङ्कर बच्चाको विशेषता कस्तो होला भनी तत्काल थाहा पाउन सकिँदैन तर सिमुलेसनबाट यस्ता लामो समय लाग्ने घटनाहरूलाई देखाउन सकिन्छ। त्यस्तै शारीरिक शिक्षामा खेलाडीले बल फ्याँक्दा उसका शरीरका मांसपेशी तथा जोर्नीहरू कसरी चल्छन् भन्ने कुरा मन्दगतिमा देखाउन मिल्छ।

कतिपय प्रयोगहरू गर्दा दुर्घटना हुने सम्भावना बढी हुन्छ। कतिपय प्रयोगमा शारीरिक क्षति पुऱ्याउने हुन सक्छन्। गाडी चलाउन सिक्दा होस् वा प्रज्वलनशील पदार्थ चलाउँदा शारीरिक क्षतिको सम्भावना रहन्छ। यस्तो बेला कृत्रिम वातावरणमा यसको प्रयोग गर्न सकिन्छ।

कतिपय असम्भव कुराहरू पनि सिमुलेसनबाट सम्भव हुन्छ। चन्द्रमामा हिँड्दा कस्तो हुन्छ? कति म्याग्निच्यूडको भूकम्पले कति क्षति पुऱ्याउला? सौर्य मण्डलको एउटा ग्रहले मात्रै पनि आफ्नो परिभ्रमण कक्ष छोड्यो भने मानवजातिको भविष्य के होला? यस्ता प्रश्नका उत्तरहरू यसबाट देखाउन सकिन्छ।

विद्यालयमा विभिन्न प्रकारका जीवजन्तुहरूको चिरफार गर्न सिकाइन्छ। त्यस्ता जीवजन्तुहरू कतिपय अवस्थामा नपाइन पनि सक्छन् पाइहालेमा ती महँगा हुन सक्छन्। अझ जनावरको अधिकारबारे पैरवी गर्ने संस्थाहरूले जनावरको अधिकार हनन् भयो भन्ने जस्ता प्रश्नहरू खडा गर्न सक्छन्। अथवा मानिसको शरीरले कसरी कार्य गर्छ भनी देखाउन पनि सिमुलेसनको प्रयोग गर्न सकिन्छ। यस्ता सिमुलेसनले वास्तविक जस्तै गरी भ्यागुता वा जीवजन्तुहरूको चिरफार गर्न सकिन्छ। जुन वास्तविक रूपमा गर्दा भन्दा धेरै जस्तो पर्छ।

हरेक पटक भिन्न चरहरूको प्रयोग गरेर त्यसको परिणाम

# नेपाली बजारमा उपलब्ध सफ्टवेयर

**ईपाठ**
ईपाठ ओपन लर्निङ एक्स्चेन्ज (ओएलई) नामक गैरसरकारी संस्थाले शिक्षा विभाग र पाठ्यक्रम विकास केन्द्रसित समन्वय गरी तयार गरेका पाठ हुन्। हालसम्म यसले कक्षा २, ३, र ४ का गणित, नेपाली, अङ्ग्रेजी कक्षा ५ का गणित, अङ्ग्रेजी र विज्ञान तथा कक्षा ६ का गणित र अङ्ग्रेजी विषयका लागि नेपाली माध्यममा पाठहरू तयार गरेको छ।

सरकारी स्कूलका लागि बढी उपयोगी भए पनि यसबाट निजी स्कूलका शिक्षक र विद्यार्थीले पनि उत्तिकै फाइदा लिन सक्नेछन्।

ईपाटीका शैक्षिक पाठहरू ल्यापटपमा राख्नका लागि तयार गरिएका हुन्। तर यिनलाई अन्य कम्प्युटरमा पनि राख्न सकिन्छ। यसलाई www.olenepal.org मा हेर्न तथा नि:शुल्क डाउनलोड गर्न सकिन्छ। विद्यालयमा सर्भर राखेर ईपाठका साथै ईलाइब्रेरी पनि राख्न सकिन्छ। यसले गर्दा इन्टरनेट नभए पनि ईपाठ र ईलाइब्रेरीको प्रयोग गर्न सकिन्छ। यो डिजिटल कन्टेन्ट साझा शिक्षा इपाटीको कार्यालय तथा जिल्ला शिक्षामार्फत पनि पाउन सकिन्छ।

**मिडास एजुकिट**
मिडास नेपालको निजी विद्यालयको पाठ्यक्रममा आधारित ट्यूटोरियल हो। यो मूलत: विद्यार्थी केन्द्रित छ। चित्र, एनिमेशन, ध्वनिको प्रयोगले यसलाई बुझ्न सजिलो बनाएको छ। मिडासले अङ्ग्रेजी माध्यमका स्कूलका नर्सरीदेखि कक्षा ११ सम्मका विद्यार्थीलाई लक्षित गरी विभिन्न विषयका सीडी बजारमा ल्याएको छ। हालसालै यसले केही नेपाली बाल कथाका सीडी पनि तयार गरेको छ। अङ्ग्रेजी माध्यममा जान लागेका सरकारी विद्यालयका शिक्षक, निजी विद्यालयका शिक्षक तथा विद्यार्थीका लागि यी सीडी उपयोगी छन्।

**इनस्लाइक्लोपेडिया ब्रिटानिका एजुकेशनल सेरिज**
इन्टर एक्टिभ डिजिटल कन्टेन्ट (इडिकन)ले इन्साइक्लोपेडिया ब्रिटानिकाका शैक्षिक सीडी उत्पादन गरेको छ। यी सीडी कक्षागत रूपमा नभई उमेर समूहका आधारमा तयार गरिएका छन्। ४७ उमेर समूहका लागि अङ्ग्रेजी, सूचना प्रविधि र गणित विषय रहेका छन्। यी तीनै वटा सीडी गेम सीडी हुन्। विभिन्न खेल खेल्दै जाँदा बालबालिकाले शैक्षिक ज्ञान हासिल गर्दै जान्छन्।

७११ उमेर समूहका लागि अङ्ग्रेजी, गणित र विज्ञान

बारे अध्ययन गर्न सकिन्छ। हजारौँ बिरालाहरूको जोडीबाट कस्ता वर्णशङ्कर बच्चा पैदा होलान्। विभिन्न भौगोलिक तथा मौसम भएका बेला जहाजको सुरक्षित उडान र अवतरणका अभ्यासहरू गराउन सकिन्छ।

कक्षाकोठामा यस्ता सिमुलेसनको प्रयोग प्रयोगशालाको प्रयोगात्मक कक्षाको बदलामा, शैक्षिक भ्रमणको सट्टामा, समूह कार्य तथा सहयोगी सिकाइका लागि, खोजीकार्य वा अन्वेषण कार्यमा, नयाँ पाठलाई प्रस्तुत गर्दा वा प्रस्ट्याउन सिमुलेसनको प्रयोग गर्न सकिन्छ।

### ४. शिक्षण खेल
सिकाइका लागि खेलका सफ्टवेयरहरू पनि बजारमा पाइन्छन्। यस्ता सफ्टवेयरहरू सिकाइ क्रियाकलापहरूमा खेलका नियमहरू वा प्रतिस्पर्धाहरू समावेश गरिएका हुन्छन्। जसले गर्दा विद्यार्थी उत्प्रेरित हुन्छन्। सिकाइमा खेल सफ्टवेयरहरूको प्रयोगको प्रयोजन अरू शैक्षणिक सफ्टवेयरको भन्दा फरक छ। खेलका सफ्टवेयरहरूले आनन्द र मनोरञ्जन प्रदान गर्छन्। यस्ता सफ्टवेयरहरूलाई कक्षा शिक्षणको लागि प्रयोग गर्न भने मिल्दैन। विद्यार्थीको ध्यान खिच्न अरु क्रियाकलापका बीच बीचमा मात्र यसको प्रयोग गरिन्छ। यस्ता खेलहरूमा खेलका नियमहरू हुन्छन्, प्रतिस्पर्धात्मक वा चुनौतीपूर्ण हुन्छन् नै। तिनले प्रयोगकर्तालाई मनोरञ्जन प्रदान गर्छन्।

पूर्व सिकाइलाई पुन:स्मरण गर्न, समूह कार्यलाई बढावा दिन, कक्षा कार्य छिटो सकेमा पुरस्कारको रूपमा खेल खेल्न दिने गर्दा सिकाइमा मद्दत पुग्छ। यस्ता शैक्षणिक खेलहरू खेलाउँदा पाठबाट उपलब्ध हुनुपर्ने ज्ञान तथा सीपहरू हासिल गर्न जोड दिनुपर्छ।

### ५. समस्या समाधान सफ्टवेयर
सिमुलेसन र शैक्षणिक खेल सफ्टवेयरहरूलाई समस्या समाधान सीप सिकाउन प्रयोग गर्ने गरेको पाइन्छ। तर समस्या समाधान सीप सिकाउन छुट्टै समस्या समाधान सफ्टवेयरहरू बजारमा उपलब्ध छन्। यसले विषयवस्तुसँग सम्बन्धित थुप्रै समस्या समाधान गर्ने अभ्यास गर्न मौका प्रदान गर्छ। अवलोकन सीप, पुन:स्मरण, क्रमबद्ध गर्ने, विश्लेषण गर्ने, सूचनाहरूको सङ्कलन र सङ्गठन गर्ने, निष्कर्ष निकाल्ने, परिणामको पूर्वानुमान गर्ने, तुलना गर्ने, नयाँ सिद्धान्तको प्रतिपादन गर्ने जस्ता सिकाइ क्रियाकलापहरू पर्दछन्।

यस्ता सीपहरूमा विषयवस्तुमा आधारित समस्या समाधान सीपहरू र विषयवस्तुमा सीमित नरही गरिने समस्या समाधान सीपहरू हुनसक्छन्। विद्यार्थीले रुचिकर वा उत्प्रेरित गर्ने खालका समस्यामा अभ्यास गर्ने अवसर पाउँछन्। शुरु-शुरुका समस्या समाधानमा सफलता पाएमा उनीहरू सक्रिय रूपमा निरन्तर समस्या समाधान कार्यका लागि रहन्छन्। विषयवस्तुमा आधारित समस्या समाधानले आफूले सिकेका ज्ञान र सीपहरू अर्थपूर्ण हुन्छन्। उनीहरूलाई कुन ज्ञान वा सीपलाई वास्तविक

विषयका सीडीहरू छन्। ११।१४ उमेर समूहका लागि अङ्ग्रेजी र गणित तथा जि.सि.एस.ई पाठ्यक्रममा आधारित भई जीव विज्ञान, रसायनशास्त्र, इलेक्ट्रोनिक्स, अङ्ग्रेजी, फ्रेन्च, भूगोल, जर्मन, इतिहास, गणित, संगीत, भौतिकशास्त्र, स्पेनिस भाषाका सीडीहरू रहेका छन्। यस उमेर समूहका सीडीमा ट्यूटोरियल अभ्यास रहेका छन्। एनिमेसन, साउण्ड तथा भिडियोका सहायताले कतिपय पाठलाई कक्षाकोठा भन्दा राम्रोसँग प्रस्तुत गरिएका छन्। प्रकाश संश्लेषण, गति, ताप, जीवन प्रक्रिया, प्रजनन प्रणाली, स्वास्थ्य जस्ता पाठहरू विद्यालयका ६ देखि ११ सम्मका कक्षाहरूका लागि उपयोगी छन्।

१४।१६ उमेर समूहका सीडीहरू ए लेभलका लागि निर्माण गरिएका छन्। जीव विज्ञान, भौतिक विज्ञान, रसायन विज्ञान, मेकानिक, भूगोल, गणित, तथ्याङ्क शास्त्रका सीडीहरू छन्। ए लेभलका विद्यार्थीहरूका लागि यी सीडीहरू उपयोगी छन्।

### एस चन्द

भारत सरकारको केन्द्रीय माध्यमिक बोर्ड (सिविएसइ) तथा आइसिएससी पाठ्यक्रममा आधारित रहेर एस चन्द ग्रुपका सीडीहरू नेपालमा पाइन्छन्। यी सीडीहरू ट्युटोरियलका रूपमा रहेका छन्। विभिन्न एनिमेशन, चित्र, भिडियो तथा अडियोसहितका यी सीडीहरूमा पुराना प्रश्नका हलहरू, अभ्यासका लागि थप प्रश्न, कठिन शब्दका अर्थहरू राखिएका छन्। यी सीडीहरू हाम्रो उच्चमाध्यमिक तहका विद्यार्थीहरूका लागि सन्दर्भ सामग्रीका रूपमा प्रयोगमा ल्याउन सकिन्छ।

### ५. डिस्कभरी च्यानल स्कूल

डिस्कभरी च्यानल स्कूलका पजल मेकर, ह्याविट्याट अफ द वर्ल्ड र मेसिन इन मोसन जस्ता सीडीहरू पनि काठमाडौंका बजारमा पाइन थालेका छन्। यी सीडी मूलतः शिक्षक केन्द्रित छन्। आजभोलि अङ्ग्रेजी, विज्ञान, सामान्यज्ञान आदि पाठ्यपुस्तकमा विभिन्न क्रसवर्ड पजल तथा वर्डसर्च पजलहरू राखेको पाइन्छ। तर शब्दभण्डारको वृद्धिका लागि ती उदाहरणहरू मात्रै पर्याप्त छैनन्। हरेक हप्ता पढाएका नयाँ शब्दहरू राखेर पजलहरू निर्माण गर्न सकिए अरू ज्यादा अभ्यास विद्यार्थीले गर्न पाउने हुन्छन्। त्यो अभावलाई यस पजल मेकरले पूरा गरेको छ। यसबाट ११ भन्दा बढी किसिमका गणित र भाषाका पजलहरू बनाउन सकिन्छ। ह्याविट्याट अफ द वर्ल्डमा जीवजन्तु तथा वनस्पतिहरूका बारेमा थुप्रै भिडियो क्लिपहरू राखिएका छन्। निर्देशित सिकाइ र स्वतन्त्र सिकाइका लागि पाठहरू उपलब्ध छन्। शिक्षकले कक्षामा शिक्षण गर्न यहाँ भएका अडियो, भिडियो तथा चित्रहरूको प्रयोग गरेर स्लाइड तयार गर्न सक्छन्। यो सीडी शिक्षक तथा विद्यार्थी दुवैले मज्जाले प्रयोग गर्न सक्छन्। मेसिन इन मोसनमा मोटर, रेल तथा हवाईजहाजका बारेमा विस्तृत रूपमा बताइएको छ। यो सीडी ट्यूटोरियल सीडीको रूपमा रहेको छ। 📖

समस्यामा कहाँ र कसरी प्रयोग गर्ने भन्ने जानकारी पाउँछन्। उनीहरूले ज्ञान र त्यसको प्रयोग बारे एकसाथ जानकारी हासिल गर्छन्।

समस्या समाधानका लागि आवश्यक सीप प्रदान गर्न, समस्या समाधानका लागि सहयोग गर्न तथा सहयोगात्मक समस्या समाधान (collaborative Problem solving) गर्न यस्ता सफ्टवेयरहरू उपयोगी मानिन्छन्। 📖

**sms प्रतिक्रियाका लागि ltr<space>5006**



संस्मरण शिक्षण र प्रविधि

लक्ष्मण शर्मा

# नेपाली शिक्षकको कोरिया अनुभव

**हामीले पनि शिक्षामा प्रविधिको प्रयोग गर्नुपर्छ, गर्न सकिन्छ। पूर्वाधारहरू बन्दैछन्, थप्न सकिन्छ। शिक्षकहरूलाई तयार गर्न पनि सकिन्छ। ८ वर्षअघि मोबाइल शिक्षकले किन्न सक्ने साधन थिएन। अहिले सबैले यसको प्रयोग गर्दछन्। त्यस्तै हो कम्प्युटर पनि। कम्प्युटरका सबै कुरा जान्नुपर्ने पनि हैन। हाम्रो पेशालाई चाहिने जति क्रमशः सिक्दै जाने न हो।**

कोरियाले शिक्षामा गरेको चमत्कारपूर्ण प्रगतिको बारेमा सुनेको थिएँ। त्यो कुरा आफैँले हेर्ने र गहिरिएर बुझ्ने अवसर गएको असार र साउन महिनामा जुऱ्यो। यो लेख कोरियालीहरूले शिक्षामा प्रविधिको प्रयोगका लागि गरेका प्रयत्नहरूमा केन्द्रित रहनेछ।

कोरियाका बारेमा हाम्रो सिकाइको थालनी त्यहाँको जीवनको अभिन्न अङ्ग मानिने भूमिगत रेलको टिकट लिने, रिचार्ज गर्ने, भित्रिने र बाहिरिने जस्ता आदिबाट भयो। राजधानी सोलका व्यस्त रेल स्टेसनहरूमा मानिसले स्मार्ट फोनमार्फत रेलको लाइनको बारेमा जानकारी लिइरहेको देखियो। स्मार्ट फोन नहुनेहरूले त्यस्तो सूचना लगायत सिङ्गै शहरको जानकारी डिजिटल बोर्डबाट पाउँदा रहेछन्। करीब डेड फिट चौडाइ र साढे दुई फिट जति अग्ला भित्ताभित्तामा राखिएका स्मार्ट बोर्डमा आफूले बुझ्ने भाषामा सूचना पढ्न मिल्दो रहेछ। हामीले टचस्क्रिन भएका त्यस्ता बोर्ड चलाउन पनि सिक्यौँ *(हे. तस्बिर)*। मैले पश्चिम अफ्रिकाका एकजना सहभागी शिक्षकसँग भनेँ, "कक्षाकोठामा हुनुपर्ने बोर्ड रहेछ है!"

भोलिपल्टबाट शुरु भयो हाम्रो वास्तविक अवलोकन। एक महिना लगाएर हामीले विभिन्न शिक्षण संस्थाहरूमा भ्रमण र अन्तरक्रियाहरू गऱ्यौँ। शिक्षामा प्रविधिको प्रयोगको बारेमा तिनले गरेको प्रयोग र उपलब्धि त आश्चर्यजनक नै लाग्यो।

## सुखद थिएन इतिहास

विभिन्न भौगोलिक, भूराजनीतिक र सामाजिक कारणहरूले गर्दा कोरिया एकदमै गरीब मुलुक थियो। "गरिब भएकोले केराको एउटा सिङ्गै कोसो खाने मेरो बाल्यकालदेखिको रहर १२ वर्षको उमेरमा मात्र पूरा भयो, त्यही पनि बिरामी हुँदा अस्पतालमा" भन्ने मेरो सहयोगी युवक ३५ वर्षको पनि भएको छैन। लामो युद्ध र त्यसपछिको अविच्छिन्न सैनिक तानाशाही शासनले जर्जर भएको कोरियाका नागरिकहरूले १९७१ को दशकसम्म हामी नेपालीहरूले कहिल्यै नभोगेका अभाव र विपत्ति भोगेका रहेछन्। तर ठूलो प्राकृतिक स्रोतसाधन नभएको कोरिया आज विश्व अर्थतन्त्रमा 'एसियन टाइगर' कहलिन्छ। कोरिया छोटो अवधिमा नै संसारका गरीबतम राष्ट्रमध्येबाट धनी राष्ट्र मध्येको एउटा भएको छ। उसको यो सबै चामत्कारिक उपलब्धिको रहस्य कोरियाको सार्वजनिक शिक्षालाई जाँदोरहेछ। उनीहरूको सार्वजनिक शिक्षाभित्र पनि सूचना र संचार प्रविधिको प्रयोगले यो गतिलाई तीव्रता दिएको पाइन्छ।

कोरियाली स्कूलका शतप्रतिशत कक्षाकोठामा फास्ट इन्टरनेट छ र सबै शिक्षकले इन्टरनेटको मद्दतले पढाउँछन्। हामी विश्व वरियता क्रममा उत्कृष्ट सयभित्र पर्ने र कोरियाको नं १ विश्वविद्यालय सोल नेशनल युनिभर्सिटीको ल्याब स्कूलको प्राथमिक कक्षामा जाँदा बालबालिकाले हामी सहभागीकै देशका बारेमा कुरा गरे। विकिपेडिया र अन्य स्रोतबाट प्राप्त सूचनालाई एकीकृत गरेर कक्षा २ का केटाकेटीले नेपालको बारेमा कुरा गर्दा मुटु ढक्क भयो। सँगै बसेर नमस्ते गर्न सिकाएँ।

शोधकार्यको सिलसिलामा हामीले हानयांङ विश्वविद्यालयमा शैक्षिक प्रविधिको बारेमा कक्षा लियौँ। कोरियाली शैक्षिक सूचना तथा अनुसन्धान केन्द्र (केरिस) को प्रयोगशालामा यन्त्रमानव (रोबोट) द्वारा अङ्ग्रेजी भाषा शिक्षणको प्रयोगात्मक कक्षा हुँदोरहेछ। अघिल्लो दशकमा जापानीहरूले अङ्ग्रेजी मातृभाषा भएकै शिक्षकहरूद्वारा अङ्ग्रेजी पढाउन थालेपछि कोरियनहरूले पनि त्यसैको सिको गरेछन्। तर दूरदराज क्षेत्रहरूमा अङ्ग्रेजी मातृभाषी शिक्षक पुऱ्याउन नसकेपछि विद्यार्थीसँग अन्तरक्रियात्मक ढङ्गले छलफल गर्दै सिकाउन सक्ने रोबोटबाट अङ्ग्रेजी सिकाउन थालेका रहेछन्।

शिक्षकको वर्गीकरण कोरियामा 'अनलाइन' र 'अफलाइन' भनेर गरिँदोरहेछ। कक्षामा आएर सेवा दिनेहरूलाई 'अफलाइन' शिक्षक भनिँदोरहेछ भने जुनबेला पनि गृहकार्य तयार गरेर इमेल गर्दा पनि प्रतिक्रिया र सुझाव दिनसक्ने शिक्षकहरूलाई 'अनलाइन' शिक्षक भनिँदोरहेछ।

हामीले एउटा प्राविधिक विश्वविद्यालयमा रेल स्टेशनमा देखेको भन्दा ठूलो र अडियो ट्रान्समिसनसहितको टचस्क्रिन बोर्ड देख्यौँ। त्यसबाट संसारभर रहेका अनलाइन विद्यार्थीहरूका लागि कक्षाहरूको प्रसारण हुँदोरहेछ। ती कक्षाकोठाहरू टिभीको प्रसारण स्टुडियो भन्दा सुविधासम्पन्न रहेछन्। विश्वविद्यालय परिसर सुनसान देखिन्थ्यो तर त्यहाँ २१ हजार विद्यार्थी 'अनलाइन कोर्स' गरिरहेका रहेछन्।

यस्ता चमत्कार जस्तै लाग्ने प्रगतिहरूका बारेमा व्यवस्थित ढङ्गले बुझ्ने अवसर, हानयांङ विश्वविद्यालयले जुटाइदियो। सोल सहरको केन्द्रबाट केही किमि पूर्वपट्टि डाँडामा रहेको यो विश्वविद्यालय कोरियामा भएका १२ वटा साइबर विश्वविद्यालयमध्येको एउटा हो। त्यसमा शिक्षण प्रविधि विषयकी निर्देशक रहेकी प्रो. कोन् १९८१ को दशकमा अमेरिकामा सोही विषयमा पीएचडी गरेर



फर्कंदा कोरियामा कम्प्युटर नभएकाले निरास भएर रुण्डै पलायन भएकी रहिछन् । तर अहिले कोरियन समाजले उनलाई 'शिक्षामा सूचना प्रविधि प्रयोगको आमा' नै भनेर सम्मान गर्दोरहेछ। त्यहाँको शिक्षामा सूचना प्रविधिको गुरुयोजना निर्माण गर्ने ती वृद्धाको हौसला अहिले पनि त्यतिकै छ । अहिले विश्वका धनी राष्ट्रहरूको शिक्षाको स्तर निर्धारण गर्ने 'पिसा' को अध्ययनमा कोरिया पहिलो हुनेहरू मध्येमा पर्दछ, जुन क्रममा जापानको दशौं स्थानतिर र अमेरिका २५औं तिर छ। उनी गर्वसाथ सुनाउँदै थिइन्, "हामीले शिक्षामा उच्च प्रविधिको प्रयोगमा संसारका सबै मुलुकहरूलाई धेरै पछि छोडेका छौं। त्यसकारण यो विषयमा उच्च शिक्षाको लागि अब संसारका धनी मुलुकहरूको विद्यार्थीहरू कोरिया ओइरिनेछन्। हामी त्यसको तयारीमा जुटेका छौं।"

**कोरियामा कक्षामा आएर सेवा दिनेहरूलाई 'अफलाइन' शिक्षक भनिँदोरहेछ भने जुनबेला पनि गृहकार्य तयार गरेर इमेल गर्दा पनि प्रतिक्रिया र सुझाव दिनसक्ने शिक्षकहरूलाई 'अनलाइन' शिक्षक भनिँदोरहेछ।**

उनी मेरो अनुसन्धान कार्यको निर्देशक पनि भएकोले थप कुरा पनि भए । राजनैतिक अस्थिरता, गरिबी, सार्वजनिक शिक्षालाई हेर्ने दृष्टिकोणमा समस्या, असीमित लोडसेडिङ र अभाव नै अभावको बीचमा गाउँमा पढाउने नेपाली शिक्षक भएकोले होला म शुरुमा शिक्षण प्रविधिको बारेमा उत्साही थिइनँ । त्यहाँको चमकदमक आँखाको लागि मात्रै हो भन्ने लागिरहेको थियो। मेरो कार्यक्षेत्रमा यसो गर्नुपर्ला भन्ने पनि केही लागेको थिएन । लामो अध्ययन, अनुसन्धानबाट निस्केका प्रो. कोन्का निष्कर्षहरूले भने मलाई उत्साहित पार्दै लगे । लामा लामा दुईवटा प्रिजेण्टेशनसहितको उनको छलफल कार्यक्रममा भाग लिएपछि मेरो मन फेरियो। प्रोफेसर कोन्ले भनेकी थिइन, "करीब ३१ प्रतिशत जनसंख्याले प्रयोग गर्न जान्ने प्रविधि शैक्षिक प्रविधि हुन सक्छ, त्यसलाई विद्यालयमा भित्र्याउनुपर्दछ। डेस्क, बेञ्च, ब्ल्याक बोर्ड, भवन आदि कुनै पनि प्राविधिक वस्तुहरू शिक्षा क्षेत्रले आफैंले आविष्कार गरेको हैन, प्रभावकारी शिक्षणको लागि काम लाग्ने भएर तिनलाई कक्षाकोठामा ल्याइएको हो। कम्प्युटर, इन्टरनेट वा डिजिटल प्रविधि पनि सोही प्रकारले कक्षाकोठाभित्र ल्याउनुपर्दछ। शिक्षणका बारेमा जम्मा एकतिहाई शिक्षकलाई तयार गरियो भने शैक्षिक सुधारका प्रयत्नहरू सफल हुन्छन्। सबैलाई सुधारेर शिक्षामा सुधार गर्छु भन्ने अल्छीहरूको चालबाजी मात्र हो। संसारको कुनै पनि सुधार वा परिवर्तनमा सबै मानिस अघि लाग्ने हैनन्, धेरै त पछि लाग्ने हुन्।"

कोरियामा गुगलजस्तो सर्च इन्जिन आफ्नै पनि रहेछ । नेपालको भन्दा इन्टरनेट स्रोतहरू सुरक्षित र बालबालिकाहरूको हितप्रति जिम्मेवार भएको पाइयो। हाम्रामा जस्तो कक्षाकोठा र बालबालिकाको अघि खोल्न डराउनुपर्ने अवस्था रहेनछ। कुनै पोर्नोग्राफिक साइट सर्फ गर्न लाग्दा प्रहरीको खबरदारी सूचना आउँदो रहेछ। विद्यालय शिक्षाको लागि पाठ्यक्रममा आधारित व्यापक क्षमताको सङ्ग्रहित स्रोत भण्डारण गरेको पनि रहेछ। सबै जसो विद्यार्थी र शिक्षकहरू त्यसको उपभोग गर्दा रहेछन्। अझ नौलो लागेको कुरा, शिक्षक विद्यार्थीहरू बीचको शिक्षण प्रशिक्षणको बारेमा अभिभावक पनि सुसूचित हुने व्यवस्था रहेछ। शिक्षण संस्थाहरूको पुस्तकालयमा संसारभरिका उत्कृष्ट अनलाइन संजालहरूको नेटवर्किङ गरिएकोले कुनै पनि विषयको अनुसन्धानको लागि ताजा र व्यापक सामग्रीहरू प्राप्त गर्नु सामान्य कुरा रहेछ।

हाम्रा विश्वविद्यालयहरूले आजभोलि व्यहोर्न थालेको प्राज्ञिक चोरी (प्लेजरिज्म) को समस्या कोरियनहरूले हल गरिसकेका रहेछन् । संसारभरिका कुनै पनि डिजिटल स्रोतको सामग्री

## संस्मरण  शिक्षण र प्रविधि

**डेस्क, बेञ्च, ब्ल्याक बोर्ड, भवन आदि कुनै पनि प्राविधिक वस्तुहरू शिक्षा क्षेत्रले आफैँले आविष्कार गरेको होइन, प्रभावकारी शिक्षणको लागि काम लाग्ने भएर तिनलाई कक्षाकोठामा ल्याइएको हो। कम्प्युटर, इन्टरनेट वा डिजिटल प्रविधि पनि सोही प्रकारले कक्षाकोठाभित्र ल्याउनुपर्दछ।**

नक्कल गरिएमा त्यसको मात्रा समेत पत्ता लगाउने सफ्टवेयर सबै विश्वविद्यालयहरूले प्रयोग गर्दारहेछन्।

अर्को एउटा उल्लेखनीय कुरो; कोरियाका सबै स्कूल (१३ हजार) का सबै कक्षाकोठामा कम्प्युटर पुऱ्याउने अभियान चलाउँदै देशभित्रको लागि चाहिने आधा कम्प्युटर त्यहाँको विश्वविख्यात निजी कम्पनी एलजीले दान गरेको रहेछ।

कोरियन समाजको सम्वृद्धिको मूलकारण शिक्षाप्रतिको उनीहरूको विश्वास रहेछ। शिक्षाप्रतिको यो अनुराग उनीहरूको संस्कृति नै रहेछ। राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रले शिक्षा क्षेत्रलाई पूर्ण सम्मान गरेको देखिन्छ। शिक्षा क्षेत्र समाजमा शिक्षकको सम्मान छ र त्यसमा सबै पेशामा भन्दा आकर्षक सुविधा छ। त्यसैले कोरियाका उत्कृष्ट युवाहरूले आफ्नो रोजाइको पेशा शिक्षणलाई बनाएका छन्। विवाहका उम्मेद्वारहरूको छनोटमा सबभन्दा आकर्षक पेशागत क्षेत्र शिक्षण नै रहेछ। सरकारका उच्च पदस्थ मानिसहरू सार्वजनिक शिक्षा क्षेत्रलाई 'हाम्रो काम र हाम्रो जवाफदेही' हो भनेर दावी गर्दारहेछन्। पीएचडी गरेका प्रिन्सिपलहरू समेत प्राथमिक विद्यालयमा शान, मान र खुसीको साथ काम गरेको देखिन्छन्।

यसैले पनि होला, पोहोरसाल अमेरिकी राष्ट्रपति ओबामाले त्यहाँको कङ्ग्रेसमा 'कोरियन शिक्षकहरू राष्ट्र निर्माता हुन्' भनेर मुक्तकण्ठले प्रशंसा गर्दै अमेरिकी शिक्षकहरूलाई इख्याएका थिए। मलाई भने कोरिया गएर प्रेरणा पनि मिल्यो, इर्ष्या पनि लाग्यो, हीनभावना पनि जाग्यो र केही गर्न मन पनि लाग्यो।

मेरो निष्कर्ष छ- हामीले पनि शिक्षामा प्रविधिको प्रयोग गर्नुपर्छ, गर्न सकिन्छ। पूर्वाधारहरू बन्दैछन्, थप्न सकिन्छ। शिक्षकहरूलाई तयार गर्न पनि सकिन्छ। आजभन्दा ८ वर्षअघि मोबाइल सेवा शिक्षकहरूले किन्न र चलाउन सक्ने साधनको रूपमा उपस्थित थिएन। अहिले सबै शिक्षकहरू आफ्नो लागि यसको आवश्यक प्रयोग गर्दछन्। त्यस्तै हो कम्प्युटर पनि। कम्प्यूटरका सबै कुरा जान्नुपर्ने पनि हैन। हाम्रो पेशालाई चाहिने जति क्रमश: सिक्दै जाने न हो। कम्प्युटर पढाउने हैन, विभिन्न विषयहरूलाई कम्प्युटर र इन्टरनेटको सहयोगले अझ प्रभावकारी बनाउने हो। फेरि पनि बालबालिका नै हाम्रा सबै प्रयत्नका केन्द्र हुन्। तिनको प्रकृति, हित र हाँसोमा हामीले कुनै पनि हालतमा पनि सम्झौता गर्नुहुन्न। कोरियाको छोटो अध्ययन भ्रमणपछि म यस्तै निष्कर्षमा पुगेको छु। 📖

*(शर्मा सत्यवती उमावि, आदमटार, धादिङका प्रअ हुन्।)*

**sms प्रतिक्रियाका लागि ltr<space>5006**




विचार

डा. विद्यानाथ कोइराला






# पढाइमा प्रविधि: जहाँ पनि सकिन्छ

**प्रत्येक माध्यम प्रविधि हो। कलमबाट के सिकाउने ? द्रवको वहाव ? हावाको दबाब ? कलमको इन्जिनियरिङ ? कलमको अर्थशास्त्र ? कलमको इतिहास ? कलमको समाजशास्त्र ? यस अर्थमा प्रविधिको एउटा पाटो पाठको उद्देश्य रहेछ। जे बनाए पनि हुने।**

**जनजनको प्रविधि**

मोही पार्ने प्रविधि हो। त्यहाँ–सन्तुलन सिकिन्छ, काइनेटिक र पोटेन्सियल शक्ति (Energy) चिनिन्छ, मदानीको पोरामा आउने र जाने पानीको नापो सिकिन्छ। गणित पढे पनि हुने। विज्ञान सिके पनि हुने। मोही कसले पार्छ? घिउ कसले बेच्छ? मोही कसले खान्छ? दूध कसले लान्छ? भनेमा लैङ्गिक स्थितिबोध हुन्छ। दही जमाउने पनि प्रविधि नै हो। कस्तो भाँडोमा छिटो जम्छ? कुन हावापानीमा जम्छ? दूधमा के छ र दही बन्छ? यस अर्थमा दूध राख्ने ठेकी प्रविधि हो। गाग्रीमा प्रविधि छ। पानी भरे नबज्ने। खाली हुँदा बज्ने। पिँध ठूलो हुने। घाँटी सानो राख्ने। पानी सार्दा आवाज आउने। खोजेमा पानीले भरिएको गाग्री प्रविधि हो। यसको अर्थ हो प्रविधिमाथि सुत्यौँ। प्रविधिको खोजी गर्‍यौँ। जनप्रविधि। कतै जनप्रविधिको पहिचान गर्ने कि? त्यही प्रविधिबाट म के-के विषयवस्तु पढाउन सक्छु भनी खोजी गर्ने कि? यसो गर्दा प्रविधिहरू चिनिन्छन्। तिनलाई कक्षाकोठामा उपयोग गर्ने सोच बन्छ।

> **मदानी बनाउने प्राविधिक कि मोही पार्ने ? मोही मथ्दा सिद्धान्त खोज्ने प्राविधिक कि मोही पार्ने क्रममा सामाजिक शिक्षा, विज्ञान, भूगोल जस्ता विषय जोड्ने प्राविधिक ? कक्षाकोठामा ठेकी मदानी ल्याएर प्रयोग गरी पढाउने प्राविधिक कि ? त्यसैलाई क्यामेराले खिचेर एलसीडीमा देखाउने प्राविधिक ?**

## तालिमले थोपरेको प्रविधि

तालिमले अर्को प्रविधि थोपऱ्यो । सामग्रीको प्रविधि । त्यहीं देखिनुपर्ने । भेटिनुपर्ने । यो प्रविधिले विद्यार्थीको प्रत्याभूति माऱ्यो । घरको मदानी सम्झने प्रत्याभूति । तर मदानी नै कक्षाकोठामा राख्नुपर्छ भन्ने बुद्धिको भने निरन्तरता दियो । यसको अर्थ हो– तालिमले कक्षाकोठामै विद्यार्थीको घर बनाउन खोज्यो । शिक्षक त्यसैमा लाग्यो । परिणामत: कक्षाकोठा रङ्गीन बने । सामग्रीयुक्त बने । स-साना पुस्तकालय त्यहीं राख्ने सोच बन्यो । यसको अर्थ हो– तालिमले विद्यार्थीलाई कक्षाकोठामा नै सबैथोक जुटाइदिने बाटो लियो । विज्ञानका सामग्री कक्षाकोठामा। भूगोलका सामग्री कक्षाकोठामा। इतिहासको म्युजियम कक्षाकोठामा । गणितको प्रयोगशाला कक्षाकोठामा । यसरी तालिमले घरलाई स्कूलमा ल्यायो ।

तालिमले थोपरेको अर्को प्रविधि हो– विद्यार्थीलाई बाहिर लाने । कक्षाकोठा बाहिर । भ्रमण । सामाजिक भ्रमण । भूगोल भ्रमण । इतिहासको भ्रमण । संस्कृतिको भ्रमण । यस्ता भ्रमणले विद्यार्थीलाई कक्षाकोठाबाट बाहिर ल्यायो । कक्षाकोठा रङ्गीन बनाउने बुद्धिभन्दा भिन्न प्रविधि । स्व-सिकाइउन्मुख प्रविधि । प्रकृतिवादको हिसाबमा स्व-सिकाइको प्रविधि । यसरी हेर्दा तालिमले कक्षाकोठालाई घरमा ल्याउन खोज्यो। घर र कक्षाकोठा मिले बालसुलभ सिकाइ हुन्छ भन्ने बुद्धि दियो। तालिमको शब्दमा बालमैत्री कक्षा । घर जस्तै । घर बिर्सिइने कक्षाकोठा । अर्को प्रविधि हो– घरबाट स्कूल आउँदा देखिने प्रकृतिसँग सिक्ने । वातावरणसँग सिक्ने-भ्रमण प्रविधि ।

## आधुनिक उपकरणले थोपेको प्रविधि

आधुनिक उपकरणले अर्को प्रविधि थोपऱ्यो। कम्प्युटरबाट सिक्ने। भिडियोबाट सिक्ने । अडियोबाट सिक्ने । मोबाइलबाट सिक्ने । रेडियोबाट सिक्ने । स्काइपबाट सिक्ने । टेलिफोनबाट सिक्ने । यस अर्थमा यी उपकरणले अर्को काम गरे। जानकारी सङ्लन गर्ने तर्किव । तिनलाई चाहिएको बेला प्रयोग गर्ने तर्किव । आवश्यकता अनुसार उपयोग गर्ने तर्किव। कम्प्युटर एनिमेशनले रहरको तर्किव। यसरी आधुनिक उपकरणले जानकारी झन् सहज बनायो। तर एउटा अप्ठेरो पनि ल्यायो– डिजिटल विभाजन। हुनेले धेरै सिक्ने भयो । नहुनेले खुम्चिनुपऱ्यो । त्यसमा पनि थप पाप कर्म गऱ्यो । त्यो हो– अत्याधुनिक प्रविधि (Latest Technology) वालाले बढी सिक्ने । आधुनिक प्रविधिवालाले कम सिक्ने । यस अर्थमा आधुनिक र नव-आधुनिक डिजिटल विभाजन । यी प्रविधिहरूले अर्को स्थिति बनाइदिए । जहाँ पनि कक्षाकोठा हुने । 'भर्चुयल' कक्षाकोठाले त तत्तत् अनुभूति नै दियो। रूख ढल्दा थिच्ला कि भन्ने खाले। यस अर्थमा आधुनिक उपकरणले बोकेर यताउता लान-ल्याउन मिल्ने कक्षाकोठा (Portable Classrom) बनाइदियो । रेडियो बोक्यो, त्यहीं कक्षाकोठा । टेलिभिजन हेऱ्यो, त्यहीं कक्षाकोठा । कम्प्युटर खोल्यो, त्यहीं कक्षाकोठा ।

चिप्सको बढ्दो खोजले अर्को बाटोको इंगित गर्दैछ । त्यो हो– टाउकोमा चिप्स राखिदियो–पढ्नै परेन । सूचना त्यहीं । बहुप्रस्तुति (Animation) त्यहीं । यो ढङ्गले प्रविधि बढ्दै जाँदा शिक्षक चिप्समा बस्ने भयो । त्यो चिप्समा पर्दाविहीन (Screenless) कम्प्युटरको बुद्धि जोडिन सक्छ। यसो हुनासाथ व्यक्ति नै कक्षाकोठा हुन्छ । जहाँ मन लाग्यो चिप्स खोल्ने । पर्दाविहीन पर्दा उघार्ने। त्यहीं जानकारी लिने। पर्दा बन्द गर्ने हिँड्ने। यो क्रम बढ्दै जाँदा हिँडाइसँगसँगै चिप्स खोलिन्छ। बन्द हुन्छ । आँखा खोले पनि संसार देखिने । बन्द गरेर सोचे पनि संसार देखिने। खोल्दा नयाँ देखिने। बन्द गर्दा अनुभूतिजन्य संसार जोडिने। पुर्ख्यौली शब्दावलीमा सञ्जयको दिव्यदृष्टि। धृतराष्ट्रको ज्ञानदृष्टि । महादेवको अन्तरध्यान । यसरी आधुनिक प्रविधि र पुरातन चिन्तन जोडिँदै; 'कनबर्ज' (Converge) हुँदैछन्। हिजोका भौतिकवादी र आध्यात्मिकवादीका सीमा भत्किँदै छन्। स्टेफन हकिन्सको बुझाइ त्यतै पुग्यो। फ्रान्स र स्वीटजरल्याण्डबीचको वृहत् वैज्ञानिक परीक्षण (Mega Scientific Research) त्यहीं गयो। अर्थात् प्रविधि माध्यम रहेछ। ज्ञान आफैंमा रहेछ। प्रविधि सहारा रहेछ। आत्मा (उद्‌बोधन शक्ति) भौतिक शरीरको सहारा भए जस्तो। भौतिक शरीर आत्माको सहारा भए जस्तो। पुर्ख्यौली शब्दमै भन्दा– बाहिर ज्ञान खोज्ने मार्ग। भित्र ज्ञानार्जन गर्ने मार्ग। अन्ततोगत्वा बाहिरी र भित्री ज्ञानार्जन गर्ने एकलमार्ग। शरीरमै कक्षाकोठा बनाउने मार्ग। मनको कक्षाकोठा। शरीरको कक्षाकोठा । आत्माको कक्षाकोठा । त्रैतको कक्षाकोठा (तीनवटै कक्षाकोठा एकै ठाउँमा भएको। अङ्ग्रेजी शब्दावलीमा 'थ्री इन वान' (Three in one)।

## अहिलेको रडाको

केलाई प्रविधि भन्ने? कसलाई प्राविधिक भन्ने? मदानी बनाउने प्राविधिक कि मोही पार्ने प्राविधिक? मोही मथ्दा सिद्धान्त खोज्ने प्राविधिक कि मोही पार्ने क्रममा सामाजिक शिक्षा, विज्ञान, भूगोल जस्ता विषय जोड्ने प्राविधिक? कक्षाकोठामा ठेकी मदानी ल्याएर प्रयोग गरी पढाउने प्राविधिक कि? त्यसैलाई क्यामेराले खिचेर एलसीडीमा देखाउने प्राविधिक ? कम्प्युटरमा एनिमेशन गर्ने प्राविधिक कि अरू कुनै? यसरी प्राविधिक को हो भन्ने पहिलो रडाको हो। दोस्रो रडाको प्रयोगको तरीका हो। कक्षाकोठामा कसरी प्राविधिक तरीका अपनाउने ? बालबालिकालाई घर सम्झाएर ? प्रत्याभूति गराएर ? कक्षाकोठामै मोही मथ्ने/पार्ने प्रविधिहरूको प्रदर्शन गरेर? त्यसैलाई सिनेमामा बदलेर? कुन तरिकालाई प्रविधियुक्त मान्ने? प्रविधि प्रयोगको तरिका मान्ने? तेस्रो रडाको हो– एउटै प्रविधिलाई ठाउँ सापेक्ष बनाए के हुने? मोही पार्ने बालबालिकालाई प्रत्याभूतिउन्मुख विधि। आकलझुक्कल त्यस्ता प्रविधि देख्नेलाई प्रदर्शन विधि। देख्दै नदेख्नेलाई सिनेमा देखाउने विधि । सुनाउने विधि । कक्षाकोठामै मदानी देखाउने विधि। बालबालिकालाई तत्स्थानमा लैजाने विधि। चौथो रडाको हो– कक्षाकोठा के जस्तो हुने? घोत्लिन मिल्ने? सोच्न मिल्ने? सामग्रीले भरिएको? सफा एवं शान्त? कस्तो? पाँचौं रडाको

हो– अत्याधुनिक प्रविधिमै सबै कुरा भएको। मदानीका किसिम। मोही मथ्ने थरीथरीका तरिका। के हो अहिलेको प्रविधि? कि स्थान सापेक्ष प्रविधि बनाउने?

## मेरो सोच

प्रत्येक माध्यम प्रविधि हो। कलमबाट के सिकाउने? द्रवको वहाव? हावाको दबाब? कलमको इन्जिनियरिङ? कलमको अर्थशास्त्र? कलमको इतिहास? कलमको निर्माण सामग्री? कलमको समाजशास्त्र? कलमको मानवशास्त्र? यस अर्थमा प्रविधिको एउटा पाटो पाठको उद्देश्य रहेछ। जे बनाए पनि हुने। दोस्रो पाटो व्यवस्थापन हो। कलमको सङ्ग्रहालय बनाउने हो त? क-कसका घरमा के-कस्ता कलम रहेछन् भनी खोजाउने हो त? कलमका तस्विरसहितको कम्प्युटर सामग्री बनाउने हो त? तिम्रै घरमा क-कसले के-कस्तो कलम प्रयोग गरे भनी प्रत्याभूति गराउने हो त? यी सबै शिक्षण विधि रहेछन्। जुन छाने पनि हुने।

के गरी प्रविधि प्रयोग गर्ने? यो अर्को समस्या हो। घरको अनुभूतिमा जोडेर? स्कूलमै घरका सामग्री ल्याएर? सामग्री भएकै ठाउँमा अवलोकन गराएर? सामग्रीका चित्रहरू डिजिटल क्यामेरामा कैद गराएर? एलसीडीमा देखाएर? यी प्रश्नका उत्तर हामीसँगै छन्। जे उपलब्ध छ त्यही आधार लिएर। जेमा सजिलो लाग्छ, त्यसैको वकालत गरेर। यसको अर्थ हो मसँग जे छ त्यही प्रविधि हो। डिजिटल मात्रै प्रविधि होइन। यो सोचले शिक्षकलाई प्रविधि छैन भन्ने पीडा हट्छ। सबै प्रविधियुक्त रहेछौं भन्ने चिन्तन आउँछ। अनि किताबकै व्याख्या गर्ने 'दुर्बुद्धि' हट्छ।

कसरी किताबी कुरालाई उपलब्ध प्रविधिमा जोड्ने? यो सोचनीय प्रश्न हो। यसका लागि शिक्षकले पढाउने विषयवस्तु पहिल्याउनुपर्छ। सञ्चार व्यवस्था विषयवस्तु हुनसक्छ। कसको घरमा के-के गरी समाचार सुन्ने/सुनाउने गरिन्छ? कराएर? फोन गरेर? रेडियो सुनेर? टिभी हेरेर? एसएमएस गरेर? लेखेर? संकेत गरेर? प्रत्येक प्रश्नको उत्तरमा प्रविधि छ। ती साधनको चित्र लेखाए हुन्छ। सामग्री सङ्कलन गरे हुन्छ। घरबस्तीमा लगेर अवलोकन गराए हुन्छ। डिजिटल क्यामेरामा ती सामग्रीको तस्विर कैद गरे हुन्छ। एलसीडीमा देखाए हुन्छ। जे गरे पनि प्रविधिको प्रयोग भयो। भोलिको प्रविधि अर्कै आउला 'टच टोन' जस्तो। आँखाले हेरेर चल्ने प्रविधि। ताली बजाएर चल्ने प्रविधि। सुँघेर चल्ने प्रविधि।

## निर्णायक कुरा

हामीले पुस्तक पढ्यौं। व्याख्याता हाम्रो पहिचान बन्यो। त्यही पहिचान फेरौं। यो पाठलाई व्याख्या नगरी कसरी पढाउने? यही प्रश्न बोकौं। के गरे बुझ्न सहज होला? कथा भनेर? त्यसो भए कथा आधार भयो। कस्ता-कस्ता कथा चाहिने हुन्? छनोट भयो। कसरी प्रस्तुत गर्ने? प्रविधिको खोजी भयो। यो क्रममा प्रत्येक शिक्षक प्रविधि प्रयोगकर्ता बन्छौं। जनजनको प्रविधि प्रयोगकर्ता। तालिमले सिकाएको प्रविधि प्रयोगकर्ता। आधुनिक प्रविधिको प्रयोगकर्ता। आफ्नैखाले प्रविधिको प्रयोगकर्ता। के प्रत्येक पाठमा प्रविधि प्रयोग गर्ने हो त? त्यसलाई चाहिने प्रविधि खोज्ने हो त? पढाइलाई प्रविधियुक्त बनाउने हो त? ठाउँ अनुसारको प्रविधि प्रयोगकर्ता बन्ने हो त? उपलब्धता अनुसारको प्रविधि प्रयोगकर्ता बन्ने हो त?

**sms प्रतिक्रियाका लागि ltr<space>5006**








जोन टेलर गाट्टो

# पाठशाला, परिवार र शिक्षा

**शिक्षाको मूल शक्ति परिवार हो। असल जीवनको मुटु पारिवारिक पाठ्यक्रम हो। हामी त्यसबाट निकै टाढा पुग्यौँ। अब फर्कने बेला आएको छ। शिक्षालाई शुद्धीकरण गर्ने बाटो भन्नु; संस्थागत बन्धनमा फँसेको हाम्रो पाठशालाको पारिवारिक जीवनलाई मुक्त बनाउनु हो र पाठशाला समयभित्रै आमाबाबु र तिनका केटाकेटी आपसमा भेटिने स्थिति खडा गरेर पारिवारिक सम्बन्धलाई अझ गठिलो बनाउनु हो।**




*अघिल्लो अङ्कबाट क्रमश:*

संयुक्त राज्य अमेरिकामा जो-जसले पढ्छन्, लेख्छन् वा गणित गर्छन् त्यस्ताले प्राय: इज्जत वा आदर पाउँदैनन्। यो त बोलक्कडहरू (गफाडी)को मुलुक हो। हामी बोलक्कडहरूलाई सबैभन्दा बढी पैसा तिर्छौं र तिनकै प्रशंसा गर्दछौँ। त्यसैले हाम्रा केटाकेटी पनि बोलेको बोल्यै गर्छन्, टेलिभिजन र स्कूलका शिक्षककै शैलीमा। आजका बालबालिकालाई आधारभूत कुरा सिकाउन धेरै गाह्रो भइसकेको छ किनभने हामीले निर्माण गरेको समाजका लागि उनीहरू स्वयं आधारभूत वस्तु रहेनन्।

हाम्रा बालबालिकाको जीवनलाई वर्तमानमा दुईवटा संस्थाले नियन्त्रण गर्दछन्- टेलिभिजन/इन्टरनेट र पाठशाला। (पछिल्लो कालखण्डमा कम्प्युटर/इन्टरनेट थपिएको छ- सं.।) यी सबै साधन वा वस्तुले वास्तविक संसारको विवेक, धैर्य, संयम र न्यायलाई एउटा अन्त्यहीन अन्धलगावमा पारेर गौण तुल्याइदिन्छन्। सदियौं पहिलेका कुरा गर्दा बालबालिका वा किशोरकिशोरीहरूको समय सच्चा र अर्थपूर्ण कामकाजमा व्यतीत हुने गर्दथ्यो- वास्तविक समाजसेवामा, वास्तविक साहसिक अभियानमा र त्यस्ता गुरु या अगुवाको खोजमा जो तपाईं स्वयंले सिक्न चाहेका कुरा सिकाउन सक्षम होऊन्। त्यसबखत अधिकांश समय सामुदायिक क्रियाकलापमा बित्दथ्यो; माया र स्नेहको साटासाट हुन्थ्यो, समुदायको सबै तहसम्म पुगेर अवलोकन र अध्ययन हुन्थ्यो। घर कसरी बसाइन्छ भन्ने लगायतका दर्जनौं कार्यहरूमा संलग्न हुँदै एक पूर्ण पुरुष वा महिला बन्न आवश्यक सबै कुरा सिकिन्थ्यो।

तर आज मैले शिक्षा प्रदान गर्दै आएका बालबालिकाको समय तालिका भने यस्तो छ:

प्रत्येक हप्ताको कुल १६८ घण्टामध्ये मेरा बालबालिका ५६ घण्टा सुत्छन्। त्यसपछि उनीहरूसँग ११२ घण्टा बाँकी रहन्छ। हालसालै प्रकाशित एक प्रतिवेदन अनुसार बालबालिकाले सुतेर बाँकी रहेको ११२ घण्टामध्ये ५५ घण्टा टेलिभिजन (या इन्टर नेट)मा बिताउँछन्। यसरी उनीहरूसँग आफ्नो निजी व्यक्तित्व विकास गर्न एक हप्तामा मात्र ५७ घण्टा बाँकी रहन्छ।

त्यो ५७ घण्टामध्ये मेरा बालबालिका ३० घण्टा पाठशालामा बिताउँछन्। त्यसका लागि तयारी गर्न, पाठशाला पुग्न र फेरि घर फर्कन अरू ६ घण्टा व्यतीत हुन्छ। त्यसपछि औसत ७ घण्टा गृहकार्यमा बित्दछ। त्यस हिसाबले लगभग ४५ घण्टा त सिद्धि नै हाल्यो। यो अवधिभरि उनीहरू कसै न कसैको निगरानीमा बसेका हुन्छन्। तिनलाई निजी समय वा गोप्य स्थान कहीँ उपलब्ध हुँदैन। आफूखुसी गर्न लाग्यो भने अनुशासनको कारबाहीमा परिहाल्छन्। एवंरीतले; बालबालिकालाई उनीहरूको विलक्षण चेतनाको जागरण गर्न एक हप्तामा १२ घण्टाको समय मात्र बाँकी रहन्छ। निश्चय नै; मेरा बालबालिकालाई खानु पनि पर्छ। त्यसमा पनि समय खर्च हुन्छ तर धेरै होइन; किनभने उनीहरूले पारिवारिक भोजनको परम्परा गुमाइसकेको अवस्था छ। तैपनि, यदि बेलुकीको पारिवारिक भोजनलाई हप्तामा तीन घण्टा मात्रै छुट्यायौँ भने पनि एउटा बालबालिकाको निम्ति निजी मनखुसीको समय ९ घण्टा मात्र बाँकी रहन्छ।

यो त अपर्याप्त भयो, होइन र? हुनत; धनीमानीका सन्तानहरू निश्चय नै कम टेलिभिजन हेर्छन्। तर पनि उनीहरूको समय साँघुरो दायराभित्रै विभाजित हुन्छ। उनीहरू व्यापारिक मनोरञ्जनमा पनि समय बिताउँछन् र विद्यालयइतरका पाठ सिक्न पनि बाध्य हुन्छन्; जुन उनीहरूको आफ्नो इच्छा वा चाहनाभित्र नपरेको पनि हुन सक्छ।

अब ती वस्तुहरूका बारेमा सोचौँ जसले हाम्रो राष्ट्र (सं.रा. अमेरिका)लाई नै मर्माहत तुल्याउँदै छन्- नशालु पदार्थ, विवेकहीन प्रतिस्पर्धा, मनोरञ्जनकेन्द्रित यौन, हत्याहिंसाको नग्न प्रदर्शन, जुवा, मादक पदार्थ आदि। अरू सबैभन्दा अवाञ्छित कुरा त यस्ता विभिन्न वस्तुको खरिदमा जीवनलाई समर्पण गर्नु तथा त्यस्ता भौतिक वस्तुको सञ्चयलाई नै आदर्श मान्नु हो। यी सबै कुरा परनिर्भर व्यक्तिका नशा हुन्। हाम्रो अहिलेको पाराको पाठशाला शिक्षाबाट उत्पादन हुने तत्व यस्तै हुन्छ।

बालबालिकाको सम्पूर्ण निजी समय हरण गरिदिँदा पर्ने प्रभावबारे केही थप चर्चा गर्न चाहन्छु। तपाईंहरूले यो कुरा सुन्नुपर्छ किनभने रोगविशेषका लक्षणहरूलाई सम्बोधन गरेन भने जे-जस्तो सुधार गरे पनि त्यो वास्तविकता भन्दा टाढाको खोक्रो वस्तु बन्न जान्छ:

१. मैले शिक्षा दिने गरेका बालबालिकाहरू प्रौढ संसारसँग कुनै चासो राख्दैनन्। हजारौँ वर्षको अनुभवलाई तिनले पूरै नकारेको अवस्था छ।
२. मेरा विद्यार्थीमा कौतुहल/जिज्ञाशा बिल्कुलै छैन। उनीहरूसँग जे छ त्यो पनि क्षणिक हुन्छ। उनीहरू धैर्यपूर्वक बस्न सक्दैनन्, आफूलाई मन लाग्ने कुरामा पनि धेरै समय एकाग्र हुन सक्दैनन्। प्रश्न उठ्छ, के हामीले कहिल्यै सोचेका छौँ- एकपछि अर्को गर्दै पाठशालाको घण्टी र त्यससँगै कक्षाकोठा बदलिने प्रक्रिया र तदनुरुप विद्यार्थीको ध्यान परिवर्तन हुने प्रक्रियाबीचको सम्बन्ध कस्तो होला?
३. मेरा विद्यार्थीमा भविष्यको चेतना साह्रै कमजोर छ। उनीहरूमा आजका कुरा भोलिसँग कसरी आबद्ध हुन्छन् भन्ने ज्ञान छैन। मैले पहिले पनि भनिसकेँ, उनीहरूको वर्तमान लम्बिएको छ। जुन क्षणमा उनीहरू आइपुगेका छन्, त्यो उनीहरूको चेतनाको सीमारेखा नजिक छ।
४. मेरा विद्यार्थीमा इतिहासको पनि चेत छैन। अतीतले उनीहरूको वर्तमानलाई कसरी निर्माण गर्‍यो, कसरी उनीहरूका निम्ति उपलब्ध विकल्पहरू कुण्ठित भए, कसरी आफ्नो मान्यता र आफ्नो जीवन निर्माणका अवसरहरू कुण्ठित छन् भन्ने जस्ता प्रश्नप्रति ती बेखबर रहन रुचाउँदछन्; विगतप्रति वास्तै छैन।
५. मेरा विद्यार्थी आपसमा निर्दयी पनि छन्। अरूको दु:ख र दुर्भाग्यमा समवेदना राख्दैनन्। अरूको कमजोरीलाई खिसीमा उडाउँछन्। जसलाई अरूको मद्दतको आवश्यकता पर्दछ तिनलाई हेय र तिरस्कारको दृष्टिले हेर्दछन्।

**अब ती वस्तुहरूका बारेमा सोचौँ जसले हाम्रो राष्ट्रलाई नै मर्माहत तुल्याउँदै छन्- नशालु पदार्थ, विवेकहीन प्रतिस्पर्धा, मनोरञ्जनकेन्द्रित यौन, हत्याहिंसाको नग्न प्रदर्शन, जुवा, मादक पदार्थ आदि। यी सबै कुरा परनिर्भर व्यक्तिका नशा हुन्। हाम्रो अहिलेको पाराको पाठशाला शिक्षाबाट उत्पादन हुने तत्व यस्तै हुन्छ।**

६. मेरा विद्यार्थीका लागि अरू व्यक्तिसँग घनिष्ट सम्बन्ध बनाउनु वा आत्मीयता कायम गर्नु असजिलो र असहज काम हुन्छ। उनीहरूमा आफ्नो भित्री स्वत्वलाई बाहिरी व्यक्तित्वले ढाकिराख्ने आदत हुन्छ। बाहिरी व्यक्तित्वको व्यापकता भने अप्राकृतिक टुक्राटाक्री जोडेर निर्माण भएको हुन्छ। त्यस्ता बानीव्यहोरा इन्टरनेट/टेलिभिजनबाट सिको गरेका वा शिक्षक वर्गलाई छक्याउने चतुर्‍याईंबाट प्राप्त गरेका हुन्छन्। उनीहरू आफ्नो प्रतिनिधित्व आफैँ गरिरहेका हुँदैनन्। आत्मीयतामा त्यस्ता नक्कली पर्दाहरू फाट्छन्। त्यसैले घनिष्ट सम्बन्धलाई उनीहरूले पन्छाउनुपर्ने हुन्छ।
७. मेरा विद्यार्थी भौतिकवादी छन्। उनीहरू आफ्ना त्यस्ता शिक्षक वर्गलाई पछ्याउँछन्, जसले प्रत्येक कुराको मापन आधार भौतिकतालाई मानेको हुन्छ।
८. मेरा विद्यार्थी नयाँ चुनौतीका सामने परनिर्भर छन्, लोसे छन् र काँतर पनि। तर यो कुरालाई उनीहरू बाहिरी बहादुरी, क्रोध वा आक्रामक स्वभावले छोप्ने प्रयास गर्छन्। भित्रभित्रै भने ती खोक्रा हुन्छन्; बचावट वा प्रतिरक्षाको सामर्थ्य हुँदैन तिनमा।

यदि हाम्रो राष्ट्रको अधोगतिको क्रममा विराम लगाउने हो भने अरू केही निर्दिष्ट शर्तहरू पनि उल्लेख गर्नुपर्ने हुन्छ। तर अहिलेसम्मका मेरा कुराबाट मेरो मान्यता र ठम्याइ

# चिन्तन

**बहसलाई सही ठाउँमा पुऱ्याउन सकियो भने जाती भयो नत्र भने त्यस लक्ष्य प्राप्तिको लागि वैकल्पिक बाटोको रूपमा गृहशिक्षा ('घरैमा शिक्षा') ले दर्शाएको सफलता छँदैछ। हामीले शिक्षामा खन्याउने गरेको धन गृहशिक्षामा लगाउने हो भने एक पन्थ दुई काज भनेझैं एकातिर बालबालिका सुधारिन्छन् भने अर्कोतिर परिवार पनि सुध्रिन्छ। यसो गरेर शिक्षा र परिवारमा एकसाथ सक्कली सुधार ल्याउन सकिन्छ।**



बारे तपाईंहरूले अनुमान लगाइसक्नुभएको होला। त्यसमा तपाईंहरू सहमत हुन पनि सक्नुहुन्छ; नहुन पनि। जेहोस्, रोगका कारकतत्व पाठशाला वा टेलिभिजन (आज इन्टरनेट पनि)लाई नै मान्नुपर्छ। यी दुई वा तीन वटै पनि हुन सक्छन्। बालबालिकाहरूको समयलाई पाठशाला र कम्प्युटर, टेलिभिजन इन्टरनेटले खपक्कै खाइदिएको कुरा सामान्य गणितबाटै पनि प्रस्ट हुन्छ। तिनले नै अमेरिकी परिवारलाई पनि ध्वस्त पारेका छन्। बालबालिकाहरूको शिक्षामा परिवारको भूमिका केही रहेन। दोष दिनुपर्दा टेलिभिजन, कम्प्युटर, इन्टरनेट, फेसबुक, ट्विटर र पाठशालापद्धति (Schooling) लाई नै दिनुपर्छ।

अब के गर्न सकिन्छ त? सबैभन्दा पहिले हामीले एउटा चर्को राष्ट्रिय बहस चलाउनु आवश्यक छ। त्यो बहस दिन पर दिन गर्दै वर्षौंसम्म निरन्तर रहने प्रकृतिको हुनुपर्छ। हामीले स्कूलको विषयलाई लिएर चिच्याई-चिच्याई आवाज उठाउनुपरेको छ, जबसम्म बहस टुङ्गिदैन र पार लाग्दैन। बहसलाई सही ठाउँमा पुऱ्याउन सकियो भने जाती भयो नत्र भने त्यस लक्ष्य प्राप्तिको लागि वैकल्पिक बाटोको रूपमा गृहशिक्षा (Home Schooling) ('घरैमा शिक्षा') ले दर्शाएको सफलता छँदैछ। हामीले शिक्षामा खन्याउने गरेको धन गृहशिक्षामा लगाउने हो भने एक पन्थ दुई काज भनेझैं एकातिर बालबालिका सुधारिन्छन् भने अर्कोतिर परिवार पनि सुध्रिन्छ। यसो गरेर शिक्षा र परिवारमा एकसाथ सक्कली सुधार ल्याउन सकिन्छ। हामीले पाठशालाबाट दिने आधारभूत प्रतिज्ञा के हो भन्नेबारे पुनर्विचार गर्नुपर्दछ र हाम्रा सबै बालबालिकाले के सिकुन् भन्ने चाहना राख्दछौं र त्यो किन सिकाइनुपर्छ भन्नेबारे निर्णय लिनुपर्ने हुन्छ।

लगभग १४० वर्षसम्म हामीले विज्ञ भनाउँदा बुद्धिजीवी समूहको निर्देशन अनुरुप माथिबाट आफ्ना लक्ष्यहरू लाद्न खोज्यौं। त्यसले काम गर्दैन। र, यो प्रजातान्त्रिक प्रतिज्ञालाई एउटा ठूलो धोका हो जसले यो राष्ट्रलाई एउटा कुलीन प्रयोगथलो बनायो। पूर्वी युरोपमा रूसीहरूको कम्युनिस्ट शासन स्थापना गर्ने प्रयास हाम्रै आँखासामु ध्वस्त भयो। हामीले पनि पाठशालालाई हतियार बनाएर त्यस्तै केन्द्रीय कट्टरपन्थी बाटो लाद्न खोज्यौं भने विस्तारै विस्तारै तर कष्टपूर्वक धुजाधुजा होइन्छ। यस्तोले काम गर्दै गर्दैन किनभने त्यसको आधारभूत सोच यान्त्रिक हुन्छ, मानवताको विपरित हुन्छ, र पारिवारिक जीवनको विरुद्धमा हुन्छ। यान्त्रिक शिक्षा पद्धतिले जीवनलाई नियन्त्रणमा त ल्याउन सक्छ तर त्यसले सधैं प्रतिवाद पनि निम्त्याउँछ। प्रतिवादका हतियारका रूपमा सामाजिक रोग हावी हुन्छन्– लागू औषधि, हिंसा, आत्मविध्वंस, संवेदनरहित अवस्था र मेरो विद्यार्थीका यस्तै अरू लक्षणहरू पनि।

हामीले व्यावहारिक रूपमा काम गर्ने शिक्षा दर्शन पुनः प्राप्त गर्न पछाडि फर्केर हेर्ने समय आइसकेको छ। मलाई खास गरेर निकै मनपर्ने त्यो दर्शन हजारौं वर्ष पहिले युरोपका शासक वर्गको प्रिय दर्शन थियो। मैले शिक्षा प्रदान गर्दा त्यसको सक्दो प्रयोग गर्दछु। सक्दो भन्नाले अनिवार्य पाठशाला शिक्षाको वर्तमान घेराबाट जतिसम्म उम्कन पाउँछु। मेरो सोचाइमा त्यो सोच गरिब बालबालिकालाई जति उपयुक्त छ, उति नै धनीमानीका लागि पनि उपयुक्त हुन्छ।

त्यो उच्च शिक्षा पद्धतिको केन्द्रबिन्दु भनेको एउटा विश्वास हो; जसले स्वयं प्राप्त ज्ञान नै सच्चा ज्ञान हो भन्ने मान्यता राख्दछ। यस पद्धतिमा जहाँसुकै पनि, जुनसुकै उमेर समूहमा पनि बालबालिकालाई आफ्नै परिवेशमा एक्लो छोडिदिने बन्दोबस्ती हुन्छ। त्यहाँ समस्या समाधानका लागि अरूले सिकाइदिने अवस्था हुँदैन। कहिलेकाहीं समाधानका लागि राखिएको समस्या जोखिमपूर्ण पनि हुन सक्छ। उदाहरणका लागि घोडालाई पैयाँ लगाउनु अथवा त्यसलाई उफार्नु। त्यस्ता समस्या हजारौं कुलिन घरानाका केटाकेटीहरूले दश वर्ष नपुग्दै समाधान गरिसकेका हुन्छन्। बेलाबखत आइपर्ने ठूलो मूल समस्या भनेको आफ्नो एक्लो अवस्थालाई नियन्त्रणमा राख्ने समस्या हो। उदाहरणस्वरुप थोरु (Thoreau) ले वाल्डेन पोखरी (Walden Pond) मा र आइन्स्टाइन (Einstein) ले स्विस भन्सार कार्यालयमा प्राप्त गरेको निपुणता।

मेरा एक विद्यार्थी थिए रोनाल्ड लिजियार्डी-लुरा (Ronald Legiardi-Lura)। उनका आमाबुबा दुवै मरिसकेका थिए र उनीसँग पैतृक सम्पत्ति केही थिएन, उनी एउटा साइकल लिएर एक्लै संयुक्त राज्य अमेरिकाको वारपार गर्न भ्रमणमा निस्किए। त्यतिबेला उनी किशोरावस्थामा थिए। त्यसैले उनले वयस्क हुँदा निकारागुवाको बारेमा चलचित्र निर्माण गर्ने कामको निधो गर्नु कुनै अचम्मको कुरै भएन। त्यतिबेला पनि न उनीसँग धन थियो न फिल्म बनाउने कुनै अनुभव। तर त्यो फिल्म

अन्तर्राष्ट्रिय पुरस्कार विजेता बन्यो; जबकि ती व्यक्ति साविक रूपमा काठको काम गर्ने एक सिकर्मी मात्र थिए।

आजभोलि हामी हाम्रा केटाकेटीको आफ्नो आत्मज्ञान विकास गर्ने बेलाको सबै समय उनीहरूबाट लुटेर लिँदैछौँ। यसको अन्त्य हुनुपर्छ। हामीले पाठशालामा त्यस्ता अनुभव प्राप्त गर्ने स्थितिको सिर्जना गर्नुपर्छ जसबाट उनीहरूको समय अधिकतम उनीहरूकै हातमा फर्कियोस्। कलिलो उमेरबाटै केटाकेटीहरू स्वावलम्बी भएर शिक्षा आर्जन गर्न सक्छन् भन्नेमा विश्वास गर्नुपर्छ। शायद पाठशालामा नै त्यस्तो व्यवस्था मिलाउन सकिन्छ तर त्यो व्यवस्था औपचारिक संस्थागत वातावरणबाट पृथक् हुनुपर्छ। त्यस्तो पाठ्यक्रमको सिर्जना गर्नुपर्ने हुन्छ, जहाँ प्रत्येक बालबालिकालाई आफ्नो व्यक्तिगत निजी विशेषता विकास गर्ने र स्वावलम्बी हुने अवसर मिलोस्।

केही पहिलेको कुरा हो; मैले एउटी १२ वर्षकी केटीलाई ७० डलर दिएर अङ्ग्रेजी बोल्न नजान्ने उनकी आमासँग बसमा राखेर न्यू जर्सीको समुन्द्री किनारामा जान भनेँ र त्यहाँ सिब्राइटका प्रहरी प्रमुखलाई दिवाभोजमा निम्त्याउन लगाएँ। त्यहाँको समुन्द्री तटमा फ्याँकिएका बोतलहरूबाट भएको प्रदूषणको निम्ति ती प्रहरी प्रमुखसँग क्षमायाचना गर्ने कार्यक्रम थियो त्यो। त्यस सार्वजनिक क्षमायाचनाको बदलामा त्यस केटीलाई एउटा सानो शहरमा प्रहरीले गर्ने कामकाज र तौरतरिकाबारे एक दिनको शैक्षिक तालिम दिने बन्दोबस्त मिलाइएको थियो। त्यसको केही दिनपछि मेरा दुईजना १२ वर्षीया विद्यार्थीले हार्लेमबाट वेस्ट फष्ट स्ट्रिटसम्म आफैँले सफर गरेर त्यहाँको एउटा अखबारका सम्पादकसँग शैक्षिक तालिम लिन शुरु गरे। त्यसको लगत्तै अर्को हप्ता मेरा तीन जना विद्यार्थी बिहान सखारै जर्सीको दलदल सिमसारमा पुगेर एउटा ट्रक कम्पनीको अध्यक्षसँग उनका सोचविचारबारे बुझ्न थाले। त्यो कम्पनीले १८ पाङ्ग्रे ट्रकहरू डलास, शिकागो र लसएन्जलसमा पठाउने काम गर्दोरहेछ।

के ती विशेष प्रकारका बालबालिका थिए त? के त्यो कार्यक्रम पनि विशेष प्रकारको थियो त? एक किसिमले हेर्दा 'हो' पनि तर यी कार्यक्रमबारे म र मेरा विद्यार्थीलाई बाहेक अरूलाई जानकारी थिएन। उनीहरू हार्लाम क्षेत्रका मध्य भागबाट आएका असल केटाकेटी थिए, उज्ज्वल र चनाखो पनि। तर जुन बखत उनीहरू मेरोमा आएका थिए त्यतिखेर उनीहरूलाई पाठशालाले निकै रगडेको अवस्था थियो। उनीहरूमध्ये धेरै जोडघटाउ समेत सजिलै गर्न सक्दैनथे। र, तीमध्ये कसैलाई पनि न्यूयोर्कमा कति जनसङ्ख्या छ भन्ने थाहा थिएन। न उनीहरूलाई न्यूयोर्कबाट क्यालिफोर्निया कति टाढा छ भन्ने नै हेक्का थियो।

साना बालबालिकालाई त्यस्तो कार्य गर्न लगाउँदा कुनै चिन्ता लागेको थियो कि भन्ने प्रश्नमा निश्चय नै केही दु:ख लाग्यो तर म निश्चिन्त थिएँ; किनभने जसै उनीहरू आफैँ आत्मज्ञान हासिल गर्न थाल्छन्, उनीहरू स्वयं शिक्षक बन्ने छन्, आत्म शिक्षाबाट प्राप्त हुने मूल्य बढी खप्ने हुन्छ।

हामीले प्रारम्भमा नै केटाकेटीलाई अत्यधिक स्वाधीन समय प्रदान गर्नुपर्छ किनभने आत्मज्ञानको मूल कडी त्यहीँ हुन्छ र त्यसपछि हामीले सकभर छिटो उनीहरूलाई सांसारिक वास्तविकतातिर पुन: संलग्न गराउनुपर्दछ भन्ने बारे छलफल गर्‍यौं। उनीहरूको स्वाधीन समय अन्धलगाव (Abstraction) मा होइन; अरूतिर लागोस् भन्ने मनसाय हो। अहिलेको हाम्रो अवस्था भनेको आत्तुरीको अवस्था हो। सच्याउनका लागि कडा कारबाहीको आवश्यकता पर्दछ किनभने हाम्रा केटाकेटीको 'बालापान' झिँगासरह पाठशालामा मरिरहेको छ। पाठशाला राम्रा हुन् वा नराम्रा होऊन्- त्यसले फरक पार्दैन; कुरो एउटै हो।

पुनर्संरचना गरिने पाठशाला प्रणालीमा अरू के कुराको आवश्यकता पर्ला त? परजीवीझैँ निर्भर रहने कुरामा रोक लगाउनुपर्छ। मानव इतिहासको सबै पानामा हामी यही देख्छौँ कि बालबालिकाहरू विद्यालयमा गोदामका सामग्रीझैँ थुपारिएका हुन्छन् र सार्वजनिक भलाइको निम्ति उनीहरूबाट केही खोजी हुँदैन। मलाई लाग्छ, पाठशालाको अभिन्न अङ्गको रूपमा केही समय सामुदायिक सेवामा पनि लगाउनुपर्छ। त्यसबाट निस्वार्थ भई काम गर्ने अनुभवको शिक्षा प्राप्त हुन्छ। साना नानीहरूलाई जीवनको मूलधारमा आइपर्ने जिम्मेवारी वहन गर्न सक्षम तुल्याउने यो सबभन्दा छिटो उपाय हो।

**पूर्वी युरोपमा कम्युनिस्ट शासन स्थापना गर्ने रूसीहरूको प्रयास हाम्रै आँखासामु ध्वस्त भयो। यस्तोले काम गर्दै गर्दैन; किनभने त्यसको आधारभूत सोच यान्त्रिक हुन्छ, मानवताको विपरित हुन्छ, र पारिवारिक जीवनको विरुद्धमा हुन्छ। यान्त्रिक शिक्षा पद्धतिले जीवनलाई नियन्त्रणमा त ल्याउन सक्छ तर त्यसले सधैँ प्रतिवाद पनि निम्त्याउँछ।**

पाँच वर्षसम्म मैले एउटा पृथक् गुरिल्ला कार्यक्रम चलाएँ जहाँ प्रत्येक नानीले वर्षमा ३२० घण्टाको समय सामुदायिक सेवामा लगाउनुपर्दथ्यो। त्यसमा धनी र गरिब, चलाख र बोधो सबै किसिमका नानीहरू थिए। वर्षौंपछि तीमध्येका दर्जनौं विद्यार्थी मकहाँ फर्केर आइपुगे। उनीहरू हुर्किसकेका थिए। उनीहरू भन्दै थिए- अरूलाई सहयोग गर्ने एउटा कामको अनुभवले जीवनमा नै परिवर्तन ल्याउँदोरहेछ। त्यसरी काम गर्दा तिनले नयाँ ढङ्गले सोच्न र आफ्नो लक्ष्य तथा मूल्यमान्यतामा पुन: विचार गर्न सिके। यी सबै कुरा मेरो ल्याव स्कूल प्रोग्राममा उनीहरू १३ वर्षको छँदा भएको थियो। यो सम्भव हुनुको पछाडि यो स्कूलै स्कूलको धनी जिल्ला अस्तव्यस्त अवस्थामा पुग्नु पनि थियो। जब स्थायित्व बहाली भयो त्यो ल्याव स्कूल बन्द गरियो। विभिन्न खालका नानीहरूको मिश्रित समूहसँग यो कार्यक्रम ज्यादै सफल रह्यो, त्यो पनि अति कम लागतमा र त्यसैले गर्दा निरन्तरता पाइएन। उच्च वर्गका खर्चालु कार्यक्रमलाई हामीले कमसल देखिने बनायौं।

शहरहरूमा वास्तविक समस्याको खाँचो हुँदैन। नानीहरूलाई ती समस्या समाधानमा सहयोग गर्न अनुरोध गर्न सकिन्छ। बदलामा उनीहरूलाई प्रौढ जगतको उचित ध्यान र सम्मान मात्र

भए पुग्छ। न्याय के हो भनी सिकाउने त्यो एउटा पाठ्यांश हो जुन सबै उच्च वर्गको शिक्षा प्रणालीमा निहित चार धर्ममध्येको एक हो। धनी र शक्तिसम्पन्नहरूका लागि जुन वस्तु प्रिय हुन्छ त्यो अरूका लागि पनि प्रिय हुन्छ। त्योभन्दा पनि अरु बढी त शिक्षामा सुधार गर्ने वास्तविक विचारहरू स्वतन्त्र रूपमा उपलब्ध हुन्छन्, ग्रहण गरिन्छन्।

आत्मनिर्भर अध्ययन, सामुदायिक सेवा, साहसी अनुभव, पर्याप्त निजी (गोप्य) एवं एकान्त अवस्था, हजारौं शैक्षिक तालिमका अनुभव, एक दिनभर वा अलि बढीको मनोरञ्जन कार्यक्रम (नाचगान, नाटक) आदि सबै शक्तिशाली, सस्तो र प्रभावकारी तरिका हुन्- पाठशाला सुधारको वास्तविक थालनीका लागि। हाम्रो बिग्रिएको पाठशाला प्रणाली र बिग्रिएको समाज सुधार गर्न ठूलठूला सुधार कार्य जरुरत छैनन्, यदि हामी खुला पाठशालाको अवधारणालाई अवलम्बन गर्दैनौं र शिक्षाको मूल शक्ति परिवारलाई मान्दैनौं भने। जब सन् १९७६ मा स्वीडेनले अनिच्छामा जन्मेका बच्चालाई सरकारले सकार्ने प्रणाली त्यागेर, त्यसको बदलामा राष्ट्रिय ढुकुटी र समय सम्बन्धित परिवारलाई दह्रो बनाउने कार्यमा खन्यायो, त्यस्ता स्वीडिस बच्चाहरू एकाएक इच्छाअनुसार जन्मेका हुन पुगे। उनीहरूले पूरा सफलता त हासिल गरेनन् तर सन् १९७६ मा ६००० को सङ्ख्यामा रहेको अवाञ्छित बच्चाहरूको सङ्ख्या सन् १९८६ मा १५ जनामा झऱ्यो। आमाबाबु स्वयंले नहुर्काएका केटाकेटीबाट उत्पन्न सामाजिक विकृति र त्यसको क्षतिबापत हुने खर्चले आजित भएर स्वीडिसहरूले यस्तो उपाय खोजेका हुन्। हामीले पनि त्यसो गर्न सक्छौं।

शिक्षाको मूल शक्ति परिवार हो। असल जीवनको मुटु पारिवारिक पाठ्यक्रम हो। हामी त्यसबाट निकै टाढा पुग्यौं र अब फर्कने बेला आएको छ। शिक्षालाई शुद्धीकरण गर्ने बाटो भन्नु हाम्रा पाठशालाका संस्थागत बन्धनमा फँसेको पारिवारिक जीवनलाई मुक्त बनाउनु हो र पाठशाला समयभित्रै आमाबाबु र तिनका केटाकेटी आपसमा भेटिने स्थिति खडा गरेर पारिवारिक सम्बन्धलाई अरु गठिलो बनाउनु हो। मैले माथि उल्लिखित केटी र उनकी आमालाई जर्सीमा गएर प्रहरी प्रधान भेट्न लगाएको त्यही कारण थियो। पारिवारिक पाठ्यक्रम निर्माण गर्ने मेरा धेरै विचारहरू छन् र मलाई लाग्छ तपाईंहरूमा पनि धेरै विचार पलाउनेछन्, जब तपाईंहरू यसबारे सोच्न थाल्नुहुन्छ।

पाठशालाको सुधारमा तल्लो तहसम्म पुग्ने सोचाइ बनाइराख्ने काममा समस्याको जडमा केही निहित स्वार्थ छन्। जस्तैः टेलिभिजन प्रसारणको समय भर्ने तथा पाठशालाबाट मुनाफा उठाउने। तिनका विरुद्ध जत्तिकै आवाज चर्काए पनि तिनको धन्दा चलि नै रहन्छ। त्यसैले हामीले नयाँ आवाज र नयाँ विचारको सुनुवाई होस् भन्ने मागहरू अगाडि सार्नु परेको छ, त्यो विचार मेरो होस् वा तपाईंको।

आधिकारिक आवाजहरूले टेलिभिजन र प्रेसमार्फत हाम्रो भुँडी भरिसके। अबको आवश्यकता भन्नु दशक लामो बहस हो, विज्ञहरूको विचार अब पुग्यो। विज्ञहरू शिक्षा क्षेत्रमा कहिल्यै सही ढङ्गले उत्रेनन्। उनीहरूले ल्याउने समाधानका उपायहरू खर्चिला भए, आफ्नै स्वार्थ पूरा गर्ने र सधैं केन्द्रीकरणलाई बढावा दिने खालका भए। अब त अति भयो। समय आएको छ प्रजातन्त्रको, व्यक्ति व्यक्तिको र परिवारको। मैले मेरो भन्नु भनें। धन्यवाद।

*समाप्त*

अनुवादः **डा. तीर्थबहादुर श्रेष्ठ**

**sms प्रतिक्रियाका लागि ltr<space>5006**





# पहिले जिस्क्याउनेहरू अहिले 'राम्रो गऱ्यौ' भन्छन्

**पवित्राकुमारी राउटे**
जोगबुढा गाविस, डडेल्धुरा
(हालः श्रीकृष्ण उमावि, कृष्णपुर, कञ्चनपुरमा भेटेरीनरी-जेटीए अध्ययनरत्)

प्राथमिक तहको पढाइ गाउँबाटै पूरा गरी छिमेकी गाउँको भागेश्वर माविमा एसएलसीसम्म पढेकी पवित्राकुमारी राउटेको जिन्दगी निकै संघर्षपूर्ण छ। आर्थिक अभावका कारण विद्यालय जाने उमेरमा उनले पढाइको अलावा ज्याला मजदुरी समेत गर्नुपऱ्यो। त्यसरी कमाएको पैसा पढाइ र घर-खर्चमा सकिन्थ्यो।

गाउँका अरू साथीहरूले पढेको देखेर आफू पनि विद्यालय भर्ना भएकी उनी राउटे समुदायकै पहिलो शिक्षित महिला भएको गर्वसाथ बताउँछिन्।

सँगै पढ्ने अरू विद्यार्थीले 'राउटे' भनेर जिस्क्याउन थालेपछि राउटेका कतिपय बालबालिकाले विद्यालय जानै छोडिदिए। तर, उनले छोडिनन्। "म चाहिँ उनीहरूभन्दा तगडा नै थिएँ, कसैले जिक्याए भने सरलाई भनिदिन्थेँ। अरूले जिस्क्याए भनेर म कहिल्यै हतोत्साही भइनँ। त्यसैले गर्दा आज यो अवस्थासम्म आइपुगेँ," पवित्रा हाँस्दै भन्छिन्।

> **"म चाँहि उनीहरूभन्दा तगडा नै थिएँ, कसैले जिक्याए भने सरलाई भनिदिन्थे। अरूले जिस्क्याए भनेर म कहिल्यै हतोत्साही भइन। त्यसैले गर्दा आज यो अवस्थासम्म आइपुगेँ।"**

घरमा बुवा, आमा, तीन दाजु, एक दिदी, एक बहिनी, एक भाइ र उनीसमेत गरी नौ जनाको परिवार छ। "हाम्रो परिवारमा अहिले सात जना त पढ्दैछन्। आज काम गऱ्यो, आजै खानुपर्ने, भोलि काम गऱ्यो, भोलि नै खानुपर्ने। पैसा वचत हुँदैन, आर्थिक अवस्था कमजोर छ। मट्टितेल किन्ने पैसा नभएर घरमा बेलुका पढ्न टुकी बालेर गृहकार्य गर्न नपाउँदा धेरैपटक शिक्षकको हातबाट पिटाइ खाएकी छु। अहिले त्यही जिन्दगी फर्केर हेर्दा खुशी लादछ," केही गम्भीर र हँसिलो मुहारमा उनी भन्छिन्।

> **"पहिले जङ्गलमा बस्ने बानी भएकाले कमाउने र वचत गर्ने सोचाइ कहिल्यै आएन। त्यसैले आर्थिक अवस्था सबैको कमजोर छ।"**

"पहिले जङ्गलमा बस्ने बानी भएकाले कमाउने र वचत गर्ने सोचाइ कहिल्यै आएन। त्यसैले आर्थिक अवस्था सबैको कमजोर छ," उनी पारिवारिक दुखेसो यसरी पोख्छिन्।

पवित्राको गाउँमा राउटे समुदायका ३० घर परिवार बस्छन्। आफ्नो बाल्यकाल र अहिले आएको परिवर्तनबारे उनी भन्छिन्, "पहिले हेला गरेर जिस्क्याउनेहरू अहिले 'राम्रो गऱ्यौ' भन्न थालेका छन्।" पवित्रा गाउँमा छँदा उनी विद्यालय गएकै देखेर बहिनी र गाउँका अरू केटीहरूसमेत विद्यालय जान्थे। तर, एसएलसी उत्तीर्ण भएसँगै पवित्राले गाउँ छोडेपछि बहिनी र अन्य केटीहरू विद्यालय जानै छोडिदिए। तीमध्ये धेरैले त विवाह गरिसकेका छन्।

उनको परिवारलाई राज्यले बसोवासको लागि दिएको जग्गा त्यति योग्य छैन। वर्षायाममा आउने बाढी र भेलले दुःख दिन्छ। हिउँदमा चाहिँ सिंचाई अभाव केही पनि उब्जनी हुँदैन। अहिले भने पवित्राको परिवारमा जीवनयापनमा केही परिवर्तन आएको छ। घरमा गाई, गोरु, बाखा पालिएका छन्। तैपनि जमिनबाट उत्पादित अन्नले वर्षभरि खान पुग्दैन। ज्याला मजदुरी गरेरै घर खर्च चलाउनुपर्छ।

गाउँमा छँदा पवित्रा प्रौढ शिक्षा पढाउँथिन् र साथै सामाजिक विकासका अन्य गतिविधिमा पनि सक्रिय रूपमा सहभागी हुन्थिन्।

पवित्रालाई उनका दाइले पढ्नका निम्ति सधैं प्रोत्साहन गर्दथे। "कसैले सहयोग गरे ठिकै छ, नत्र पढे आफैंलाई हुन्छ। दुःख गरेर, ऋण लिएर भए पनि तिमीले पढ्नुपर्छ।" दाइले दिएको हौसला सुनाउँदै उनी भन्छिन्।

रिच आउट टु एसियाको आर्थिक सहयोगमा एक्सनएडद्वारा प्रदान गरिएको छात्रवृत्ति कार्यक्रमअन्तर्गत श्रीकृष्ण उमावि, कृष्णपुर, कञ्चनपुरमा अध्ययनरत् पवित्रा राउटे अहिले भेटेरीनरी विषयमा जेटीए कोर्स गर्दैछिन्। आफ्नो पढाइको लागि एक्सनएडले सहयोग गरेकोमा उनी खुशी पनि छिन्। भन्छिन्, "संस्थाले सहयोग गरेकाले पढ्न पाएँ। कमजोर आर्थिक अवस्थाका कारण पढाइबाट वञ्चित हुन्थेँ होला।"

> **"संस्थाले सहयोग गरेर पढ्न पाएँ, नत्र पढ्न गाह्रो थियो।"**

सरकारले लोपोन्मुख जाति भनेर राउटेलाई एक हजार रुपैयाँ मासिक भत्ता दिँदै आएको छ। यसले राउटे परिवारको जीवनयापनलाई केही सहज बनाएको छ भने सामाजिक सोचमा पनि केही परिवर्तन आएको छ। "हिजोसम्म हामीलाई हेला गर्नेहरू अहिले भत्ता पाउँदा राउटे हुन पाए हुन्थ्यो भन्छन्।" यसले आफूमा अझ उत्साह बढेको पवित्राको अनुभव छ।

भविष्यको योजनाबारे पवित्रा भन्छिन्, "जेटीएको पढाइ सकेपछि आफ्नै गाउँमा एग्रोभेट पसल खोल्नेछु। त्यसबाट आम्दानी गर्न नसके मात्रै जागिर खोज्नेछु।"

*(पवित्रा राउटेसँगको कुराकानीको आधारमा विनोद तिमिल्सेनाले यो अवस्था अध्ययन तयार पारेका हुन्।)*

## तेस्रो पक्ष

# बाल व्यवहार



**बालबालिकाको मन अत्यन्त कोमल, चञ्चल, विनोदी र हठी पनि हुन्छ। त्यो उनीहरूको ऊर्जा हो तर सही ढङ्गले परिचालन नगरिए त्यही समस्याको जड पनि हुन सक्छ। त्यसैले उनीहरूलाई राम्रो शिक्षा दिएर असल नागरिक बनाउने ध्येयमा रहेका हामी अभिभावक र शिक्षकहरूले उनीहरूको संवेदनशीलतालाई चिन्न र बुझ्न आवश्यक छ। प्रख्यात बाल शिक्षाशास्त्री गिजुभाई बधेकाले ४ देखि १२ वर्ष उमेर समूहका बालबालिकाका अभिभावकलाई ध्यानमा राखी लेखेको पुस्तक *'मातापिता के माथापच्ची'* बाट साभार गरिएका केही प्रसङ्गहरू, जसमा लेखकले आफ्नो लामो अध्ययन र चिन्तनबाट प्राप्त ज्ञानलाई सरल शब्दमा व्यक्त गरेका छन्।**

### मज्जा, चुरोट पिउनुमा होइन, लुक्नुमा छ !

रतिसलालले लुकेर चुरोट खाएको देखेपछि उसलाई सजाय दिने निधो गरेँ।

तर कस्तो सजाय कसरी दिने? मलाई आफ्नै बाल्यकाल सम्झना आयो। मैले पनि एकपटक कसैले नदेख्ने गरी बिँडी पिएको थिएँ। खासमा बाले बारम्बार पिइरहने बिँडी कस्तो हुँदो रहेछ त भन्ने कौतुहल मेट्न पिएको थिएँ। लुकेर चाहिँ किनभने दाजुले त्यसरी बिँडी पिएको चाल पाएपछि बाले उसलाई बेस्सरी पिट्नुभएको थियो।

अब यो रतिसलाललाई के गर्ने? सोच्दासोच्दै मलाई एउटा उपाय सुझ्यो। मैले उसलाई नजिकै बोलाएँ र मायालु स्वरमा सोधेँ, "छोरा! तिमीलाई आज अचानक चुरोट पिउने रहर कसरी जाग्यो?"

उसले सहज भएरै उत्तर दियो, "कान्छा काकाले चुरोट पिएको देखेपछि मलाई पनि पिऊँ पिऊँ लाग्यो।"

"तर चुरोट पिउने बेलामा किन लुकेको त?"

"तपाईंले थाहा पाउनुभयो भने रिसाउनुहुन्छ भनेर।"

"म किन रिसाउनु र?"

"हामीले कुनै नयाँ कुरा गर्दा तपाई जहिले पनि रिसाउनुहुन्छ नि! त्यसैले चुरोट पनि लुकेर पिएको।"

"तर म रिसाइनँ भने?"

"लुकेर चुरोट खान्नँ!"

"तर तिमीले सबैले देख्ने गरी गरे पनि त्यो काम राम्रो होइन रहेछ भने के गर्छौ?"

"कुन काम राम्रो हो, कुन खराब त तपाईंले भन्नुहुन्छ। कति कुरा त राम्रो कि नराम्रो भन्ने मै पनि चाल पाइहाल्छु नि!"

"छोरा, साँच्चै भन त; चुरोट पिउँदा तिमीलाई कस्तो लाग्यो?"

"मलाई चुरोटको स्वाद त मीठो लागेन। तर चुरोट पिउन लुक्दा चाहिँ मज्जा आयो।"

"लुकाइमा पनि कहीं मज्जा आउँछ त!"

"हो, मज्जा त चुरोट पिउने नाउँमा लुक्दा नै भएको थियो। म कति होसियार रहेछु त, म कसैले नदेख्ने गरी लुकेको मात्र थिइनँ, लुकेर चुरोट पनि खाइरहेको थिएँ। मलाई कसैले पनि गर्न नदिने काम मज्जासँग गरिरहेको थिएँ। के जसले पायो त्यसले यस्तो गर्न सक्थ्यो र? त्यसैले मलाई मज्जा लागेको थियो।"

"त्यसो हो भने लौ सुन, अबदेखि म तिमीलाई चुरोट पिउने छुट दिन्छु।"

"त्यसो गर्नुभयो भने त म चुरोट पिउँदिनँ होला, किनभने त्यसरी पिउँदा मज्जा नै आउँदैन।"

"तर, किन मज्जा नआउनू?"

"बाबा, चुरोट राम्रो लाग्ने चिज त होइन नि! त्यसको मज्जा त लुकिछिपी पिउनमा पो हुन्छ त! अब मलाई चुरोट पिउनु नै छैन। त्यतिबेला त चुरोट कस्तो हुँदो रहेछ भन्ने थापा पाउन पो पिएको थिएँ। मलाई त्यसको स्वाद नै मन परेन!"

## कुन पढाइ सही ?

विद्यार्थीले झोलाबाट कापी, कलम र पुस्तक निकाले। शिक्षकले इतिहास पढाए। विद्यार्थीले पढे– पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरे। ५२ वर्षको उमेरमा वि.सं. १८३१ मा उनको देहावसान भयो।

शिक्षकले भूगोल पढाए। विद्यार्थीले पढे– पोखरादेखि बाग्लुङसम्मको दूरी ६० कि.मी. छ। नारायणगढ बजार नारायणी नदीको किनारमा बसेको छ।

शिक्षकले गणित पढाए। विद्यार्थीले पढे– रामको घरमा ६ जना छन्। यी ६ जनाले एक दिनमा ३०० कमाउँछन् भने एकजनाको कमाइ कति होला ?

शिक्षकले कविता सिकाए। विद्यार्थीले कविता सिके– 'हे सरस्वती माता विद्या देऊ..!'

स्कूलको घण्टी बज्यो। आजको पढाइ सकियो। विद्यार्थी आ-आफ्नो घरतर्फ लागे। शिक्षक आफ्नो घरतिर।

❖ ❖

साँझ छिप्पिइसकेको थियो। खानापछि सबै फुर्सदिला थिए। पिताजीले महाभारतको प्रसङ्ग कोट्याउनुभयो। बालबालिकाका कान ठाडा भए। सबै ध्यानपूर्वक सुन्न थाले। महाभारतको एउटा कथापछि पिताजीले आफ्नै पुर्खाको पराक्रमको बारेमा लामो विवरण चाखलाग्दो ढङ्गले सुनाउनुभयो।

केटाकेटीले सोचे, "ओहो ! हाम्रा पुर्खा यस्ता रहेछन् ! अर्जुन त साँच्चै बहादुर हुन् !'

पिताजीले इतिहास सिकाउनुभयो।

त्यसपछि पिताजीले आफू दार्जीलिङ घुम्न जाँदाको वृत्तान्त सुनाउनुभयो। 'टाइगर हिल'बाट देखेको सूर्योदय र टुकटुके रेलको वर्णनले केटाकेटीको मनलाई उडाएर दार्जीलिङ नै पुऱ्याइसकेको थियो। पिताजीले भूगोलको कक्षा साँच्चै राम्रोसँग सञ्चालन गर्नुभयो। केटोकेटीले सोचे– कुनै दिन दार्जीलिङ घुम्न त जानै पर्छ।

त्यसपछि पिताजीले नजिकैको ढकीमा जम्मा गरेर राखेका रुद्राक्ष तान्दै भन्नुभयो– लौ अब रुद्राक्षको माला उन्ने। हरेक मालामा १०८ दाना हुन्छन्। सबैले १०८ का दरले गनेर रुद्राक्ष लिएर माला उन्न थाले। पिताजीले केटाकेटीलाई गणितको रस चखाइदिनुभयो।

एउटा बच्चा बोली पनि हाल्यो, "बाबा, भोलि चाहिँ फूलको माला उन्ने। एक एक मालामा पाँच सय पाँच सय फूल गुथ्ने।"

रात निकै बितिसकेको थियो। धर्तीमा चाँदनी फैलिएको थियो। रूख-बिरुवा, ढुङ्गा, पर्वत सबै दूधले नुहाए जस्ता सफा र शान्त देखिन्थे। यत्तिकैमा पिताजीले भन्नुभयो– "लौ हेर, चारैतिर कति सुन्दर, कति भव्य ! कति मनमोहक !

पिताजीले कविता सिकाइदिनुभएको थियो। अनि बालबालिकाले भने, "बाबा, हामीलाई यो सबै देखेर एकदमै रमाइलो लागिरहेको छ। यहीं बसिरहौं, पल्टिरहौं जस्तो भइरहेछ। यो सबै दृश्य समेटेर चित्र बनाउन पाए झन् कस्तो मजा हुन्थ्यो होला ! अनि यस्ता भव्य र मनमोहक कुरा कसले बनाउँछ होला; सोच्दा अनौठो पनि लाग्छ।"

## पाँच काम

मनिलिऊँ, तपाईंको मनमा बालबालिकाको निम्ति केही गर्नुपर्छ भन्ने विचार जाग्यो। त्यसनिम्ति **यदि तपाई कुनै एउटा काम गर्न चाहनुहुन्छ भने, के गर्नुहुन्छ ?**

बालबालिकालाई कुट्न-पिट्न छोडिदिनुस्।

तपाईंलाई बालबालिकाको हितमा **कुनै दुईवटा काम गर्न मन लाग्यो भने के गर्नुहुन्छ ?**

हप्काई-दप्काई गरेर बालबालिकाको सातो लिन छोडिदिनुस्।

**मानौं, तपाईंलाई कुनै तीनवटा काम गर्न मन लाग्यो। तब के गर्नुहुन्छ ?**

बालबालिकालाई भयभित-त्रसित नतुल्याउनुस्। लोभलालच देखाएर वशमा पार्ने प्रयास नगर्नुस्। लोलोपोतो घसेर उनीहरूलाई थाप्लोमा चढाउने काम पनि नगर्नुस्।

**मानौं, बालबालिकाको पक्षमा तपाईंलाई चारवटा काम गर्ने इच्छाशक्ति जागेको छ। त्यतिबेला तपाई के के गर्नुहुन्छ ?**

बालबालिकालाई बारम्बार उपदेश दिने काम बन्द गर्नुस्। पटक-पटक दोष मात्रै देखाइरहने बानी छ भने त्याग्नुहोस्। र, उनीहरूमाथि हरदम आफ्नो रवाफ जमाउने प्रयत्न पनि नगर्नुस्।

**मानिलिऊँ, तपाई बालबालिकाको निम्ति पाँचवटा काम गर्न चाहनुहुन्छ। तब के गर्नुहुन्छ ?**

बालबालिका जुन काम तपाईंबाट गराउन चाहन्छन्, त्यो काम तपाई नगरिदिनुस्, बरु उनीहरूलाई नै त्यो कसरी गर्ने भनेर सिकाइदिनुस्। बालबालिका जे गर्न चाहन्छन्, त्यो गर्न दिनुस्। उनीहरूको काम वा कामगराइलाई कहिल्यै हल्का रूपमा नलिनुस्। बालबालिकाको काममा दक्खल नदिनुस् र उनीहरूबाट कुनै काम नखोस्नुस्।

## गलत व्यवहार

'बाबा, म पनि तपाईंसँग जान्छु।'

'होइन छोरा, त्यहाँ तिमीलाई लान मिल्दैन।'

'ऊँ...ऊँ...ऊँ... म पनि जान्छु।'

'छोरा, तिमी यहीं बस। म फर्कंदा तिमीलाई यत्ति चकलेट ल्याइदिन्छु।'

'नाइँ, म तपाईंसँगै जाने... !'

'ठीकै छ त। लौ हिँड। अलि पर गएर फर्कनु है !'

बाबु-छोरा दुवै हिँड्न थाले।

'बाबा ! मलाई बोक्नुस् न, खुट्टा दुख्यो !'

'म बोक्न चाहिँ सक्दिनँ है !'

'ऊँ...ऊँ...ऊँ... बोक्नुस् न !'

'हेर बाबु तँ मसँग जाने भए खुरुखुरु हिँड, हैन भने घर फर्की।'

'ऊँ...ऊँ...ऊँ... खुट्टा दुख्यो !'

'ठीक छ, आइज, एकैछिन बोकिदिन्छु अनि हिँड्नुपर्छ नि !'

बालबालिकाका अगाडि यसरी 'ठीक छ त' भन्ने व्यवहार नै अभिभावकहरूको मुख्य कमजोरी बन्ने गर्छ। यस्ता बाबु-आमाबाट बालबालिकाले मन लागेको कुरा लिन सक्छन्; किनभने तिनले हाम्रो कमजोरी चाल पाइसकेका हुन्छन्। यसैले, सोचविचार गरेर शुरुमै 'हुन्छ' या 'हुन्न' भन्नुपर्छ र त्यही कुरामा अडिग रहनुपर्छ। बालक रुन्छ या टाउको ठोक्छ भनेर उसलाई भुलाउने प्रयास गर्नुहुन्न। अहिले होस् वा पछि एकपटक रुनु त छँदै छ नि !

प्रस्तुतिः **राजेन्द्र दाहाल**

# उच्च शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०६७

उच्च शिक्षा विधेयक २०६७ सालमै संसद् सचिवालयमा प्रवेश गरेको हो। यो विधेयकले उच्च शिक्षा सम्बन्धी मौजुदा कानुनलाई एकीकरण गर्न चाहेकोले यसको ठूलो महत्त्व छ। यो विधेयक ऐनमा परिणत हुँदा संसद्‌बाट छुट्टै ऐनद्वारा संस्थापित दशवटा विश्वविद्यालय सम्बन्धी ऐनहरू खारेज हुनेछन् र यो ऐनको छातामुनि हाल चालु रहेका विश्वविद्यालय र भविष्यमा खोलिने विश्वविद्यालयहरू सञ्चालित हुनेछन्।

यस विधेयकको प्रस्तावनामा उल्लिखित उद्देश्यहरू हाल कायम रहेका विश्वविद्यालयका ऐनमा समेत देख्न पाइन्छन्। यो अर्थमा विभिन्न विश्वविद्यालय र उच्च शिक्षा विधेयकको घोषित उद्देश्यमा खासै फरक देखा पर्दैन। यो विधेयकको सकारात्मक कुराको चर्चा गर्नुपर्दा लामो समयदेखि खुल्ला विश्वविद्यालय, मानित विश्वविद्यालय, निजी विश्वविद्यालय र प्रतिष्ठान खोल्न पाउनुपर्छ, खुल्नुपर्छ भन्ने मान्यता रहँदै आएको हो। तर, उच्च शिक्षा सम्बन्धी छाता ऐनको अभावमा भनिएका विश्वविद्यालयहरू अस्तित्वमा आउन सकेका थिएनन्। यो विधेयक पारित भएमा यसको समस्या समाधान हुने देखिन्छ।

नेपालमा मानित विश्वविद्यालयमा परिणत हुनसक्ने कैयन् क्याम्पसहरू छन्। तर, आवश्यक स्रोत, साधन हुँदा पनि तिनलाई कानुनको अभावमा विश्वविद्यालयमा परिणत गर्न सकिएको छैन। उदाहरणका लागि महेन्द्र मोरङ क्याम्पस, विराटनगर; पृथ्वीनारायण क्याम्पस, पोखरा; रामस्वरुप रामसागर क्याम्पस, जनकपुर; ठाकुरराम क्याम्पस, वीरगञ्ज लगायतलाई लिन सकिन्छ। त्यसैगरी प्राविधिक क्षेत्रमा खोलिएका चिकित्साशास्त्र वा इन्जिनियरिङ क्याम्पसहरू पनि मानित विश्वविद्यालयमा परिणत हुनसक्छन्। यही कुरा कानुन, व्यवस्थापन, कला लगायत क्षेत्रमा पनि लागू हुन्छ।

सँगसँगै खुला विश्वविद्यालयको अवधारणालाई अगाडि बढाउनु पनि आजको आवश्यकता हो भने निजी क्षेत्रमा उच्च शिक्षा प्रदान गरिरहेका कैयन् शिक्षण संस्थाहरूलाई निजी विश्वविद्यालयमा परिणत गर्न ढिलो भइसकेको छ। कानुनको अभावमा फक्रिन नपाएर त्यस्ता निजी शिक्षण संस्थाहरू खुम्चिन बाध्य भएका छन्।

सार्वजनिक विश्वविद्यालय र सामुदायिक विश्वविद्यालयलाई आवश्यकतानुसार सङ्काय तथा आङ्गिक क्याम्पस स्थापना गर्न, निजी क्षेत्रका क्याम्पसलाई सम्बन्धन प्रदान गर्न तथा समकक्षता निर्धारण गर्ने अधिकार हुनेछ भनिएको छ। तर, सम्बन्धित विषयमा आफ्नो सङ्काय नभएको विषयमा अध्ययन वा अध्यापन गर्ने क्याम्पसलाई सम्बन्धन दिन नसकिने गरी रोक लगाइएको कुरा विशेष उल्लेखनीय छ।

यो छाता ऐनले सामुदायिक विश्वविद्यालयको धारणा अगाडि ल्याएको छ, जुन आजको आवश्यकता हो। स्थानीय समुदायले आवश्यकताबोध नगरी विश्वविद्यालय चल्न सक्दैन। समुदायले आवश्यक पर्छ भन्ने ठानेपछि विश्वविद्यालयको पूर्वाधार विकासदेखि संरक्षणसम्ममा उनीहरूको दायित्त्व रहन्छ। राज्यसँग समुदायले अपेक्षा मात्र गर्ने हैन कि आफू पनि स्रोत साधन जुटाउनेतर्फ लाग्नुपर्ने हुन्छ। स्थानीय तहबाट स्वामित्व ग्रहण भएमा विश्वविद्यालय जस्ता संस्था दिगो हुने भएकाले यो व्यवस्था छाता ऐनको राम्रो पक्ष हो भनेर मान्न सकिन्छ।

विधेयकले आफ्नो सङ्काय नभएको विषयमा अध्ययन वा अध्यापन गर्ने क्याम्पसलाई सम्बन्धन दिन नपाउने व्यवस्था गरेको छ। फुट्ट हेर्दा यो उपयुक्त लागे पनि व्यावहारिक भने छैन। त्यसैले विशेष शर्तहरू राखेर यो व्यवस्थामा खुकुलोपना ल्याउनु जरुरी छ। उदाहरणका लागि, काठमाडौं विश्वविद्यालयसँग चिकित्साशास्त्रको सङ्काय खडा नहुँदै चिकित्साशास्त्र अध्ययन गराउने तीन वटा क्याम्पसको जिम्मेवारी लिनुपरेको थियो। आवश्यक पर्दा समेत निकास दिन नसक्ने गरी कानुन निर्माण नगर्नु नै राम्रो हुन्छ।

अब अन्य विषयमा प्रवेश गरौं। परिभाषामा 'निजी विश्वविद्यालय भन्नाले पचास प्रतिशतभन्दा बढी निजी क्षेत्रको लगानीमा सञ्चालित विश्वविद्यालय सम्झनुपर्दछ' भनिएको छ। तर पछिका दफामा निजी विश्वविद्यालयले अरू क्याम्पसलाई सम्बन्धन दिन सक्छ वा सक्दैन? यसको हैसियत के हो? अधिकार कति हुने हो- स्पष्ट पारिएको छैन।

त्यति मात्र हैन विश्वविद्यालय स्थापना गर्नको लागि चाहिने पूर्वाधार विधेयकमा उल्लिखित छ, जसले अनुसूचीलाई औंल्याउँछ। तर, निजी विश्वविद्यालय हुन के पूर्वाधार चाहिन्छ भन्ने कुनै व्यवस्था विधेयकको अनुसूचीमा देखिँदैन। विधेयकमा 'निजी विश्वविद्यालयको सम्पत्ति त्यस्तो विश्वविद्यालय सञ्चालन गर्ने संस्थाको हुनेछ' भन्ने व्यवस्था गरेको पाइन्छ। यसो हेर्दा संस्था कुनै कम्पनी खडा गरी स्थापित भए त्यसका शेयरवालाहरू प्रकारान्तरले त्यो सम्पत्तिको स्वामित्व ग्रहण गर्ने हैसियत राख्ने भए भन्ने देखिन्छ। तर, त्यसको लगत्तै "निजी विश्वविद्यालय स्थापना गर्नुअघि त्यस्तो विश्वविद्यालयमा लगानी गर्न र सञ्चालन गर्नका लागि नाफा नलिने व्यवस्थासहित कम्तीमा तीनजना सदस्य रहेको ट्रष्टिजहरूको बोर्ड (बोर्ड अफ ट्रष्टिज) स्थापना गर्नुपर्नेछ। सो बोर्ड अफ ट्रष्टिजको गठन, विधि, तथा काम कर्तव्य अधिकार तोकिएबमोजिम हुनेछ" भनिएको छ। यसमा निजी विश्वविद्यालय र नाफा नलिने- यी दुई परस्परविरोधी कुरा हुन पुगेका छन्। दोस्रो कुरा; त्यस्तो विश्वविद्यालय खोल्नुपूर्व विधान पेश गर्नुपर्ने व्यवस्था गरेको छ। यस स्थितिमा विधानमै बोर्ड अफ ट्रष्टिजको काम कर्तव्य अधिकार लगायतका कुरा सम्बन्धितहरूले नै तयार पार्दा केही बिग्रँदैन। त्यसको साटो नेपाल सरकारले नियम बनाई व्यवस्थित गर्नुपर्ने व्यवस्था उचित भएन।

विधेयकमा "उच्च शिक्षा सम्बन्धी नीति निर्धारण गर्न नेपाल सरकारसमक्ष सिफारिस गर्ने काम समेतको लागि एक उच्च शिक्षा परिषद् रहने छ" भनिएको छ। यसको गठन प्रक्रिया हेर्दा यो अति केन्द्रीकृत र प्राज्ञिक विषय सरकारी संयन्त्रको पकडभित्र ल्याउने प्रकृतिको देखिन्छ। मुलुकका राष्ट्रपति समेत बसेर गरेको उच्च शिक्षाको नीतिगत निर्णय भन्दा पनि राष्ट्रिय शिक्षा नीति भिन्नै हुने आशय विधेयकको दफा ६४ ले गरेको छ। जसमा भनिएको छ, "नेपाल सरकारको राष्ट्रिय शिक्षा नीति अनुरुप कार्य सञ्चालन गर्नु विश्वविद्यालयको कर्तव्य हुनेछ। सार्वजनिक सरोकार, विषय विशेषका कार्यक्रम र गुणस्तर सुधारको विषयमा आवश्यक व्यवस्था गर्न नेपाल सरकारले विश्वविद्यालयलाई निर्देशन दिन सक्नेछ। यसरी प्राप्त निर्देशनको कार्यान्वयनको आवश्यक व्यवस्था गरी नेपाल सरकारलाई जानकारी गराउनु विश्वविद्यालयको कर्तव्य हुनेछ।" यसबाट उच्च शिक्षामा नीति निर्धारण गर्ने निकाय नै दुई हुने भए भन्ने यसले

छर्लङ्ग पार्दछ र कुन नीतिको अनुसरण गर्ने भन्ने अन्योल भविष्यमा देखिन सक्छ।

माथि नै भनिसकियो परिषद्को काम नीतिनिर्माण गर्ने हो भनेर। तर, यसै विधेयकमा "कुनै विश्वविद्यालय वा सो अन्तर्गतको क्याम्पसको व्यवस्थापनले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमअनुरुप काम नगरेमा वा ऐन, नियम अनुरुप अख्तियार प्राप्त अधिकारीले दिएको निर्देशन पटक-पटक उल्लङ्घन गरेमा त्यस्तो विश्वविद्यालय वा क्याम्पसको विद्यमान व्यवस्थापन भङ्ग गरी नयाँ व्यवस्थापन गठन गर्न निर्देशन दिनेछ र अर्को व्यवस्थापन गठन नभएसम्म अर्को तदर्थ समिति तोक्ने छ" भनी परिषद्लाई अधिकार दिने व्यवस्था गरियो। यसबाट के देखिन्छ भने पहिलो कुरा परिषद्ले सबै विश्वविद्यालय र मातहत क्याम्पसहरूको व्यवस्थापन माथि सुपरीवेक्षण गर्ने अधिकार लियो। परिषद् अर्को मानेमा नियमनकारी संस्था भयो। यो काम परिषद्ले गर्ने हो भने उच्च शिक्षाका सम्बन्धमा शिक्षा मन्त्रालयको काम के बाँकी हुने हो? नीतिगत निर्णय गर्ने मूल लक्ष्य लिएको परिषद्ले कार्यकारी अधिकार नै प्रयोग गर्ने? उच्च शिक्षा विधेयककै आयोगले गर्ने काम, कर्तव्यसँग यो मेल खान्छ, खाँदैन? यसमा पनि ध्यान पुगेको देखिएन।

त्यसमाथि परिषद्को बैठक, वर्षमा कम्तीमा दुई पटक बस्नेछ भनिएको छ। परिषद्मा कुनै पनि व्यक्ति पूर्णकालीन काम गर्ने देखिँदैनन्। यस स्थितिमा क्याम्पस तहसम्मको व्यवस्थापन सुपरीवेक्षण गर्ने जिम्मा परिषद्ले लिनु उपयुक्त होला? विचारणीय छ।

विधेयकमा "उच्च शिक्षा आयोग" गठन गर्ने व्यवस्था छ। आयोगको संरचना हेर्दा सरकारी नियन्त्रणको आयोग भन्दा फरक पर्दैन। दफा ८ ले नेपाल सरकारबाट तोकेको व्यक्ति अध्यक्ष, राष्ट्रिय योजना आयोगको शिक्षा हेर्ने सदस्य- सदस्य, नेपाल सरकारबाट मनोनीत तीन जना व्यक्ति (एक महिला सहित)- सदस्य, अर्थ मन्त्रालयको सचिव वा निजले तोकेको सो मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत- सदस्य र शिक्षा सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत- सदस्यसचिव रहने व्यवस्था गरेको छ। यसको हैसियत रुण्डै रुण्डै मन्त्रालय अन्तर्गतको विभाग भन्ने भान पर्छ।

नेपालका विश्वविद्यालय यतिन्जेल संसद्बाट पारित छुट्टाछुट्टै ऐन बमोजिम सञ्चालित थिए। सबै ऐनले विश्वविद्यालयलाई प्राज्ञिक, आर्थिक, प्रशासनिक स्वायत्तता प्रदान गरेको पाइन्छ। तर अब चाहिँ विश्वविद्यालयको स्वायत्तता भन्ने कुरा कतै नरहने भयो भन्दा हुन्छ। उच्च शिक्षा सम्बन्धी यो विधेयक पारित हुने हो भने विश्वविद्यालयका पदाधिकारीहरूको तहमा धेरै हाकिम हुने छन्। नियमन गर्ने संस्था नै परिषद्, आयोग, शिक्षा मन्त्रालय र चिकित्सा-इन्जिनियरिङ जस्ता काउन्सिलहरू सबैलाई रिझाउनुपर्ने भयो।

आजका दिनमा विश्वविद्यालय पदाधिकारी लगायतले आफ्नो सभा (Senate) को निर्देशन पालना गरे पुग्छ। यो सभा बाहेक अरू कसैप्रति जवाफदेही हुनुपर्दैन। शिक्षा क्षेत्रमा राजकीय दबदबा कायम गर्ने पञ्चायती नीतिले नेपालको शिक्षा क्षेत्रमा लामो समयसम्म नकारात्मक असर पर्‍यो। यो विधेयक प्रस्तुत गर्दा नेपाल सरकारले इतिहासबाट पाठ नसिकेको देखा पर्दैछ।

विश्वविद्यालयहरू आ-आफ्ना विशेषतायुक्त हुन्छन्। दाङको संस्कृत विश्वविद्यालय र चितवनको कृषि तथा वन विश्वविद्यालय एउटै प्रकृतिका ठान्न सकिएला? देशकै जेठो त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालय एकै डालोमा राखेर दाँज्नु उचित हुन्छ? पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय र लुम्बिनी विश्वविद्यालय यो एकै धारमा राख्ने हो? यी त खुलिसकेका मात्र विश्वविद्यालय भए। अरु मानित विश्वविद्यालय, खुला विश्वविद्यालय, निजी विश्वविद्यालय, प्रतिष्ठानस्तरका विश्वविद्यालय स्थापना भई तिनको आगमन पछि जटिलता अरु थपिनेछ। यसका साथै मुलुक संघीयतातर्फ उन्मुख भएको छ। संघीयताको आवश्यकता बोध हुनुमा केन्द्रीकृत एकात्मक शासन व्यवस्था नरुचाउनु नै हो भन्ने स्पष्ट छ। प्रदेशहरूमा कस्तो उच्च शिक्षा अवश्यक छ भन्ने कुरा स्थानीय सरोकारवालाहरूले निधो गर्ने कि पुरानै पद्धतिमा बानी परेका काठमाडौं अवस्थित नीतिनिर्माताहरूले? सिङ्गै मुलुक विकासका सबै पूर्वाधारमा स्थानीय तहबाट सहभागी हुन चाहेको बेलामा केन्द्रीकृत संरचनामा आधारित यो विधेयक छलफलको क्रममा आलोचनाको अचानोमा नपरी रहने छैन।

यो तथ्य पनि उत्तिकै मननयोग्य छ कि २०६७ सालमा नै तीनवटा विश्वविद्यालय थप गर्ने गरी संसद्ले विधेयक पारित गर्‍यो र ऐन बन्यो। उसै वर्ष छाता ऐनका रूपमा संसद्द्वारा स्थापना गर्ने भनिएका विश्वविद्यालय स्थापितसम्म नभई उच्च शिक्षा विधेयक प्रस्तुत गरिएको छ। यी सबै विधेयक शिक्षा मन्त्रालयद्वारा नै पेश गरिएका हुन्। एकै वर्ष जारी गरी खारेज गर्नुपर्ने ऐन ल्याउने कार्य नेपाल सरकारबाट भएका अनगिन्ती अपरिपक्व कामको शृङ्खलाको कडी हो भनेर मान्नुपर्ने भएको छ।

एउटै मुलुकमा कुनै विश्वविद्यालय संसद्द्वारा निर्मित ऐनद्वारा स्थापित हुन सक्छ भने छाता ऐन अन्तर्गत पनि स्थापित हुन सक्छ। संसद्ले चाहेमा विशिष्ट प्रकृतिका विश्वविद्यालयलाई छुट्टै ऐनद्वारा सञ्चालन गर्न संसद्ले नपाउने, नसक्ने हैन। यो पृष्ठभूमिमा छाता ऐन ल्याउने नै हो भने पनि संसद्ले ऐन बनाई स्थापित भएका विश्वविद्यालय वा प्रतिष्ठानहरूलाई यथावत् छाडेर भविष्यमा खुल्ने विश्वविद्यालयका लागि छाता ऐन सञ्चालन गर्दा हुन्छ। छाता ऐन सञ्चालनमा आउँदा देखा पर्ने कमी-कमजोरी हटाई स्वस्थ रूपले यसले काम गर्न सक्षम भयो भने त्यतिबेला हाल संसद्द्वारा छुट्टै ऐन बनाई स्थापित भएका विश्वविद्यालयहरूलाई पनि यस अन्तर्गत ल्याउन सकिन्छ। यसो गर्दा भइरहेको व्यवस्थामा ठूलो हलचल नहुने तर छाता ऐनले औंल्याएका थप क्षेत्रहरू अर्थात् मानित विश्वविद्यालय, खुल्ला विश्वविद्यालय, निजी विश्वविद्यालय, प्रतिष्ठान लगायत अन्य, विश्वविद्यालय समेत खोल्न बाधा पर्दैन।

विश्वविद्यालय र क्याम्पसहरूमा दलीय राजनीतिक प्रभावले गर्दा अध्ययन, अध्यापन, अनुसन्धानमा बाधा एवं अवरोध पुगेको छ भन्ने कुरा सरोकारवालाहरूले भन्दै आएका छन्। तर, विधेयकमा सभामा विश्वविद्यालय प्राध्यापक संघका सभापति र विश्वविद्यालयको स्वतन्त्र विद्यार्थी युनियनको सभापतिलाई सदस्य राख्ने कारणले छाता ऐनले पनि राजनीतिलाई विश्वविद्यालयभित्र संस्थागत गराउने लक्ष्य राखेको देखियो। यो कुनै पनि कोणबाट ग्राह्य हुन सक्दैन।

साथै संसद्मा छाता ऐनले प्रवेश पाउँदा उच्च शिक्षा सम्बन्धी हालको व्यवस्था परिवर्तन गर्नुपर्ने कारण र आधारसहितको अवधारणापत्र पनि सँगै आउनुपर्दछ भन्ने लाग्दछ। उच्च शिक्षाको क्षेत्रमा गरिने आमूल परिवर्तनका विषय धेरै सङ्ख्यामा छन्। तर, यसबारे सरोकारवालाहरूलाई पर्याप्त जानकारी भए/नभएको यकिन छैन। यसले वर्तमानका पुस्तालाई मात्र हैन भावी पुस्ता समेतलाई असर पर्न जान्छ। त्यसैले हाल प्रस्तुत विधेयकले अपेक्षा गरे झैं उच्च शिक्षामा सबैलाई समेटेर छाता ऐन ल्याउने हो भने पनि हतार नगरी विभिन्न कोणबाट यो विधेयकको परीक्षण हुनु जरुरी छ।

** वरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीद्वारा नेपाल कन्स्टिट्युसन फाउण्डेसनका लागि तयार गरिएको यो अनुसन्धान तथा सुझावपत्रलाई महिला, जनजाति, दलित, मधेशी, युवा तथा अन्य क्षेत्रका दबाब समूहहरूको इनपुटका आधारमा अन्तिम रुप दिइएको छ। यस सम्बन्धमा यो फाउण्डेसन डा. सीताराम अधिकारी, मनप्रसाद वाग्ले, के.एन. गिरी, त्रिरत्न मानन्धर, श्यामकुमार विश्वकर्मा, तीर्थराज खनिया, डा. विजय सिंजापती, कुन्ती कुमारी शाही, योगेन्द्रनारायण बरबरिया, प्रा. डा. अम्बर पन्त, रामेश्वर उपाध्याय, जेनी गुरुङ लगायत अभिषेक अधिकारी, फुर्पा तामाङ तथा डा. विपिन अधिकारी समेतप्रति आभार व्यक्त गर्दछ।*

*यो अध्ययन एसिया फाउन्डेसनको सहयोगमा गरिएको हो तर यसमा व्यक्त विचारहरू सम्बद्ध लेखकका हुन्। तिनले फाउन्डेसनको विचार र दृष्टिकोणलाई प्रतिनिधित्व गर्दैनन्।*

Ram Hari Rijal

# TEACHING READING USING AUTHENTIC MATERIALS

The present curriculum assumes the fact that teaching items should not be confined to the textbook only. The students are expected to be exposed to various kinds of authentic materials and deal with them. Authentic materials are those that are used by the people in their daily lives. Some examples of the authentic materials are newspaper reports, articles, advertisements, public notices, the doctor's prescriptions, weather reports etc. Here is an example of an authentic text that can be used in the classroom in Grades 9 and 10.

Step 1. The teacher will distribute the photocopied cutouts of an advertisement to the students.

Step 2. The teacher will distribute the following task sheet and ask them to write answers to the questions in pairs.

Step3. The students will work out the questions and compare their answers with their partners. Finally, one of the students will present the solutions.

Step 4. Then the teacher will present the question type from the Examination Specification Grid

## Section: Reading Comprehension

**Reading section in the Grid follows this format:**

**Total Marks: 40** **Type of test: Written**

Total Questions: Four reading comprehension passages

Seen passage: 2(5+10 = 15) Reading passages from Grade 10 text book.

Unseen passage: 2(10+15=25 marks) Reading 40, Writing: 24, Grammar: 11, Listening: 10 , Speaking: 15

Total full marks: 100

- Short answer question, multiple choice, cloze, True/ False
- Putting the jumbled sentences into correct order, fill in the spaces
- Matching exercises vocabulary ( synonyms, antonyms, word meaning)

  (Except the short answer questions, the types of question should not be repeated in the two seen comprehension passages. This applies to the two unseen comprehension passage as well.

## Types of Reading Texts

a) **Seen passage:** One poem and one passage from the textbook

b) **Unseen passage:** advertisements, stories, notices, letters, charts, graphs, and tables and other authentic texts.

**Advertisement:** Any model of advertisement text is extracted from a newspaper carrying 15 full marks is given in the SLC Exam. Here is an example of an advertisement for an intensive practice.

## Vacancy Announcement

An NGO, working in the field of children, women, governance and HIV/AIDS is looking for a DIRECTOR to be stationed in its central office at Kathmandu.

**Responsibilities:** The incumbent will be responsible for the smooth operation of day-to- day activities of the organization. S/he will coordinate with different people under different programs to achieve programme goals. The incumbent will report to the board on regular basis regarding overall organizational situation. S/he will also be responsible for approaching donors and developing concepts on different issues.

**Required competencies:** Ability to use computer, to run different office application packages, sound communication skill, facilitation and programme development skill, knowledge and skill in applied research, excellent report writing and analytical skill in both Nepali sand English.

**Qualification:**

1. Masters Degree in Sociology, Development Studies, Social Work Management, or any other disciplines.
2. At least three years of working experience in bilateral agencies or INGOs at managerial level.

Candidates fulfilling the above mentioned criteria shall send their application along with recent CV and a passport size photograph in the following address no later than November 5, 2011.

mmm.founation@yahoo.com

or GPO Box:13853, Kathmandu, Nepal

Only short listed candidates will be contacted for written examination and interview. Telephone enquiries will not be entertained.

**1) From the above passage find words similar in meaning (synonyms) to the words given below.**

a) Seeking b) official c)uninterrupted d) functioning e) attain f) objectives g) comprehensive h) affair i) learning j) grounds k) subjects l) prestigious m) applicants n) dispatch o) resume

**2) Write words opposite in meaning (antonyms) to the following.**
a) peripheral b) same c) incompetence d) superficial e) the most f) notorious g) demanding h) receive i) preceding i) ignorance k) worst i) hindrance m) speaking n) unilateral o)intermittent

**3. Write 'T' for true and 'F' for false statements.**

a) The applicant should produce the relevant testimonials
b) Only female candidates can apply for the post
c) The incumbent works in the names of director.
d) The NGO's central office isn't based in Kathmandu.
e) The NGO works in single service field.
f) The candidate need not have previous work experience.
g) Telephone enquiry will be most welcome.
h) The candidates can submit their applications and documents via emails as well.
i) Any type of photograph will be accepted.
j) All the applicants will be contacted for the written exam.
k) The above text is an example of an advertisement.
l) There are more than one vacancies.
m) Computer knowledge is a must for the candidate .
n) An organization is a group of people working together to achieve a common goal.
o) The organization does not seek any assistance from the donors.
p) The NGO was established with multiple purposes.

**4. Fill in the spaces.**

a) An NGO intends to recruit a .......................
b) The director will work in ..........................
c) ...................... will have to be approached for development issues.
d) The candidate should have command over ...........................languages.
e) Previous work experience at .........................level is a must for the post.
f) The deadline to apply is .............................
g) The above text is an example of an ................

**5. Answer the following questions.**

